
समृद्ध र सफा नगर : दिगो विकास र सुशासनको शहर

अन्तिम प्रतिवेदन

आवधिक योजना

आ. व. २०७९/८०-२०८३/८४



नलगाड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

दल्ली, जाजरकोट

असार २०७९

प्राविधिक सहयोग

प्रदेश सुशासन केन्द्र, कर्णाली

वीरेन्द्रनगर, सुर्खेत

इमेल : pcgg.karnali@gmail.com

वेभसाईट : pcgg.karnali.gov.np

सहजीकरण

सुशासन तथा विकास अनुसन्धान केन्द्र

कोटेश्वर, काठमाडौं

इमेल : sbakcenter@gmail.com

वेभसाईट : www.sbak.org.np

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली जाजरकोट
कर्णाली प्रदेश नेपाल
इमेल :- ito.nalgaadmun@gmail.com

शुभकामना

विगतमा हाम्रा विकास प्रयासहरू र योजनाहरूको प्रतिफलको वितरणबारे सिकाई विश्लेषण तथा समिक्षा गर्दा वस्तुस्थिति र वैज्ञानिक आधारमा योजना तर्जुमा र कार्यान्वयन हुन नसक्दा विकासको प्रतिफलमा सामाजिक न्याय सुनिश्चित हुन सकेन । विकासका सवालमा लगानी अनुसारको प्रतिफलका लागि मार्ग निर्देशक सिद्धान्त स्थापित भएका सन्दर्भमा स्थानीय जनताका आधारभूत आवश्यकताको सम्बोधन गर्न स्रोत साधन र सम्भावनाको आँकलन गर्न अपरिहार्य भएको कुरा मध्यनजर राख्दै स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ ले आवधिक योजना तयार गर्न ध्यानाकर्षण गराएको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पनि दिगो र समावेशी विकासको संस्थागत र योजनाबद्ध एवं सुशासनयुक्त स्थानीय विकासको परिकल्पना गरेको छ ।यसै सन्दर्भ अनुसार नलगाड नगरपालिकको यो दोस्रो आवधिक योजना तयार गरिएको छ । नगरपालिकाले तय गरेको दीर्घकालीन सोच **"समृद्ध र सफा नगर : दिगो विकास र सुशासनको शहर"** लाई साकार पार्न निर्माण गरिएको यो आवधिक योजना नलगाड नगरपालिकाको **आवधिक योजना** हो ।

व्यापक सहभागिता र सक्रियताको बीचमा नगरपालिकाको यस आवधिक योजना तयार गर्दा नगरपालिकाका पदाधिकारीहरू, राजनीतिक दलहरू, नीजि क्षेत्र, नागरिक समाज लगायतका सरोकारवालाहरूको सहभागितामा नगरपालिकाको समग्र विकासको लागि यो आवधिक योजना तयार गरिएको हो । यस आवधिक योजनाले यस नगर क्षेत्रको समग्र विकासमा मार्गदर्शन गर्ने विश्वास लिएको छु । नगरपालिका एउटा सरकारको रुपमा स्थापित भईसकेको वर्तमान अवस्थामा यस नगरपालिकाले आफ्नो नगर क्षेत्रभित्र गर्नुपर्ने कार्यहरूको लागि आवश्यक नीति, रणनीति तथा कार्यक्रम र योजनाहरू तय गरिएको यस दस्तावेजले नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरूलाई मार्गदर्शन गरी आफ्नो नगरको विकासको लक्ष्यमा पुग्न सहयोग पुऱ्याउने विश्वास लिएको छु ।

नलगाड नगरपालिकाको यस दोस्रो आवधिक योजना तर्जुमाको लागि आवश्यक पहल, शुरुवाती चरणमा नेतृत्व प्रदान गर्नुहुने निवर्तमान नगरप्रमुख श्री टेकबहादुर रावल तथा उपप्रमुख श्री बालकुमारी बस्नेतलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । यसको साथै आवधिक योजना तर्जुमा प्रक्रियामा सक्रिय सहभागिताका साथ योगदान पुऱ्याउनु हुने कार्यपालिकाका निवर्तमान सदस्यहरुको योगदानको पनि म उच्च मूल्यांकन गर्न चाहन्छु। यस आवधिक योजना तर्जुमाको लागि प्राविधिक सहयोग प्रदान गर्ने कर्णाली प्रदेश सुशासन केन्द्र र सहजीकरणको भूमिका निर्वाह गर्नुहुने परामर्शदाता कम्पनी सुशासन तथा विकास अनुसन्धान केन्द्र तथा यसको तर्फबाट यस काममा संलग्न परामर्शदाताहरूको परिश्रम र योगदानको कदर गर्दछु । साथै, सम्पूर्ण जनप्रतिनिधिहरू, राजनीतिक दल, नागरिक समाज लगायत सरोकारवाला निकायहरू, नगरपालिकाका कर्मचारीहरू तथा सामाजिक कार्यकताहरूले पुऱ्याउनु भएको सहयोगको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

अन्त्यमा, यो दोस्रो आवधिक योजनाको पूर्ण रुपमा कार्यान्वयन गर्न सबै राजनीतिक दलहरू, नागरिक समाज, नीजि क्षेत्र, वित्तीय संघ संस्थाहरू, दातृ निकायहरू लगायत सबै सरोकारवाला निकायहरूको सहयोगको अपेक्षा गर्दै नगरपालिकाको तर्फबाट यसको सफल कार्यान्वयनका लागि प्रतिबद्धता समेत व्यक्त गर्दछु ।

धन्यवाद ।

डम्मरबहादुर रावत
नगर प्रमुख

असार, २०७९

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
कर्णाली प्रदेश नेपाल
इमेल :- ito.nalgaadmun@gmail.com

शुभकामना

नेपालको संविधानले तीन तहको सरकारहरूको व्यवस्था गरेअनुसार हाल स्थानीय तहमा नगरपालिका तथा गाउँपालिकाहरू स्थानीय सरकारको रुपमा कार्य गर्दैछन् । संविधानमा नै उनीहरूको विभिन्न जिम्मेवारीहरू सुम्पिएको छ । त्यसको अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ ले स्थानीय तहलाई आ-आफ्नो क्षेत्रको वार्षिक, आवधिक तथा रणनीतिक र दीर्घकालीन योजनाहरू तयार गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । सोही प्रावधान अनुसार स्थानीय सरकारको रुपमा रहेको गाउँपालिका तथा नगरपालिकाहरूले आफ्नो क्षेत्रभित्रको समग्र विकासको लागि रणनीतिक/आवधिक, एकिकृत एवं वार्षिक योजना तर्जुमा गर्न त्यसको प्रभावकारी कार्यान्वयन गर्न जरुरी छ । यसै आवश्यकतालाई बोध गरी यस नलगाड नगरपालिकाको लागि नतिजामा आधारित यो आवधिक योजना तयार गरिएको छ । यसको प्रभावकारी कार्यान्वयन मार्फत यस नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकासको क्षेत्रमा प्रगति भई जनताको जीवनस्तर सुधार हुने अपेक्षा गरेको छु ।

नगरपालिकाको समग्र जननिर्वाचित नेतृत्व, राजनीतिक दलहरू, नीजि क्षेत्र, नागरिक समाज, गैरसरकारी संघ संस्थाहरू, वित्तीय क्षेत्र लगायत नगरपालिकाकासँग सम्बन्धित सबै सरोकारवालाहरूको सहभागितामा यो आवधिक योजना तयार गरिएको हो । यस आवधिक योजनाले नगरपालिकाको विकासमा मार्गदर्शन गर्ने विश्वास लिएको छु साथै **"समृद्ध र सफा नगर : दिगो विकास र सुशासनको शहर"** लाई साकार पार्न सफल हुनेछ । यस अवसरमा म सबैप्रति आभार व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा, नलगाड नगरपालिकाको विकासको मार्गदर्शकको रुपमा तयार भएको यो दोस्रो आवधिक योजना तयारी कार्यमा प्राविधिक सहयोग उपलब्ध गराउने प्रदेश सुशासन केन्द्र, कर्णालीलाई धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

सरिता सिंह
नगर उपप्रमुख

असार, २०७९

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
कर्णाली प्रदेश नेपाल
इमेल :- ito.nalgaadmun@gmail.com

मन्तव्य

नेपालको संविधानले र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दीष्ट गरेका काम, कर्तव्य र अधिकारहरूको सदुपयोग गर्दै स्थानीय स्तरमा उपलब्ध स्रोत र साधनहरूको समुचित व्यवस्थापन र सदुपयोग गर्दै समुदायमा आधारित संघ संस्थाहरू, गैर सरकारी संस्थाहरू, व्यापारिक प्रतिष्ठानहरू, नीति तथा सार्वजनिक संस्थाहरू, विकास साझेदारहरू, स्थानीय सरकार, प्रादेशिक सरकार, संघीय सरकारसँग सहकार्य गर्दै नलगाड नगरपालिकाको सुन्दर भाग्य र भविष्यको सुनिश्चितता गर्ने दृढ अठोट गर्दै योजनाबद्ध तवरबाट कार्यक्रमहरू सञ्चालन गर्न यो ५ वर्षे दोस्रो आवधिक योजना तर्जुमा गरि लागू गरिएको छ। यसको कार्यान्वयनबाट यस नगरपालिकाको समग्र विकासमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरेको छु र यसको सफल कार्यान्वयनको लागि प्रतिबद्धता समेत व्यक्त गर्न चाहन्छु । नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिज्यूहरूले यसलाई आत्मसात गरी यसको प्रभावकारी कार्यान्वयनमा ध्यान दिनुहुनेछ भन्ने पनि विश्वास लिएको छु।

नगरपालिकाको समग्र नेतृत्व, राजनीतिक दलहरू, नीजि क्षेत्र लगायत नगरपालिकाका समग्र सरोकारवालाहरूको सहभागितामा यो आवधिक योजना तयार गरिएको छ। यस आवधिक योजनाले यस नगर क्षेत्रको विकासमा मार्गदर्शन गर्ने विश्वास लिएको छु। साथै **"समृद्ध र सफा नगर : दिगो विकास र सुशासनको शहर"** लाई साकार पार्न यो आवधिक योजना सफल हुनेछ।

अन्त्यमा, नलगाड नगरपालिकाको दोस्रो आवधिक योजना तयारीको कार्यमा प्राविधिक सहयोग प्रदान गर्ने प्रदेश सुशासन केन्द्र, कर्णाली वीरेन्द्रनगर, सुर्खेतको योगदानको कदर गर्दछु। यसका अतिरिक्त सम्पूर्ण जनप्रतिनिधिहरू, सरोकारवाला निकायहरू, नगरपालिकाका कर्मचारी मित्रहरूले गर्नु भएको योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद ।

मानबहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

असार, २०७९

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम
प्रदेश सुशासन केन्द्र
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

आभार

नेपालमा सङ्घीय शासन व्यवस्थाको अभ्याससँगै सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार स्थापना र सञ्चालन भएका छन्। नेपालको संविधानले तीनै तहको सरकारको भुमिका, जिम्मेवारी र अधिकार सुनिश्चित गरेको छ। जनताको सबैभन्दा नजिकको सरकार स्थानीय तहले आम नागरिकका आधारभुत आवश्यकता परिपूर्तिदेखि स्थानीय पूर्वाधार निर्माण, रोजगारी श्रृजना, आयआर्जन र जीविकोपार्जन तथा उन्नत सेवा प्रवाह मार्फत जनताको अपेक्षा/आकांक्षा पूरा गर्नु पर्नेछ। आफ्नो आवधिक योजना आ.व. २०७९/०८०-२०८३/०८४ तयार गरेकोमा म नलगाड नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीलाई हार्दिक आभार तथा सम्मान गर्दछु।

दाताकोष समेतको परिचालनबाट नेपाल सरकारले आफ्नो विशेष कार्यक्रमको रुपमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम कार्यान्वयनमा ल्याएको छ। मुलत: सङ्घीयता कार्यान्वयनसँगै प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास, संस्थागत सुदृढीकरण औजारको प्रयोग र आवश्यक कानूनी तथा योजनाका दस्तावेज तयारी मार्फत संस्थागत सुधार, सवलीकरण र सेवा प्रवाहमा उन्नत सहयोग गर्ने यस कार्यक्रमको रणनीति रहेको छ। तहाँ नलगाडपालिकाको प्रस्तुत आवधिक योजना तयारीमा सहकार्य गर्न पाउँदा खुशी छौं। प्रस्तुत योजना तयारी कार्यमा खटिने परामर्शदाता **सुशासन तथा विकास अनुसन्धान केन्द्र कोटेश्वर, काठमाडौं**, गुणस्तर परीक्षण र पृष्ठपोषण दिने **प्रदेशमा रहेको मूल्याङ्कन समिति तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहजीकरण तथा समन्वय** समितिलाई आवधिक योजनालाई परिष्कृत एवम् गुणस्तरीय बनाउन सहयोग पुऱ्याउनु भएकोमा आभारी छु ।

आवधिक योजनाले नलागाडनगर पालिकाको समष्टिगत रुपमा वस्तुस्थितिको विश्लेषण, विषयक्षेत्रगत अवस्था र स्थितिको जानकारी दिनको साथै आगामी दिनमा चाल्नुपर्ने रणनीति, कार्यनीति समेतको व्यवस्थित मार्गचित्र कोरेको छ। प्रस्तुत आवधिक योजनाको दीर्घकालीन सोच जनप्रतिनिधि तथा कर्मचारीलाई आगामी दिनमा पालिकाको शासन, स्थायी विकास तथा सेवा प्रवाहका सम्बन्धमा सु-स्पष्ट, व्यवहारिक र नतिजामुखी, नागरिकमैत्री गन्तब्य तयार भएको छ । यसले स्थानीय तहको क्षमता र आवश्यकता अनुसार योजना पहिचान गरी उपयुक्त बजेट तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा महत्वपूर्ण योगदान दिनेछ । प्रस्तुत योजनाको कार्यान्वयनमा समेत सक्रिय र सफल हुनु हुनेछ भन्ने विश्वास लिएको छु। शुभकामना।

केशव प्रसाद उपाध्याय
कार्यकारी निर्देशक
प्रदेश सुशासन केन्द्र
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

Regd. 114426/070/71

PAN/VAT 601248045

सुशासन तथा विकास अनुसन्धान केन्द्र प्रा.लि.
Sushasan Tatha Bikas Anusandhan Kendra (SBAK) Pvt. Ltd.
(Good Governance and Development Research Center)
कोटेश्वर, काठमाडौं, २०७०

हार्दिक कृतज्ञता

नलगाड नगरपालिकाको दोस्रो आवधिक योजना (पञ्चवर्षीय आवधिक योजना) निर्माण गर्ने अवसर प्राप्त भएकोमा यस नगरपालिकाप्रति सुशासन तथा विकास अनुसन्धान केन्द्र कृतज्ञता व्यक्त गर्दछ । दोस्रो आवधिक योजना तर्जुमा गर्ने सिलसिलामा आवश्यक मार्गदर्शन प्रदान गर्नु हुने नगर प्रमुख श्री डम्मरबहादुर रावत र उपप्रमुख श्री सरिता सिंह एवं निवर्तमान नगर प्रमुख श्री टेकबहादुर रावल, उपप्रमुख श्री बालकुमारी बस्नेत, नगर कार्यपालिकाका पदाधिकारीहरू, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरू, निजी क्षेत्र, नागरिक समाजका प्रतिनिधिहरू यस योजना तर्जुमा प्रक्रियामा संलग्न प्रमुख प्रशासकीय अधिकृत श्री मानबहादुर गिरीप्रति आभार व्यक्त गर्दछु । विषयगत समितिका संयोजक लगायत पदाधिकारीज्यूहरू र नगरपालिकामा कार्यरत विषयगत शाखाका प्रमुख तथा प्रतिनिधिहरूलाई उहाँहरूबाट प्राप्त सहयोगका लागि विशेष धन्यवाद दिन चाहन्छु । आवश्यक सूचना प्रदान गर्नुका साथै प्रशासनिक पक्षमा सहयोग प्रदान गर्नु हुने नगरपालिकाका श्री बलवीर वि.क., श्री विष्णु बहादुर रोकाय, श्री टेकबहादुर वली, श्री प्रचण्डकुमार कार्की, श्री भेषजंग शाह, श्री बालकृष्ण आचार्य, श्री किरण थापा लगायत नगरपालिकामा कार्यरत सबै कर्मचारी मित्रहरूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

साथै प्रदेश सुशासन केन्द्र, कर्णाली सुर्खेतका कार्यकारी निर्देशक श्री केशव उपाध्याय र श्री शिल्पा कुँवरलाई धन्यवाद दिन चाहन्छु । यो आवधिक योजना तयार गर्न विज्ञको रुपमा संलग्न हुनु भएका विज्ञहरू श्री विष्णुप्रसाद नेपाल, श्री विजयालक्ष्मी राजवैद्य, श्री बसन्तप्रसाद भट्टराई र इञ्जिनियर विष्णुप्रसाद पोखरेललाई विशेष धन्यवाद दिन चाहन्छु । साथै, यस प्रतिवेदनको डिजाईन, लेआउट लयायतका प्राविधिक काममा सहयोग गर्नु हुने श्री राजेन्द्र कुमार श्रेष्ठलाई विशेष धन्यवाद दिन चाहन्छु । अन्त्यमा, यस कार्यमा आवश्यकता अनुसार प्रशासनिक र लजिष्टिक सहयोग पुऱ्याउनु हुने श्री एकबहादुर गुरुङ्गलाई पनि धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

डा. हेमराज लामिछाने
अध्यक्ष
सुशासन तथा विकास अनुसन्धान केन्द्र,
काठमाडौं

असार, २०७९

पत्राचार ठेगाना : शुभकामना मार्ग, कोटेश्वर, काठमाडौं, नेपाल, फोन नं. : ९७७ १ ४६११२७८
Phone No. 977 1 4611278
E-mail : sbakcenter@gmail.com, url : www.sbak.org.np

नलगाड नगरपालिका संक्षेपमा

नाम	नलगाड नगरपालिका	
केन्द्र	दल्ली, जाजरकोट	
स्थापना	वि.सं. २०७३	
प्रदेश	कर्णाली	
जिल्ला	जाजरकोट	
वडा संख्या	१३	
सिमाना	पूर्वमा रुकुम जिल्ला, पश्चिममा कुसे गाउँपालिका, उत्तरमा बारेकोट गाउँपालिका, डोल्पा जिल्ला र दक्षिणमा भेरी नगरपालिका रहेको छ।	
जम्मा परिवार संख्या	६०६४ (राष्ट्रिय जनगणना, २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार)	
कुल जनसंख्या	२८८५८ (राष्ट्रिय जनगणना, २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार)	
महिला	१४४४६ (राष्ट्रिय जनगणना, २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार)	
पुरुष	१४४१२ (राष्ट्रिय जनगणना, २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार)	
क्षेत्रफल .	३८७.४४ वर्ग कि.मि.	
क्रियाशील राजनैतिक दल	नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), नेपाली कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी, ...	
भूउपयोगको अवस्था	वनजंगल क्षेत्र	५५.६%
	कृषि क्षेत्र	२५.२%
	झाडी तथा घाँसे मैदान	१३.३%
	बालुवा र बगर क्षेत्र	०.३%
	जल क्षेत्र	०.८%
	बाँझो जमिन	४.८%
भौगोलिक अवस्थिति	८२°११'४६" देखि ८३°३५'०८"पूर्वी देशान्तरसम्म र २८°४२'४७" देखि २९°०१'०२" ऊत्तरी अक्षांश	
उचाइ	समुद्र सतहबाट ७६० मिटर ऊचाईदेखि ५२०० मिटर	
तापक्रम	अधिकतम २७° सेन्टिग्रेट र न्यूनतम ६° सेन्टिग्रेट (औसत तापक्रम २३° देखि ४°)	
हावापानी	तातो र शीतोष्ण	
प्रमुख जातजाति	क्षेत्री, कामी, मगर, सन्यासी/दशनामी, दमाई/धोली, ब्राम्हण, ठकुरी	
प्रमुख भाषा	नेपाली, मगर, खाम, अन्य	
प्रमुख धर्म	हिन्दु (९५%), बुद्धिष्ट, क्रिष्टियन, मुस्लिम	
पर्यटकीय स्थलहरू	नहकुली लेक, खगेनकोट, खान्टाकुरा, दल्ली, हल्चौर, रिखे, तल्लु हितान गाउँ, प्यारी, फलुचांवली, मौरीभीर, बडालेख, सिर्के, तल्छहरा	
प्रमुख व्यवसाय	मौरीपालन कृषि, पशुपालन,	
मुख्य व्यापारिक केन्द्रहरू	दल्ली, कालीमाटी, कैना, बगरा र तल्लु	
मुख्य बाली	मकै, कोदो, गहुँ, जौ, फापर, धान, लसुन, आलु, अदुवा, बेसार, ओखर, टमाटर, किवी, तोरी लौका, फर्सी, प्याज, काउली, भण्टा, बन्दा, गोलभेडा, रामतोरिया, साग, करेला, खुर्सानी	
जडिबुटी	काउलो, खोटो, तेजपत्ता, अमला, टिमुर.....	
मुख्य वनस्पति	बाँस, साल, बाँझ, निगालो, पयुँ, लाँकुरी, धुपी, उत्तीस, गुराँस, सल्लो, साँज, कटुस, इपिल इपिल, दुधिल्लो	
चराचुरुङ्गी	कालीज, ढुकुर, जुरेली, काग, डाँफे, चील, गौथली, च्याखुरा, चिबे, लाँचे, फड्के, चिम्टाउलो	
जंगली जीवजन्तु	बाघ, कस्तुरी, भालु, घोरल, स्याल, बदेल, मृग, खरायो, बाँदर, रतुवा, दुम्सी, भालु,	
सहकारी र वित्तीय संस्थाहरू	१ वटा "क" वर्गको बैंक, ५ वटा लघु वित्त वित्तीय संस्था र ४२ वटा सहकारी संस्थाहरू रहेका छन्	
शैक्षिक संस्था	सामुदायिक विद्यालय : ७१ (१० माध्यमिक, ९ आधारभूत र ५२ प्रा.वि.) संस्थागत विद्यालय : ३ बालविकास केन्द्र : ४८ क्याम्पस : १ प्राविधिक शिक्षालय : २	

साक्षरता संख्या	महिला १२३३० र पुरुष १२२५६ (जम्मा साक्षरता २४५८६)
सरकारी स्वास्थ्य संस्था	५ वटा स्वास्थ्य चौकी, ७ वटा आधारभुत स्वास्थ्य सेवा केन्द्र, ४ वटा आधारभुत सामुदायिक स्वास्थ्य सेवा केन्द्र, ६ वटा वर्थीङ्ग सेन्टर, १ आयुर्वेदिक औषधालय, १ वटा निर्माणधीन १५ शैयाको प्राथमिक अस्पताल, ६ वटा DOTS केन्द्र, २ वटा माईक्रोस्कोपिक केन्द्र, ११ वटा गाउँघर क्लिनिक र २० वटा खोप क्लिनिक रहेका छन् ।
प्रमुख खोला नदीहरू	भेरी नदी, भेरी खोला, सिउन खोला, नलगाड, सिर्के खोला, गुर्सु खोला, झुप्रेखोला, तांसुगाड, तांत्रगाड, मैदे खोला
मुख्य मेलापर्वहरू	चिसापानी मेला, कैना मेला, डाडाँमाथि मेला, घ्वारा मेला, बडाखेल मेला, दशै, जेष्ठ पूर्णिमा, तिहार, तीज, पञ्चमी, चैते दशै, होली पूर्णिमा, माघे संक्रान्ती, साउने संक्रान्ती, भदौ पूर्णिमा
प्रमुख धार्मिक स्थलहरू	भगवती मन्दिर, आदर्श तिर्थ (नालिपा गाउँ), तातोपानी ज्वालामुखी मन्दिर, हलचौर राम मन्दिर, माईभगवती मन्दिर, आदि
लघु जलविद्युत आयोजनाहरू	साङ्गटा भेरी, घ्वारा, सिउन खोला, नलगाड दल्ली, सिर्केखोला, झुप्रे खोला, तासुगाड चौखा, तांत्रागाड, मैदे खोला, कायाखेत, आदि
सिंचाई आयोजनाहरू	काब्राखोला मुहान रिजा डास्वारा सिंचाई, भैसीखोर सिमखेत हुँदै रानीखेत सिंचाई, गराग्ली खोला मुहान हुँदै गराग्ली खेत सिंचाई, अराखोला आब्राघार सिंचाई, भैदे घाटीकाल्ला बासकोट सिंचाई, छिन्यार्ती देखि हामाचौर हुँदै सिमायितरिसम्मको सिंचाई, भेरी खोला चोक ओला सिंचाई, दल्ली नहर, पाईप सिंचाई आदि ।

दोस्रो आवधिक योजना (२०७९/८०-२०८३/८४) को सारसंक्षेप

दीर्घकालीन सोच	"समृद्ध र सफा नगर, दिगो विकास र सुशासनको शहर"
लक्ष्य (प्रभाव तहको नतिजा)	"समृद्ध नगरपालिकाको आधार तयार गर्ने"
उद्देश्य (असर तहको नतिजा)	१. कृषि, पशु, वन र सेवा क्षेत्रलाई थप उत्पादन मूलक बनाउनु । २. जलवायु परिवर्तनसँग अनुकुलित हुनु र विपद् उत्थानशील भौतिक पूर्वाधारको विस्तार गर्नु, ३. सेवा प्रवाह थप प्रभावकारी बनाउनु र सुशासन प्रवर्द्धन गर्नु ।
विकासका संवाहकहरु	१. जलविद्युत, २. उत्थानशिल पूर्वाधार विशेषगरी सडक सञ्जाल, ३. प्राङ्गारिक कृषि, लघु उद्यम र सेवा क्षेत्र, ४. जडिबुटी ५. सुरक्षित र व्यवस्थित गाउँ नगर
समृद्धिका मुख्य सहयोगी क्षेत्रहरू	१. प्राकृतिक स्रोत र सौन्दर्यता २. जैविक विविधता ३. सामाजिक विविधता बीच एकता ४. साँस्कृतिक सम्पन्नता ५. जनसाँख्यिक लाभ
नगर विकासका मुख्य निर्देशक सिद्धान्तहरू	• दिगोपना • समावेशिता • उत्थानशीलता • जोखिम संवेदनशील भूउपयोग, वस्ती विकास र शहरीकरण • अर्थपूर्ण सहभागिता र नागरिक भावनाको सम्मान • सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा जोड • सुशासन प्रवर्द्धन • वातावरण सन्तुलन • मानव अधिकार र सामाजिक न्याय • सरकारी, निजी र गैरसरकारी क्षेत्रबीच समन्वय, सहकार्य र साझेदारी • बालबालिकामा लगानी, युवालाई रोजगारी र जेष्ठनागरिकालाई सम्मान र सुरक्षा
योजनाका प्राथमिकता क्षेत्रहरू	• पूर्वाधार विकास • कृषि, पर्यटन र उद्योग (लघु, घरेलु तथा साना उद्योग) • उर्जा • सामाजिक विकास (शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा) • विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन • सुशासन प्रवर्द्धन
नगर विकासको प्रमुख रणनीति/ कार्यनीतिहरू	• कृषि तथा पर्यटन व्यवसायमा निजी क्षेत्रलाई आकर्षित गर्ने, • नगरपालिकाको आन्तरिक राजस्वको करको दायरा विस्तार गर्ने, • आवधिक योजना कार्यान्वयनको सुनिश्चितताको लागि निजी क्षेत्र, गैर सरकारी संघ संस्था र सहकारी क्षेत्रसँगको साझेदारी विस्तार गर्ने, • गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा सर्वसुलभ बनाउने, • लैङ्गिक समानता र सामाजिक समावेशीतालाई नगरपालिकाको विकास गतिविधिमा मूलप्रवाहीकरण गर्ने, • जोखिमबाट पिडित वा जोखिममा रहेका समुदायहरूलाई जोखिम न्यूनीकरणको लागि उनीहरूको क्षमता विकासमा जोड दिने, • पुनर्लाभ, जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरणका लागि समाजका सबै वर्गको सहभागिता सुनिश्चित गर्ने, • निर्माण गरिने पूर्वाधारहरु वातावरण अनुकुल तथा उत्थानशिल हुने गरी निर्माण गर्ने, • मानव संसाधन र उद्यमशिलताको विकास गर्ने, • दिगो विकास लक्ष्यहरुलाई आन्तरिकीकरण गर्ने ।

राजस्व र खर्च अनुमान (रु. हजारमा)

शीर्षकहरु	पहिलो आ.व. २०७९/८०	दोस्रो आ.व २०८०/८१	तेस्रो आ.व. २०८१/८२	चौथो आ.व. २०८२/८३	पाँचौ आ.व. २०८३/८४	जम्मा
राजश्व प्रक्षेपण (प्राप्ति)	६०२५६८	६३२६९७	६६४३३२	६९७५४८	७३२४२६	३३२९५७०
खर्च अनुमान	७६५६५०	९१६६९१	९२६५७०	८९८७१०	८११८४९	४३१९४७०
अपुग रकम	(१६३,०८२)	(२८३,९९४)	(२६२,२३८)	(२०१,१६२)	(७९,४२३)	(९८९,९००)
अपुग रकम प्रतिशत	(२१)	(३१)	(२८)	(२२)	(१०)	(२३)

संक्षिप्त रुप (Abbreviation)

आ.व.	:	आर्थिक वर्ष
आ.अ.	:	आवश्यकता अनुसार
कि.मि.	:	किलोमिटर
व.कि.मि.	:	वर्ग किलोमिटर
नपा	:	नगरपालिका
नपावाप्र	:	नगरपालिका वार्षिक प्रतिवेदन
नपाशिशा	:	नगरपालिका शिक्षा शाखा
नपापशा	:	नगरपालिका पशु शाखा
नपाकृशा	:	नगरपालिका कृषि शाखा
नपास्वाशा	:	नगरपालिका स्वास्थ्य शाखा
नशिस	:	नगर शिक्षा समिति
नपामबाशा	:	नगरपालिका महिला तथा बालबालिका शाखा
सडिवका	:	सब डिभिजन वन कार्यालय
सावउस	:	सामुदायिक वन उपभोक्ता समुह
विव्यस	:	विद्यालय व्यवस्थापन समिति
रु.	:	रुपैयाँ
लि.	:	लिटर
हे.	:	हेक्टर

LGBTQIA	:	Lesbian, gay, bisexual, transgender, queer, intersex and asexual
IUDP	:	Integrated Urban Development Plan
DOTS	:	Directly Observed Treatment, Short-course
ARI	:	Acute respiratory infection
SEE	:	Secondary Educaiton Examination

विषयसूची

१ परिच्छेद एक : परिचय १

१.१ पृष्ठभूमि १

१.२ आवधिक योजनाको उद्देश्य २

१.३ आवधिक योजना तयार गर्दा ध्यान दिइएका विषयहरू २

१.४ आवधिक योजना तर्जुमा प्रक्रिया ३

१.४.१ दस्तावेजहरुको पुनरावलोकन ३

१.४.२ अभिमुखीकरण तथा तयारी कार्यशाला ३

१.४.३ विकासको विद्यमान स्थिति तथा उपलब्धीको समीक्षा ४

१.४.४ वस्तुस्थिति विश्लेषण, वस्तुस्थिति विवरण तयारी एवम् अद्यावधीकरण ४

१.४.५ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता निर्धारण ४

१.४.६ परिमाणात्मक लक्ष्य निर्धारण ४

१.४.७ सम्भाव्य स्रोतको अनुमान, प्रक्षेपण र क्षेत्रगत बाँडफाँट ५

१.४.८ विषय क्षेत्रगत योजना तर्जुमा ५

१.४.९ मस्यौदा प्रतिवेदन तयारी ५

१.४.१० अन्तिम प्रतिवेदन तयारी ५

१.५ अध्ययनको सीमा ६

२ परिच्छेद दुई : नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धीको समीक्षा ७

२.१ नगरपालिकाको परिचय ७

२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना ७

२.१.२ प्राकृतिक तथा सांस्कृतिक सम्पदा ११

२.१.३ जनसांख्यिक अवस्था १२

२.२ प्रथम आवधिक योजना (२०७६/७७-२०७८/७९) को समिक्षा १३

२.३ आर्थिक विकासको अवस्था १७

२.३.१ कृषि तथा खाद्य सुरक्षा १८

२.३.२ पशुपंछी तथा मत्स्य विकास १८

२.३.३ पर्यटन, संस्कृति तथा सम्पदा १८

२.३.४ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति १८

२.३.५ सहकारी तथा वित्तीय संस्था १९

२.४ सामाजिक विकासको अवस्था १९

२.४.१ स्वास्थ्य तथा पोषण १९

२.४.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन २०

२.४.३ खानेपानी तथा सरसफाई २१

२.४.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण २१

२.४.५ युवा, खेलकूद तथा कला २२

२.५ पूर्वाधार तथा शहरी विकासको अवस्था २२

२.५.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण २३

२.५.२ सडक, पुल तथा यातायात २४

२.५.३ विद्युत तथा वैकल्पिक ऊर्जा २४

२.५.४ सूचना, सञ्चार तथा प्रविधि २४

२.६ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था २४

२.६.१ वन तथा जैविक विविधता २५

२.६.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन २५

२.६.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन २५
२.६.४ महामारी तथा विपद् व्यवस्थापन २६
२.७ सुशासन तथा संस्थागत विकासको अवस्था २६
२.७.१ स्थानीय नीति, ऐन तथा सुशासन २७
२.७.२ संगठनात्मक विकास २७
२.७.३ श्रोत परिचालन २७
२.७.४ योजना व्यवस्थापन २८
३ परिच्छेद तीन : सोच तथा विकासको अवधारणा २९
३.१ पृष्ठभूमि २९
३.२ प्रमुख समस्या तथा चुनौती २९
३.३ प्रमुख सम्भावना तथा अवसर ३०
३.४ निर्देशक सिद्धान्त ३०
३.५ विकासका संवाहकहरू ३२
३.६ सोच, लक्ष्य तथा उद्देश्य ३२
३.७ परिमाणात्मक लक्ष्य ३३
३.८ रणनीति तथा प्राथमिकता ३४
३.९ लगानी, खर्च अनुमान र स्रोत अनुमान (बाँडफाँट) ३५
४ परिच्छेद चार : आर्थिक क्षेत्र ३७
४.१ कृषि तथा खाद्य सुरक्षा ३७
४.१.१ पृष्ठभूमि ३७
४.१.२ समस्या तथा चुनौती ३७
४.१.३ सम्भावना तथा अवसर ३८
४.१.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ३८
४.१.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी ४३
४.२ पशुपंक्षी, मत्स्य तथा मौरी पालन ४५
४.२.१ पृष्ठभूमि ४५
४.२.२ समस्या तथा चुनौती ४५
४.२.३ सम्भावना तथा अवसर ४५
४.२.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ४६
४.२.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी ५०
४.३ सिंचाई ५२
४.३.१ पृष्ठभूमि ५२
४.३.२ समस्या तथा चुनौती ५२
४.३.३ सम्भावना तथा अवसर ५२
४.३.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ५३
४.३.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी ५५
४.४ पर्यटन, संस्कृति तथा सम्पदा ५६
४.४.१ पृष्ठभूमि ५६
४.४.२ समस्या तथा चुनौती ५६
४.४.३ सम्भावना तथा अवसर ५६
४.४.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ५६
४.४.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी ५९
४.५ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति ६०

४.५.१ पृष्ठभूमि ६०
४.५.२ समस्या तथा चुनौती ६०
४.५.३ सम्भावना तथा अवसर ६०
४.५.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ६१
४.५.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी ६२
४.६ श्रम, रोजगारी र सामाजिक सुरक्षा ६४
४.६.१ पृष्ठभूमि ६४
४.६.२ समस्या तथा चुनौती ६४
४.६.३ सम्भावना तथा अवसर ६५
४.६.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ६५
४.६.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी ६८
४.७ सहकारी तथा वित्तीय संस्था ६९
४.७.१ पृष्ठभूमि ६९
४.७.२ समस्या तथा चुनौती ६९
४.७.३ सम्भावना तथा अवसर ६९
४.७.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ७०
४.७.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी ७२
५ परिच्छेद पाँच : सामाजिक क्षेत्र ७३
५.१ स्वास्थ्य तथा पोषण ७३
५.१.१ पृष्ठभूमि ७३
५.१.२ समस्या तथा चुनौती ७३
५.१.३ सम्भावना तथा अवसर ७४
५.१.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ७४
५.१.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी ८१
५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन ८४
५.२.१ पृष्ठभूमि ८४
५.२.२ समस्या तथा चुनौती ८४
५.२.३ सम्भावना तथा अवसर ८५
५.२.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ८५
५.२.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी ९२
५.३ खानेपानी तथा सरसफाई ९५
५.३.१ पृष्ठभूमि ९५
५.३.२ समस्या तथा चुनौती ९५
५.३.३ सम्भावना तथा अवसर ९५
५.३.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ९६
५.३.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी ९८
५.४ महिला, बालबालिका तथा लक्षित वर्ग १००
५.४.१ पृष्ठभूमि १००
५.४.२ समस्या तथा चुनौती १००
५.४.३ सम्भावना तथा अवसर १०१
५.४.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १०१
५.४.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी १०८
५.५ युवा तथा खेलकुद १११
५.५.१ पृष्ठभूमि १११
५.५.२ समस्या तथा चुनौती १११

५.५.३ सम्भावना तथा अवसर १११
५.५.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १११
५.५.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी ११४
६ परिच्छेद छ : पूर्वाधार क्षेत्र ११७
६.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ११७
६.१.१ पृष्ठभूमि ११७
६.१.२ समस्या तथा चुनौती ११७
६.१.३ सम्भावना तथा अवसर ११७
६.१.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ११८
६.१.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी १२१
६.२ सडक, पुल तथा यातायात १२३
६.२.१ पृष्ठभूमि १२३
६.२.२ समस्या तथा चुनौती १२३
६.२.३ सम्भावना तथा अवसर १२३
६.२.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १२३
६.२.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी १२६
६.३ जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा १२८
६.३.१ पृष्ठभूमि १२८
६.३.२ समस्या तथा चुनौती १२८
६.३.३ सम्भावना तथा अवसर १२८
६.३.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १२९
६.३.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी १३०
६.४ सूचना, सञ्चार तथा प्रविधि १३२
६.४.१ पृष्ठभूमि १३२
६.४.२ समस्या तथा चुनौती १३२
६.४.३ सम्भावना तथा अवसर १३२
६.४.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १३३
६.४.५ अपेक्षित उपलब्धी तथा नतिजा खाका १३४
७ परिच्छेद सात : वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र १३७
७.१ वन तथा जैविक विविधता १३७
७.१.१ पृष्ठभूमि १३७
७.१.२ समस्या तथा चुनौती १३८
७.१.३ सम्भावना तथा अवसर १३८
७.१.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १३८
७.१.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी १४३
७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन १४५
७.२.१ पृष्ठभूमि १४५
७.२.२ समस्या तथा चुनौती १४५
७.२.३ सम्भावना तथा अवसर १४५
७.२.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १४६
७.२.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी १४९
७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन १५१
७.३.१ पृष्ठभूमि १५१
७.३.२ समस्या तथा चुनौती १५१

७.३.३ सम्भावना तथा अवसर १५१
७.३.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १५२
७.३.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी १५५
७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता १५७
७.४.१ पृष्ठभूमि १५७
७.४.२ समस्या तथा चुनौती १५७
७.४.३ सम्भावना तथा अवसर १५८
७.४.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १५९
७.४.५ अपेक्षित उपलब्धी तथा नतिजा खाका १६३
८ परिच्छेद आठ : संस्थागत विकास तथा सुशासन क्षेत्र १६७
८.१ नीति, कानून, कार्यविधि, मापदण्ड र सुशासन १६७
८.१.१ पृष्ठभूमि १६७
८.१.२ समस्या तथा चुनौती १६७
८.१.३ सम्भावना तथा अवसर १६७
८.१.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १६८
८.१.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी १७१
८.२ संस्थागत क्षमता विकास १७३
८.२.१ पृष्ठभूमि १७३
८.२.२ समस्या तथा चुनौती १७३
८.२.३ सम्भावना तथा अवसर १७४
८.२.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १७४
८.२.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी १७७
८.३ स्रोत परिचालन १८०
८.३.१ पृष्ठभूमि १८०
८.३.२ समस्या तथा चुनौती १८०
८.३.३ सम्भावना तथा अवसर १८०
८.३.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १८१
८.३.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी १८२
८.४ योजना व्यवस्थापन १८४
८.४.१ पृष्ठभूमि १८४
८.४.२ समस्या तथा चुनौती १८४
८.४.३ सम्भावना तथा अवसर १८४
८.४.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १८५
८.४.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी १८८
९ परिच्छेद नौं : कार्यान्वयन व्यवस्था १९१
९.१ पृष्ठभूमि १९१
९.२ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना १९१
९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट १९१
९.४ स्रोत अनुमान तथा प्रक्षेपण १९३
९.५ स्रोत परिचालन रणनीति १९४
९.६ आवधिक योजना कार्यान्वयन १९५
९.७ अनुगमन तथा मूल्याङ्कन योजना १९५
९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता १९५
९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी १९५

९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया १९६
१० सन्दर्भ सामग्रीहरू २२३

अनुसूचीहरू

अनुसूची १ : तथ्याङ्क संकलन फारम १९९
अनुसूची २ : लक्षित समुह छलफल कार्यक्रमका सहभागीहरु २०७
अनुसूची ३ : आवधिक योजना तर्जुमाको कार्यतालिका २०८
अनुसूची ४ : अभिमूखीकरण कार्याशालाका सहभागीहरुको विवरण २१०
अनुसूची ५ : समूह कार्यमा संलग्न सहभागीहरुको विवरण २१६
अनुसूची ६ : निर्देशक समितिको विवरण २१८
अनुसूची ७ : मस्यौदा प्रतिवेदन सम्बन्धी छलफल कार्यक्रमका सहभागीहरूको विवरण २१९
अनुसूची ८ : योजना तर्जुमा कार्यशालाको झलक २२१
अनुसूची ९ : मस्यौदा प्रतिवेदन छलफल कार्यक्रमको झलक २२२

तालिकाहरू

तालिका १ : वडा विभाजन र वडा केन्द्र सम्बन्धी विवरण १०
तालिका २ : नगरपालिकामा कार्यरत कर्मचारी सम्बन्धी विवरण ११
तालिका ३ : वडागत जनसंख्या विवरण (जनगणना २०६८) १२
तालिका ४ : वडागत जनसंख्या विवरण (२०७४/७५) १२
तालिका ५ : कूल घरधुरी संख्यामा जातीय विवरण १३
तालिका ६ : निर्धारित नतिजा र प्राप्त उपलब्धीको परिमाण १५
तालिका ७ : भौतिक पूर्वाधारको क्षेत्रमा भएको प्रगति विवरण २२
तालिका ८ : योजनाको परिमाणात्मक लक्ष्य (समृद्धि र सुखका सूचकहरु) ३३
तालिका ९ : विगत तीन वर्षको प्राप्ति र खर्चको विवरण ३५
तालिका १० : रणनीति तथा कार्यनीति ३९
तालिका ११ : कार्यक्रम तथा आयोजना (कृषि तथा खाद्य सुरक्षा) ४०
तालिका १२ : नतिजा खाका (कृषि तथा खाद्य सुरक्षा) ४३
तालिका १३ : रणनीति र कार्यनीति ४६
तालिका १४ : कार्यक्रम तथा आयोजना (पशुपंक्षी तथा मत्स्य विकास) ४८
तालिका १५ : नतिजा खाका (पशुपंक्षी, मत्स्य तथा मौरी पालन) ५०
तालिका १६ : कार्यक्रम तथा आयोजना (सिंचाई) ५४
तालिका १७ : नतिजा खाका (सिंचाई) ५५
तालिका १८ : रणनीति तथा कार्यनीति ५७
तालिका १९ : कार्यक्रम तथा आयोजना (पर्यटन, संस्कृति तथा सम्पदा) ५८
तालिका २० : नतिजा खाका (पर्यटन, संस्कृति तथा सम्पदा) ५९
तालिका २१ : रणनीति तथा कार्यनीति ६१
तालिका २२ : कार्यक्रम तथा आयोजना (उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति) ६२
तालिका २३ : नतिजा खाका (उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति) ६२
तालिका २४ : रणनीति तथा कार्यनीति ६५
तालिका २५ : कार्यक्रम तथा आयोजना (श्रम, रोजगारी र सामाजिक सुरक्षा) ६७

तालिका २६ : नतिजा खाका (श्रम, रोजगारी र सामाजिक सुरक्षा) ६८
तालिका २७ : रणनीति तथा कार्यनीति ७०
तालिका २८ : कार्यक्रम तथा आयोजना (सहकारी तथा वित्तीय संस्था) ७१
तालिका २९ : नतिजा खाका (सहकारी तथा वित्तीय संस्था) ७२
तालिका ३० : रणनीति तथा कार्यनीति ७५
तालिका ३१ : कार्यक्रम तथा आयोजना (स्वास्थ्य तथा पोषण) ७७
तालिका ३२ : नतिजा खाका (स्वास्थ्य तथा पोषण) ८१
तालिका ३३ : रणनीति तथा कार्यनीति ८६
तालिका ३४ : कार्यक्रम तथा आयोजना (शिक्षा, विज्ञान तथा नवप्रवर्तन) ८८
तालिका ३५ : नतिजा खाका (शिक्षा, विज्ञान तथा नवप्रवर्तन) ९२
तालिका ३६ : रणनीति तथा कार्यनीति ९६
तालिका ३७ : कार्यक्रम तथा आयोजना (खानेपानी तथा सरसफाई) ९७
तालिका ३८ : नतिजा खाका (खानेपानी तथा सरसफाई) ९८
तालिका ३९ : रणनीति तथा कार्यनीति १०१
तालिका ४० : कार्यक्रम तथा आयोजना (महिला, बालबालिका तथा लक्षित वर्ग) १०४
तालिका ४१ : नतिजा खाका (महिला, बालबालिका तथा लक्षित वर्ग) १०८
तालिका ४२ : रणनीति तथा कार्यनीति ११२
तालिका ४३ : कार्यक्रम तथा बजेट (युवा तथा खेलकूद) ११३
तालिका ४४ : नतिजा खाका (युवा तथा खेलकुद) ११४
तालिका ४५ : रणनीति तथा कार्यनीति ११८
तालिका ४६ : कार्यक्रम तथा आयोजना (वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण) ११९
तालिका ४७ : नतिजा खाका (वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण) १२१
तालिका ४८ : रणनीति र कार्यनीति १२४
तालिका ४९ : कार्यक्रम तथा आयोजना (सडक, पुल तथा यातायात) १२५
तालिका ५० : नतिजा खाका (सडक, पुल तथा यातायात) १२६
तालिका ५१ : रणनीति र कार्यनीति १२९
तालिका ५२ : कार्यक्रम तथा आयोजना (जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा) १३०
तालिका ५३ : नतिजा खाका (जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा) १३०
तालिका ५४ : रणनीति र कार्यनीति १३३
तालिका ५५ : कार्यक्रम तथा आयोजना (सूचना, सञ्चार तथा प्रविधि) १३४
तालिका ५६ : रणनीति र कार्यनीति १३९
तालिका ५७ : कार्यक्रम तथा आयोजना (वन तथा जैविक विविधता) १४१
तालिका ५८ : नतिजा खाका (वन तथा जैविक विविधता) १४३
तालिका ५९ : रणनीति र कार्यनीति १४६
तालिका ६० : कार्यक्रम तथा आयोजना (भूसंरक्षण तथा जलाधार व्यवस्थापन) १४८
तालिका ६१ : नतिजा खाका (भूसंरक्षण तथा जलाधार व्यवस्थापन) १४९
तालिका ६२ : रणनीति र कार्यनीति १५२
तालिका ६३ : कार्यक्रम तथा आयोजना (वातावरण तथा फोहोरमैला व्यवस्थापन) १५४
तालिका ६४ : नतिजा खाका (वातावरण तथा फोहोरमैला व्यवस्थापन) १५५
तालिका ६५ : रणनीति र कार्यनीति १५९
तालिका ६६ : कार्यक्रम तथा आयोजना (विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता) १६२
तालिका ६७ : नतिजा खाका (विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता) १६३
तालिका ६८ : रणनीति तथा कार्यनीति १६८

तालिका ६९ : कार्यक्रम तथा आयोजना (नीति, कानुन, कार्यविधि, मापदण्ड र सुशासन).....१७०
तालिका ७० : नतिजा खाका (नीति, कानुन, कार्यविधि, मापदण्ड र सुशासन)..... १७१
तालिका ७१ : रणनीति तथा कार्यनीति.....१७४
तालिका ७२ : कार्यक्रम तथा आयोजना (संस्थागत क्षमता विकास) १७६
तालिका ७३ : नतिजा खाका (संस्थागत क्षमता विकास) १७७
तालिका ७४ : रणनीति तथा कार्यनीति.....१८१
तालिका ७५ : कार्यक्रम तथा आयोजना (स्रोत परिचालन) १८२
तालिका ७६ : नतिजा खाका (स्रोत परिचालन)..... १८२
तालिका ७७ : रणनीति र कार्यनीति १८५
तालिका ७८ : कार्यक्रम तथा आयोजना (योजना व्यवस्थापन) १८७
तालिका ७९ : नतिजा खाका (योजना व्यवस्थापन).....१८८
तालिका ८० : आवधिक योजनाको खर्च अनुमान (रू. हजारमा) १९१
तालिका ८१ : नगरपालिकाको राजस्व प्रक्षेपण (रू. हजारमा).....१९३
तालिका ८२ : सम्भावित स्रोतगत रकम अनुमान (रू. हजारमा) १९४

परिच्छेद एक : परिचय

१.१ पृष्ठभूमि

गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐनमा रहेको छ । यस्ता योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनेगरी लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ । यसको साथै गाउँपालिका तथा नगरपालिकाले योजना बनाउँदा देहायका विषयहरुको आधारमा कार्यक्रमहरुको प्राथमिकीकरण गरी कार्यक्रमहरुको छनौट गर्नुपर्दछ ।

(क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,
(ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
(ग) जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने,
(घ) स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
(ङ) स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,
(च) महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
(छ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,
(ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने,
(झ) भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने ।

गाउँपालिका तथा नगरपालिकाले योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गर्नुपर्नेछ ।

गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवि, विषय विज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्ग, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतका सरोकारवालाहरूको अधिकतम सहभागितामा गर्नुपर्नेछ ।

योजनाबद्ध विकास सन्तुलित, दिगो र समन्यायिक विकासको आधार हो । आवधिक योजनाले स्थानीय तहको विकास प्रयासहरूलाई निर्दीष्ट दिशा प्रदान गर्ने व्यवस्थित रूपरेखा तयार गर्दछ । स्थानीय आवधिक योजनाले स्थानीय जनता र स्थानीयस्तरको आर्थिक, सामाजिक, भौगोलिक परिवेश बीचमा अन्तरसम्बन्ध कायम गरी नागरिकको आर्थिक सामाजिक सुविधा र समृद्धिलाई प्रवर्द्धन गर्दछ । यस्तो योजना स्थानीय तहको विकास र समृद्धिको रूपरेखा मात्र नभएर उक्त क्षेत्रको सुन्दरता, प्रकृतिको संरक्षण तथा मानव र प्रकृतिबीचको तालमेलको रूपरेखा पनि हो । राष्ट्रिय एवम् प्रादेशिक विकास लक्ष्य हासिल गर्न तथा स्थानीय विकासका सरोकारवालाहरूको साझा प्रतिवद्धता र दायित्व सिर्जना गर्न आवधिक योजना महत्वपूर्ण हुन्छ ।

स्थानीय आवधिक योजनाले स्थानीय आवश्यकता सम्बोधन गर्दै जनताको जीवनस्तरमा गुणात्मक सुधार गर्न स्थानीय सम्भावना तथा समस्या पहिचान गर्दछ । त्यस्तै श्रोत विश्लेषण, उपयुक्त रणनीति तथा कार्यनीति तयार गरी रणनीतिक कार्यक्रम तथा आयोजना पहिचान गर्ने र त्यसलाई कार्यान्वयन एवम्

अनुगमन तथा मूल्याङ्कनको स्पष्ट खाकासमेत तयार गर्दछ । मध्यमकालीन खर्च संरचना तथा वार्षिक योजना तर्जुमाको मूल आधारका रूपमा रहेको आवधिक योजनाले योजना अनुशासन कायम राख्न समेत महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। स्थानीय आवधिक योजना तर्जुमा गर्दा दीर्घकालीन सोचका साथै तत्काल कार्यान्वयन गर्न सकिने गरी गर्नुपर्दछ । स्थानीय आवधिक योजना तर्जुमा गर्दा स्थानीय तहको भूगोल, आर्थिक र सामाजिक परिवेश, इतिहास, मूल्य मान्यता तथा संस्कृतिको पर्याप्त विश्लेषण गरेर तयार गर्नुपर्दछ ।

१.२ आवधिक योजनाको उद्देश्य

स्थानीय तहको योजनाबद्ध विकास प्रयास र प्रक्रियालाई मार्गदर्शन गर्नु आवधिक योजनाको प्रमुख उद्देश्य रहेको छ । आवधिक योजना तर्जुमाका विशिष्ट उद्देश्यहरू देहायअनुसार रहेका छन् :

- योजनाबद्ध, नतिजामूलक, समावेशी र उत्थानशील विकासका लागि स्थानीय तहका गतिविधिलाई निर्दीष्ट लक्ष्य हासिल गर्ने दिशातर्फ निर्देशित गर्नु;
- स्थानीय विकासका सरोकारवालाहरूमा विकास प्रयास र उपलब्धीमा साझा प्रतिवद्धता र उत्तरदायित्व सिर्जना गर्नु;
- विकासको राष्ट्रिय तथा प्रादेशिक लक्ष्य र प्राथमिकतासँग स्थानीय विकासको तादात्म्य कायम गर्नु;
- सहभागितामूलक विधिका माध्यमबाट विकास प्रयासलाई मार्गदर्शन गर्ने र अपेक्षित नतिजा हासिल गर्ने गरी स्थानीय विकासको प्रारूप तयार गर्नु;
- नतिजामा आधारित स्थानीय विकासलाई प्रवर्द्धन गर्नु ।

१.३ आवधिक योजना तयार गर्दा ध्यान दिइएका विषयहरू

नगरपालिकाको यस आवधिक योजना तर्जुमा गर्दा राष्ट्रिय योजना आयोगले तयार पारेको आवधिक योजना तर्जुमा दिग्दर्शन अनुसार देहायका विषयहरूलाई ध्यान दिई तयार गरिएको छ ।

(क) नेपालको संविधानमा उल्लिखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, स्थानीय तहको अधिकार सूची,

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेका व्यवस्था र प्राथमिकतामा राख्नुपर्ने विषयहरू,

(ग) राजस्व बाँडफाँट तथा रोयल्टी, अन्तर सरकारी वित्तीय हस्तान्तरण, वैदेशिक सहायता तथा आन्तरिक ऋण सम्बन्धी प्रावधानहरू,

(घ) सङ्घीय आवधिक योजना, विषयगत रणनीतिक योजना तथा नीति र रणनीतिहरूका साथै कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको लक्ष्य, उद्देश्य, प्राथमिकता र अन्य महत्वपूर्ण पक्षहरू,

(ङ) सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तीकरण र समावेशी विकास, संरक्षण, बालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, पूर्ण सरसफाइ अभियान जस्ता अभियानमूलक विकास उपलब्धीसँग अन्तरसम्बन्धित विषयहरू,

(च) स्थानीय विशिष्टता बमोजिम दिगो विकास लक्ष्यसँग सम्बन्धित सूचकहरू हासिल गर्न समावेश गर्नुपर्ने विषयहरू,

(ज) लैङ्गिक समानता तथा समावेशी विकासका लागि महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, पछाडि परेका तथा सीमान्तकृत वर्ग, समुदाय (LGBTQIA समेत) लाई प्रत्यक्ष लाभ पुग्ने कार्यसँग सम्बन्धित विषयहरू,
(झ) तथ्यमा आधारित योजना तर्जुमा प्रक्रिया तथा अपेक्षित नतिजा,
(ञ) स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ ले निर्दीष्ट गरेका क्षेत्रहरू,
(ट) स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ ले निर्दीष्ट गरेका सूचकहरू ।

माथि उल्लिखित विषयहरूको अलवा यस आवधिक योजना तर्जुमा प्रक्रियामा निम्न दस्तावेजहरूको पनि समीक्षा गरी आवश्यक विषयहरू समावेश गर्ने प्रयास गरिएको छ ।

- भू-उपयोग नीति, २०७६,
- विषयगत ऐन तथा नीतिहरू,
- नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सन्धि-सम्झौताहरू,
- राष्ट्रिय योजना आयोगबाट जारी गरिएका राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन निर्देशिकाहरू,
- नगरपालिकाको प्रथम आवधिक योजना (२०७६/७७ - २०७८/७९) तथा एकिकृत शहरी विकास योजना (IUDP, 2075),
- नलगाड नगरपालिकाको वस्तुस्थिति विवरण, २०७४/७५ आदि ।

१.४ आवधिक योजना तर्जुमा प्रक्रिया

आवधिक योजना तर्जुमाका लागि अपनाइएको चरणगत प्रक्रिया र पद्धति, नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकुल हुनेगरी गरिएको छ । नलगाड नगरपालिकाको आवधिक योजना तर्जुमाको सिलसिलामा निम्नानुसारका विधि तथा प्रक्रियाहरूको अवलम्बन गरिएको छ ।

१.४.१ दस्तावेजहरुको पुनरावलोकन

आवधिक योजना तर्जुमा गर्दा यससँग सम्बन्धित दस्तावेजहरूको पुनरावलोकन गरिएको छ । यसमा नेपालका संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय योजना आयोगद्वारा तयार पारिएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र पन्ध्रौं योजना २०७६/७७ – २०८०/८१, कर्णाली प्रदेशको आवधिक विकास योजनाको आधारपत्रलाई यस अध्ययनसँग सम्बन्धित गराई दस्तावेजहरूको पुनरालोकन गरिएको छ । यसको अतिरिक्त आवधिक योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने विषयवस्तुहरू जस्तै : दिगो विकास लक्ष्य, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, लैङ्गिक उत्तरदायी बजेट निर्माण, बालमैत्री तथा वातावरणमैत्री शासन आदि विषयहरूसँग सम्बन्धित दस्तावेजहरूको पनि अध्ययन गरिएको छ । यो योजना आधारभूत रुपमा राष्ट्रिय योजना आयोगले तयार पारेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ मा आधारित भएर तयार गरिएको छ ।

१.४.२ अभिमुखीकरण तथा तयारी कार्यशाला

आवधिक योजना तर्जुमा सम्बन्धमा स्थानीय विकासका सरोकारवाला माझ समान बुझाई कायम गर्न एक दिवसीय अभिमुखीकरण तथा तयारी कार्यशाला मिति २०७८ फागुन १७ गते आयोजना गरिएको थियो । कार्यशालामा नगर कार्यपालिकाका पदाधिकारी, कार्यालयका कर्मचारी, विषयगत शाखाका प्रमुख, लक्षित वर्ग सञ्जालका प्रतिनिधि, व्यवसायिक सघं/संस्थाका प्रतिनिधि, सहकारी, नागरिक समाज, स्थानीय प्रबुद्ध व्यक्तिहरु, राजनीतिक दलका स्थानीय प्रमुख/प्रतिनिधि तथा गैर सरकारी सस्थाका प्रतिनिधि लगायतका

नगर विकासका सरोकारवालाहरूको सक्रिय सहभागिता रहेको थियो । सहभागी सम्बन्धी विवरण अनुसूची ४ मा प्रस्तुत गरिएको छ ।

१.४.३ विकासको विद्यमान स्थिति तथा उपलब्धीको समीक्षा

नगरपालिकाको विकास उपलब्धीको प्रगति विवरण, उपलब्ध सूचना तथा सहभागितामूलक छलफलका आधारमा प्रथम आवधिक योजना (२०७६/७७ - २०७८/७९) को कार्यान्वयनबाट हासिल भएका उपलब्धीलाई विषय क्षेत्रगत रूपमा संक्षिप्त रूपमा समीक्षा गरिएको थियो ।

१.४.४ वस्तुस्थिति विश्लेषण, वस्तुस्थिति विवरण तयारी एवम् अद्यावधीकरण

(क) तथ्याङ्क संकलन तथा विश्लेषण

स्थानीय विशिष्टता तथा आवश्यकता अनुरूप प्राथमिक तथा द्वितीय श्रोतबाट तथ्याङ्क संकलन गरिएको थियो । जसअनुसार प्राथमिक श्रोतबाट तथ्याङ्क संकलनका लागि लक्षित समुहसँग सहभागितामूलक छलफल, तथा जानकार व्यक्तिसँग अन्तर्वार्ता आदि विधिको उपयोग गरिएको थियो । नगरपालिकाको तथ्याङ्क संकलन फारम अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

(ख) आधार नक्सा तयारी

टोपोग्राफिकल नक्शा तथा गुगल नक्सा प्रयोग गरी सहभागितामूलक नक्साङ्कन प्रक्रियाअनुसार सार्वजनिक तथा सामुदायिक स्रोत, पूर्वाधार, सम्पत्ति जस्तै : वनजङ्गल, नदीनाला, पोखरी, बजार क्षेत्र, सडक बाटो तथा पुल, सार्वजनिक स्थल, भूउपयोग, औद्योगिक तथा जोखिम संवेदनशील क्षेत्रको अवस्थिति, पहिचान र विवरण सङ्कलन गरिएको छ । सहभागितामूलक नक्साङ्कन प्रक्रियाबाट सङ्कलित सूचना तथा विवरणको आधारमा भौगोलिक सूचना प्रणालीमा आधारित नक्सा तयार गरी सोको आधारमा वस्तुस्थिति विश्लेषण, आयोजना तथा कार्यक्रम, स्थानगत अवस्थिति निर्धारण र स्थानगत नक्सा तयार गरिएको छ ।

(ग) वस्तुस्थिति विश्लेषण

वस्तुस्थिति विवरण तथा सहभागितामूलक छलफलका माध्यमबाट विषयगत रूपमा विद्यमान सम्भावना तथा अवसर र समस्या तथा चुनौतीको विश्लेषण गरी प्रस्तुत गरिएको छ । यसरी वस्तुस्थिति विश्लेषण गर्दा विषयगत क्षेत्रभित्रका उपक्षेत्रको अवस्था स्पष्ट हुने कुरालाई ध्यान दिई विश्लेषण गरिएको छ ।

१.४.५ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता निर्धारण

नगरपालिकाको विकासको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता निर्धारण व्यापक सहभागितामूलक ढंगले तयार गरिएको छ। सोच निर्धारण गर्दा मष्तिष्क मन्थन, परामर्श तथा सोच निर्धारण कार्यशाला विधिको प्रयोग गरी गरिएको थियो ।

१.४.६ परिमाणात्मक लक्ष्य निर्धारण

राष्ट्रिय तथा प्रादेशिक लक्ष्यको आधार लिई स्थानीय तहको दीर्घकालीन सोच अनुकूल स्थानीय विकासको गन्तव्यको रूपमा योजनाको परिमाणात्मक लक्ष्य निर्धारण गरिएको छ । परिमाणात्मक लक्ष्य आवधिक योजनाको लक्ष्य तथा उद्देश्य मापनको सूचकको रूपमा तयार गरिएको छ र परिमाणात्मक लक्ष्य निर्धारण गर्दा दिगो विकास लक्ष्यका स्थानीय तह सम्बन्धी परिमाणात्मक लक्ष्यसँग तादात्म्यता कायम हुनेगरी गरिएको छ ।

१.४.७ सम्भाव्य स्रोतको अनुमान, प्रक्षेपण र क्षेत्रगत बाँडफाँट

योजना तर्जुमा प्रक्रियामा वित्तीय स्रोतको सुनिश्चितता सबैभन्दा महत्वपूर्ण पक्ष हो । वित्तीय स्रोतको सुनिश्चितता नभई तर्जुमा गरिएको योजनाको कार्यान्वयन प्रभावकारी हुन र सोबाट अपेक्षित उपलब्धी हासिल हुन सक्दैन । तसर्थ योजना तर्जुमा गर्दा वित्तीय स्रोत साधनको यथार्थपरक विश्लेषण हुनुपर्दछ। आवधिक योजना अवधिमा उपलब्ध हुनसक्ने सम्भाव्य स्रोतको आँकलन तथा विश्लेषण गर्दा आन्तरिक र बाह्य श्रोतबाट प्राप्त हुनसक्ने आयका अतिरिक्त निजी, गैरसरकारी, सहकारी र समुदाय लगायत सबै सरोकारवालाबाट लगानी हुनसक्ने स्रोतहरू समेतको आँकलन गरी योजनामा उपलब्ध हुनसक्ने कुल स्रोतको प्रक्षेपण गरिएको छ ।

१.४.८ विषय क्षेत्रगत योजना तर्जुमा

स्थानीय तहको अधिकार क्षेत्रका सबै विषयगत क्षेत्र समेट्ने गरी विषयगत योजना तर्जुमा गरिएको छ । स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा समितिको लागि गठित विषयगत योजना तर्जुमा समिति तथा सम्बन्धित विषय क्षेत्रका सरोकारावालासँगको सहभागितामा कार्यशाला गोष्ठी तथा परामर्श गरी विषय क्षेत्रगत योजना तर्जुमा गरिएको थियो । विषय क्षेत्रगत योजनामा सो विषय क्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति, प्रमुख कार्यक्रम तथा आयोजना, अपेक्षित उपलब्धी र नतिजा खाका तर्जुमा गरिएको छ । वस्तुस्थिति विश्लेषण, विवरणमा उल्लिखित आधाररेखा र सूचनाको आधारमा विषयगत समिति र सम्बन्धित सरोकारवालाको सहभागितामा सहभागितामूलक कार्यशाला र परामर्शको प्रक्रियाबाट विषय क्षेत्रगत योजनाको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति, आयोजना तथा कार्यक्रम र सोको स्थानगत विवरण एवम् नतिजा खाका तयार गरिएको छ ।

१.४.९ मस्यौदा प्रतिवेदन तयारी

विभिन्न दस्तावेजहरुको पुनरावलोकन, प्रमुख सरोकारावालाहरुसँगको छलफल, विषयगत शाखाका प्रमुखहरुसँगको छलफल, लक्षित समुह छलफल, दीर्घकालीन सोंच निर्धारण कार्यशाला तथा विषयगत योजना तर्जुमा कार्यशालाहरुबाट प्राप्त जानकारी, सुझाव, पृष्ठपोषण आदिको आधारमा आवधिक योजनाको मस्यौदा प्रतिवेदन तयारी गरिएको थियो। उक्त मस्यौदा आवधिक योजना प्रतिवेदनका सम्बन्धमा पृष्ठपोषण प्रदान गर्न प्रदेश सुशासन केन्द्र, कर्णाली र नलगाड नगरपालिकामा उपलब्ध गराइएको थियो ।

१.४.१० अन्तिम प्रतिवेदन तयारी

मिति २०७९ असार ३ गते नलगाड नगरपालिकाको कार्यालयमा आयोजना गरिएको मस्यौदा आवधिक योजना प्रतिवेदन माथिको छलफल कार्यक्रममा सहभागीहरुबाट प्राप्त सुझावहरु, प्रदेश सुशासन केन्द्र, कर्णाली (प्रदेशस्तरीय समिति) बाट प्राप्त पृष्ठपोषण तथा सुझावहरु समावेश गरी अन्तिम प्रतिवेदन तयार गरिएको हो । यसरी तयार गरिएको अन्तिम प्रतिवेदन प्रदेश सुशासन केन्द्र, कर्णाली समक्ष पेश गरिएको थियो । यस कार्यशालामा नगर कार्यपालिकाका नगर प्रमुख, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत सहित कार्यपालिकाका सदस्यहरु, विषयगत शाखाका कर्मचारीहरु र प्रदेश सुशासन केन्द्र, कर्णालीका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । उक्त छलफल कार्यक्रमको सहभागीहरुको विवरण अनुसूची ७ मा प्रस्तुत गरिएको छ ।

१.५ अध्ययनको सीमा

यस आवधिक विकास योजना बनाउँदा सकेसम्म तथ्याङ्कमा आधारित, प्रमाणमा आधारित र वस्तुनिष्ठ तरिकाले बनाउने प्रयास गरिएको छ । विशेषगरी नगरपालिकाको मौजुदा पार्श्वचित्र, सम्बन्धित शाखाले उपलब्ध गराएको तथ्याङ्क, विभिन्न कार्यशालाहरुबाट प्राप्त जानकारी तथा सुझावहरुलाई आधार मानी तयार गरिएको छ । यहाँ प्रस्तुत भएका कयौँ तथ्य तथ्याङ्कहरु नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा स्थानीय व्यक्तिहरुसँगको छलफलको माध्यमबाट संकलन गरिएका हुन् र तिनलाई विभिन्न चरणको कार्यशालाहरुबाट पुष्टि (Validation) गर्ने प्रयास गरिएको छ । अझै पनि योजना तर्जुमाको लागि आवश्यक भरपर्दो तथ्याङ्क सम्पूर्ण रुपमा प्राप्त हुन सकेको छैन । सहभागीहरुबाट प्राप्त तथ्याङ्कहरु उनीहरुको अनुभव र अनुमानको आधारमा भएका हुनाले कयौँ अवस्थामा सत्यताको नजिक भए पनि पूर्ण सत्य नहुन सक्दछ । कार्यक्रमहरुको लागि प्रस्तुत बजेट लागत अनुमानको आधारमा नभई सामान्य अनुमानमा आधारित रहेको छ । सरकारी, गैरसरकारी र अन्य विभिन्न पक्षबाट आगामी पाँच वर्षको अवधिमा नगरपालिकामा प्राप्त हुन सक्ने स्रोतको यथार्थ विवरण प्राप्त हुन नसक्ने हुँदा सम्भावित कुल बजेटमा आउने फरक यकिन गर्न सकिने स्थिति रहेको छैन । यद्यपि हालका वर्षहरूमा यस नगरपालिकाको लागि प्राप्त हुने गरेको वार्षिक बजेट, विगतको बजेट वृद्धि प्रवृत्ति र पछिल्लो परिवेशलाई मध्यनजर गरी सम्भावित बजेटको आँकलन गरिएको हुँदा योजना तर्जुमाका दृष्टिले अनुमानित बजेट धेरै हदसम्म यथार्थपरक रहने अनुमान गर्न सकिन्छ ।


परिच्छेद दुई : नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धीको समीक्षा

२.१ नगरपालिकाको परिचय


२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

(क) भौगोलिक अवस्थिति

स्थानीय निकाय पुनर्संरचना आयोगको सिफारिस अनुसार २०७३ सालमा त्रिवेणी नलगाड नगरपालिकाको स्थापना भएको हो । यस नगरपालिका कर्णाली प्रदेश अन्तर्गतको जाजरकोट जिल्लामा रहेका ३ वटा नगरपालिका र ४ गाउँपालिका सहित जम्मा ७ वटा स्थानीय तहहरू मध्येको एक सुन्दर नगरपालिका हो । यस नगरपालिकाको संरचना साविकका डाँडागाउँ, लहँ, खगेनकोट, रग्दा र भगवती गा.वि.स.लाई मिलाएर नलगाड खोलाको नामबाट नामाकरण गरी नगरपालिकाको नाम नलगाड नगरपालिका राखिएको हो । नेपालको परिवर्तित राजनीतिक तथा प्रशासनिक संरचना अनुसार जम्मा ७५३ स्थानीय निकायहरूमध्ये नलगाड नगरपालिका कर्णाली प्रदेश अन्तर्गत जाजरकोट जिल्लामा पर्दछ । यस नगरपालिका ८२°११'४६"देखि ८३°३५'०८" पूर्वी देशान्तरसम्म र २८°४२'४७" देखि २९°०१'०२" उत्तरी अक्षांशसम्म फैलिएको छ । यस नगरपालिकाको कूल क्षेत्रफल ३८७.४४ वर्ग किलोमिटर रहेको छ भने समुद्र सतहबाट ७६० मिटर उचाईदेखि ५२०० मिटरसम्म फैलिएको छ । यस नगरपालिकाको पूर्वी सिमानामा रुकुम-पूर्व जिल्ला पर्दछ । पश्चिममा बारेकोट र कुशे गाउँपालिका पर्दछन् । उत्तरी सिमानामा डोल्पा जिल्ला तथा दक्षिणमा भेरी नगरपालिका पर्दछ ।



(ख) भू-उपयोग



यस नगरपालिकाको भू-उपयोगलाई हेर्दा ५५.६ प्रतिशत अर्थात सबैभन्दा धेरै वनजङ्गल रहेको छ भने दोस्रोमा २५.२ प्रतिशत कृषियोग्य क्षेत्र रहेको छ ।सो भू-भागले कुल भू-भागको १३.३ प्रतिशत ओगटेको छ । बालुवा र वगर क्षेत्र ०.३ प्रतिशत साथै जलक्षेत्रले ओगटेको भू-भाग निकै कम अर्थात ०.८ प्रतिशत मात्र देखिन्छ । ४ प्रतिशत भू-भाग बाँझो जमिन रहेको छ । माटोको वनावट र उर्वरा शक्ति हेर्दा यस वडामा एकैनासको माटो नभई विभिन्न थरिका माटो पाउन सकिन्छ । जस्तै : केही भेगमा कालो र बलौटे माटो रहेको छ भने केही भागमा चट्टान मिश्रित र केही ठाउँमा रातो माटो पनि पाउन सक्दछौं ।

उच्च पहाड, मध्य पहाडी वस्ती र समथर नदी किनारमा बसोबास रहेका यस वडाका वस्तीहरूमा माटोको हिसावले हेर्दा कालो र बलौटे माटो कृषिको लागि ज्यादै उपयुक्त हुने हुनाले अन्य क्षेत्रको तुलनामा त्यस भेगमा उत्पादन तथा उर्वराशक्ति राम्रो छ ।

(ग) भू-क्षेत्रको वर्गीकरण :


नलगाड नगरपालिकाको भूमिलाई भू-बनौट, प्रणाली, तथा भू-स्खलनजस्ता प्रवृत्तिका आधारमा अध्ययन गर्दा भूमिको वर्गीकरणलाई त्यसको उपयोगको सम्भाव्यता र सघनता घट्दै जाने (Degrading) क्रममा राखिएको छ । अर्को शब्दमा, भू-स्खलन वा भू-क्षयीकरणको प्रवृत्ति भू-बनोट अनुसार फरक पर्दै जान्छ । त्यसै क्रमले भूमिको स्थायित्वलाई मजबुत बनाउने उपायको भौतिक लक्षण (Physical Characteristics) का आधारमा माटोको अवस्था र भिरालोपन विश्लेषण गरिएको छ । भू-बनौट, पारिस्थितिक प्रणाली, तथा भू-स्खलनजस्ता तत्वका आधारमा भूमिको वर्गीकरणलाई हेर्दा नगरपालिकाको जमीनमा न्यूनतम ० डिग्री देखि अधिकतम ६५ डिग्रीसम्मको भिरालोपन देखिन्छ । जसलाई नक्सामा उल्लेख गरिएको छ ।

- **भिरालोपन (Slope १°-५°) : माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने, कान्ला बनाई खेती गर्न सकिने**

यस्तो जमीनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानीको उपलब्धता सतह तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै हुन्छ । मनसुनी खेती गर्नका लागि यस्तो भूमिमा गराहरू बनाउनु पर्दछ । सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ । माटोका भौतिक गुणहरू तथा जमीनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू-क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमीनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ ।

यस वर्गको जमीनमा परम्परागत, मध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ । मनसुनको समयमा हुने वर्षाका कारण चरन तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ । यस्तो जमीनमा धान खेती गर्न सकिन्छ । सिंचाइ सुविधा उपलब्ध भएको छ भने माटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ । सिंचाइको उपलब्धता अनुरूप हिउँदे एवं वर्षे बाली पनि लगाउन सकिन्छ ।

- **भिरालोपन (Slope ५°-३०°) : माटोको गहिराई ५०-१०० से.मी. भएको, पानीको निकास राम्रो गरी हुने, कान्ला बनाई मात्र खेती गर्न सकिने**



५°-३०° स्लोप रहेको, पानीको निकास राम्रो हुने गरेको तथा माटोको पत्रको गहिराई ५० से.मि. देखि १०० से.मि.सम्म रहेको जग्गा यस वर्गमा पर्दछ । यस वर्गको जमीनमा पहिरो जाने, जमीन भासिने जस्ता भू-क्षयीकरणका प्रवृत्तिहरू सामान्य रूपमा देखा परिरहन्छन् । त्यसैले जमिनलाई सामान्य रूपमा व्यवस्थापन नगरिएमा यस्ता प्रवृत्तिमा झन् वृद्धि हुने हुन्छ । वन, वनस्पतिका लागि यो जमीन त्यति सहज हुँदैन । गाईवस्तुको आवत-जावतबाट भू-क्षयीकरणमा वृद्धि हुने हुनाले चरन विकासलाई यस प्रकारको जमीनमा प्रश्रय दिन ठीक हुँदैन । तर पालैपालो निश्चित स्थानहरूमा गाईवस्तु थुनेर चराउने हो भने त्यसले जमीनको उत्पादकत्वमा सघाउ पनि पुऱ्याउन सक्दछ ।

यस प्रकारको जमीनमा विशेष गरी मनसुन खेतीका लागि भू-क्षय रोक्न गराहरू बनाउन अनिवार्य हुन्छ। यसमा खेतीका परम्परागत र मध्यमस्तरीय प्रविधि नै अपनाउनु पर्ने हुन्छ। यस प्रकारको भिरालोपन भएको जमीनमा खेती गर्दा माटोको भौतिक गुणहरूसँग व्यवस्थापन सीपको सम्मिश्रणले मुख्य भूमिका खेलेको हुन्छ। सिंचाइको प्रयोग नियमित रूपमा पहिलेदेखि नै भइरहेको खण्डमा सिंचाइ गर्दा भू-क्षयको समस्या आउदैन, तर नयाँ सिंचाइ प्रणाली शुरू गर्ने हो भने शुरूमा सावधानी अपनाउनु पर्दछ। एक्कासी बढी सिंचाइ भएको खण्डमा भू-क्षयीकरणको प्रवृत्ति तुरून्त शुरू हुन सक्दछ।

- **भिरालोपन (Slope ३०°-४०°) : माटोको गहिराई २० से.मी. मात्र भएको, पानीको निकास राम्रोगरी हुने**

माटोको पत्र २० से.मि. मात्र गहिराई भएको, पानीको निकास सहज भएको तथा जमीनको भिरालोपन ३०° (१.७ मिटरमा १ मि.) भन्दा बढी भएको जमीन यस वर्गमा पर्दछ। यस प्रकारको ज्यादा भिरालोपन भएको जग्गामा गरा बनाएर खेती गर्नु फाइदाजनक देखिँदैन। यस प्रकारको जमीनमा वर्षाको पानीबाट छिटो खोल्सीहरू बन्ने वा बाढीले क्षति पुऱ्याउने ठुलो सम्भावना रहन्छ। यस प्रकारको जमीनमा वनस्पतिहरू लगाउन उपयुक्त देखिन्छ। यहाँ काठ र इन्धनका लागि वन पैदावारको उत्पादन वृद्धि गर्नु उपयुक्त हुनेछ। पहिरो जाने वा बाढीबाट क्षति हुने प्रवृत्ति यस प्रकारको जमीनका सामान्य लक्षण हुन्।

यस्तो क्षेत्रमा जङ्गलको विकास गरी इन्धन, पशु आहार तथा काठ उत्पादन गर्न सकिन्छ। जङ्गल फडानी भएको छ भने पनि यस्तो क्षेत्रमा या त बोटविरूवालाई पुनः हुर्काउन सकिन्छ या त वृक्षारोपण गर्न सकिन्छ। यस वर्गमा पर्ने जमीनहरूमा गाईवस्तुलाई चराउने चलन कडाइका साथ नियन्त्रण गर्नुपर्छ। यदि इन्धन, पशु, आहार तथा चरनको लागि उपयोग गर्ने हो भने पनि वार्षिक उपयोगले भविष्यको उत्पादकत्वलाई जोखिममा पार्ने खालको हुनु हुँदैन। यस प्रकारको क्षेत्रमा वन पैदावार उपयोग गर्ने तरिका, स्थान र पहुँचको लागि सडक विस्तार र सुरक्षित योजना बनाउनु पर्दछ।

- **भिरालोपन (Slope>४०°) : माटोको गहिराई २० से.मी. भन्दा कम भएको, भू-क्षय भइरहने**

ज्यादै भिरालो भएको, मध्यम भिरालोपन भए पनि माटो पत्र (तह) २० से.मि. भन्दा कम भएको वा जस्तोसुकै भिरालोपन भए पनि वर्षे पानीबाट क्षति भएको, धेरै खोल्सीहरू सिर्जना भएको जमीन यस वर्गमा पर्दछ। यस नगरपालिकाको भिरालोपन ६५ डिग्रीसम्म रहेको छ। यस प्रकारको जमीन अति नै कमजोर, भू-क्षयीकरणको प्रवृत्ति भएको तथा पुनर्निर्माण र पुनर्स्थायीकरणको सम्भावना पनि अत्यन्त कम भएको कारण अन्न एवं वनस्पति खेतीका लागि कम उपयुक्त मानिन्छ।

यस प्रकारको जमीनलाई घाँस वा बोट-विरूवा लगाएर हराभरा बनाइराख्नु पर्छ, किनभने माथि उल्लेख गरिए झैँ एकातिर यस्तो जमिनमा भू-क्षयीकरणको प्रवृत्ति तीब्र रहेको हुन्छ भने अर्कातिर एक पटक भू-स्खलन भइसकेको क्षेत्रलाई पुनः अधिग्रहण (Reclaim) गर्न असम्भव नै हुन्छ। उच्च भू-भागमा माटोको तापक्रम कम रहने तथा भिरालोपन भएबाट माटो सजिलैसँग बग्दछ।

(घ) उचाई अनुसार क्षेत्रफल वर्गीकरण

यस नगरपालिकाको कूल क्षेत्रफल ३८७.४४ वर्ग किलोमिटर रहेको छ भने समुद्र सतहबाट ७६० मिटर ऊचाईदेखि ५२०० मिटर सम्म फैलिएको छ। उचाई अनुसार वर्गीकरण गर्दा भेरी नदी किनार तथा नगरपालिका केन्द्र आसपासको क्षेत्र समुद्र सतहदेखि १५०० मिटरको उचाईमा अवस्थित छ जुन नगरपालिकाको कुल क्षेत्रफल (३८७.४४ वर्ग कि.मी.) मध्ये जम्मा ७२.५८ वर्ग कि.मी. रहेको छ। त्यस्तै १५०० देखी २५०० मिटर उचाई भएको क्षेत्रफल १९१.८२ वर्ग कि.मी. रहेको छ भने २५०० मिटर देखि

३००० मिटर सम्म उचाई भएको क्षेत्रफल ४९.६ वर्ग कि.मी. रहेको छ । नगरपालिकाको उच्चतम भू-भाग रहेको क्षेत्र (३००० मिटर भन्दा माथि) ७३.३७ वर्ग कि.मी. रहेको छ ।

(ङ) राजनीतिक संरचना

नेपालको संविधानको धारा २९५ को उपधारा ३ बमोजिम गठित स्थानीय तहहरूको संख्या तथा सिमाना निर्धारण आयोगको प्रतिवेदन र नेपाल सरकारले गठन गरेको समितिले पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारबाट मिति २०७३/११/१२ मा निम्नानुसारका साविकका गाउँ विकास समितिहरू समावेश गरी त्रिवेणी नलगाड नगरपालिकाको गठन भएको थियो । नगरसभाको सिफारिस र नेपाल सरकारको निर्णय अनुसार यस नगरपालिकाको नाम नलगाड नगरपालिका कायम गरिएको छ ।

२०७४ सालमा सम्पन्न पहिलो स्थानीय तहको निर्वाचनबाट २३ सदस्यीय नगरकार्यपालिका गठन भएको थियो । जस अनुसार यस नगरपालिकामा (१) टेक वहादुर रावल नगर प्रमुख, (२) वाल कुमारी वस्नेत; नगर उपप्रमुख, (३) हीरालाल पुन; १ नं. वडा अध्यक्ष, (४) राम कुमार जैसी; २ नं. वडा अध्यक्ष, (५) प्रचण्ड वली; ३ नं. वडा अध्यक्ष, (६) लक्ष्मी वहादुर रावल; ४ नं. वडा अध्यक्ष, (७) केशव प्रसाद शर्मा; ५ नं. वडा अध्यक्ष, (८) पूर्ण वहादुर खड्का; ६ नं. वडा अध्यक्ष, (९) अर्जुन सिंह; ७ नं. वडा अध्यक्ष, (१०) गोविन्द शाही; ८ नं. वडा अध्यक्ष, (११) विष्णु वि.क.; ९ नं. वडा अध्यक्ष, (१२) भद्र वहादुर ध्यार; १० नं. वडा अध्यक्ष, (१३) जीत वहादुर मल्ल; ११ नं. वडा अध्यक्ष, (१४) लाल वहादुर खत्री; १२ नं. वडा अध्यक्ष, (१५) नरेन्द्र शाही; १३ नं. वडा अध्यक्ष र कार्यपालिका सदस्यहरू (१६) अस्मिता वि.क, १७ काशिराम घर्ती, (१८) गोपी वि.क., (१९) तारा पुन, (२०) नर वहादुर वि.क., (२१) राममाया हमाल, (२२) रुपा कुमारी ध्यार र (२३) तिले वादी निर्वाचित भएका थिए ।

तालिका १ : वडा विभाजन र वडा केन्द्र सम्वन्धी विवरण

वडा नं.	समावेश भएका साविक गाविस/नपाहरू	साविक वडा नं.	वडा केन्द्र रहेको ठाउँ	नजिकको सडक केन्द्रबाट दुरी (कि.मी)
१	डाँडागाउँ	१-३	अनापानी	३
२	डाँडागाउँ	४-५	डाँडागाउँ	३
३	डाँडागाउँ	६-९	कैना	०
४	लहँ	३-५	खालचौर	११
५	लहँ	६-८	कालीमाटी	०
६	लहँ	१, २, ९	भारगाउँ	७
७	खगेनकोट	१-४	दल्ली	०
८	खगेनकोट	५-९	कायाखेत	०
९	रग्दा	१-३	तान्त्र	१२
१०	रग्दा	४-६	रावतगाउँ	९
११	रग्दा	७-९	चौखा	०
१२	भगवती	१-५	तल्लुबगर	०
१३	भगवती	६-९	गेउ	१३

स्रोत : नलगाड नगरपालिको वस्तुस्थिति विवरण, २०७४/०७५ र नेपाल राजपत्र २०७३, संख्या ५८ खण्ड ६६

(च) प्रशासनिक संरचना

यस नगरपालिकामा जम्मा १३ वटा वडाहरू रहेका छन् । नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय वडा नं. ७ दल्ली बजारमा रहेको छ । नगरपालिकाको सीमाना पूर्वमा रुकुम जिल्ला, पश्चिममा कुसे गाउँपालिका, उत्तरमा बारेकोट गाउँपालिका र डोल्पा जिल्ला र दक्षिणमा भेरी नगरपालिका रहेको छ । २०७४ सालको स्थानीय तहको निर्वाचन अनुसार श्री टेकबहादुर रावल, नगरप्रमुख र बालकुमारी बस्नेत,

नगर उपप्रमुख सहित २३ जना निर्वाचित जनप्रतिनिधिहरूको नगर कार्यपालिका गठन भएको थियो । कूल ६८ जना जनप्रतिनिधिहरूको नगर सभा गठन भएको थियो ।

तालिका २ : नगरपालिकामा कार्यरत कर्मचारी सम्बन्धी विवरण

पद	दरबन्दी संख्या	पदपूर्ति भएको संख्या		रिक्त रहेको संख्या
		स्थायी	करार	
प्रमुख प्रशासकीय अधिकृत (१० प्रशासन)	१	१	०	०
अधिकृत (९/१० शिक्षा)	१	०	०	१
सि.डि.ई.(९/१० ईन्जि सिभिल)	१	०	०	१
अधिकृत (७/८ प्रशासन)	१	०	०	१
लेखा अधिकृत (६ लेखा)	१	०	०	१
अधिकृत (७/८ शिक्षा)	१	१	०	०
जनस्वास्थ्य अधिकृत (७/८ स्वास्थ्य)	१	०	०	१
ईन्जिनियर (७/८ ईन्जि सिभिल)	१	१	०	०
अधिकृत (७/८ प्रशासन)	२	०	०	२
आ.ले.प. अधिकृत (६)	१	०	०	१
प.हे.न. (५/६ स्वास्थ्य)	१	१	०	०
हेल्थ असिस्टेन्ट(५/६ स्वास्थ्य)	१	१	०	०
प्रशासन सहायक पाँचौ	५	३	०	२
लेखापाल (पाँचौ)	१	१	०	०
कम्प्यूटर अप्रेटर (चौथो)	१	१	०	०
प्रा.स. (पाँचौ शिक्षा)	१	०	०	१
सव ईन्जिनियर (पाँचौ)	२	०	१	१
महिला विकास निरीक्षक (पाँचौ)	१	१	०	०
अमिन (चौथो)	१	१	०	०
सहायक चौथो (प्रशासन)	२	१	०	१
स.ले.पा. (चौथो)	१	१	०	०
सहायक महिला विकास निरीक्षक	१	१	०	०
वडा कार्यालय (१३ वटा)				
प्रशासन सहायक पाँचौ	६	२	०	४
प्रशासन सहायक चौथो	७	४	०	३
सव ईन्जिनियर पाँचौ	६	०	०	६
असिस्टेन्ट सव ईन्जिनियर चौथो	७	३	२	२
जम्मा	५५	२४	३	२८

स्रोत : नगर कार्यपालिकाको कार्यालय, नलगाड नगरपालिका

२.१.२ प्राकृतिक तथा सांस्कृतिक सम्पदा

यस नगरपालिका प्राकृतिक श्रोत तथा साधनले भरिपूर्ण छ । यस नगरपालिकालाई चारैतिरबाट वनले घेरेको छ । यहाँको आवादी क्षेत्रको तुलनामा वनजङ्गल दोव्बर मात्रामा रहेको छ । यहाँ विभिन्न महत्वपूर्ण स्थानहरू रहेका छन् । त्यसमध्ये नहकुली महत्वपूर्ण पर्यटन स्थलको रुपमा लिइन्छ । यसको दृश्यावलोकन गर्न जाजरकोटका अन्य नगरपालिका र गाउँपालिकाका साथै अन्य जिल्लाका मानिसहरू पनि आउने गर्दछन् । यस क्षेत्रमा खनिजको रुपमा कोइला, तामा, फलाम र ग्याँसको सम्भावना रहेको देखिन्छ ।

यस नगरपालिकामा ठकुरी, क्षेत्री, जनजाति र दलित समुदायको मिश्रित बसोबास रहेको छ । सबै जातजातीको आ-आफ्नो किसिमको संस्कृति र परम्परा रही आएको छ । त्यसैले यो नगरपालिका सांस्कृतिक

हिसाबले धनी छ । दशै, तिहार लगायत स्थानीय जात्रा, मेला पनि यहाँको सांस्कृतिक पहिचानको रुपमा रहेका छन् ।

२.१.३ जनसांख्यिक अवस्था

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार यस नगरपालिकामा जम्मा ६०६४ परिवार बसोबास गर्दछन् । यहाँको कूल जनसंख्या २८८५८ रहेको छ । त्यसमध्ये पुरुषको जनसंख्या १४४१२ रहेको छ भने महिलाको जनसंख्या १४४४६ छ ।

राष्ट्रिय जनगणना २०६८ अनुसारको वडागत जनसंख्या विवरण तालिका नं. ३ मा प्रस्तुत गरिएको छ ।

तालिका ३ : वडागत जनसंख्या विवरण (जनगणना २०६८)

वडा नं.	कूल घरधुरी	जनसंख्या विवरण		
		महिला	पुरुष	जम्मा जनसंख्या
१	५६१	१५३६	१४८७	३०२३
२	२७१	७१०	७०४	१४१४
३	४२१	१२१२	११९०	२४०२
४	२९१	७९६	८३७	१६३३
५	४८३	१३५३	१३८८	२७४१
६	३३८	१००४	९६५	१९६९
७	४०३	९५५	८७९	१८३४
८	५६०	१४९९	१५११	३०१०
९	२८३	७६३	८०९	१५७२
१०	२६७	७२१	६३५	१३५६
११	२२२	५९५	५६२	११५७
१२	३१६	८७३	८७९	१७५२
१३	३०५	८३२	८९५	१७२७
जम्मा	**४७२१**	**१२८४९**	**१२७४१**	**२५५९०**

स्रोत : जनगणना, २०६८, केन्द्रीय तथ्याङ्क विभाग

नगरपालिकाले तयार गरेको वस्तुस्थिति विवरण २०७४/७५ अनुसारको जनसंख्या सम्बन्धी विवरण तालिका नं. ४ मा प्रस्तुत गरिएको छ ।

तालिका ४ : वडागत जनसंख्या विवरण (२०७४/७५)

वडा नं.	कूल घरधुरी	जनसंख्या विवरण		
		महिला	पुरुष	जम्मा जनसंख्या
१	६०८	१६५६	१६९८	३३५४
२	३३१	८७३	९४३	१८१६
३	४५१	१२६४	१२२२	२४८६
४	३४०	९९८	९८१	१९७९
५	४६३	१३२५	१४२२	२७४७
६	३८१	१११२	११३०	२२४२
७	३९७	१२०६	१०८६	२२९२
८	६२२	१६४४	१७४१	३३८५
९	२५७	८२७	८२९	१६५६
१०	२६६	८०५	७१६	१५२१
११	२४२	६८३	६९०	१३७३

वडा नं.	कूल घरधुरी	जनसंख्या विवरण		
		महिला	पुरुष	जम्मा जनसंख्या
१२	३८५	१०८१	१०४२	२१२३
१३	३५९	९६०	१०१६	१९७६
जम्मा	**५१०२**	**१४४३४**	**१४५१६**	**२८९५०**

स्रोत : नलगाड नगरपालिकाको वस्तुस्थिति विवरण २०७४/७५, नलगाड नगरपालिका

जनसंख्याको अवस्था विश्लेषण गर्दा यस नगरपालिकामा जनसंख्या न्यून मात्रामा भएपनि वृद्धि भएको देखिन्छ । घरपरिवारको संख्या हेर्दा जनसंख्याको तुलनामा परिवार संख्याको वृद्धि बढी भएको देखिन्छ । २०६८ को जनगणनाको तुलनामा जनगणना २०७८ मा यहाँको परिवार संख्या २८ प्रतिशतले वृद्धि भएको देखिन्छ भने जनसंख्या वृद्धि दर १३ प्रतिशत रहेको छ । यसबाट के संकेत मिल्दछ भने यहाँ पहिलाको तुलनामा सानो परिवारमा बस्ने संस्कृतिको विकास हुँदै गएको छ ।

यस नगरपालिकामा सबैभन्दा धेरै ठकुरी/क्षेत्री (२६०४ घरधुरी) र सबैभन्दा कम ब्राह्मण तथा अन्य जातिहरू (१५३ घरधुरी) को बसोबास रहेको छ । वडागत रुपमा घरधुरी संख्याको जातीय विवरण तलको तालिकामा दिइएको छ ।

तालिका ५ : कूल घरधुरी संख्यामा जातीय विवरण

वडा नं.	कूल घरधुरी	घरधुरीको जातीय विवरण			
		दलित	जनजाति	ठकुरी/क्षेत्री	ब्राम्हण तथा अन्य
१	६०८	२७०	३२३	१५	०
२	३३१	१०१	६२	९३	७५
३	४५१	११५	२०१	१३०	५
४	३४०	३२	४	२९०	१४
५	४६३	९१	१३	३५१	८
६	३८१	१७४	११३	९४	०
७	३९७	१२०	२९	२२३	२५
८	६२२	१९०	३२	३९०	१०
९	२५७	१२३	३	१३१	०
१०	२६६	७६	१७	१७२	१
११	२४२	४१	०	१९८	३
१२	३८५	१०२	९	२६२	१२
१३	३५९	९८	६	२५५	०
जम्मा	**५१०२**	**१५३३**	**८१२**	**२६०४**	**१५३**

स्रोत : नलगाड नगरपालिकाको वस्तुस्थिति विवरण २०७४/७५, नलगाड नगरपालिका

२.२ प्रथम आवधिक योजना (२०७६/७७-२०७८/७९) को समिक्षा

(क) पृष्ठभूमि

नलगाड नगरपालिकाको पहिलो आवधिक योजना तीन आर्थिक वर्षका लागि बनेको थियो । चालु आर्थिक वर्ष (२०७८/७९) मा यस आवधिक योजनाको अवधि समाप्त हुँदैछ । विगतमा स्थानीय तहहरुले बनाएका आवधिक योजनाहरु बार्षिक योजनाहरुसँग तालमेल खान नसकेको कारण असफल भएको हुँदा नलगाड नगरपालिकाले त्यो तितो अनुभवबाट सिक्दै व्यवहारमा कार्यान्वयन गर्न सकिने गरी त्रिवर्षीय आवधिक योजना बनाएको देखिन्छ । श्रोत विनियोजन, अनुशासन तथा अनुगमन व्यवस्थित गर्न विषयक्षेत्रगत समितिहरुको सहकार्य र सहभागितात्मक पद्धतिको अनुसरण गरी आवधिक योजना बनाएको हो । दिगो

विकास लक्ष्यहरु (Sustainable Development Goals) हासिल गर्ने उद्देश्यलाई समेत आत्मसात् गरी आवधिक योजना बनेको पाइन्छ । यसै गरी नेपाल सरकारको पन्धौ योजनाले लिएको सोच, लक्ष्य र उद्देश्यलाई समेत योगदान पुऱ्याउने सोचका साथ नलगाड नगरपालिकाले प्रथम आवधिक योजना बनाएको पाइन्छ । यसैगरी आवधिक योजनाले नतिजामा आधारित (Result-Based) एकिकृत योजनाको अवधारणालाई ध्यानमा राखेको देखिन्छ । आवधिक योजना अवधिको अन्त्यसम्ममा लक्षित परिवर्तनलाई मापन गरी देखिएका त्रुटी सच्याई नतिजाहरु परिमार्जन गर्दै जान अनुगमन पक्षलाई बलियो बनाउनु पर्ने कुरा पनि सुझाव गरेको छ ।

व्यवस्थित सहरी विकासका लागि यो आवधिक योजनाले निम्न विषयहरुलाई एक महत्वपूर्ण हिस्साको रुपमा समेत समेटेको छ ।

(क) जोखिम सम्वेदनशील भू-उपयोग ।
(ख) ठुलीभेरी र नलगाड खोलाको तटीय क्षेत्रको जग्गा विकास ।
(ग) ग्रामीण तथा सहरी विकास यातायात ।
(घ) मुख्य बजार केन्द्रको विकास ।

तर, योजना अवधिमा माथि उल्लेखित पक्षलाई नगरपालिकाले पर्याप्त मात्रामा प्राथमिकतामा राखेको पाईंदैन । तसर्थ अब बन्ने दोश्रो पञ्चवर्षीय योजनाले यी विषयहरुलाई थप महत्वका साथ प्राथमिकतामा राख्नु पर्ने हुन्छ । किनकी, भेरी नलगाडको तटिय क्षेत्रमा यस नगरपालिकाको करिब १२ कि.मि. भन्दा बढी क्षेत्र पर्दछ । तुलनात्मक लाभका हिसाबले यो क्षेत्रलाई पर्यटनका हिसावले विकास गर्न सकेमा नगरपालिकाको आर्थिक विकासका क्षेत्रमा ठूलो योगदान पुग्न सक्ने अनुमान आवधिक योजनाले गरेको छ । खलङ्गा पछिको मुख्य प्रशासनिक क्षेत्र र डोल्पा जोड्ने सडक यहींबाट जाने र डोल्पा जिल्ला रुकुम जिल्लासँग जोडिएको हुँदा यी सबै पक्षलाई ध्यानमा राखी नलगाड नगरपालिकाको सहरी विकास हुन सकेमा यसबाट नगरपालिकाले तुलनात्मक लाभ हासिल गर्न सक्ने देखिन्छ । यस नगरपालिकाको कुल क्षेत्रफल ३८७.७७ वर्ग किमि मध्ये ५५.५७ प्रतिशत भन्दा बढी भाग वनक्षेत्रले ढाकेको हुँदा प्राकृतिक स्रोतको रुपमा रहेको वनजंगलको सही उपयोगबाट नगरपालिकाको विकासका संभावनाहरु बढ्दै जाने अनुमान यस आवधिक योजनाले गरेको छ । विकास निर्माणको नाममा वा सुकुम्वासीहरुको अतिक्रमणबाट वन क्षेत्रको संरक्षण गर्नका लागि आवधिक योजनाले नमुना वस्तीको अवधारणा अघि सारेको भएतापनि विविध कारणले त्यो व्यवहारमा आउन सकेको छैन । उत्तर क्षेत्रबाट बग्दै आएको नलगाड खोला र पूर्वी उत्तरबाट बग्दै आएको भेरी नदीको सदुपयोग गरी कृषियोग्य भूमिमा सिंचाई सुविधा दिन सकिने अनुमान गरिएता पनि यस क्षेत्रमा खासै उपलब्धी हासिल हुन सकेको देखिँदैन । नलगाड हाईड्रोपावर यस पालिकाको विकासमा एउटा कोशेढुङ्गा साबित हुने अनुमान आवधिक योजनाले गरेतापनि अझैपनि उक्त परियोजना सम्पन्न हुन नसकेको हुँदा त्यसबाट नगरपालिकाले प्रत्यक्ष फाईदा लिन सकेको छैन ।

व्यवसायमूलक र रोजगारमूलक शिक्षाको कमि र कृषिलाई व्यवसायीकरण तथा आधुनिकीकरण गर्न नसकिएको कारणले बढ्दो युवा बेरोजगारीलाई व्यवस्थापन गर्न विशेष नीति तर्जुमा गरी कार्यान्वयन गर्न आवधिक योजनाले सुझाव गरेतापनि उक्त सुझाव प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेको देखिँदैन । तसर्थ, आगामी दिनमा नगरपालिकाले व्यवसायमूलक र रोजगारमूलक शिक्षाको प्रवर्द्धन र कृषिलाई व्यवसायीकरण तथा आधुनिकीकरण गर्ने दिशामा पहल गर्नु पर्ने हुन्छ । नगरपालिका क्षेत्रमा क्रियाशिल गैर सरकारी संस्था र निजी क्षेत्रसँगको सहकार्य तथा साझेदारीलाई पहिलो आवधिक योजनाले जोड दिएको छ । तसर्थ यसलाई मध्यनजर गरी आगामी दिनमा नगरपालिकाले सही अर्थमा विकास साझेदार निकायहरुसँग सहकार्य गर्ने अनुकुल वातावरण बनाउन दोश्रो आवधिक योजनाले पनि सुझाव गरेको छ । यस नगरपालिकाले सबै १३ वटै वडाहरुलाई खास खास उत्पादनको पकेट क्षेत्र घोषणा गरेको र

पकेट क्षेत्रको विकास र विस्तारबाट मात्र नगरपालिकाले समृद्धि हासिल गर्न सक्ने हुँदा सोही अनुसार कार्यक्रमहरु कार्यान्वयन गर्न जरुरी देखिन्छ ।

(ख) पहिलो आवधिक योजना अवधिको उपलब्धी

संघीयता कार्यान्वयन पश्चात विभिन्न विकास निर्माणका कार्यहरु जस्तै खानेपानी, स्वास्थ्य, शिक्षा, यातायात, विद्युतको उपयोग जस्ता दैनिक आवश्यक पर्ने सेवा सुविधाले नलगाड नगरबासीको जीवनयापनमा सहजीकरण भएको छ । कृषि क्षेत्रमा उत्पादन वृद्धि भई आत्मनिर्भर हुने अवस्थामा नगरपालिका पुगेको छ । प्रधानमन्त्री रोजगार, मूख्यमन्त्री रोजगार, उपभोक्ता समिति मार्फत सञ्चालित आयोजनाबाट केही हदसम्म रोजगारीका अवसरहरु सिर्जना भएका छन् । स्थानीय बासिन्दाहरुले स्थानीय स्तरबाटै विकास निर्माण र सार्वजनिक सेवा प्रवाहको सुविधा लिन पाएका छन् । नागरिकहरुको विकास निर्माण प्रति चासो बढेको छ । नगरपालिकाको समग्र क्षेत्रमा विकास, समृद्धि र सुशासनको प्रत्याभुति अभिवृद्धि भईरहेको छ । बुँदागत रुपमा पहिलो आवधिक योजना अवधिका उपलब्धीहरु देहायबमोजिम विश्लेषण गरिएको छ ।

तालिका ६ : निर्धारित नतिजा र प्राप्त उपलब्धीको परिमाण

नतिजाहरु	आ.व. २०७५/७६ को अवस्था	आ.व. २०७८/७९ को लक्ष्य	आ.व. २०७८/७९ को उपलब्धी	सूचनाको स्रोत
कृषिको व्यवसायीकरणका लागि क्षेत्रगत हिसावले मुख्य उत्पादन पहिचान गरी व्यवसायी कृषि क्षेत्र तोकिएको हुनेछ	नभएको	व्यवसायिक कृषिक्षेत्र निर्धारण र उत्पादन भएको हुनेछ	पकेट क्षेत्र घोषणा भएको तर अपेक्षा गरे अनुसारको व्यवसायिक रुपमा कृषि क्षेत्रमा विकास नभएको	छलफलका आधारमा
मासु तथा दुग्ध पदार्थको उत्पादन बढेको हुनेछ	छैन	१५ प्रतिशत कृषकहरु उत्पादनमा लाग्ने छन् ।	डाटा उपलब्ध हुन नसकेको	छलफलका आधारमा
उद्यमशीलताको माध्यमबाट स्वरोजगार बृद्धि भएको हुनेछ	१० वटा लघु तथा साना उद्योगहरु दर्ता/स्थापना	उद्यमशीलतामा ३०० प्रतिशतले स्वरोजगार बृद्धि भएको हुनेछ	एकिन गर्न नसकिएको	छलफलका आधारमा
बालविवाहको अवस्थामा सुधार आएको हुनेछ	६५ प्रतिशत	२० प्रतिशतमा झरेको हुनेछ	३० प्रतिशत	छलफलका आधारमा
साक्षरता दर	६६.३१ प्रतिशत	८० प्रतिशत	८० प्रतिशत	छलफलका आधारमा
गर्भवती आमाहरु स्वास्थ्य संस्थामा नै गएर बच्चा जन्माउने दर	३०.१ प्रतिशत	५२ प्रतिशत	५० प्रतिशत	छलफलका आधारमा
बजारोन्मुख बडाहरुको फोहर व्यवस्थापन गरिएको हुनेछ	छैन	फोहर व्यवस्थापन भएको हुनेछ	फोहर व्यवस्थापनको कार्य प्रारम्भ भएको देखिन्छ	छलफलका आधारमा

नतिजाहरु	आ.व. २०७५/७६ को अवस्था	आ.व. २०७८/७९ को लक्ष्य	आ.व. २०७८/७९ को उपलब्धी	सूचनाको स्रोत
यातायात पहुँच पुग्न नसकेको वडा कार्यालयहरुमा स्थानीय सडकले जोडेको हुनेछ	६, ९ र १३ वडा	आवधिक योजनाको अन्तसम्म सबै वडामा यातायातको पहुँच पुग्नेछ	वडा नं. १३ मा अझै यातायातको पहुँच नपुगको	नपाको प्रगति समिक्षा, २०७८
नगरपालिका र सबै वडाको आफ्नै भवन बनेको हुनेछ	हाल भाडामा रहेको	सबै वडाको आफ्नै भवन बनेको हुनेछ	नगरपालिकाको प्रशासनिक भवन बनेको, नगरपालिका वडा नं. १, २, ५, ६, ७, ८, १२ को कार्यालयको भवन निर्माण कार्य अन्तिम चरणमा रहको र नलगाड नगरपालिका वडा नं. ९ को भवन निर्माण कार्य आर्थिक वर्ष २०७८।७९ देखि सुरुवात गरिएको	नपाको प्रगति समिक्षा, २०७८
विकास निर्माणका कार्यहरु वातावरणमैत्री हुनेछन्	वातावरणमैत्री विकासले कम महत्व पाएको	अधिकांश योजनाहरु वातावरणमैत्री हुनेछन	अधिकांश योजनाहरु वातावरणमैत्री हुन नसकेको	छलफलका आधारमा
सम्पूर्ण खानेपानीको मूल संरक्षण भएको हुनेछ	छैन	वृक्षारोपण र मूल संरक्षण गरिनेछ	पूर्णता नपाएको	छलफलका आधारमा
सडक किनार, नदी किनार र सार्वजनिक स्थानहरुमा वृक्षारोपण भएको हुनेछ	छैन	फलफूल लगायत जडिवुटिका विरुवाहरु रोपण गरिनेछ	आंशिक रुपमा उपलब्धी हासिल भएको	छलफलका आधारमा
सार्वजनिक निकायको आन्तरिक नियन्त्रण प्रणाली सुदृढ भएको हुनेछ	३० प्रतिशत कानुन तयार भएको	बाँकी कानुन तयार भएको हुनेछ	नगरपालिका स्थापना देखि हालसम्ममा २८ ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड तथा नीतिहरु समेत ७८ कानुनहरुको पारित गरी कार्यान्वयन गरिएको । तर पालिकाको आन्तरिक नियन्त्रण कार्यविधी तयार भएको	नपाको प्रगति समिक्षा, २०७८
सुशासनका औजारहरुको प्रयोग नियमित गरिनेछ	३५ प्रतिशत प्रयोग भएको	अधिकांश औजारहरु प्रयोग भएको हुनेछ	सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई कार्यक्रम हुने गरेको	छलफलका आधारमा
नगरपालिकाका सबै शाखाहरु स्वचालित डिजिटल प्रविधिबाट	आई.टि. अफिसरको व्यवस्था भई	नगरपालिकाका सबै शाखामा डिजिटल सूचना स्वचालित हुनेछन्	• नलगाड नगरपालिकाका ११ वटा वडा कार्यालयहरु, सम्पूर्ण विषयगत शाखाहरु,	नपाको प्रगति समिक्षा, २०७८

नतिजाहरु	आ.व. २०७५/७६ को अवस्था	आ.व. २०७८/७९ को लक्ष्य	आ.व. २०७८/७९ को उपलब्धी	सूचनाको स्रोत
संचालन भएका हुनेछन्	वेवसाईट बनाएको		सम्पूर्ण माद्यमिक विद्यालयहरु, सम्पूर्ण स्वास्थ्य चौकीहरु र प्रहरी चौकीहरुमा इन्टरनेट सेवाको जडान तथा विस्तार गरिएको । • सञ्चार क्षेत्रको विकास गर्न नलगाड नगरपालिका वडा नं. ४ को खान्टाकुरामा नलगाड एफ.एम. रेडियो निर्माण कार्य प्रक्रियामा रहेको ।	

स्रोत: नलगाड नगरपालिका, २०७६, प्रथम आवधिक योजना, २०७६/७७-२०७८/७९ ।

(ग) नगरपालिकाले भोगेका समस्याहरु

पहिलो आवधिक योजनाको अवधिमा नगरपालिकाले विभिन्न किसिमका समस्याहरु भोग्नु पऱ्यो । दरवन्दी बमोजिम कर्मचारीहरु पदपुर्ति नभएको, आन्तरिक श्रोत न्यून हुँदा जनताले अपेक्षा गरेअनुसारको काम गर्न नसकिएको, आर्थिक वर्षको अन्त्यमा संघीय तथा प्रदेश सरकारबाट बजेट निकासा हुँदा कार्यान्वयन गर्न नसकिएको, गौरवका प्रतिफलयुक्त ठुला आयोजनाहरु निर्माणमा तीन तहको सरकारको ध्यान केन्द्रित हुन नसक्दा काम सम्पन्न गर्न नसकिएको; संघीय तथा प्रदेश सरकारबाट समय समयमा अनुगमन निरीक्षण हुन नसक्दा सेवा प्रवाहको गुणस्तर सुधार गर्न नसकिएको; तीन तहको सरकार वीच सहकारिता, समन्वय तथा सहअस्तिवको सिद्धान्त बमोजिम प्रभावकारी तवरले कार्यसम्पादन हुन नसक्दा अपेक्षित उपलब्धी हासिल गर्न नसकिएको; लेखांकन प्रणालीमा समस्या उत्पन्न हुने गरेको; स-साना आयोजनामा बजेट विनियोजन हुने गरेकोले प्रतिफलयुक्त ठूला आयोजना निर्माणमा ध्यान नपुगेको जस्ता समस्याहरु प्रथम आवधिक योजनाको अवधिमा नगरपालिकाले भोग्नु परेको थियो ।

२.३ आर्थिक विकासको अवस्था

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारहरूलाई आफ्ना नागरिकहरूको आर्थिक अवस्थामा सुधार ल्याउने जिम्मेवारी दिएको छ । स्थानीय तहको संवैधानिक अधिकार (संविधानको अनुसुचि ८) मा व्यवस्था भए अनुसार आर्थिक विकासको क्षेत्रमा स्थानीय सरकारहरूलाई सहकारी, स्थानीय बजार व्यवस्थापन, ग्रामीण सडक, कृषि सडक, सिंचाई, कृषि तथा पशुपालन, कृषि उत्पादन र व्यवस्थापन र कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रणको जिम्मा दिइएको छ । त्यसैगरी अधिकारको साझा सूचीमा पनि सहकारी, कृषि, गरिबी निवारण र सुकुम्बासी व्यवस्थापन जस्ता जिम्मेवारीहरू समेटिएका छन् । अर्कोतर्फ राज्यको तर्फबाट प्रतिवद्धता गरिएको दिगो विकासका लक्ष्यहरू (गरिबीको अन्त्य, शून्य भोकमरी, मर्यादित काम तथा आर्थिक वृद्धि र असमानताको अन्त्य) हासिल गर्नु पनि राज्यको एउटा अंग भएको नाताले नगरपालिकाको जिम्मेवारी हुन आउँदछ । यसै सन्दर्भमा नगरपालिकाले आफ्नो संवैधानिक र कानूनी दायित्वका अतिरिक्त नागरिकहरूका बीच गरिएका प्रतिवद्धता अनुसार आफ्नो स्रोत साधनको सीमामा रही नागरिकहरूको आर्थिक विकासका लागि काम गर्दै आएको छ । आर्थिक क्षेत्रको विकास प्रयासको तथा उपलब्धीको विवरण प्रस्तुत गरिएको छ ।

२.३.१ कृषि तथा खाद्य सुरक्षा

नागरिकप्रतिको जिम्मेवारी बोध गर्दै यस नगरपालिकाले कृषि तथा खाद्य सुरक्षाको क्षेत्रमा काम गर्दै आएको छ र त्यसबाट उपलब्धी पनि हासिल हुँदै आएको छ । आर्थिक तथा खाद्य सुरक्षाको क्षेत्रमा नगरपालिकाले यससँग सम्बन्धित ऐन कानून बनाउने देखि पूर्वाधार निर्माणको कार्य गर्दै आएको छ । नगरपालिकाले कृषि तथा पशुपंक्षी विकास सम्बन्धी ६ वटा ऐन कानूनहरू बनाएको छ भने कृषि तथा पशु विकास रणनीति २०७६ तयार पारेको छ । स्थानीय हावापानी, माटो सुहाउँदो सम्भाव्यता र आवश्यकताका आधारमा १२ वटा बालीको पकेट क्षेत्र पहिचान गरी पकेट क्षेत्र विस्तार भएको छ । नगरपालिकाको वडा नं १, २ र ४ मह; वडा नं २, ३, ४, ५, ७ तरकारी खेती; वडा नं. ३ सुन्तला र प्याज; वडा नं. ५ मकै र कागती; वडा नं. ६ टिमुर र आलु खेती; वडा नं. ७ र ८ धान खेती; वडा नं. ९, १० र ११ लसुन खेती; वडा नं. १२, १३ मा पशुपालन तथा १३ नं. वडालाई फलफूल पकेटक्षेत्र घोषणा भई सोही अनुसार कार्यक्रमहरू सञ्चालन भएका छन् । अर्गानिक खेतीमा जोड दिँदै स्थानीय रैथाने बाली कालो धान १५ रोपनी क्षेत्रफलमा विस्तार भएको छ । कृषि पेशालाई मर्यादित र सम्मानित पेशाको रुपमा स्थापित गरी नयाँ पुस्तालाई कृषितर्फ आकर्षित गर्न नगरप्रमुख उत्कृष्ट पुरस्कारको व्यवस्था गरिएको छ । उक्त पुरस्कारबाट आ.व. २०७६/७७ र आ.व. २०७७/७८ मा ६/६ जना गरी १२ जना कृषक र १ कृषि सहकारी संस्था पुरस्कृत भएका छन् ।

२.३.२ पशुपंछी तथा मत्स्य विकास

यो नगरपालिका ग्रामीण परिवेशको नगरपालिका हो र यहाँका धेरैजसो मानिसहरूको जिवीकोपार्जनको मूख्य आधार अझै पनि कृषि तथा पशुपंक्षी पालन व्यवसाय हो । यसै तथ्यलाई ध्यानमा राखी नगरपालिकाले यहाँ पशुपंक्षी व्यवसाय प्रवर्द्धनको लागि पशुपंक्षी व्यवसाय प्रवर्द्धन ऐन कार्यान्वयनमा ल्याएको छ र पशुपंक्षी व्यवसायलाई आयमूलक तथा जिवीकोपार्जनको आधारको रुपमा विकास गर्नको लागि विभिन्न कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । नगरपालिकाको वडा नं. २ भैँसीपालन तथा बाखापालन क्षेत्र अनि वडा नं. ९, १०, ११, १२ र १३ लाई बाखापालन क्षेत्र घोषणा गरी कार्यान्वयन भएको छ भने दुग्ध उत्पादन तथा खपत, मासु उत्पादन तथा खपत वृद्धि भई पोषणमा सुधार आएको छ । विदेशबाट फर्किएका वडा नं. ९ देखि १३ सम्मका बेरोजगार युवाहरूलाई बाखापालनको लागि ५० हजारको दरले अनुदान उपलब्ध गराई रोजगारी सिर्जनामा प्रयास भएको छ ।

२.३.३ पर्यटन, संस्कृति तथा सम्पदा

यस नगरपालिका भित्र मठ मन्दिर, प्राकृतिक मनोरम स्थलहरू, कृषि तथा पशु पकेट क्षेत्रहरू, खोलानालाहरू, जलविद्युत आयोजना सञ्चालनमा रहेको छन् । यी क्षेत्रको प्रवर्द्धन तथा सम्वर्द्धन गरी पर्यटन व्यवसायको विकास गर्न सकिने प्रबल सम्भावनाहरू रहेको छ । तथापि नगरपालिकाले पर्यटन क्षेत्रको विकासका लागि पर्याप्त मात्रामा प्राथमिकता दिन सकेको छैन । पर्यटन प्रवर्द्धनका लागि आवश्यक पर्ने न्यूनतम गुणस्तरका होटेलहरू, रेष्टुराँहरू र होमस्टेहरूको समेत विकास हुन सकेको छैन । तसर्थ यस नगरपालिका भित्र पर्यटन क्षेत्रको विकासका लागि प्रशस्तै सम्भावनाहरू भएतापनि विकासको हिसाबले यो क्षेत्र ओझेलमा परेको छ । आगामी दिनमा नगरपालिकाले नगर क्षेत्रभित्र रहेका सम्भावित पर्यटकीय क्षेत्रहरूको पहिचान गरी यसको प्रचारप्रसार गरेर पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्न आवश्यक छ ।

२.३.४ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

दल्ली, कालीमाटी, तल्लुबजार र राडी यहाँका प्रमुख बजार केन्द्रहरू हुन् । यी बजारहरूमा यहाँका स्थानीय उत्पादन तथा मानिसहरूको दैनिक आवश्यकताका वस्तुहरूको कारोबार हुने गरेको छ । व्यापार व्यवसाय

तथा आपूर्तिको वातारण सहज बनाउनु स्थानीय सरकारको जिम्मेवारी भएसँगै नगरपालिकाले बजार अनुगमन निर्देशिका, २०७५ जारी गरी बजार अनुगमन कार्यलाई निरन्तरता दिई आएको छ। हालसम्म ३२१ वढी पसलहरूको अनुगमन गरी ३ लाख भन्दा बढी मूल्यको म्याद नाघेका सामानहरू नष्ट गर्ने तथा व्यवसायीहरूलाई सचेत गराउने काम भएको छ। नगरपालिका भित्र उद्योग वाणिज्य संघको गठन भएको छ भने नगरपालिकाले स्थानीय उद्योग वाणिज्य संघसँगको समन्वय र सहकार्यमा बजार अनुगमनलाई अगाडि बढाउँदै आएको छ। त्यसैगरी सवारी साधन व्यवसायको रुपमा सञ्चालन गर्न सवारी साधन सञ्चालन सम्बन्धी मापदण्ड २०७७ जारी भएको छ भने हालसम्म ११ वटा अटो व्यवसायहरू नगरपालिकामा दर्ता भएको अवस्था छ। हालसम्म ६ सडकहरूमा अटो सञ्चालनको अस्थायी रुट इजाजत पनि प्रदान गरिएको छ।

त्यसै गरी उद्योग तथा व्यवसाय दर्ता सम्बन्धी ऐन, २०७७ तथा व्यापारिक फर्म दर्ता सम्बन्धी कार्यविधि, २०७६ जारी भएका छन् र सोही ऐन तथा कार्यविधि अनुसार २६८ वटा व्यापारिक फर्म दर्ता गरी आफ्ना व्यापार सञ्चालन गरेका छन्। नलगाड नगरपालिका निर्माण व्यवसाय ऐन, २०७७ तथा "घ" वर्गको ईजाजतपत्र वितरण सम्बन्धी कार्यविधि २०७५ लागू भएको र ८ वटा नयाँ "घ" वर्गको ईजाजतपत्र वितरण भईसकेको अवस्था छ।

२.३.५ सहकारी तथा वित्तीय संस्था

नेपालको संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई अर्थतन्त्रको ३ वटा खम्बाको रुपमा अंगीकार गरेको र यिनीहरूको सहभागिता तथा विकास मार्फत राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र र उन्नतीशील बनाउने परिकल्पनाबाट राज्यको अर्थतन्त्रको विकासमा सहकारीको भूमिका प्रष्ट हुन्छ। यसै अवधारणा अनुसार सहकारी क्षेत्रको विकास र अनुगमनको जिम्मा स्थानीय तहको पनि रहेको छ। आफ्नो सोही कार्य जिम्मेवारीको कार्यान्वयन स्वरुप नगरपालिकले नलगाड नगरपालिकाले सहकारी ऐन २०७५ जारी गरेको छ र हालसम्म १२ वटा सहकारी संस्थाहरू दर्ता भएका छन्। हाल नलगाड नगरपालिकामा विभिन्न प्रकृतिका ३४ सहकारी सञ्चालनमा रहेका छन्। सहकारी संस्थाहरूको क्षमता विकासको लागि नगरपालिकाको तर्फबाट विभिन्न किसिमका तालिम तथा गोष्ठीहरू सञ्चालन हुँदै आएका छन्।

२.४ सामाजिक विकासको अवस्था

नेपालको संविधानमा स्थानीय तहको अधिकारको सूचीमा सामाजिक क्षेत्रका जिम्मेवारीहरू पनि रहेका छन्। यस विषयगत क्षेत्र अन्तर्गत पर्ने जिम्मेवारीहरूमा आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन, बेरोजगारहरूको तथ्याङ्क संकलन, खानेपानी, भाषा संस्कृति र ललितकलाको संरक्षण विकास; एकल अधिकार र खेलकुद साझा अधिकारको रुपमा रहेका छन्। त्यसैगरी दिगो विकास लक्ष्यको १७ वटा लक्ष्यहरू मध्ये राम्रो स्वास्थ्य तथा स्वस्थ जीवन (लक्ष्य नं. ३), गुणस्तरीय शिक्षा (लक्ष्य नं. ४), लैङ्गिक समानता (लक्ष्य नं. ५) र स्वच्छ खानेपानी तथा सरसफाई पनि सामाजिक क्षेत्र भित्र पर्ने लक्ष्यहरू रहेका छन्। संविधान प्रदत्त जिम्मेवारी तथा राज्यले प्रतिबद्धता गरेको दिगो विकास लक्ष्य हासिल गर्न योगदान पुऱ्याउनु हरेक स्थानीय सरकारको दायित्व हो भने जनमत र जन आकांक्षा पूरा गर्नुपर्ने उसको कर्तव्य हो। यस नगरपालिकाले आफ्ना यी जिम्मेवारी पूरा गर्न आफ्नो स्रोत साधन अनुसार प्रयास गर्दै आएको छ। नगरपालिकाबाट भएका प्रयासहरूलाई क्षेत्रगत रुपमा तल चर्चा गरिएको छ।

२.४.१ स्वास्थ्य तथा पोषण

यस नगरपालिकामा नागरिकहरूको स्वास्थ्य सेवाको पहुँचमा वृद्धि हुँदै गएको छ। नगरपालिका भित्र नै नागरिकहरूलाई आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउनु नगरपालिकाको संवैधानिक दायित्व वा

जिम्मेवारी पनि हो । नलगाड नगरपालिका आधारभूत स्वास्थ्य तथा सरसफाई ऐन, २०७५, आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्र सञ्चालन कार्यविधि २०७८, आकस्मिक कोष सञ्चालन निर्देशिका २०७८ र स्वास्थ्य नीति २०७८ निर्माण भई कार्यान्वयनमा आएका छन् । नलगाड नगरपालिका वडा नं. १, ५, ६, ८, ९, १०, १२ मा दरबन्दी सहित आधारभूत स्वास्थ्य सेवा केन्द्रको स्थापना गरी स्वास्थ्य सेवा प्रवाहको थालनी भएको छ । नलगाड नगरपालिका वडा नं. ३ को कट्के, वडा नं. १० को रावतगाउँ, वडा नं. १३ को सिउनमा दरबन्दी सहित आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्र र वडा नं. १३ को खातिगुर्तामा दरबन्दी सहित सामुदायिक स्वास्थ्य एकाईको स्थापना तथा सञ्चालन गरी सेवाप्रवाह भएको अवस्था छ । त्यसैगरी नलगाड नगरपालिका वडा नं. ३ को कैना र वडा नं. ११ को चौखामा दरबन्दी सहित प्रयोगशाला सञ्चालनमा आएको छ। नलगाड नगरपालिका वडा नं. २ को स्वास्थ्य चौकी डाँडागाउँ बाट मिति २०७८/१०/०२ देखि बर्थिङ्ग सेन्टरको सुरुवात गरिएको र आर्थिक वर्ष २०७८/७९ देखि नै नलगाड न.पा. १ अनापानीमा बर्थिङ्ग सेन्टर थालनी कार्य प्रक्रियामा रहेको छ । नलगाड नगरपालिकाको स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाहरूको लागि नगरपालिकाले थप रु. १००० प्रोत्साहन भत्ताको सुविधा थप गरेको छ जसको कारण आ.व. २०७४/७५ मा स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाको संख्या १६४ रहेकोमा आ.व. २०७७/७८ मा संस्थागत सुत्केरी हुनेको संख्या ४६१ जना भएको छ। मुटु, क्यान्सर जस्ता असाध्य रोग लागेकाहरूलाई आर्थिक सहायता उपलब्ध हुने गरेको, सुलभ दरमा ऐम्बुलेन्स सेवा उपलब्ध हुने गरेको, मेडिकल अधिकृत सेवा १२ उपलब्ध हुने व्यवस्था मिलाइएको, हालसम्म १०८ जना बिरामीहरू आर्थिक सहायताबाट लाभान्वित भएको तथ्याङ्क नगरपालिकासँग रहेको छ। हालै वडा नं. ७ को दल्लीमा २२ करोड ३ लाखको लागत अनुमानमा १५ शैयाको प्राथमिक अस्पताल भवन निर्माणाधीन अवस्थामा रहेको छ । यी यस्तै प्रयासबाट नलगाडबासी स्वास्थ्य सेवाको पहुँच वृद्धि हुँदै गएको छ ।

२.४.२ शिक्षा, विज्ञान तथा नवप्रवर्तन

स्थानीय सरकारको रुपमा रहेको आफ्नो जिम्मेवारी स्वरुप तथा जनताको आवश्यकता र उनीहरू प्रतिको जिम्मेवारी महशुस गर्दै नगरपालिकाले नगरपालिका भित्र शिक्षाको विकासको लागि विभिन्न नीति निर्माण गर्ने र विभिन्न कार्यक्रम, परियोजना तथा क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ । यसबाट नगरमा शिक्षामा सुधारका संकेतहरू देखिएका छन् । तथापी यो पर्याप्त नभएको अझै पनि कैयौँ बालबालिकाहरू शिक्षाबाटै बञ्चित रहेको र गुणस्तरीय शिक्षा कैयौँ बालबालिकाहरूको लागि कठीन रहेको देखिन्छ । शिक्षाको विकासको लागि शिक्षा ऐन तथा नियमावली तयार पारी कार्यान्वयन गरेको, २० वटा बाल विकास केन्द्रहरू स्थापना गरी सञ्चालनमा आएको, अपाङ्गता भएका बालबालिकाहरूको लागि अपाङ्गतामैत्री भवनमा विशेष शिक्षा सञ्चालन भएको छ। शुन्य दरबन्दी भएका विद्यालयहरूमा अनुदानको व्यवस्था भएको छ । ३६ वटा विद्यालयहरूमा पक्की भवन निर्माण भएका छन् भने ४७ वटा विद्यालयका कच्ची भवनहरू मर्मत संभार भएका छन् । त्यसैगरी नगरपालिकाका १४ विद्यालयहरूलाई नमुना विद्यालय घोषणा गरिएका छन्, १३ विद्यालयहरूमा टकिङ्ग टिचर प्रणाली लागू गरिएको र ६ विद्यालयहरूमा प्रति विद्यार्थी एक ल्यापटप कार्यक्रम सञ्चालन भएको छ । प्रत्येक मा.वि.हरूमा विद्युतीय ई-हाजिरी लागू गरिएको छ। शिक्षकहरूको नियमितताको लागि ई-हाजिरीको व्यवस्था भएको छ भने छात्राहरूको पढाइको निरन्तरताको लागि शौचालयहरूको व्यवस्थापन तथा स्यानीटरी प्याडको व्यवस्था भएको छ । माध्यमिक तहमा ३ वटा विज्ञान प्रयोगशाला, ४ विद्यालयमा सूचना प्रविधि व्यवस्थापन र ३ विद्यालयमा पुस्तकालय व्यवस्थापन भएको अवस्था छ । यसबाट नगरपालिकाले शिक्षाको विकासमा गरेको प्रयासहरूको झल्को दिन्छ ।

२.४.३ खानेपानी तथा सरसफाई

नलगाड नगरपालिका जलस्रोतमा सम्पन्न नगरपालिका हो । नलगाड तथा भेरी नदी यहाँको प्रमुख जलस्रोत हुन् । स्वच्छ खानेपानी तथा सरसफाई प्रत्येक नागरिकको मौलिक हक र आधारभूत आवश्यकता हुन् । नागरिकको यस हकको कार्यान्वयनको लागि नगरपालिकाले विभिन्न प्रयासहरू गर्दै आएको छ । नलगाड जलश्रोत कार्यविधि २०७५, सरसफाई नीति २०७५ र नलगाड नगरपालिकाको सरसफाई सम्बन्धी कार्यविधि २०७५ पारित गरी लागू गरिएको छ । नगर प्रमुखको संयोजकत्वमा नगरस्तरीय सरसफाई समिति, वडा अध्यक्षको संयोजकत्वमा वडास्तरीय सरसफाई समिति र टोलस्तरीय सरसफाई समिति गठन गरी कार्यप्रारम्भ भएको छ । खानेपानी योजनाहरूमा ९ वटा क्याचमेन्ट, ९१ वटा ईन्टेक, ४७ वटा ट्यांकी, डि.टि. २ वटा, वि.पी.टि. ३१ वटा, धारा ३६६ वटा निर्माण भएका छन् । पानी वितरणमा सहजता ल्याउन तथा पानीलाई प्रदुषित हुनबाट बचाउन ३४७.७ कि.मि. पाईप खरिद तथा बिच्छ्याउने काम भएको छ । यसले पानीको समस्यामा कमी ल्याएको छ । नमुना बस्तीहरूमा १३ स्थानमा महिला र पुरुषहरूको लागि फरक कोठा भएको सार्वजनिक शौचालयको निर्माण भएका छन् । नलगाड नगरपालिका वडा नं. ७ मा रु. २ करोड ७८ लाखको लागतमा भेरीखोला मुहान भई काडादल्ली बफेलगाउँ खगेनकोट खानेपानी आयोजना फेज १ र ६४ लाखको लागत अनुमानमा भेरीखोला मुहान भई काडादल्ली बफेलगाउँ खगेनकोट खानेपानी आयोजना फेज २ सम्झौता भई निर्माणाधिन अवस्थामा रहेका छन् ।

२.४.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

संविधानले प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक, महिला विरुद्ध धार्मिक सामाजिक सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिँसाजन्य कार्य वा शोषण हुन नहुने, महिलालाई राज्यका सबै निकायमा समानुपातिक र समावेशी सिद्धान्तको आधारमा सहभागी हुने, शिक्षा, स्वास्थ्य, रोजगारी, र सामाजिक सुरक्षामा सकारात्मक विभेदको आधारमा विशेष अवसर प्राप्त गर्ने र सम्पत्ती तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने व्यवस्था गरेको छ । त्यसैगरी संविधानले आर्थिक, सामाजिक तथा शैक्षिक दृष्टिकोणले पछि परेका समुदायहरूको हक सुनिश्चित गरेको छ । यसैगरी संवैधानिक जिम्मेवारी तथा नागरिक प्रति जिम्मेवारी पूरा गर्न नगरपालिकामा लैङ्गिक हिँसा निवारण कोष कार्यविधि २०७७; अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण सम्बन्धी कार्यविधि २०७५; बालविवाह आचारसंहिता २०७५; अनाथ तथा जोखिमयुक्त बालबालिकाहरूको लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि ऐन, २०७५ पारित भई कार्यान्वयनमा आएका छन् । सामुदायिक संस्था परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ जारी गरी हालसम्म २९ महिला समुहहरू दर्ता भई क्रियाशिल रहेका छन् । लैङ्गिक हिँसा विरुद्ध सचेतना कार्यक्रम, अपाङ्ग पुनर्स्थापना कोष, लैङ्गिक हिँसा निवारण कोष, आकष्मिक कोषको स्थापना र सञ्चालनमा रहेका छन् । प्रदेश सरकारको अनुदानमा सञ्चालित "बैंक खाता छोरीको, सुरक्षा जीवनभरीको" कार्यक्रममा ४२९ भन्दा बढी छोरीहरूलाई आवद्धता गराई बैंक खाता खोलिएका छन् । त्यसैगरी उपभोक्ता समिति लगायत हरेक क्षेत्रमा हुने समितिहरूमा महिलाहरूको ३३ प्रतिशत अनिवार्यता गरिएको, महिलाहरूको लागि आत्मनिर्भर हुने खालका विभिन्न सीप विकास तालिमहरू सञ्चालन भएको, वडा नं. ४ मा अपाङ्गता भएका बालबालिकाहरूको लागि न्यानो कपडा तथा आवास सहितको अपाङ्गमैत्री संरचना निर्माण गरिएको, जेष्ठ नागरिकको लागि आँखा शिविर, मानसिक स्वास्थ्य शिविर, नाक कान घाटी शिविर र महिलाका लागि पाठेघर शिविर सञ्चालन गर्दा १८३५ भन्दा बढीले विशेषज्ञ सेवा प्राप्त गरेका, लघु उद्यम विकास कार्यक्रमबाट आ.व. २०७७/७८ मा ९३ जना नयाँ लघु उद्यमी महिलाहरू सिर्जना गरिएको, ४५ जना महिलाहरूलाई स्तरोन्नति तालिम

दिईएको, १६ जना महिलाहरूलाई प्रविधि हस्तान्तरण भएको आदि प्रयास तथा उपलब्धी यस क्षेत्रमा भएका छन् ।

२.४.५ युवा, खेलकूद तथा कला

खेलकुद ३ वटै तहको साझा जिम्मेवारी भित्र पर्ने क्षेत्र हो । खेलकुदको विकासको लागि पनि नगरपालिकाको तर्फबाट विभिन्न नीति निर्माण, कार्यक्रम सञ्चालन हुँदै आएका छन् । खेलकुद व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७७ पारित गरी लागू गरिएको; खेलकुद क्षेत्रको विकासको लागि नगर प्रमुख खेलकुद प्रतियोगिता सञ्चालन कार्यको थालनी गरिएको; विभिन्न क्लबहरूमा खेलकुद सामानहरू वितरण गरिएको; स्थानीय संस्कृतिको संरक्षण तथा सम्बर्द्धन गर्नको लागि नलगाड सांस्कृतिक महोत्सव आर्थिक वर्ष २०७४/७५ देखि थालनी गरिएको; धर्म, संस्कृतिको संरक्षण गर्ने उद्देश्यले २८ वटा देउताको थान तथा मन्दिर निर्माण गरिएको छ ।

२.५ पूर्वाधार तथा शहरी विकासको अवस्था

संविधानको अनुसूची ८ मा स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाई, साना जलविद्युत आयोजना र वैकल्पिक उर्जाको अधिकार गाउँपालिका नगरपालिकामा राखिएको छ । त्यसै अनुरुप नै स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले यसको विस्तृतीकरण गरी स्थानीय पूर्वाधारको लागि नगरपालिकाले गर्ने ५ वटा कार्यहरूको व्यवस्था रहेको छ । जसमा स्थानीय, ग्रामीण तथा कृषि सडक र सिंचाई सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा कार्यान्वयन, अनुगमन, नियमन लगायतका रहेका छन् । दिगो विकास लक्ष्यहरू (धान्न सक्ने तथा स्वच्छ उर्जा, उद्योग, नविन खोज तथा पूर्वाधार, दिगो सहर तथा समुदाय) लाई भौतिक पूर्वाधार अन्तर्गत समावेश गरिएको छ । पूर्वाधारको लागि नगरपालिकाले उच्च प्राथमिकताको साथ कार्य गर्दै आएको छ । नगरपालिकाले वडाहरूमा सडक सञ्जाल जोड्ने कार्यलाई उच्च प्राथमिकतामा राखी काम गर्दै आएको छ । आम नागरिकको माग पनि सुरक्षित र दिगो सडक भएकाले सडक निर्माण कार्य उच्च प्राथमिकतामा पर्नु स्वभाविक हो । नगरपालिकाले स्थानीय पूर्वाधार विकास सम्बन्धी विभिन्न कानूनहरूको निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । जस अनुसार स्थानीय पूर्वाधार व्यवस्थापन ऐन २०७७, आयोजना व्यवस्थापन कार्यविधि २०७४ तथा मर्मत सम्भार कोष सञ्चालन कार्यविधि २०७६ पारित गरी लागू गरिएको अवस्था छ । भौतिक पूर्वाधारको क्षेत्रमा भएको प्रगतिको विवरण तालिका ७ मा राखिएको छ ।

तालिका ७ : भौतिक पूर्वाधारको क्षेत्रमा भएको प्रगति विवरण

क्र.स.	पूर्वाधारको किसिम	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	जम्मा	एकाई
१	नयाँ सडक खन्ने तथा स्तरोन्नति	४०.६६	३.१५	१९.९९	२६.७१	९०.७१	कि.मि.
२	सडक मर्मत तथा सफाई	११.००	५९.७०	४८.३०	६७.३७	१८६.३७	कि.मि.
३	नगर कार्यपालिकाको भवन निर्माणाधिन				१.००	१.००	वटा
४	स्वास्थ्य संस्थाको भवन निर्माण	१	१	२	८	१२.००	वटा
५	सामुदायिक स्वास्थ्य तथा खोप क्लिनिक भवन निर्माण		३	२		५	वटा
६	वडा कार्यालय भवन निर्माण		१	१	३	५	वटा

क्र.स.	पूर्वाधारको किसिम	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	जम्मा	एकाई
७	वडा कार्यालयको निर्माणाधिन भवन				७	७	वटा
८	वडा कार्यालय तला थप १० नं.				१	१	वटा
९.	विद्यालय भवन निर्माण	६	९	४	१७	३६	वटा
१०	नलगाड बहुमुखी क्याम्पस भवन निर्माण				१	१	वटा
११	विद्यालय कच्ची भवन निर्माण तथा मर्मत	२२	१०	७	८	४७	वटा
१२	विद्यालय र अन्य शौचालय निर्माण	६	४	७	२१	३८	वटा
१३	देउताको थान तथा मन्दिर निर्माण	७	७	५	९	२८	वटा
१४	घोरेटो बाटो निर्माण	४०.३	४१	६४.०७	३४.८९	१८०.२६	कि.मि.
१५.	सहकारी भवन निर्माण				२	२	वटा
१६	स्वास्थ्य संस्था, विद्यालय र क्याम्पस घेरावार	०.३७	२.४६	६.२२	२.०४	११.०८	कि.मि.
१७	विद्यालय फर्निचर निर्माण	४३	०	१०१	६९	२१३	जोडा
१८	विद्युत मर्मत योजना	२०	१२	१	३	३६	वटा
१९.	ढल निकास तथा नाली निर्माण		०.२३	१६	०.१५	१६.३८	कि.मि.
२०	काठेपुल निर्माण	४	५	५	५	१९	वटा
२१	विद्यालय फिल्ड निर्माण	१९	५	३	४	३१	वटा
२२	सिचाई कुलो निर्माण	१.०६	२.१०	०.४५	२.०८	५.६९	कि.मि.
२३	विद्युत लाईन विस्तार	२७	२.३०	५.६०	५	३९.९०	कि.मि.
२४	तटवन्धन निर्माण	५२४	२४५	२१५	२९०८	३८९२	घ.मि.
२५	ट्रस पुल निर्माण	१	१	०	२	४	वटा
२६	झोलुङ्गे पुल निर्माण	०	२	०	०	२	वटा
२७	सोलार वितरण योजना	०	८०	४१०	७१३	१२०३	सेट
२८	फोहोर खाडल निर्माण		१		१	२	वटा
२९	प्रतिक्षालय निर्माण	३				३	वटा
३०	आर.सि.सि.ढलान पुल निर्माण	१				१	वटा
३१	फलामे चुलो वितरण			३०३		३०३	वटा
३२	सभा हल निर्माण	१				१	वटा
३३	रंगशाला तथा फिल्ड निर्माण		२००			२००	मिटर
३४	प्रहरी चेक पोष्ट निर्माण		२			२	वटा
३५	अन्य विविध योजना	९	४	१	५	१९	वटा

स्रोत : नलगाड नगरपालिका, २०७८

यस अतिरिक्त नगरपालिकाले भौतिक पूर्वाधारको क्षेत्रमा गरेका प्रयास तथा हालसम्मको उपलब्धीलाई तल चर्चा गरिएको छ ।

२.५.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ भन्ने संवैधानिक व्यवस्था रहेको छ । नागरिकलाई उपयुक्त आवासको व्यवस्था गर्नु स्थानीय सरकारको पनि जिम्मेवारी रहेको छ । यसको अतिरिक्त

नगरपालिका भित्र आवश्यक पर्ने सार्वजनिक भवनहरूको निर्माण गर्नु पनि स्थानीय सरकारको जिम्मेवारी हो । यस अनुसार नगरपालिकामा हालसम्म ५ वडा कार्यालयको भवन निर्माण सम्पन्न भएका छन् । स्वास्थ्य संस्थाको भवन निर्माण १२ वटा, सामुदायिक स्वास्थ्य क्लिनिक भवन निर्माण ५ वटा, विद्यालय पक्की भवन निर्माण ३६ वटा, पशुसेवा चौखाको भवन निर्माण १, नलगाड बहुमुखी क्याम्पसको भवन निर्माण १ वटा, सहकारी संस्थाका भवन निर्माण २ वटा समेत ६१ वटा संस्थागत भवन निर्माण कार्य सम्पन्न भएको छ । नगर कार्यपालिकाको कार्यालयको भवन निर्माण, ७ वटा वडा कार्यालयहरूको भवन निर्माण, १ स्वास्थ्य संस्थाको भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

२.५.२ सडक, पुल तथा यातायात

नगर क्षेत्रमा हालसम्म ९०.५१ कि.मि. नयाँ ट्रयाक खोल्ने तथा स्तरोन्नति गर्ने कार्य भएको छ भने सडक मर्मत तथा सडक सफा गर्ने कार्य १८६.३७ कि.मि. भएको छ । नलगाड नगरपालिका वडा नं. १३ को प्रशासनिक केन्द्र बाहेक अन्य वडाको प्रशासनिक केन्द्र सडक सञ्जालमा आवद्ध भै सकेको छ । हालसम्ममा प्रधानमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत समेत गरी १८०.२६ कि.मि. घोरेटो बाटो निर्माण भएको छ । पुल तथा झोलुङ्गे पुलको हकमा नगरक्षेत्रमा हालसम्ममा ४ वटा ट्रसपुल निर्माण, २ वटा झोलुङ्गे पुल निर्माण, १९ वटा काठेपुल र नलगाड नगरपालिका वडा नं. ६ को पुर्सुली खोलामा पक्की ढलान पुल निर्माण भएको छ ।

२.५.३ विद्युत तथा वैकल्पिक ऊर्जा

विद्युत तथा वैकल्पिक उर्जाको विकास गरी स्वच्छ उर्जा वितरणमा पनि नगरपालिकाले आफ्नो तर्फबाट प्रयास गर्दै आएको छ । नगरपालिकाको वडा नं. ५ मा १३ किलोवाटको लघु जलविद्युत आयोजना निर्माण सम्पन्न भएको छ भने नगर क्षेत्रका विभिन्न लघु जल विद्युत आयोजनाहरूबाट ३९.९ कि.मि. विद्युत लाईन विस्तार गरी सफा उर्जाको वितरण भएको छ । विद्युत नभएको वडा नं १, ६, १०, ११ र १२ लगायत नगरको अन्य विभिन्न क्षेत्रमा गरिब तथा विपन्न वर्गका व्यक्तिहरूलाई १२०३ सेट सोलार वितरण गरिएको छ । त्यसैगरी नलगाड नगरपालिका वडा नं. १० को ३०३ घरपरिवारलाइ फलामे चुलो वितरण गरी उर्जा तथा घर भित्रको धुवाँ कम गर्नमा योगदान भएको छ ।

२.५.४ सूचना, सञ्चार तथा प्रविधि

अन्य पूर्वाधारको अवस्था जस्तै सूचना, सञ्चार तथा प्रविधिको विकासको अवस्था पनि यस नगरपालिकामा सुरुवाती चरणमा रहेको छ । उपलब्ध इन्टरनेट सेवाहरु अझै पनि भरपर्दो, गुणस्तरीय छैन । त्यसैगरी मोबाइल नेटवर्कको सेवा पनि गुणस्तरयुक्त छैन । टेलिकमका टावरहरुमा खराब मौसमको अवस्थामा ब्याट्री चार्ज नहुँदा मोबाइल सेवा अवरुद्ध हुने गरेको छ । यस नगरपालिकामा कुनै पनि प्रकाशनहरु (अनलाईन तथा छापा पत्रिका) प्रकाशन हुने गरेको छैन । नगरपालिकाले आफ्नै एफ.एम. रेडियो “नलगाड एफ.एम.” सञ्चालन गर्ने तयारी गरेको छ ।

२.६ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

संविधानको अनुसूचि ८ मा वातावरण संरक्षण, जैविक विविधता र विपद व्यवस्थापनलाई गाउँपालिका र नगरपालिकाको अधिकारको सूचीमा राखिएका छन् । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको सूचिमा विपद् व्यवस्थापन अन्तर्गत १२ वटा कार्यहरूको सूची रहेको छ भने जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थ संरक्षण अन्तर्गत ८ वटा कार्यहरूको सूचि रहेको छ । वन जंगल, वन्यजन्तु, चराचुरुंगी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता शीर्षक अन्तर्गतका २६ वटा कार्यहरूलाई संघ तथा प्रदेशसँगको सहकार्यमा गर्ने

कार्यको सूचिमा राखिएको छ । दिगो विकास लक्ष्यमा रहेका तीन वटा लक्ष्यहरू दिगो उपभोग तथा उत्पादन (लक्ष्य १२), जलवायु कार्य (लक्ष्य १३) र जमिन माथिको जीवन (लक्ष्य १५) को लक्ष्य हासिल गर्न योगदान पुऱ्याउनु पनि नगरपालिकाको जिम्मेवारी हुन आउँछ । वन, वातावरण तथा विपद जोखिम न्यूनीकरण र व्यवस्थापनको क्षेत्रमा नगरपालिकाले विभिन्न कानूनहरूको निर्माण तथा कार्यान्वयन कार्य गर्दै आएको छ । जस अनुसार नगर विपद जोखिम न्यूनीकरण ऐन २०७५, प्राकृतिक श्रोत तथा वातावरण संरक्षण ऐन २०७७, विपद व्यवस्थापन कोष सञ्चालन निर्देशिका २०७४, राहत वितरण सम्बन्धी (मापदण्ड) कार्यविधि २०७८, कोरोना नियन्त्रण तथा सञ्चालन कार्याविधि २०७६ पारित गरी लागू भएको अवस्था छ । नगर प्रमुखको संयोजकत्वमा विपद् व्यवस्थापन समिति र वडा अध्यक्षको संयोजकत्वमा वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गरी कार्य हुँदै आएको छ भने नगरस्तरीय तिब्र प्रतिकार्य टोली, कोरोना नियन्त्रण तथा व्यवस्थापन समिति र वडास्तरीय तिब्र प्रतिकार्य टोली गठन भई क्रियाशील रहेका छन् । यस क्षेत्रमा नगरपालिकाले गरेको प्रयास तथा प्रगतिको विवरण क्षेत्रगत रुपमा तल प्रस्तुत गरिएको छ ।

२.६.१ वन तथा जैविक विविधता

वन क्षेत्रबाट काठ, दाउरा, जडिबुटी र प्रकृतिमा आधारित पर्यटनको विकास गर्नसक्ने साथै स्वच्छ पर्यावरण, हरियाली र प्राकृतिक सौन्दर्यता दिनसक्ने प्रशस्तै वनजङ्गलहरू यस नगरपालिका भित्र रहेका छन् । जैविक विविधताको संरक्षण र प्रवर्द्धनमा नगरपालिकाको भूमिका महत्वपूर्ण हुन्छ । यहाँ रहेका सामुदायिक वन, धार्मिक वन तथा कबुलियती वनहरूको संरक्षण र प्रवर्द्धनमा पालिकाले डिभिजन वन कार्यालयसँग सहकार्य गरी अगाडी बढ्नुपर्ने देखिन्छ । विभिन्न किसिमका वन्यजन्तुहरू जस्तै : बाघ, कस्तुरी, भालु, घोरल, स्याल, बँदेल, मृग, खरायो, बाँदर, रतुवा, दुम्सी, आदि पाइन्छन् । त्यसैगरी विभिन्न किसिमका वनस्पतिहरू जस्तै : बाँस, साल, बाँझ, निगालो, पयुँ, लाँकुरी, धुपी, उत्तीस, गुराँस, सल्लो, साँज, कटुस, इपिल इपिल, दुधिल्लो आदि प्रशस्त मात्रामा उपलब्ध छन् ।

२.६.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

यस नगरपालिकाको भू-वनोट विभिन्न किसिमको रहेको छ । जमिनको भिरालोपनाले गर्दा कृषि उत्पादन र उत्पादत्व बढाउनका लागि समस्या हुने गरेको छ । खेतीयोग्य जमिनमा बाढी तथा पहिरोले क्षति पुऱ्याउने गर्दा किसानहरू कृषि पेशामा आकर्षित हुन सकेको देखिदैँन । तसर्थ फलफुल, तरकारी र मौरीपालन जस्ता पेशामा किसानहरूको आकर्षण बढेको पाइन्छ । नगरपालिकाले आगामी दिनमा पहिरो र बाढीबाट हुनसक्ने सम्भावित क्षतिको पहिचान गरी यसको संरक्षण र रोकथाममा ध्यान दिन जरुरी देखिन्छ । त्यसैगरी जलाधार क्षेत्रको पहिचान, वर्गीकरण र प्राथमिकीकरण जस्ता कार्य गरी जलाधार क्षेत्रको संरक्षण र प्रवर्द्धनमा पालिकाले थप काम गर्नुपर्ने देखिन्छ ।

२.६.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

वातावरण संरक्षण र जलवायु परिवर्तन अनुकूलनका क्षेत्रमा नगरपालिकाले केही कार्यहरू गर्दै आएको छ । मुख्यतः बजार क्षेत्र, विद्यालय, स्वास्थ्य संस्थाहरूमा कुहिने र नकुहिने फोहोर राख्ने डस्टविन वितरण गर्ने काम पालिकाले गर्दै आएको छ । नगरपालिकाको नेतृत्वमा दल्ली, कालीमाटी, तल्लुवगर, कैना, बगरा लगायतका क्षेत्रमा पटक पटक सरसफाई अभियानको थालनी गरिदै आएको छ । नमुना बस्ती विकास कार्यक्रमबाट २०० लिटरको ४६४ ड्रम वितरण, शौचालय निर्माण तथा जुठेन व्यवस्थापनको लागि ४०७ बोरा सिमेन्ट, बाल्टी, पानी ट्यांकी, फलामे चुलो वितरण जस्ता कार्यहरू पालिकाबाट हुँदै आएको छ । यस नगरपालिकाका वडा नं. ७ र १२ मा कुहिने र नकुहिने फोहोरहरूको व्यवस्थापनका लागि छुट्टाछुट्टै

खाल्डोहरू निर्माण गरिएको छ । साथै यस पालिकाले विभिन्न क्षेत्रमा १६.३८ कि.मि. ढलनिकास तयार गरेको छ । आगामी दिनमा नगरपालिकाले यस क्षेत्रको विकासका लागि थप पहल गर्नुपर्ने हुन्छ ।

२.६.४ महामारी तथा विपद् व्यवस्थापन

नगरपालिकाले नगर विपद जोखिम न्युनीकरण ऐन २०७५, प्राकृतिक श्रोत तथा वातावरण संरक्षण ऐन २०७७, विपद व्यवस्थापन कोष सञ्चालन निर्देशिका २०७४, राहत वितरण सम्वन्धी (मापदण्ड) कार्यविधि २०७८, कोरोना नियन्त्रण तथा सञ्चालन कार्यविधि २०७६ पारित गरी लागू गरिएको छ । नगर प्रमुखको संयोजकत्वमा विपद व्यवस्थापन समिति र वडा अध्यक्षको संयोजकत्वमा वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गरी कार्य गर्दै आएको छ । नगरस्तरीय तिव्र प्रतिकार्य टोली, कोरोना नियन्त्रण तथा व्यवस्थापन समिति र वडास्तरीय तिव्र प्रतिकार्य टोली गठन गरी कार्य प्रारम्भ भएको छ । कोभिड १९ को कारणले प्रभावित भएका ७९१ जना व्यक्तिलाई आर्थिक वर्ष २०७६/७७ मा खाद्यान्न वितरण गरिएको र आ.व. २०७७/७८ मा प्रयास कार्यक्रमसँगको समन्वयमा ५०५ घरधुरीलाई राहत वितरण गर्ने कार्य समेत गरिएको थियो ।

मिति २०७५/०४/२८ गतेको बाढीले क्षति भएका पुल, बाटो, विद्युत लगायतका अन्य करौडौको संरचना निर्माण गरिएको र जग्गा क्षति भएका नलगाड १ देखि १३ सम्मका ६७१ जना व्यक्तिलाई राहत वितरण गरेको थियो । नगरपालिकाले केही सङ्ख्यामा गैंती, बाल्टी, टर्च, डोरीजस्ता आपत्कालीन उद्दार सामग्रीहरू किनेर नेपाली सेनालाई उपलब्ध गराएको छ । बाढी, पहिरो तथा विपद् सिर्जित समस्या सम्बोधनका लागि नगरपालिकाको सक्रिय सहभागिता रहने गरेको छ । यस क्रममा विभिन्न स्थानहरूमा काठेपुल निर्माण (१९ वटा), बाटो, विद्युत् तथा अन्य संरचना निर्माण गरिएको छ र ३८९२ घन मिटर तारजाली तथा तटबन्धन निर्माण गरिएको छ । नलगाड नगरक्षेत्रका विपद्बाट पूर्ण क्षति हुने घरको लागि राहत साम्रगी सहित रु. १५,०००।- को दरले र आंशिक घर क्षति हुने व्यक्तिलाई राहत सामान सहित प्रतिघर रु. ८,०००।- दरले रकम उपलब्ध गराइने व्यवस्था गरिएको छ । विपद्को कारणले मृत्यु हुने परिवारलाई प्रति व्यक्ति रु. २५,०००।- का दरले राहत उपलब्ध गराईने र गैरप्राकृतिक कारणले मृत्यु हुने परिवारलाई १५,०००।- को दरले राहतका साथै रु. १५,०००।- सम्मको एम्बुलेन्स सेवा उपलब्ध गराइने व्यवस्था गरिएको छ । प्राथमिक खोज तथा उद्दारका लागि ५० जनाको दक्ष जनशक्ति उपलब्ध रहेको छ भने प्राथमिक उपचार तथा आपत्कालीन स्वास्थ्य सेवाका लागि २५० जना जनशक्ति उपलब्ध रहेको छ ।

२.७ सुशासन तथा संस्थागत विकासको अवस्था

गाउँपालिका तथा नगरपालिकाका रुपमा रहेका स्थानीय सरकारहरू स्थापना भए पश्चात संविधानमा व्यवस्था भए बमोजिम अधिकार एवं जिम्मेवारी अनुसार विकास निर्माणको तथा सेवा प्रवाहका कार्यहरू गर्दै आएका छन् । संविधानको अनुसूची ८ मा रहेको स्थानीय अधिकारको सूचिमा नगर प्रहरी, एफ. एम. रेडियो सञ्चालन, स्थानीय कर सेवा शुल्क, दस्तुतर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीय तथ्याङ्क तथा अभिलेख संकलन, नगर सभा, स्थानीय अदालत, मेल मिलाप, मध्यस्थताको व्यवस्थापन, स्थानीय अभिलेख व्यवस्थापन आदिको जिम्मेवारी नगरपालिकाको रहेको छ र यी जिम्मेवारीहरू सुशासन तथा संस्थागत व्यवस्था भित्र पर्ने जिम्मेवारीहरू हुन् । दिगो विकासका २ वटा लक्ष्यहरू (शान्ति, न्यायपूर्ण तथा सवल संस्था र बहुसरोकार साझेदारी) पूरा गर्न स्थानीय सरकारलाई जनताको घरदैलोको सरकार वा जनताले देख्ने र भेट्ने सरकारको रुपमा हेरिन्छ । त्यसैले संवैधानिक जिम्मेवारी र अधिकार तथा जनताको अपेक्षा र आवश्यकताहरू कुशल, पारदर्शी र जवाफदेही ढंगले पुरा गर्नु, सेवा प्रवाह र विकास गतिविधिलाई प्रभावकारी बनाउनु आजका हरेक स्थानीय सरकारको कर्तव्य हो ।

जिम्मेवारी र अधिकार सँगसँगै साधन स्रोत बढेको हालको अवस्थामा स्थानीय सरकार प्रति जनताको अपेक्षा बढेको छ । यसका लागि स्थानीय सरकारहरूले संविधानमा रहेको समन्वय र सहकार्यको मर्म अनुरुप अन्य स्थानीय सरकारहरू, प्रदेश सरकार र संघीय सरकारसँगको समन्वय र सहकार्यमा सांगठनिक क्षमता विकास, कर्मचारी व्यवस्थापन, समुदायहरू, निजी तथा गैरसरकारी संस्थाहरूको परिचालनको माध्यमबाट सेवा प्रवाह र विकास निर्माणका गतिविधिहरूलाई अझ बढि नतिजामूलक र प्रभावकारी बनाउनु पर्दछ । त्यसैले नगरपालिकाबाट प्रवाह हुने सेवा र कार्यसम्पादनमा प्रभावकारिता वृद्धि गरी सुशासनको अनुभूति दिलाउन स्थानीय नीति, कानून, संगठन तथा क्षमता विकास, राजस्व तथा स्रोत परिचालन र योजना व्यवस्थापनको क्षेत्रमा यस नगरपालिकाको अवस्थाको विश्लेषण गरिएको छ ।

२.७.१ स्थानीय नीति, ऐन तथा सुशासन

संविधानको अनुसूची ८ को एकल अधिकार तथा अनुसूची ९ मा भएको साझा अधिकारहरूको सीमा भित्र रही नगरपालिकाले विभिन्न ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, आचारसंहिता, नीति आदिको निर्माण गर्दै आएको छ । यस नगरपालिकाबाट प्राप्त विवरण अनुसार यस नगरपालिकामा हाल सम्म ७ वटा ऐन, १ वटा नियमावली, २२ वटा कार्यविधि, ५ वटा निर्देशिका, १ वटा मापदण्ड, १ वटा आचारसंहिता र २ वटा नीतिहरू निर्माण भईसकेका छन् । त्यसमध्ये ४१ वटा कानूनहरू राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा रहेका छन् । यसबाट नगरपालिकाको संस्थागत विकासमा योगदान पुग्ने र आगामी वर्षहरूमा कार्य सम्पादनमा सहयोग पुग्नेछ ।

२.७.२ संगठनात्मक विकास

यस नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय निकट भविष्यमा आफ्नै प्रशासनिक भवनमा सञ्चालन हुने अवस्था रहेको छ । यस भवनको एउटै छानामुनिबाट नगरपालिकाले प्रदान गर्ने सेवा प्रवाह हुने वातावरण निर्माण भएको छ । यसैगरी नगरपालिकाका सबै वडा कार्यालयहरू आफ्नै भवनमा सञ्चालन हुने अवस्था आएको छ । अब उप्रान्त नगरपालिकाबाट प्रदान हुने सेवा प्रवाह थप व्यवस्थित र प्रभावकारी हुनेछ । त्यसैगरी कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय र स्वास्थ्य संस्थाहरूमा इन्टरनेट, विषयगत सेवा प्रवाहको लागि न्यूनतम कार्यकक्ष र भौतिक सामग्रीको व्यवस्थापन गरिएको छ ।

संघीय संरचना अनुसार कर्मचारीको समायोजन प्रक्रियासँगै हाल नगरपालिकामा विषय क्षेत्रगत समेत १४५ जना कर्मचारी कार्यरत रहेका छन् । ती मध्ये विषयगत शाखाहरूमा ७० जना र अन्य ७५ जना कर्मचारी रहेका छन् । त्यसैगरी ती मध्ये ५० जना स्थायी र ९५ जना करारका रहेका छन् ।

संविधान तथा प्रचलित कानून अनुसार नगरसभाबाट न्यायिक समिति, विधायन समिति, लेखा समिति र कार्यपालिकाबाट योजना तर्जुमा र अन्य विषयगत समितिहरू गठन भई क्रियाशील रहेका छन् भने आर्थिक विकास समिति, सामाजिक विकास समिति, भौतिक पूर्वाधार विकास समिति, वन, वातावरण तथा विपद् व्यवस्थापन समिति एवं संस्थागत विकास तथा सुशासन समितिहरू पनि क्रियाशील रहेका छन् । यसका अतिरिक्त नगर प्रमुखको अध्यक्षतामा नगरस्तरीय र वडा अध्यक्षको अध्यक्षतामा वडास्तरीय विपद् व्यवस्थापन समितिहरू गठन र सरसफाई समिति गठन भई क्रियाशील छन् ।

२.७.३ श्रोत परिचालन

नगरपालिकाको वित्तीय स्रोत बढ्दै गएको र संस्थागत सबलीकरण र क्षमता विकासमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरूको सहयोगमा पनि क्रमशः बढ्दै गएको छ । सार्वजनिक नीजि साझेदारीको अवधारणा अनुसारको अभ्यासलाई कार्यान्वयनमा ल्याउने प्रयास हुँदै गएको अवस्था छ ।

जनताको लागत सहभागितामा कार्यक्रमहरू सञ्चालन हुने गरेको छ भने नगरपालिकासँग भएको स्रोत साधनहरूको उच्चतम प्रयोग हुने गरेको छ । यसबाट नगरको तिब्र विकासमा योगदान पुग्ने सम्भावना रहेको छ । योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनलाई पनि उच्च प्राथकिताको साथ कार्यान्वयन गरिदै आएको छ । योजनाको कार्यान्वयनलाई प्रभावकारी बनाउन सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण पनि नियमित रुपमा हुँदै आएको छ जसबाट योजनाको प्रभावकारी कार्यान्वयनमा योगदान पुग्ने देखिन्छ ।

आ.व. २०७७/७८ अनुसार नगरपालिकाको कुल बजेटमा आन्तरिक श्रोतको योगदान ७ प्रतिशत बराबर रहेको छ । साथै नगरपालिकाले गैरसरकारी संस्था, सहकारी, निजी क्षेत्र र समुदायबाट विकास कार्यमा सहकार्य गर्दै आएको छ ।

२.७.४ योजना व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनको व्यवस्था अनुसार यस नगरपालिकाले नगरपालिकाको समष्टिगत विकासको लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा रणनीतिक कार्यक्रम सहितको दोस्रो पटक आवधिक योजना तर्जुमा तयार गरी विकासको मार्गचित्र तयार गर्ने प्रयास गरेको छ । नगरपालिकाको विशिष्ट अवस्था अनुसारको आवश्यकता र प्राथमिकताको आधारमा विषयगत नीति तथा कानूनी व्यवस्था कार्यान्वयन गर्न एकीकृत शहरी विकास योजना र आवधिक विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको छ । यस अघि नै यस नगरपालिकाले एकीकृत शहरी विकास योजना तथा कृषि र पशुपंक्षी रणनीति योजना, २०७६ तयार गरी कार्यान्वयन गरेको छ ।

नगरपालिकाको विशिष्ट अवस्था अनुसारको आवश्यकता र प्राथमिकताको आधारमा विषयगत नीति तथा कानूनी व्यवस्था कार्यान्वयन गर्न एकीकृत शहरी विकास योजना, आवधिक विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको छ । वार्षिक बजेट तथा कार्यक्रमको तर्जुमा टोल एवं वस्तीबाटै शुरु गरी समावेशी र सहभागितामूलक योजना प्रक्रियाको अभ्यास भईरहेको छ । नगरपालिकाको मुख्य लगानीको क्षेत्रको रुपमा स्वास्थ्य, शिक्षा, यातायात, कृषि, पर्यटन क्षेत्रमा आवश्यक स्रोत परिचालन गरी प्राथमिकताक्रम अनुसार व्यवस्थित रुपमा सञ्चालन गर्न ऐन, नियम, कार्यविधि तथा मापदण्ड निर्माण गरिएका छन् । नगरपालिकामा सञ्चालित स्थानीय सञ्चित कोष र अन्य स्रोतबाट सञ्चालित आयोजना तथा कार्यक्रमको प्रगति तथा गुणस्तर कायम गर्न स्थलगत अनुगमन तथा प्रगति विवरण समीक्षा कार्यलाई नियमित गरिएको छ । साथै नागरिक, लक्षित समुदाय र नागरिक समाज समेतको सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत नीति तथा बजेट र कार्यक्रमलाई बजेट पुस्तिका, वेवसाइट र सूचना पाटी मार्फत सार्वजनिक गर्ने अभ्यास भईरहेको छ ।

परिच्छेद तीन : सोच तथा विकासको अवधारणा

३.१ पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आफ्नो क्षेत्रको विकासको लागि योजना बनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । सो दफाको उपदफा १ मा स्थानीय तहहरूले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यकालीन, दीर्घकालिन विकास योजना बनाई लागु गर्नुपर्ने व्यवस्था रहेको छ । यही व्यवस्थालाई आधार मानी राष्ट्रिय योजना आयोगले स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ तयार गरेको छ । यिनै कानूनी व्यवस्थाहरूको परिपालना गर्न तथा जनताको विकासको आकांक्षा पूरा गर्न प्रदेश सुशासन केन्द्रको आर्थिक सहयोगमा कर्णाली प्रदेशको जाजरकोट जिल्लामा रहेको नलगाड नगरपालिकाले नगरको समग्र विकासको लागि आगामी ५ वर्षका लागि विकासको दिशानिर्देश गर्ने उद्देश्यले यो आवधिक योजना तयार गरेको छ ।

३.२ प्रमुख समस्या तथा चुनौती

(क) प्रमुख समस्या

स्थानीय उत्पादनले बाह्रै महिना खान नपुग्नु, पोषणको स्थितिमा सुधार नहुनु, कृषि पेशाप्रति युवा वर्गको आकर्षण कम हुनु, समुदाय स्तरका विभिन्न किसिमका समुह तथा सहकारी संस्थाहरूले प्रभावकारी रुपमा भूमिका निर्वाह गर्न नसक्नु, पालिकास्तरमा आकर्षक रोजगारीको सिर्जना गर्न नसक्नु, गरिब तथा पछाडि पारिएका वर्गको वित्तीय क्षेत्रमा पहुँच नपुग्नु, खेतीयोग्य जमिनमा सिंचाईको सुविधा पुऱ्याउन नसक्नु, स्वास्थ्य सेवामा सबैको पहुँच पुग्न नसक्नु, बालबालिकाहरूको लागि आवश्यक पोषणको कमी हुनु, सुरक्षित र सफा खानेपानीको आपूर्ति कम हुनु, बालविवाह र बहुविवाह प्रथालाई न्यूनीकरण गर्न नसक्नु, खेलकूदका पूर्वाधारहरू कम हुनु, जेष्ठ नागरिक लगायत दलित, अपाङ्गता भएका व्यक्तिहरू, एकल महिला लगायत लक्षित समुदायहरूलाई निर्णय प्रक्रियामा सक्रियताका साथ सहभागी गराउन नसक्नु, शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न नसक्नु, छरिएर रहेका वस्तीहरूलाई एकिकृत नमुना वस्ती बनाई स्थानान्तरण गर्न नसक्नु, आवासविहीन मानिसहरूलाई जनता आवास कार्यक्रममा आबद्ध गर्न नसक्नु, सबै वडाहरूलाई सडक सञ्जालले जोड्न नसक्नु, मापदण्ड अनुसार उत्थानशील पुलपुलेसा र निजी तथा सार्वजनिक भवनहरू निर्माण गर्न नसक्नु, गुणस्तरीय विद्युत सेवा सबै घरधुरीमा पुऱ्याउन नसक्नु, वैकल्पिक उर्जाको प्रयोगलाई प्राथमिकता दिन नसक्नु, कमजोर सञ्चार सेवा उपलब्ध हुनु साथै सबै क्षेत्रमा सुलभ र भरपर्दो सञ्चार सेवा उपलब्ध नहुनु, बाढी पहिरोको प्रकोप नियन्त्रण गर्न नसक्नु, जलाधारका क्षेत्रहरू सुक्दै जानु, जलयायु परिवर्तनको असर प्रतिरोधी कार्य गर्न नसक्नु, सबै वडा तथा विषयगत कार्यालयहरूमा आवश्यक कर्मचारी र साधन स्रोतको परिचालन गर्न नसक्नु, स्थानीय तहमा कार्यरत सबै गैसस, नागरिक संघ संस्था, वित्तीय संघ संस्थाहरू लगायत साझेदार निकायहरूसँग नियमित र सुमधुर समन्वय र सहकार्य गर्न नसक्नु, सर्वसाधारण जनताले अनुभूति गर्ने गरी छिटोछरितो र पारदर्शी ढंगबाट सेवा प्रवाह गर्न नसक्नु, खर्चको आवश्यकता अनुसारको वित्तीय स्रोत साधनहरू उपलब्ध हुन नसक्नु जस्ता समस्याहरू नगरपालिकाले भोग्दै आएको छ ।

(ख) चुनौती

निर्यातमुखी कृषि प्रणाली बनाउनु, कृषियोग्य जमिनमा सिंचाई सुविधा पुऱ्याउनु, सबै नागरिकहरूमा गुणस्तरीय स्वास्थ्य र शिक्षाको पहुँच पुऱ्याउनु, सिमान्तकृत समुदायहरूलाई नगरपालिकाको विकासको मूलप्रवाहमा ल्याउनु, बलियो र उत्थानशील पूर्वाधारको विकास गर्नु, बाढी पहिरो नियन्त्रण र जलवायु

परिवर्तनको असरलाई न्यूनीकरण गर्नु, संस्थागत संरचनाहरू निर्माण गरी प्रभावकारी सेवा प्रवाह गर्नु र स्थानीय जनताको माग र आवश्यकता अनुसार बजेट खर्च गर्नु जस्ता चुनौती रहेका छन् ।

३.३ प्रमुख सम्भावना तथा अवसर

(क) प्रमुख सम्भावना

कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न सकिने, लघु तथा ठूला जलविद्युत आयोजनाहरू सञ्चालन गर्न सकिने, निजी क्षेत्र र सहकारी तथा वित्तीय संस्थाको लगानी अभिवृद्धि गर्न सकिने, साना तथा घरेलु उद्योगको विकास गर्न सकिने, वातावरणमैत्री पूर्वाधार विकास गरी उत्पादित वस्तुहरू निकासी गर्न सकिने साथै संघ र प्रदेशबाट थप स्रोतहरू परिचालन गरी नगरको समग्र विकासमा लगानी गर्न सकिने जस्ता प्रमुख सम्भावना यस नगरपालिकामा रहेका छन् ।

(ख) अवसर

प्रशस्त खेतीयोग्य जमिन हुनु, जलस्रोतको लागि पर्याप्त खोलानाला हुनु, पर्यापर्यटनका लागि उपयुक्त स्थानहरू उपलब्ध हुनु, संघ र प्रदेश सरकारबाट स्थानीय सरकारको क्षमता विकास र ठूला पूर्वाधारका क्षेत्रमा लगानी वृद्धि गर्नु, नीजि क्षेत्र र वित्तीय संघ संस्थाहरूले उत्पादनशील क्षेत्रमा स्रोतको परिचालन गर्नु, आन्तरिक स्रोतको दायरा बढ्दै जानु, अन्तरसरकार साझेदारी र सार्वजनिक नीजि साझेदारीबाट पूँजी निर्माण बढ्नु, विकास निर्माणमा सामुदायिक संघ संस्था र राजनीतिक दलहरूको प्रतिबद्धता बढ्दै जानु जस्ता क्षेत्रहरू यस पालिकाको समृद्धिका लागि अवसरहरू हुन् ।

३.४ निर्देशक सिद्धान्त

नगर विकासको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तर्फ उन्मुख गराउनका लागि देहाय अनुसारका मुख्य निर्देशक सिद्धान्तहरू अवलम्बन गरिनेछ :

(क) दिगोपना

यस आवधिक योजनाले नगरको विकास गर्दा वातावरणीय, सामाजिक र आर्थिक दिगोपनालाई बढवा दिनेछ । यसको अर्थ नगरपालिकाबाट सञ्चालित विकासका गतिविधिहरू वातावरणीय दृष्टिकोणले दिगो हुनुपर्दछ, अर्थात बाह्य नकारात्मक पक्षहरू हुनु हुँदैन र वातावरणले धान्न नसक्ने हुनु हुँदैन भन्ने हो । सामाजिक दिगोपनाको अर्थ सामाजिक पूँजीको संरक्षण तथा विकास हो जसले मानवमैत्री वातावरण निर्माण गरी सामाजिक जीवन्तता कायम गर्न योगदान गर्दछ । आर्थिक दिगोपना भन्नाले बाह्य सहयोग प्राप्त नभएको स्थितिमा पनि वातावरणमैत्री आर्थिक गतिविधिहरूलाई प्रोत्साहन गर्दछ भन्ने बुझ्नु पर्दछ ।

(ख) समावेशिता

नगरपालिका नश्ल, जाति, लिङ्ग तथा आर्थिक वर्ग समेतको आधारमा सामाजिक रुपमा समावेशी हुनुपर्छ । समावेशीकरणले नगरपालिकाको सामाजिक र सांस्कृतिक विविधता र संवेदनशीलताको पक्षपोषण गर्नुपर्दछ । त्यसमा पनि खासगरी विपन्न र सिमान्तकृत र अल्पसंख्यक व्यक्ति, सामान्यतया: गरीब, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको लागि काम गर्नुपर्दछ । समावेशिताले सामाजिक न्यायका अतिरिक्त समता र सन्तुलित विकासलाई प्रवर्द्धन गर्दछ । नगरपालिका आर्थिक हिसाबले सबैभन्दा पछाडि परेका गरीबका आवश्यकताहरू सम्बोधन गर्न, तिनको शिक्षा, स्वास्थ्य, आवास, जीविकोपार्जन र यातायात सम्बन्धी आधारभूत सरोकारलाई संवोधन गर्न गरीबमैत्री हुनेछ । विकासको प्रतिफलको बाँडफाँटमा कसैलाई पनि पछि पारिने छैन (No one left behind) को सिद्धान्तलाई अङ्गिकार गरिनेछ ।

(ग) उत्थानशीलता

उत्थानशीलताले भौतिक र सामाजिक उत्थानशीलता दुवैलाई जनाउँदछ । जसले गर्दा नगरपालिका वातावरणीय र आर्थिक परिवर्तनको सन्दर्भमा सुरक्षित र अनुकुल रहनु पर्दछ । नगरपालिकाले तयार गर्ने योजनाको प्रमुख ध्यान प्रकोप वा जलवायु परिवर्तनको क्षेत्रीय र विश्वव्यापी प्रभावका कारण उत्पन्न अल्प तथा दीर्घकालीन जोखिम निवारण गर्न भौतिक, सामाजिक, आर्थिक र संस्थागत उत्थानशीलतामा केन्द्रित हुनेछ । योजना तथा यसको कार्यान्वयनबाट विकसित परिस्थितिले विभिन्न प्रकारको खतरा, आघात र जोखिमको सामना गर्नसक्ने क्षमता विकास गर्न आवश्यक छ ।

(घ) हरियाली

नगरपालिकाले तयार गर्ने यस योजना नगरलाई हरियालीयुक्त, शीतल र आर्द्र राख्ने तीन प्रमुख विषयबाट निर्देशित हुनेछ । हरियाली कायम राख्न, सुरक्षा र सौन्दर्य प्रबर्द्धन गर्न हरितपार्क, हरित खुल्ला स्थान, शहरी कृषि र वन जस्ता विषयमा ध्यान दिनेछ । नगरले न्यून कार्बन उत्सर्जन हुने, वैकल्पिक उर्जाको प्रयोग र तापमानको प्रभाव कम हुने भू-उपयोग प्रविधि र सामग्रीको प्रवर्द्धन गर्नेछ । त्यसैगरी नगरपालिकाले जलजीवन, शहरी जैविक विविधता र जमीनमा पुनर्जलीकरण गर्न नगरमा रहेका पोखरी, खोलानाला आदि स्वच्छ राखी जलाधारहरूको सुरक्षा र विस्तारका लागि काम गर्नेछ ।

(ङ) प्रभावकारिता

प्रभावकारी, सुशासित र सुव्यवस्थित शासनबाट मात्र दिगो, समावेशी, उत्थानशील र हरित नगरको सपना पूरा हुन सक्दछ । तसर्थ नगरपालिकाले तयार गर्ने यस योजना पनि आफ्नो संस्थागत क्षमता र प्राविधिक दक्षता, नगरका कुनैपनि योजना र विकास प्रक्रियाहरूमा संस्थागत पारदर्शिता र जवाफदेहिता, नागरिक केन्द्रित सेवा प्रवाह र विकासको प्रतिफल वितरण जस्ता सुशासनका तीनवटै आधारभूत विषयद्वारा निर्देशित हुनेछ ।

(च) भूउपयोग, वस्ती विकास र व्यवस्थित शहरीकरण

उपलब्ध भूमिको अधिकतम् र दीगो उपयोगका लागि भू-उपयोग योजना तर्जुमा गरी सो अनुसार बस्ती, कृषि क्षेत्र, हरियाली क्षेत्र, औद्योगिक क्षेत्र, खुला क्षेत्र तथा खेलकुदका लागि मैदानहरू पहिचान गरी सो अनुसारको योजना कार्यान्वयन गरिनेछ । सडक, भवन लगायत पूर्वाधार निर्माणका क्षेत्रमा राष्ट्रिय तथा प्रदेशस्तरीय मापदण्डहरूसँग तादात्म्यता हुनेगरी नगरस्तरीय मापदण्डहरू तर्जुमा र कार्यान्वयन गरिनेछ ।

(छ) सहभागितामूलक विधि र नागरिक भावनाको सम्मान

यस योजनाको कार्यान्वयनको क्रममा योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन कार्यमा समेत सम्बन्धित सबै सरोकारवालाहरूको सहभागिता सुनिश्चित गरिनेछ । नागरिकका अपेक्षा, आवश्यकता, परिवेश र भावनालाई ध्यान दिई योजना तर्जुमा र कार्यान्वयन गरिनेछ ।

(ज) सूचना, सञ्चार तथा आधुनिक प्रविधिको अवलम्वन

नगरपालिकाबाट प्रवाह गरिने सेवामा आधुनिक प्रविधिलाई उच्च प्राथमिकताका साथ प्रयोगमा ल्याइनेछ । यसबाट सेवा प्रवाह छिटोछरितो (Smart) हुनुको साथै सुशासन अभिवृद्धि गर्न सहयोग पुग्नेछ ।

(झ) सुशासनको प्रवर्द्धन

सुशासनका लागि आवश्यक जवाफदेहिता, पारदर्शिता, जन सहभागिता, उत्तरदायीपनाको प्रवर्द्धन गरिनेछ । आफ्ना काम, कारवाहीप्रति सम्बन्धित सबैलाई जवाफदेही बनाइनेछ । योजना निर्माण, कार्यान्वयन तथा

अनुगमन पद्धतिलाई सूचनामा आधारित र नतिजामूलक बनाइनेछ । नगरपालिकाको काम कारवाही तथा निर्णयहरूलाई पारदर्शी बनाइनेछ ।

(ञ) वातावरण सन्तुलन र दीगो विकास

विकास निर्माणका काम तथा प्राकृतिक स्रोतको उपयोग गर्दा वर्तमान तथा भविष्यका पिँढीको आवश्यकता समेतलाई मध्यनजर गरी समुचित उपयोगमा ध्यान दिइनेछ । साथै हरित नलगाड निर्माण गर्न सडक पेटी सुहाउँदो वृक्षारोपण गर्न निजी क्षेत्रको सहभागितामा विरुवा बैंक स्थापना गरी फूलका विरुवाहरू सहजरुपमा उपलब्ध गराईने छ ।

(ट) मानव अधिकार र सामाजिक न्याय

नगरपालिकाले विश्वव्यापी आधारभूत मानव अधिकारहरूको सुनिश्चित गर्दै न्यायपूर्ण समाजको सिर्जनामा जोड दिनेछ ।

(ठ) सरकारी, निजी र गैरसरकारी क्षेत्रबीच साझेदारी

उपलब्ध तथा सम्भावित स्रोतहरूको अधिकतम उपयोगका लागि सरकारी, निजी र गैरसरकारी क्षेत्रबीच साझेदारी अघि बढाइने छ ।

३.५ विकासका संवाहकहरू

यस नगरपालिकाको विकासको लागि निम्न अनुसारको संवाहकहरु पहिचान गरिएका छन् ।

१. जलविद्युत, २. उत्थानशील पूर्वाधार विशेष गरी सडक सञ्जाल, ३. प्राङ्गारिक कृषि, लघु उद्यम र सेवा क्षेत्र, ४. जडिबुटी ५. सुरक्षित र व्यवस्थित गाउँ नगर

३.६ सोच, लक्ष्य तथा उद्देश्य

(क) दीर्घकालीन सोच

नलगाड नगरपालिकाले तयार गरेको प्रथम आवधिक योजनाले यस नगरपालिकाको दीर्घकालिन सोच **"समृद्ध र सफा नगर, दिगो विकास र सुशासनको लहर"** तय गरेको थियो । दोश्रो आवधिक योजना तर्जुमा गर्ने शिलशिलामा उक्त दीर्घकालिन सोचका बारेमा बृहत छलफल भएको थियो । सहभागीहरूबाट विभिन्न किसिमका दीर्घकालिन सोचहरू मस्यौदा गरी प्लेनरी सत्रमा प्रस्तुतिकरण भएको थियो । सहभागीहरूबाट प्रस्तुत भएका विभिन्न ११ वटा दीर्घकालिन सोचहरूमध्ये छलफलबाट सर्वसम्मत रुपमा पुरानो दीर्घकालिन सोचमा आमूल परिवर्तन नगर्ने सहमति अनुसार निम्नानुसारको दीर्घकालीन सोच तय गरिएको छ ।

"समृद्ध र सफा नगर, दिगो विकास र सुशासनको शहर"

(ख) लक्ष्य

नलगाड नगरपालिकाले निर्धारण गरेको उपरोक्त दीर्घकालीन सोच प्राप्त गर्न निम्नानुसारको समष्टिगत लक्ष्य तय गरिएको छ ।

"समृद्ध नलगाड नगरपालिकाको आधार तयार गर्ने"

(ग) उद्देश्य

यस आवधिक योजनाले तय गरेको उपरोक्त दीर्घकालीन सोच तथा लक्ष्य प्राप्त गर्न निम्नानुसारको उद्देश्यहरु तय गरिएको छ -

१. कृषि, पशु, वन क्षेत्रको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गरी समतामूलक रोजगारी सिर्जना गर्नु,
२. जलवायु परिवर्तनसँग अनुकुलित हुनु र विपद् उत्थानशील भौतिक पूर्वाधारको विस्तार गर्नु,
३. सेवा प्रवाह थप प्रभावकारी बनाउनु र सुशासन प्रवर्द्धन गर्नु ।

३.७ परिमाणात्मक लक्ष्य

नलगाड नगरपालिकाको यस आवधिक योजनाको आर्थिक, सामाजिक र भौतिक विकासको परिमाणात्मक लक्ष्यहरू तलको तालिकामा प्रस्तुत गरिएको छ। यसमा नलगाड नगरपालिकाको अतिरिक्त संघ र कर्णाली प्रदेश सरकारले तय गरेका सूचकहरू, तिनका आधार तथ्याङ्क र तिनीहरूले राखेका लक्ष्यलाई समावेश गरिएको छ ।

तालिका ८ : योजनाको परिमाणात्मक लक्ष्य (समृद्धि र सुखका सूचकहरु)

क्र.स.	सूचक	आधार तथ्यांक			लक्ष्य		
		संघ* २०७५/७६	कर्णाली प्रदेश** २०७५/७६	नलगाड नपा*** २०७७/७८	संघ २०८०/८१	कर्णाली प्रदेश २०८०/८१	नलगाड नपा २०८३/८४
१	वार्षिक औषत आर्थिक वृद्धिदर (प्रतिशत)	६.८	५.७	६.०	१०.३	१४.९	१४.९
२	प्रतिव्यक्ति आय (अमेरिकी डलर)	१०४७	६०६	-	१५९५	११४७	११४७
३	निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या (प्रतिशत)	१८.७	२८.९	२०.५	९.५	१८	१८
४	बहुआयामिक गरिबीमा रहेको जनसंख्या	२८.६	५१.२	४०	१३	२५	२५
५	अपेक्षित आयु (जन्म हुँदाको)	६९.७	७२	७०	६७	७०	७०
६	मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा)	२३९	-	१५०	९९	१२५	१२५
७	५ बर्षमुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा)	३९	५८	६०	२४	३५	३५
८	पाँच वर्ष मुनिका कम तौल भएका बालबालिकाको प्रतिशत	-	३५.५	३०	-	२०	२०
९	साक्षरता दर	५८	६६	६६.३१	९५	९५	९५
१०	माध्यमिक तह (९ देखि १२ कक्षासम्मको खुद भर्ना दर) प्रतिशत	४६	५९.४	५५	६५	६५	६५
११	उच्च शिक्षामा कुल भर्ना दर (प्रतिशत)	१२	६.१	१०	२२	१५	१५
१२	बेरोजगारी दर (प्रतिशत)	११.४	९.७	१५	६	६	६
१३	विद्युतमा पहुँच प्राप्त जनसंख्या/परिवार (प्रतिशत)	८८	६७.५	७४	१००	९०	९५
१४	इन्टरनेट प्रयोगकर्ता (प्रतिशत)	६५.९	४०	२०	८०	६५	६०

क्र.स.	सूचक	आधार तथ्यांक			लक्ष्य		
		संघ* २०७५/७६	कर्णाली प्रदेश** २०७५/७६	नलगाड नपा*** २०७७/७८	संघ २०८०/८१	कर्णाली प्रदेश २०८०/८१	नलगाड नपा २०८३/८४
१५	३० मिनेटसम्मको दुरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार (प्रतिशत)	८२	-	५०	९५	७५	७५
१६	आधारभूत खानेपानी सुविधा पुगेको परिवार (प्रतिशत)	-	८६.२	७५	-	९१	९१
१७	सिंचाई सुविधा पुगेको कृषि गरिएको भूमि (प्रतिशत)	-	२५	२०	-	४०	५०
१८	वर्षभरी सिंचाई हुने खेती गरिएको जमिन (प्रतिशत)	-	१५.५	१०	-	३३	२५
१९	फुसको छाना भएको घरमा बसोवास गर्ने परिवार (प्रतिशत)	-	३८	३५	-	२५	२०
२०	खाना पकाउन परम्परागत इन्धन प्रयोग गर्ने घरपरिवार (प्रतिशत)	-	९५	९०	-	८०	७५
२१	प्रमुख अन्न वालीहरु (धान, मकै, गहुँ, कोदो र जौ) को उत्पादकत्व (मे.ट./हेक्टर)		२.२२	२	-	३.२०	३
२२	प्रमुख तरकारीहरुको उत्पादकत्व (मे.ट./हेक्टर)		११	७	-	१२	१२

*स्रोत : *राष्ट्रिय योजना आयोग, पन्ध्रौं योजना, नेपाल सरकार, २०७७ ; **कर्णाली प्रदेश, प्रथम पञ्चवर्षीय योजना, २०७५ र ***नगरस्तरीय छलफल, २०७९*

३.८ रणनीति तथा प्राथमिकता

(क) रणनीति

१. कृषि तथा पर्यटन व्यवसायमा निजी क्षेत्रलाई आकर्षित गर्ने,
२. नगरपालिकाको आन्तरिक राजस्वको करको दायरा विस्तार गर्ने,
३. आवधिक योजना कार्यान्वयनको सुनिश्चितताको लागि निजी क्षेत्र, गैर सरकारी संस्था र सहकारी क्षेत्रसँगको साझेदारी विस्तार गर्ने,
४. गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा जोड दिने,
५. लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई नगरपालिकाको विकास गतिविधिमा मूलप्रवाहीकरण गर्ने,
६. जोखिमबाट पीडित वा जोखिममा रहेका समुदायहरूलाई जोखिम न्यूनीकरणको लागि उनीहरूको क्षमता विकासमा जोड दिने,
७. पुनर्लाभ, जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरणका लागि समाजका सबै वर्गको सहभागिता सुनिश्चित गर्ने,
८. निर्माण गरिने पूर्वाधारहरु वातावरण अनुकुल तथा विपद् उत्थानशील हुने गरी निर्माण गर्ने,
९. मानव संसाधन र उद्यमशीलताको विकास गर्ने,
१०. दिगो विकास लक्ष्यहरुलाई आन्तरिकीकरण गर्ने ।

(ख) प्राथमिकता

१. पूर्वाधार विकास

२. कृषि, पर्यटन र उद्योग (लघु, घरेलु तथा साना)
३. उर्जा
४. सामाजिक विकास (शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा)
५. विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन
६. सुशासन प्रवर्द्धन

३.९ लगानी, खर्च अनुमान र स्रोत अनुमान (बाँडफाँट)

(क) लगानी (स्रोतगत प्राप्ति र खर्च)


यस नगरपालिकाको विगत तीन आर्थिक वर्षको स्रोतगत बजेट अनुमान र निकासा सम्बन्धी विवरण तल तालिकामा दिइएको छ । आ.व. २०७६/७७ मा कूल रु. ४३ करोड ६८ लाख ३४ हजार ४ सय बजेट अनुमान गरिएकोमा आर्थिक वर्षको अन्त्य सम्ममा रु. ३२ करोड ३० लाख (७४ प्रतिशत) निकासा भएको देखिन्छ । त्यसैगरी आ.व. २०७७/७८ मा कूल रु. ६२ करोड ९८ लाख ७४ हजार ४८ बजेट अनुमान गरिएकोमा आ.व.को अन्त्य सम्ममा रु. ५४ करोड ९९ लाख २७ हजार ६ सय ७५ (८७ प्रतिशत) निकासा भएको देखिन्छ । चालु आ.व. २०७८/७९ का लागि नगरसभाले रु. ६५ करोड ४९ लाख १५ हजार ३ सय ३० बजेट अनुमान गरेकोमा २०७८ फागुन मसान्तसम्म रु. २८ करोड ३ लाख ८८ हजार १ सय १५ (४३ प्रतिशत) निकासा भएको छ ।

तालिका ९ : विगत तीन वर्षको प्राप्ति र खर्चको विवरण

क्र.स.	आम्दानी शीर्षक	२०७६/७७		२०७७/७८		२०७८/७९	
		अनुमान	निकासा	अनुमान	निकासा	अनुमान	निकासा
१	संघीय समानीकरण	९५००००००	७३०००००	९५८०००००	७९२८८३१८	९८४०००००	५२२०००००
२	संघीय सशर्त	२१८५७००००	१८०००००००	३१९५८१३५०	३०३८५०२०४	२९३२८००००	१२१३८५०००
३	संघीय विशेष	७५०००००	०	२०००००००	११६६९०००	१६६०००००	२१४७२७०
४	संघीय समपुरक	०	०	०	०	०	०
५	प्रदेश समानीकरण	१०३४२०००	०	१०२८९०००	९७१८०००	१०१५८०००	५०००००
६	प्रदेश सशर्त	०	०	२४५०००००	१७७२९८८६	४१७०००००	५०००१६०
७	प्रदेश विशेष	७५०००००	०	५१७०००	५१५६५५९	७००००००	६४०२००
८	प्रदेश समपुरक	०	०	१६९१००००	१०९१४६१३	१०००००००	०
९	राजस्व बाँडफाँट	९६०००००	७०००००००	९६०१४२५०	७६४९१६४७	९८५६२१६२	५२५१५४८५
१०	आन्तरिक स्रोत	१९२२४००	०	४१६०९४४८	३५१०९४४८	७९२१५१५८	४१५०००००
	जम्मा	**४३६८३४४००**	**३२३०००००**	**६२९८७४०४८**	**५४९९२७६७५**	**६५४९१५३२०**	**२८०३८८११५**
	निकासा प्रतिशत		**७४**		**८७**		**४३**

यस नगरपालिकाको तीन आर्थिक वर्षको स्रोतगत औषत बजेट अनुमान हेर्दा ६८ प्रतिशत संघीय अनुदान, ८ प्रतिशत प्रदेश अनुदान, १७ प्रतिशत राजस्व बाँडफाँट र ७ प्रतिशत आन्तरिक आय रहेको देखिन्छ ।

चित्र : विगत तीन वर्षको अनुमानित बजेटमा स्रोतगत योगदान (प्रतिशतमा)



परिच्छेद चार : आर्थिक क्षेत्र

यसक्षेत्र अन्तर्गत कृषि, पशु विकास, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, सिंचाई, तथा वित्तीय सेवा आदि उपक्षेत्रहरू समावेश गरिएको छ। यसका साथै दिगो विकास लक्ष्य अन्तर्गत लक्ष्य १: गरिबी हटाउनु, लक्ष्य २: शून्य भोकमरी, लक्ष्य ८: मर्यादित काम तथा आर्थिक बृद्धि र लक्ष्य १०: असमानतामा कमी गर्ने विषयहरूलाई यस क्षेत्रमा समावेश गरी विश्लेषण गरिएको छ।

४.१ कृषि तथा खाद्य सुरक्षा

४.१.१ पृष्ठभूमि

नगरवासीको मुख्य पेशाको रुपमा कृषिलाई अपनाइएको छ। हावापानीका हिसाबले यो नगरपालिका उत्तम मानिन्छ। माटोको बनोट र उर्वराशक्तिका हिसाबले नगरपालिकाको सबै वडा एकैनासका छैनन्। केही भागमा कालो, बलौटे र चट्टानयुक्त मिश्रित र केही भागमा रातो माटो रहेको छ। यस नगरपालिकाले कृषि क्षेत्रका विकासका लागि प्रशस्त कानूनी तथा नीतिगत व्यवस्था गरेको छ। यस अन्तर्गत कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७५ र कृषि ऐन, २०७५ पारित गरी लागू गरेको छ। कृषि तथा पशुपंक्षी विकास रणनीतिक योजना २०७६; नलगाड कृषि स्रोत व्यक्तिको विकास तथा परिचालन कार्यविधि २०७६; कृषि विकास पकेट क्षेत्र सञ्चालन सम्बन्धी कार्यविधि २०७६; सामुदायिक कृषि प्रसार सेवा केन्द्र स्थापना तथा सञ्चालन कार्यविधि २०७८ र हाटबजार व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७८ कार्यान्वयनमा आएको छ। त्यसैगरी स्थानीय उत्पादनमा जोड दिई कृषिको विविधीकरण, यान्त्रिकीकरण र व्यवसायीकरण गर्दै रोजगारीको अवसर सिर्जना गर्ने नीति नगरपालिकाले लिएको छ।

कृषकको कृषि उपजहरूको बजार सुनिश्चित गर्नका लागि कृषि क्षेत्र विकास कार्यक्रमसँगको सहलगानीमा वडा नं. ७ को दल्लीमा कृषि हाटबजार स्थापनाका लागि डिपिआर निर्माण गरी बोलपत्र आव्हानको तयारी, कृषि पेशालाई एक मर्यादित र सम्मानित पेशाका रुपमा स्थापित गर्न नगरप्रमुख उत्कृष्ट पुरस्कारबाट कृषक र कृषि सहकारीलाई पुरस्कृत गर्ने कार्यक्रमको सुरुवात, कृषि प्रविधि प्रदर्शन, अनुसन्धान तथा प्रसार गर्न वडा नं. ५ मा कृषक सिकाई केन्द्रको स्थापना, कृषकको घर खेतमा गई प्रत्यक्ष रुपमा कृषकलाई प्राविधिक ज्ञान प्रदान गर्न आलु बालीमा कृषक पाठशाला कार्यक्रम सञ्चालन, बेमौसमी तरकारी खेतीका लागि आधुनिक रुपमा २१ वटा पक्की फलामे टनेल निर्माण, फलफूल बगैंचा सुदृढीकरणका लागि आरी, कैंची (सिजर) र फलामे स्पेयर ट्यांकी वितरण, साना किसानहरूलाई कृषि पेशामा आबद्ध गराई आयआर्जन बढाउन सिल्पाउलिन (Silpaulin) प्लास्टिक वितरण, करेसाबारी स्थापना सम्बन्धी तालिम लगायत १७२ वटा कृषक समूह दर्ता जस्ता कार्यहरू गरी कृषि क्षेत्रमा यस नगरपालिकाले उपलब्धीहरू हासिल गरेको छ। यस पालिकाको आत्मनिर्भर बालीमा मुख्यत: मह, सुन्तला र लसुन पर्दछन्।

४.१.२ समस्या तथा चुनौती

(क) समस्या

एक स्थानीय तह एक औद्योगिक ग्राम, एक स्थानीय तह एक उत्पादन र एक घर एक उत्पादन लगायतका अवधारणालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन नसक्नु, कृषि पेशालाई मर्यादित र आयआर्जनको मुख्य स्रोतको रुपमा अँगाल्न नसक्नु, कृषि पेशाप्रति युवा वर्गको आकर्षण कम हुनु, समयमा उन्नत जातका बीउ तथा मल उपलब्ध हुन नसक्नु, खेतीयोग्य जमिनमा सिंचाई नभएका कारण आकाशे पानीको भरमा खेती गर्नुपर्ने अवस्था रहनु, उत्पादित वस्तुले बजार पाउन नसक्नु, कृषि बीमालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन नसक्नु, कृषि उपजको ढुवानी खर्च अधिक हुनु, प्राङ्गारिक मलको प्रयोग कम

हुनु, प्राविधिक जनशक्तिले आवश्यकता अनुसारको सेवा प्रदान गर्न नसक्नु, चामल, दाल तथा गेडागुडीमा आत्मनिर्भर हुन नसक्नु, कृषि सहकारीहरू प्रभावकारी हुन नसक्नु, वर्षभरी खान पुग्ने र पुगेर पनि बिक्री गर्ने घरपरिवार ज्यादै न्यून हुनु, एक वडा एक प्राविधिकको व्यवस्था गर्न नसक्नु, कृषि उपजको लागि उचित व्यवस्था नहुनु, जलवायुको असर उत्पादनमा पर्नु आदि कृषि क्षेत्रमा रहेका मुख्य समस्या हुन् ।

(ख) चुनौती

कृषि पेशालाई मर्यादित बनाउनु, युवा वर्गलाई कृषि क्षेत्रमा आकर्षण गर्नु, कृषि उपजको वजार सुनिश्चित गर्नु, खेतीयोग्य जमिनमा सिंचाई सुविधा पुऱ्याउनु, कृषकहरूलाई समयमा प्राविधिक सेवा उपलब्ध गराउनु, सबै नगरवासीहरूको बर्षभरी खान पुग्नेगरी खाद्य सुरक्षा सुनिश्चित गर्नु, दक्ष जनशक्तिको व्यवस्था मिलाउनु, कृषक परिचय पत्र उपलब्ध गराउनु र कृषकहरुलाई सहुलियत ऋण उपलब्ध गराउनु जस्ता चुनौतीहरू कृषि क्षेत्रमा रहेका छन् ।

४.१.३ सम्भावना तथा अवसर

(क) सम्भावना

यस नगरपालिकामा कृषि क्षेत्रको विकासका प्रशस्त सम्भावनाहरू रहेका छन् । यस पालिका भित्र प्रशस्त सिंचाईयोग्य जमिनहरू रहेका छन् । नगरपालिकाले कृषि क्षेत्रको विकासका लागि पर्याप्त कानुनी आधारहरू, नीतिगत प्रबन्धहरू र कृषकलाई प्रोत्साहन गर्ने कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । स्थानीय हावा पानी र माटो सुहाउँदो गरी आवश्यकता र सम्भावनाको आधारमा १२ वटा बाली बस्तुको पकेट क्षेत्र पहिचान गरी तीन बालीको पकेट र बाँकी बस्तुका क्षेत्र विस्तार गरिएको छ । यस नगरपालिका अन्तर्गत वडा नं. १, २ र ४ लाई मह पकेट क्षेत्र; वडा नं. २, ३, ४, ५, र ७ लाई तरकारी खेती पकेट क्षेत्र र वडा नं. ३ लाई सुन्तला र प्याज; वडा नं. ५ मकै, कागती, टिमुर र किवी; वडा नं. ६ टिमुर, किवी, ओखर र आलु खेती; वडा नं. ७ र ८ धान खेती; वडा नं. ९, १०, ११ लसुन, ओखर, तोरी, मकै र गहुँ खेतीको सम्भावना रहेको छ । त्यसै गरी वडा नं. १२ मा फलफूल र लसुनको सम्भावना रहेको र वडा नं. १३ लाई फलफूल पकेट क्षेत्र घोषणा गरी सोही बमोजिम लगानी विस्तार हुँदै आएको छ । किवी तथा ओखर खेतीको पनि उत्तिकै सम्भावना रहेको छ ।

(ख) अवसर

नगरपालिकाको अर्थतन्त्रको मूल आधार कृषिलाई मानिएको छ । कृषि क्षेत्रको विकासका लागि नगरपालिकाले आवश्यक ऐन, कानुनको तर्जुमा गरी कार्यान्वयन गर्नु, कृषि क्षेत्रको विकासका लागि पालिकाले बाँझो जग्गामा खेती प्रबर्द्धन कार्यक्रम सञ्चालन गर्न पकेट विकास कार्यक्रम सञ्चालन गर्नु, बाली बीमा कार्यक्रम सञ्चालन हुनु, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, कृषि बीमा कार्यक्रमको सुरुवात हुनु, प्राङ्गारिक खेती तर्फ किसानको आकर्षण बढ्नु आदि अवसरको रुपमा रहेको छ ।

४.१.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

(क) लक्ष्य

कृषिको यान्त्रिकीकरण र व्यवसायीकरण गरी उच्च उत्पादन र उत्पादकत्व हासिल गर्नु ।

(ख) उद्देश्य

१. कृषिलाई व्यवसायीकरण गरी रोजगारीको अवसर सिर्जना गर्नु,
२. कृषिलाई नाफामूलक, भरपर्दो र मर्यादित व्यवसायको रुपमा स्थापित गर्नु,
३. कृषि उत्पादनको बजार सुनिश्चित गर्नु ।

(ग) रणनीति र कार्यनीति

तालिका १० : रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १ : कृषिलाई व्यवसायीकरण गरी रोजगारीको अवसर सिर्जना गर्नु,	
१.१ कृषि उत्पादन वृद्धिको लागि आवश्यक उत्पादनका साधनहरु पूर्वाधार, प्रविधि तथा प्राविधिक सेवा उपलब्ध गराउने ।	१.१.१ गुणस्तरीय उत्पादन सामग्री (बीउ, बीजन, बेर्ना) उपलब्ध गराइनेछ । १.१.२ प्राविधिक सेवा विस्तारको लागि प्रदेश सरकारसँग समन्वय गरिनेछ । १.१.३ गुणस्तरीय तथा प्राङ्गारिक कृषि उत्पादनमा जोड दिदै दिगो र आकर्षक कृषि व्यवसाय प्रवर्द्धन गरिनेछ । १.१.४ बाँझो जग्गा सदुपयोग सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ । १.१.५ कृषि शाखाको क्षमता विकास गरिनेछ । १.१.६ व्यवसाय प्रवर्द्धन ऐन, २०७५, कृषि ऐन, २०७५ र कृषि तथा पशुपंक्षी विकास रणनीतिक योजना, २०७६ को प्रभावकारी कार्यान्वयन गरिनेछ ।
उद्देश्य २ : कृषिलाई नाफामूलक, भरपर्दो र मर्यादित व्यवसायको रुपमा स्थापित गर्नु,	
२.१ कृषि तथा फलफुल पकेट क्षेत्रको प्रवर्द्धनमा जोड दिने ।	२.१.१ कृषि पकेट क्षेत्रमा व्यवसायिक खेती प्रणालीको प्रवर्द्धन गरिनेछ । २.१.२ निजी तथा सहकारी क्षेत्रको संलग्नतामा सहकारी खेती प्रणालीलाई प्रवर्द्धन गर्ने नीति कार्यान्वयन गरिनेछ । २.१.३ सहुलियतपूर्ण कृषि ऋण र कृषि बीमाको कार्यान्वयनलाई प्राथमिकता दिइनेछ । २.१.४ समुह सहकारीमा आधारित व्यवसायिक कृषि कार्यक्रम लागू गरिनेछ । २.१.५ सिकाई केन्द्र विस्तारमा जोड दिइने छ । २.१.६ ओखर, लसुन, च्याउ, सुन्तला, अनार खेतीको प्रवर्द्धन गरिनेछ । २.१.७ कृषकहरुलाई सम्मान कार्यक्रम संचालन गरिनेछ । २.१.८ जलवायु परिवर्तन अनुकुलन कार्यक्रम संचालन गरिनेछ ।
२.२ कृषिको यान्त्रिकीकरण, र व्यवसायीकरण गर्ने ।	२.२.१ कृषिको लागि आवश्यक उपकरणहरू जस्तै टयाक्टर, पावर टिलर, थ्रेसर मेशिन, ढुवानी साधन, बाली बीमा आदिमा अनुदान उपलब्ध गराईनेछ ।
२.३ रैथाने बालीवस्तुको उत्पादन, संरक्षण तथा प्रवर्द्धन गर्ने ।	२.३.१ रैथाने बाली बस्तुको पहिचान र विकास गरिनेछ । २.३.२ सामुदायिक कृषि प्रसार सेवा केन्द्रको संचालन गरिनेछ । २.३.३ रैथाने प्रजातीको प्राङ्गारिक उत्पादनलाई प्रोत्साहन गरिनेछ ।
उद्देश्य ३ : कृषि उत्पादनको बजार सुनिश्चित गर्नु ।	
३.१ स्थानीय बजारको विकास गर्ने ।	३.१.१ कृषकसँग सम्झौता गरी कृषि उत्पादनको बजारीकरणमा जोड दिईनेछ । ३.१.२ कोल्ड स्टोर स्थापना गरी बेमौसमी तरकारी खेतीको प्रवर्द्धनमा जोड दिईनेछ । ३.१.३ कृषि विकास कार्यक्रम अन्तर्गत हाटबजार विस्तारमा जोड दिईनेछ ।

(घ) कार्यक्रम तथा आयोजना

तालिका ११ : कार्यक्रम तथा आयोजना (कृषि तथा खाद्य सुरक्षा)

(रू. हजारमा)

क्र.स.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	इकाई	अनुमानित स्रोत र वार्षिक लक्ष्य												जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४		जम्मा			
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
१			१.१.१	गुणस्तरीय वीउ बिजन उत्पादन तथा वितरण कार्यक्रम (धान, गहुँ, मूला, तोरी, मकै प्याज, सिमी)	प्रतिबाली	२	२०००	२	२०००	१	१०००	१	१०००	१	१०००	७	७०००	नपा कृषि शाखा	पकेट क्षेत्र
२				एक वडा एक नमूना कृषि फार्म	वडा	३	१५००	३	१५००	३	१५००	३	१५००	१	५००	१३	६५००	नपा कृषि शाखा	सबै वडा
३				स्मार्ट कृषि गाउँ	वटा	१	३०००	०	०	०	०	१	३०००	०	०	२	६०००	नपा कृषि शाखा	दल्ली
४				प्राङ्गारिक मल उत्पादन कार्यक्रम (गड्यौंला, कम्पोष्ट मल) प्रति वडा ५ स्थानमा	वटा	१३	७८०००	१३	७८०००	१३	७८०००	१३	७८०००	१३	७८०००	६५	३९००००	नपा कृषि शाखा	सबै वडा
५				बाली उपचार शिविर	वडा	३	३००	३	३००	३	३००	२	३००	२	३००	१३	१५००	नपा कृषि शाखा	दल्ली
६	१	१.१		माटो परिक्षणका लागि ल्याव स्थापना	पटक	०	०	१	३०००	०	०	०	०	०	०	१	३०००	नपा कृषि शाखा	दल्ली
७			१.१.२	पूर्वाधारमा आधारित कार्यक्रम (साना सिंचाई, ल्याप्टिक पोखरी, सिंचाई टंकी आदि)	संख्या	३	३००	३	३००	३	३००	३	४००	१	१५०	१३	१४५०	नपा कृषि शाखा	सबै वडा
८				मध्यम प्रविधियुक्त फलफूल नर्सरी कार्यक्रम (सुन्तला, वर्षे हिउँदे जात)	वार्षिक	१	१००	१	१००	१	१००	१	१००	१	१००	५	५००	नपा कृषि शाखा	पकेट क्षेत्र
९			१.१.३	प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम	वार्षिक	१	५००	१	५००	१	५००	१	५००	१	५००	५	२५००	नपा कृषि शाखा	सबै वडा
१०			१.१.४	बाझो जग्गामा खेती गर्ने किसानलाई प्रोत्साहन कार्यक्रम	वटा	३	५००	३	६००	३	७००	३	८००	३	९००	१५	३५००	नपा कृषि शाखा	सबै वडा
११			१.१.५	शाखाको क्षमता विकास कार्यक्रम (कृषि गणना, तथ्याङ्क अद्यावधिक,	वार्षिक	१	३००	१	३००	१	३००	१	३००	१	३००	५	१५००	नपा कृषि शाखा	सबै वडा

क्र.स.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	इकाई	अनुमानित स्रोत र वार्षिक लक्ष्य												जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४		जम्मा			
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
				सूचीकरण, वेवसाईट निर्माण, एसएमएस सेवा स्थापना															
१२			१.१.६	कृषि तथा पशुपंक्षी सम्बन्धी कानुन तथा नीतिको कार्यान्वयन	वार्षिक	१	२००	१	२००	१	२००	१	२००	१	२००	५	१०००	नपा कृषि शाखा	सबै वडा
१३			२.१.१	उत्पादनमा आधारित मिसन कार्यक्रम (मौरी, सुन्तला, लसुन, किवि, स्याउ, आँप, ओखर)	वाली	४	२०००	०	०	०	०	०	०	०	०	४	२०००	नपा कृषि शाखा	पकेट क्षेत्र
१४				कृषि पकेट क्षेत्र प्रवर्धन कार्यक्रम	वटा	३	५००	३	६००	३	७००	३	८००	३	९००	१५	३५००	नपा कृषि शाखा	पकेट क्षेत्र
१५			२.१.२	सार्वजनिक निजी साँझेदारीमा विभिन्न बालीको प्रसोधन उद्योग स्थापना (कफी, अदुवा, वेसार, किवि, सुन्तला, मह, कागती, अमला, च्यूरी)	वडा	१३	१००	१३	१००	१३	१००	१३	१००	१३	१००	६५	५००	नपा कृषि शाखा	पकेट क्षेत्र
१६	२	२.१		सहकारी क्षमता विकास कार्यक्रम	वार्षिक	२	६००	२	६००	२	६००	२	६००	२	६००	१०	३०००	नपा कृषि शाखा	दल्ली
१७			२.१.३	विपन्न कृषक प्रोत्साहन कार्यक्रम (प्रति वडा ५ जना)	जना	१३	३९००	१३	३९००	१३	३९००	१३	३९००	१३	३९००	६५	१९५००	नपा कृषि शाखा	सबै वडा
१८				कृषि उपजको ढुवानीमा अनुदान	वार्षिक	१	१०००	१	१०००	१	१०००	१	१०००	१	१०००	५	५०००	नपा कृषि शाखा	सबै वडा
१९				करेसावारी स्थापना (प्रति वडा ५० घर)	घरधुरी	१५०	१५००	१५०	१५००	१५०	१५००	१००	१०००	१००	१०००	६५०	६५००	नपा कृषि शाखा	सबै वडा
२०				कृषि ऋणको ब्याज र बीमा प्रिमियममा अनुदान	संख्या	१०	२००	१५	३००	१५	३००	२०	४००	२०	४००	८०	१६००	नपा कृषि शाखा	सबै वडा
२१			२.१.४	समुह सहकारीमा आधारित व्यवसायिक कृषि कार्यक्रम	वटा	३	१५००	३	१५००	३	१५००	३	१५००	१	५००	१३	६५००	नपा कृषि शाखा	सबै वडा
२२			२.१.५	सिकाई केन्द्र विस्तार (लागत साझेदारीमा)	वटा	०	०	१	३०००	०	०	०	०	०	०	१	३०००	नपा कृषि शाखा	सबै वडा

क्र.स.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	इकाई	अनुमानित स्रोत र वार्षिक लक्ष्य												जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४		जम्मा			
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
२३				कृषक सूचना पाटी (डिजिटल बोर्ड)	वटा	१	२००	०	०	०	०	०	०	०	०	१	२००	नपा कृषि शाखा	नपा
२४				कृषक कल सेन्टर स्थापना	वटा	१	५००	०	०	०	०	०	०	०	०	१	५००	नपा कृषि शाखा	नपा
२५			२.१.६	रैथाने बाली (जस्तै : ओखर, लसुन, च्याउ, सुन्तला, अनार) आदिको प्रवर्द्धन	वार्षिक	१	५००	१	५००	१	५००	१	५००	१	५००	५	२५००	नपा कृषि शाखा	पकेट क्षेत्र
२६			२.१.७	नगरप्रमुख उत्कृष्ट कृषक पुरस्कार	वार्षिक जना	५	५००	५	५००	५	५००	५	५००	५	५००	२५	२५००	नपा कृषि शाखा	सबै वडा
२७			२.१.८	जलवायु परिवर्तन अनुकुलन सम्बन्धी कार्यक्रम	वार्षिक पटक	१	१००	१	१००	१	१००	१	१००	१	१००	५	५००	नपा कृषि शाखा	नपा
२८		२.२	२.२.१	कृषि यान्त्रिकीकरण कार्यक्रम (ढुवानी साधन, थ्रेसर मेशिन, पावर टिलर, धानमिल, कम्बाईन मिल, बाली बीमा अनुदान कार्यक्रम	प्याकेज	१	२०००	१	२०००	१	२०००	१	२०००	१	२०००	५	१००००	नपा कृषि शाखा	सबै वडा
२९		२.३	२.३.१	रैथाने बाली वस्तुको पहिचान विकास कार्यक्रम	वार्षिक	१	१५०	१	१५०	१	१५०	१	१५०	१	१५०	५	७५०	नपा कृषि शाखा	सबै वडा
३०			२.३.२	कृषि प्रसार सेवा कार्यक्रम (तालिम, भ्रमण, प्रविधि प्रवर्द्धन)	वडा	१३	५००	१३	५००	१३	५००	१३	५००	१३	५००	६५	२५००	नपा कृषि शाखा	सबै वडा
३१			२.३.३	रैथाने प्रजातीको प्राङ्गारीक उत्पादन कार्यक्रम	वार्षिक	१	१५०	१	१५०	१	१५०	१	१५०	१	१५०	५	७५०	नपा कृषि शाखा	सबै वडा
३२	३	३.१	३.१.१	कृषि उत्पादन संकलन केन्द्र स्थापना	वटा	७	१०००	१	१०००	१	१०००	०	०	०	०	९	३०००	नपा कृषि शाखा	(वडा नं. १, २, ३, ४/५, ७/८, ९/१०, ११/१२/१३)
३३				कृषक र होटल व्यवसायी बीच सम्झौता कार्यक्रम	वटा	१	५०	१	५०	१	५०	१	५०	३	१५०	७	३५०	नपा कृषि शाखा	सबै वडा

क्र.स.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	इकाई	अनुमानित स्रोत र वार्षिक लक्ष्य												जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४		जम्मा			
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
३४			३.१.२	कोल्ड स्टोर निर्माण	वटा	०	०	१	२००००	०	०	०	०	०	०	१	२००००	नपा कृषि शाखा	दल्ली
३५			३.१.३	कृषि विकास कार्यक्रम (हाटबजार विस्तार)	वटा	०	०	१	३००	०	०	०	०	०	०	१	३००	नपा कृषि शाखा	कालीमाटी
				जम्मा			**१०३६५०**		**१२४५५०**		**९७४५०**		**९९३५०**		**९४४००**		**५१९४००**		

४.१.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी

(क) नतिजा खाका

तालिका १२ : नतिजा खाका (कृषि तथा खाद्य सुरक्षा)

नतिजा तह	सूचक		आधार वर्ष २०७७/७८	योजना अवधीको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	एकाई		आ.व. २०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३			
प्रभाव स्थानीय उत्पादन, रोजगारी र आयमा दिगो वृद्धि भएको हुने	आफ्नो उत्पादनबाट वर्षभरी खानपुग्ने परिवार	प्रतिशत	७०	७५	८०	८२	८५	९०	९०	- नगर स्थितिपत्र (प्रोफाईल) - नपावाप्र - आर्थिक सर्भेक्षण - संघ सरकार र प्रदेश सरकारबाट क्षेत्रगत प्रतिवेदनहरू	-
	कृषि क्षेत्रमा स्व/रोजगार परिवार	प्रतिशत	२०	२२	२४	२६	२८	३०	३०		
	बहुआयमिक गरिबीमा रहेको जनसंख्या	प्रतिशत	५०	४८	४५	४०	३५	३०	३०		
	साना किसान तथा उत्पादकको औसत वार्षिक प्रति व्यक्ति आय	रु. हजारमा	५०	६०	७०	८०	९०	१००	१००		
	प्रति व्यक्ति खाद्यन्न उत्पादन	के.जी.	१५०	१६०	२००	२५०	३००	३५०	३५०		
	बाली बीमा गर्ने कृषक	संख्या	०	१०	१०	१०	१०	१०	५०		
असर व्यवसायिक कृषि, पशुपालन तथा उद्यम व्यवसाय क्षेत्रको उत्पादन र उत्पादकत्वमा दीगो वृद्धि भएको हुने	जमीनको उत्पादकत्व प्रति हेक्टर (वार्षिक औषत कुल कृषि उत्पादन)	रु. हजारमा	६००	६५०	६७५	७००	७२५	७५०	७५०	- नगर स्थितिपत्र (प्रोफाईल) - अध्ययन/सर्भेक्षण प्रतिवेदन - प्रगति/अनुगमन प्रतिवेदन	- कृषिमा सेवा प्रवाह र प्रविधि प्रसारमा वैकल्पिक प्रणालीको प्रयोग हुनेछ।
	उन्नत विउ, जैविक मल, विषादी र आधुनिक कृषि प्रविधि प्रयोग गर्ने घरपरिवार	प्रतिशत	३०	३५	४०	४५	५०	६०	६०		
प्रतिफल	कृषि सेवा सञ्चालन भएका पकेट क्षेत्र	संख्या	१०	१३	१३	१३	१३	१३	१३		

नतिजा तह	सूचक		आधार वर्ष २०७७/७८	योजना अवधीको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	एकाई		आ.व. २०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३			
१.१: वडास्तरमा कृषि सेवा केन्द्रको विकास भएको हुनेछ	पकेट क्षेत्र विकास कार्यक्रममा संलग्न कृषक, कृषक समूह वा सहकारी र निजी क्षेत्र	संख्या		१५	१५	१५	१५	१५	१५	- नगर स्थितिपत्र (प्रोफाईल) - अध्ययन/सर्भेक्षण प्रतिवेदन - प्रगति/अनुगमन प्रतिवेदन	- कृषि तथा पशुपालनमा स्थानीय समुदायको आकर्षणमा वृद्धि भएको हुनेछ। - बीमा कार्यक्रमहरू विस्तार भएका हुनेछन्।
	संचालित कृषि संकलन केन्द्र	संख्या	०	१	१	१	१	१	५		
	भुइघाँसको व्यवसायिक उत्पादन क्षेत्र	हे.		१०	१०	१०	१०	१०	१०		
	सक्रिय व्यवसायिक कृषक समूह	संख्या		५०	५०	५०	५०	५०	५०		
	व्यवसायिक उत्पादनमा संलग्न कृषक (प्रतिवडा ५ को दरले)	संख्या		६५	६५	६५	६५	६५	६५		
१.२ कृषि व्यवसाय विशिष्टीकरण भई उत्पादन र उत्पादकत्व वृद्धि भएको हुनेछ।	संचालित एक वडा एक नमूना कार्यक्रम			३	३	३	३	१	१३	नगर स्थितिपत्र (प्रोफाईल) अध्ययन/सर्भेक्षण प्रतिवेदन प्रगति/अनुगमन प्रतिवेदन	- कृषि तथा पशुपालनमा स्थानीय समुदायको आकर्षणमा वृद्धि भएको हुनेछ।
	व्यावसायिक कृषि नर्सरी	संख्या	८	१	१	१	१	१	५		
	कोल्ड स्टोर	संख्या	०	१	१	१	१	१	५		
	सक्रिय कृषि सहकारी संख्या (३२ मध्ये)	संख्या		१०	१२	१५	२०	२५	२५		

ख) अपेक्षित उपलब्धी

प्रमुख अन्नवालीहरुको उत्पादनमा कम्तीमा १० प्रतिशत, फलफूल तथा तरकारीको उत्पादनमा २५ प्रतिशतले वृद्धि भएको हुनेछ। प्राङ्गारिक कृषि उत्पादनको व्यवसायीकरण भएको हुनेछ। फलफुल तथा तरकारीको उत्पादनमा आत्मनिर्भर भएको हुने र निर्यातमा वृद्धि भएको हुनेछ। कृषि मर्यादित पेशा बन्नेछ।

४.२ पशुपंक्षी, मत्स्य तथा मौरी पालन

४.२.१ पृष्ठभूमि

पशुपंक्षी, मत्स्य तथा मौरीपालन नगरपालिकाको महत्वपूर्ण अंग मानिन्छ । पशुपंक्षी विकासका लागि नगरपालिकाले पशुपंक्षी व्यवसाय प्रवर्द्धन ऐन, २०७७ पारित गरी लागू गरेको छ । यसैगरी पशुपंक्षी सम्बन्धी रणनीतिक योजना तयार गरी कार्यान्वयनमा ल्याएको छ । पशुपंक्षी क्षेत्रको विकासका लागि नगरपालिकाले उन्नत जातका राँगो, उन्नत जातका बोका, उन्नत कुखुरा, बाखा, डाले घाँस वेर्ना, भुइँ घाँसको वीउ वितरण जस्ता कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यसैगरी पशु शिविर सञ्चालन, रेविज नियन्त्रण शिविर, पिपिआर खोप सञ्चालन, एच.एस.वि.क्यु खोप सञ्चालन, मेडिकल उपचार सेवा, पशु बन्ध्याकरण सेवा, नमूना बस्तीमा कुखुरा वितरण, बंगुर पाठापाठी वितरण, कृषक समुह दर्ता, व्यवसायिक फर्म दर्ता, मासु पसल सुधार, नगरस्तरीय पशुपंक्षी तथ्याङ्क संकलन जस्ता कार्यहरू हुँदै आएको छ। यस्ता कार्यक्रमहरूले नगरवासी कृषकहरूलाई पशुपंक्षी, मत्स्य तथा मौरी पालनका लागि थप आकर्षण प्रदान गरेको छ । विगत देखिनै यस पालिकामा दुग्ध पदार्थ र मासु उत्पादन तथा खपत वृद्धि भएको छ । दुध, दही, माछा मासु, अण्डा, मह आदिको उत्पादनमा यस पालिकालाई आत्मनिर्भर बनाई निर्यात तर्फ आकर्षण गर्नुपर्ने छ । गाई भैँसी पालनमा जोड दिने र मह उत्पादनलाई थप व्यवसायीकरण गर्न आवश्यक छ। यसरी व्यवसायिक पशुपंक्षी, मौरी तथा मत्स्यपालनको विस्तार गरी थप रोजगारी सिर्जना, र कृषकहरुको आय बृद्धि गर्दै नगरपालिकालाई समृद्ध बनाउनु परेको छ ।

४.२.२ समस्या तथा चुनौती

(क) समस्या

पशुपालन क्षेत्रमा अझै पनि किसानहरूको आकर्षण बढ्न नसक्नु, कृषकहरूका व्यवसायिक इच्छा शक्ति कम हुनु, व्यवसायिक उत्पादनको लागि आवश्यक पर्ने उन्नत नश्लका पशुपंक्षी, पशु स्वास्थ्य प्राविधिक र गुणस्तरीय आहारको अभाव हुनु, बाखा तथा भैंसीलाई थुनेलो, ज्वरो, नाम्ले, जुका, पखला, अरुची जस्ता रोगका कारण अपेक्षित लाभ हासिल गर्न नसक्नु, सबै किसानहरूलाई घरदैलोमा पशुसेवा उपलब्ध गराउन नसक्नु, कृषकको बजारसँग प्रत्यक्ष पहुँच नहुँदा विचौलियाको हस्तक्षेप हुनु, नीतिगत रुपमा नगरपालिकाले प्राथमिकतामा राखेता पनि आवश्यक बजेट विनियोजन नहुनु, मत्यस्य पालनमा कम ध्यान पुग्नु, मौरीपालन कृषकहरुले आवश्यक प्राविधिक सहयोग नपाउनु जस्ता समस्याहरू रहेका छन् ।

(ख) चुनौती

पशुपंक्षी क्षेत्रको विकासमा कृषकलाई पशुपालन व्यवसाय तर्फ आकर्षण गर्नु, किसानहरूको पेशाप्रति निरन्तरता दिन प्रभावकारी रुपमा आवश्यक प्रोत्साहन र सहयोगका कार्यक्रमहरू सञ्चालन गर्नु, कृषकलाई घरदैलो सेवा उपलब्ध गराउनु, वडागत सेवा केन्द्र तथा उपशाखाहरू स्थापना गर्नु, आवश्यक स्रोतहरुको स्थापना तथा विकास गर्नु, प्राङ्गारिक उत्पादनको लागि आवश्यक प्रविधि र स्रोत साधनको व्यवस्था गर्नु जस्ता चुनौतीहरू विद्यमान छन् ।

४.२.३ सम्भावना तथा अवसर

(क) सम्भावना

यस नगरपालिकाको वडा नं. २ र ४ लाई भैसीपालन पकेट क्षेत्र र वडा नं. ९, १०, ११, १२ र १३ लाई बाखापालन क्षेत्र घोषणा गरी सोही अनुसार कार्यक्रमहरू सञ्चालन हुँदै आएको छ । यस नगरपालिका भित्र कालिमाटी (वडा नं. ५), दल्ली (वडा नं. ७), कैना (वडा नं. ३), वगरा (वडा नं. ८) र तल्लुवगर (वडा नं. १२) मुख्य बजार केन्द्रहरू रहेका छन् । ती बजार केन्द्रहरूमा कृषकहरूले उत्पादन गरेका

बस्तुहरूको बिक्री वितरण गर्न सक्ने प्रबल सम्भावनाहरू रहेको छ । पशुसेवा उपलब्ध गराउने गरी नगरपालिका अन्तर्गत पशु सेवा शाखा (१) र वडा नं. ११ मा पशुसेवा उपशाखा (१) रहेको छ ।

(ख) अवसर

नगरपालिकाले पशुपंक्षी मत्स्य तथा मौरी पालनको सुनिश्चित गर्न नीतिगत व्यवस्था गर्नु, दुग्ध उत्पादन र मासु उत्पादनले सहजै बजार प्राप्त गर्न सक्नु, पर्याप्त वनजंगलहरू उपलब्ध हुँदा घाँसको उपलब्धता हुनु, नगरपालिकाले यस क्षेत्रको विकासका लागि विभिन्न किसिमका शिविरहरू तथा चल्ला, पाठापाठी, उन्नत जातका राँगो, उन्नत जातका बोका, उन्नत जातको कुखुरा, बाखा, डाले घाँस बेर्ना, भुइँ घाँसको बीउ वितरण जस्ता कार्यक्रमहरू सञ्चालन गर्नु, पशुपंक्षी, मत्स्य तथा मौरी बीमा कार्यक्रम सञ्चालन हुनु यस क्षेत्रको विकासका लागि महत्वपूर्ण अवसरका रुपमा लिन सकिन्छ ।

४.२.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

(क) लक्ष्य

पशुपंक्षी, मत्स्य तथा मौरी पालनलाई नाफामुलक व्यवसायको रुपमा विकास गर्ने ।

(ख) उद्देश्य

१. पशुपंक्षी, मत्स्य तथा मौरी पालनको पकेट क्षेत्र घोषणा गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।
२. कृषकहरूलाई पशुपंक्षी, मत्स्य तथा मौरी पालन क्षेत्रमा संलग्न हुन प्रोत्साहन गर्नु ।
३. पशुपंक्षी, मत्स्य तथा मौरी पालन व्यवसायलाई प्रविधियुक्त, व्यवसायिक र प्रतिस्पर्धी बनाउनु ।

(ग) रणनीति र कार्यनीति

तालिका १३ : रणनीति र कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १ : पशुपंक्षी, मत्स्य तथा मौरीपालनको पकेट क्षेत्र घोषणा गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।	
१.१ नगरका १३ वटै वडालाई पकेट क्षेत्र घोषणा गर्ने	१.१.१ पशुपंक्षी व्यवसाय प्रवर्द्धन ऐन, २०७७ पूर्णरुपमा कार्यान्वयन गरिनेछ । १.१.२ पकेट क्षेत्र घोषणा गर्न बाँकी वडाको सम्भाव्यता अध्ययन गरी सबै वडालाई पकेट क्षेत्र घोषणा गरिनेछ । १.१.३ पकेट क्षेत्रको विकासका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रमसँग समन्वय गरी व्यवसायिक कृषकलाई अनुदानको व्यवस्था गरिनेछ । १.१.४ सेवा केन्द्रहरूको क्षमता विकास गरी छिटो र भरपर्दो प्राविधिक सेवा उपलब्ध गराइनेछ । १.१.५ पशुसेवा टेवा कार्यक्रम सञ्चालन गरिनेछ । १.१.६ पशु तथ्याङ्क संकलन गरी प्रोफाईल तयार गरिनेछ । १.१.७ भैंसी सुत्केरी कार्यक्रम सञ्चालन गरिनेछ ।
उद्देश्य २ : कृषकहरूलाई पशुपंक्षी, मत्स्य मौरी विकासका क्षेत्रमा संलग्न हुन प्रोत्साहन गर्नु ।	
२.१ कृषकहरूलाई पशुपंक्षी र मत्स्य विकास क्षेत्रमा संलग्न हुन प्रोत्साहन गर्ने	२.१.१ पशुपालक कृषकमैत्री नीति, नियम, तथा कार्यविधिहरू तयार गरिनेछ । २.१.२ एक वडा एक नमूना पशुपंक्षी फारम नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ । २.१.३ बाखा पकेट क्षेत्र विस्तार गरिनेछ । २.१.४ पशुपालनमा संलग्न महिला तथा युवा कृषकहरूलाई क्षमता विकास सम्बन्धी तालिम र अध्ययन भ्रमण गराईनेछ ।

रणनीति	कार्यनीति
	२.१.५ पशु प्रयोगशालाको विकास र विस्तारमा जोड दिईनेछ । २.१.६ खोर सुधार कार्यक्रमलाई बढी व्यहारिक बनाई किसानमैत्री नीति कार्यान्वयन गरिनेछ । २.१.७ निजी क्षेत्रलाई पशुदाना उत्पादन गर्ने कारखाना खोल्न प्रोत्साहन गरिनेछ । २.१.८ पाडापाडी तथा बाच्छाबाच्छी हुर्काउने कार्यक्रम सञ्चालन गरिनेछ ।
उद्देश्य ३ : पशुपंक्षी तथा मत्स्यपालन व्यवसायलाई प्रविधियुक्त, व्यवसायिक र प्रतिस्पर्धी बनाउनु ।	
३.१ पशुपंक्षी, मत्स्य तथा मौरी पालनको उत्पादन र उत्पादकत्व वृद्धि गर्न यान्त्रिकीकरणमा जोड दिने ।	३.१.१ स्थानीय नश्लका पशुपंक्षीहरूको अनुसन्धानमा आधारित नश्ल सुधार कार्यक्रम कार्यान्वयन गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गरिनेछ । ३.१.२ अगुवा कृषक अभिमुखीकरण तथा अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ । ३.१.३ दुग्ध चिस्यान केन्द्र सञ्चालन गरिनेछ । ३.१.४ दुग्ध संकलन केन्द्र स्थापना गरिनेछ । ३.१.५ वधशाला निर्माण गरिनेछ । ३.१.६ पशुपंक्षी, मत्स्य तथा मौरी पालन बीमा कार्यक्रममा जोड दिईनेछ । ३.१.७ व्यवसायी, कृषक समूह, र सहकारीहरुलाई प्रोत्साहन र पुरस्कारको व्यवस्था गरिनेछ । ३.१.८ पशुपंक्षी, मत्स्य तथा मौरी पालन व्यवसायमा आधारित उद्योग स्थापना, संचालन र सुदृढीकरणको लागि प्रदेश सरकारसँग सहकार्य गरिनेछ । ३.१.९ पशुपंक्षी, मत्स्य तथा मौरीका स्रोत व्यक्ति एवं विशेषज्ञ जनशक्ति तयार गरिनेछ ।

(घ) कार्यक्रम तथा आयोजना

तालिका १४ : कार्यक्रम तथा आयोजना (पशुपंक्षी तथा मत्स्य विकास)

(रू. हजारमा)

क्र.स.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	इकाई	अनुमानित स्रोत र वार्षिक लक्ष्य												जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४		जम्मा			
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
१	१	१.१	१.१.१	पशुपंक्षी प्रवर्धन ऐन, २०७७ को कार्यान्वयन गर्ने	वडा	१३	१५०	१३	२००	१३	२५०	०	०	०	०	१३	६००	नपा	सबै वडा
२				नगर पशु बीमा कार्यक्रम	वार्षिक	१	३००	१	३००	१	३००	१	३००	१	३००	५	१५००	नपा	सबै वडा
३			१.१.२	पशुपंक्षी पकेट क्षेत्र घोषणा गर्न आवश्यक अध्ययन गर्ने	वडा	२	२००	३	३००	५	५००	३	३००	०	०	१३	१३००	पशु शाखा	पकेट क्षेत्र
४			१.१.३	अगुवा कृषक अनुदान तथा अभिमुखीकरण	वटा	१	३०००	१	४०००	१	४०००	१	३०००	१	४०००	५	१८०००	पशु शाखा	पकेट क्षेत्र
५				५० प्रतिशत अनुदानमा कुखुरा वितरण	वार्षिक	१	१०००	१	१०००	१	१०००	१	१०००	१	१०००	५	५०००	पशु शाखा	पकेट क्षेत्र
६			१.१.४	प्राविधिक कर्मचारीको क्षमता विकास	प्रतिशत	१००	३००	१००	३००	१००	३००	१००	३००	१००	३००	५००	१५००	पशु शाखा	नपा
७				औषधी खरिद	वार्षिक	१	१०००	१	१०००	१	१०००	१	१०००	१	१०००	५	५०००	लेखा शाखा	नपा
८				मेशिनरी सामान खरिद	वार्षिक	१	४००	१	४००	१	४००	१	४००	१	४००	५	२०००	लेखा शाखा	नपा
९			१.१.५	पशुटेवा कार्यक्रम	वार्षिक	१	४००	१	४००	१	४००	१	४००	१	४००	५	२०००	पशु शाखा	सबै वडा
१०				पशु शिविर सञ्चालन	वार्षिक	१	२००	१	२००	१	२००	१	२००	१	२००	५	१०००	पशु शाखा	सबै वडा
११			१.१.६	पशु तथ्याङ्क संकलन र अद्यावधीकरण	पटक	०	०	१	३०००	०	०	१	५००	०	०	२	३५००	पशु शाखा	सबै वडा
१२				समुह, फार्म अद्यावधीकरण	वार्षिक	१	२०	१	२०	१	२०	१	२०	१	२०	५	१००	पशु शाखा	सबै वडा
१३			१.१.७	सुत्केरी भैसी प्रोत्साहन कार्यक्रम	निरन्तर	१	२००	१	२००	१	२००	१	२००	१	२००	५	१०००	पशु शाखा	सबै वडा
१४	२	२.१	२.१.१	पशुपालन कृषकमैत्री नीति, नियम तथा कार्यविधि तर्जुमा	वार्षिक	१	२००	१	२००	१	२००	१	२००	१	२००	५	१०००	पशु शाखा	नपा
१५			२.१.२	एक वडा एक नमूना पशुपंक्षी फार्म निर्माण	वडा	४	६००	३	५००	५	१५००	१	४००	०	०	१३	३०००	पशु शाखा	सबै वडा
१६			२.१.३	थप ५ वटा वडालाई. बाखा पकेट क्षेत्र घोषणा गरी कार्यक्रम सञ्चालन	वडा	२	६००	३	१२००	२	८००	३	१५००	५	२०००	१५	६१००	नपा	१ देखि ५ वडा
१७				नगरप्रमुख उत्कृष्ट कृषक पुरस्कार	वार्षिक जना	५	५००	५	५००	५	५००	५	५००	५	५००	२५	२५००	नपा	सबै वडा

क्र.स.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	इकाई	अनुमानित स्रोत र वार्षिक लक्ष्य												जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४		जम्मा			
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
१८			२.१.४	पशुपालनमा सम्लग्न महिला तथा युवा कृषकलाई अभिमुखीकरण कार्यक्रम	जना	१५	१५०	१५	१५०	१५	१५०	१५	१५०	१५	१५०	**७५**	**७५०**	पशु शाखा	सबै वडा
१९			२.१.५	पशु प्रयोगशाला विस्तार	वटा	१	५००	०	०	०	०	०	०	०	०	**१**	**५००**	नपा	नपा
२०				भेडा बाखा पिपिआर	वडा	१३	५००	१३	५००	१३	५००	१३	५००	१३	५००	**६५**	**२५००**	पशु शाखा	पकेट क्षेत्र
२१				परजीवि नियन्त्रण सम्बन्धी उपचार तथा घुम्ति शिविर	वडा	१३	५००	१३	५००	१३	५००	१३	५००	१३	५००	**६५**	**२५००**	पशु शाखा	सबै वडा
२२				पशुपालन सम्बन्धी विभिन्न प्रकाशन (बुलेटिन, पम्पलेट)	बार्षिक	१	१००	१	१००	१	१५०	१	२००	१	३००	**५**	**८५०**	पशु शाखा	नपा
२३				जुनोटिक रोग सम्बन्धी जनचेतना कार्यक्रम	बार्षिक	१	१००	१	१५०	१	२००	१	२५०	१	२५०	**५**	**९५०**	पशु शाखा	सबै वडा
२४				इपिडेमोलोजिक रिपोर्टिगं कार्यक्रम	बार्षिक	१	१००	१	१५०	१	२००	१	२००	१	२५०	**५**	**९००**	पशु शाखा	सबै वडा
२५			२.१.६	खोर सुधार कार्यक्रम	बार्षिक	१	५००	१	५००	१	५००	१	५००	१	५००	**५**	**२५००**	पशु शाखा	पकेट क्षेत्र
२६			२.१.७	निजी क्षेत्रलाई पशुदाना उत्पादन गर्न प्रोत्साहन कार्यक्रम	बार्षिक	१	५००	१	५००	१	५००	१	५००	१	५००	**५**	**२५००**	पशु शाखा	कालीमाटी, कैना, बगरा, दल्ली
२७			२.१.८	पाडापाडी सहयोग कार्यक्रम	बार्षिक	१	२००	१	२००	१	२००	१	३००	१	४००	**५**	**१३००**	पशु शाखा	पकेट क्षेत्र
२८				पशु आहार विकास कार्यक्रम	वडा	१३	३००	१३	३००	१३	३००	१३	३००	१३	३००	**६५**	**१५००**	पशु शाखा	पकेट क्षेत्र
२९	३	३.१	३.१.१	स्थानीय जातका पशुपंक्षीको नश्ल सुधार कार्यक्रम	वडा	१३	४००	१३	५००	१३	६००	१३	७००	१३	७५०	**६५**	**२९५०**	पशु शाखा	पकेट क्षेत्र
३०			३.१.२	अगुवा पशुपालक कृषकलाई अभिमुखीकरण तथा अवलोकन भ्रमण	बार्षिक	१	८००	१	९००	१	१०००	१	१००	१	१२००	**५**	**४०००**	पशु शाखा	पकेट क्षेत्र
३१			३.१.३	दुग्ध चिस्यान केन्द्र स्थापनामा सहयोग	वटा	०	०	१	२०००	०	०	०	०	०	०	**१**	**२०००**	पशु शाखा	वडा नं. ५
३२			३.१.४	दुग्ध संकलन केन्द्र स्थापनामा सहयोग	वटा	२	१०००	२	१२००	१	७००	१	८००	०	०	**६**	**३७००**	नपा	वडा नं. १,२,३,४,५ र ६
३३			३.१.५	वधशाला निर्माण	वटा	०	०	१	८००	१	९००	०	०	०	०	**२**	**१७००**	नपा	कालीमाटी
३४			३.१.६	मत्स्यपालन कृषकलाई बीमा र पोखरी निर्माणमा अनुदान	वटा	१	३००	१	४००	१	४५०	१	५००	१	५००	**५**	**२१५०**	पशु शाखा	पकेट क्षेत्र
३५			३.१.७	व्यवसायिक कृषक समुह र सहकारीलाई प्रोत्साहन कार्यक्रम	वार्षिक	१	१००	१	१००	१	१००	१	१००	१	१००	**५**	**५००**	पशु शाखा	पकेट क्षेत्र

क्र.स.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	इकाई	अनुमानित स्रोत र वार्षिक लक्ष्य												जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४		जम्मा			
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
३६			३.१.८	कृषिमा आधारित उद्योग सञ्चालन प्रोत्साहन कार्यक्रम	वार्षिक	१	२००	१	२००	१	२००	१	२००	१	३००	५	११००	पशु शाखा	कालीमाटी, कैना, बगरा, दल्ली
३७			३.१.९	पशुपंक्षी, मत्स्य तथा मौरी सम्बन्धी श्रोतव्यक्ति उत्पादन	जना	५	२००	५	२००	५	२००	५	२००	५	२००	२५	१०००	पशु शाखा	सबै वडा
				जम्मा			१५५२०		२३०७०		१८९२०		१६२२०		१७२२०		९०९५०		

४.२.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी

(क) नतिजा खाका

तालिका १५ : नतिजा खाका (पशुपंक्षी, मत्स्य तथा मौरी पालन)

नतिजा तह	सूचक		आधार वर्ष २०७७/७८	योजना अवधीको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	एकाई		आ.व. २०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३			
प्रभाव पशुपंक्षी तथा मत्स्यजन्य उत्पादनमा वृद्धि भएको हुने ।	मासु उत्पादन (थप)	मेट	७०	७५	८०	८२	८५	९०	९०	- नगर स्थितिपत्र (प्रोफाईल) - सर्भेक्षण प्रतिवेदन - प्रगति/अनुगमन प्रतिवेदन	-
	दुध उत्पादन (थप)	मेट	२०	२२	२४	२६	२८	३०	३०		
	अण्डा उत्पादन (थप)	गोटा हजारमा	५	७	१०	१२	१४	१५	१५		
असर व्यवसायिक पशुपंक्षी तथा मत्स्य पालनमा वृद्धि भएको हुने ।	आधुनिक प्रविधिको प्रयोग भएको कुखुरा फार्म	वटा		२०	२५	३५	४५	५५	५५	- नगर स्थितिपत्र (प्रोफाईल) - अध्ययन/ सर्भेक्षण प्रतिवेदन - प्रगति/अनुगमन प्रतिवेदन	कृषि तथा पशुसेवा प्रवाह र प्रविधि प्रसारमा वैकल्पिक प्रणालीको प्रयोग हुनेछ ।
	व्यवसायिक भैसी पालन फार्म	वटा		२०	२५	३५	४५	५५	५५		
	व्यवसायिक गाई पालक फार्म	वटा		२०	२५	३५	४५	५५	५५		
	व्यवसायिक वाख्रा पालन फार्म	वटा		२०	२५	३५	४५	५५	५५		
	व्यवसायिक माछापालन फार्म	वटा		२०	२५	३५	४५	५५	५५		
प्रतिफल १.१: पशुपंक्षी पकेट क्षेत्रको विस्तार र विकास भएको हुनेछ ।	पशु सेवा सञ्चालन भएका पकेट क्षेत्र	संख्या		१०	१०	१०	१०	१०	१०		
	पशु पकेट क्षेत्र विकास कार्यक्रममा संलग्न कृषक, कृषक समूह वा सहकारी र निजी क्षेत्र	संख्या		१०	१०	१०	१०	१०	१०		

नतिजा तह	सूचक		आधार वर्ष २०७७/७८	योजना अवधीको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	एकाई		आ.व. २०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३			
	प्रवर्द्धित पशुपंक्षी संकलन तथा बजार केन्द्र	संख्या		१०	१०	१०	१०	१०	१०		
	बाख्रा पालन पकेट क्षेत्र	वटा	४	१०	१०	१०	१०	१०	१०		
	कुखुरा पालन पकेट क्षेत्र	वटा	०	१०	१०	१०	१०	१०	१०		
	भैंसीपालन पकेट क्षेत्र	वटा	२	१०	१०	१०	१०	१०	१०		
	गाई पालन पकेट क्षेत्र	वटा	०	१०	१०	१०	१०	१०	१०		
प्रतिफल २.२ पशुपंक्षी तथा मत्यस्य उत्पादन सम्बन्धी नीति, नियम तथा कार्यविधी तयार भएको हुनेछ।	पशुपंक्षी, मत्स्य तथा मौरी पालन सम्बन्धी ऐन	वटा		१	१	१	१	१	१	नपाबाप्र	
	पशुपंक्षी,मत्स्य तथा मौरी पालन सम्बन्धी नियमावली	वटा		१	१	१	१	१	१		
	पशुपंक्षी, मत्स्य तथा मौरी पालन सम्बन्धी कार्यविधि	वटा		१	१	१	१	१	१		
प्रतिफल २.३ पशुपंक्षी, माछा तथा मौरीको नश्लमा सुधार भएको हुने।	उन्नत जातको भैंसी	प्रतिशत		२५	३५	५०	५५	६०	६०	नपाबाप्र	
	उन्नत जातको गाई	प्रतिशत		२५	३५	५०	५५	६०	६०	नपाबाप्र	
	उन्नत जातको बाख्रा	प्रतिशत		२५	३५	५०	५५	६०	६०	नपाबाप्र	
	उन्नत जातको मौरी घार	प्रतिशत		२५	३५	५०	५५	६०	६०	नपाबाप्र	
असर पुश स्वास्थ्यमा सुधार भएको हुनेछ।	पर्याप्त पोषण पाएका पशुपंक्षीहरु	प्रतिशत		५०	६०	७०	७५	८०	८०	नपाबाप्र	
	आवश्यक मात्रामा उपचार पाएका पशुपंक्षीहरु	प्रतिशत		५०	६०	७०	७५	८०	८०	नपाबाप्र	
प्रतिफल ३.१ पशु सेवाको पहुँचमा वृद्धि भएको हुने	पशु सेवा केन्दहरु	संख्या		१३	१३	१३	१३	१३	१३	नपाबाप्र	
	पशु सेवा प्रदायक पसलहरु	संख्या		१३	१३	१३	१३	१३	१३	नपाबाप्र	
	पुश सेवा सम्बन्धी जनशक्ति	संख्या		१३	१३	१३	१३	१३	१३	नपाबाप्र	
	पशु सेवामा लगानी भएको वृद्धि	प्रतिशत		१०	१५	२०	२०	२०	२०	नपाबाप्र	

(ख) अपेक्षित उपलब्धी

पशुपंक्षी, मत्स्य तथा मौरीजन्य वस्तुहरुको उत्पादन र उत्पादकत्व वृद्धि भएको हुनेछ। माछा मासु तथा अण्डामा नगरपालिका आत्मनिर्भर भई निर्यातमा समेत वृद्धि भएको हुनेछ।

४.३ सिंचाई

४.३.१ पृष्ठभूमि

कृषि क्षेत्रको प्रवर्द्धन र विकासका लागि सिंचाईको महत्वपूर्ण भूमिका हुन्छ । तसर्थ कृषि क्षेत्रको विकासका लागि सिंचाईलाई मेरुदण्डका रुपमा लिइन्छ । तथापि यस नगरपालिकामा अझै पनि आकाशे पानीको भरमा निर्वाहमुखी कृषि प्रणालीलाई निरन्तरता दिनु पर्ने बाध्यता रहेकै छ । तसर्थ कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण र बजारीकरणलाई बढवा दिनका लागि नियमित रुपमा सिंचाईको व्यवस्थापन हुन अपरिहार्य छ । यस नगरपालिकाले कृषि क्षेत्रको विकासलाई उच्च प्राथमिकता राखेको र विगत देखिनै सिंचाईका क्षेत्रमा धेरै थोरै लगानी समेत गर्दै आएको छ । मुख्यतः काब्राखोला मुहान भई रिजा डास्वारा सिंचाई, भैंसीखोर सिमखेत हुँदै रानीखेत सिंचाई, गराग्ली खोला मुहान हुँदै गराग्ली खेत सिंचाई, अराखोला आब्राघार सिंचाई, भैदे घाटीकाल्ला बासकोट सिंचाई, छिन्यार्ती देखि हामाचौर हुँदै सिमायितरिसम्मको सिंचाई, भेरी खोला चोक ओला सिंचाई, दल्ली नहर, पाईप सिंचाई आदि केही उदाहरणहरू हुन् । त्यसैगरी पहाडी भूमिगत जलस्रोतको उपयोग तथा सबै स्थानमा बर्षातको पानी संकलन पोखरी र मूलको पानी, संकलन पोखरी जस्ता बैकल्पिक उपायहरुमार्फत सिंचाई, सेवा उपलब्ध गराई कृषि उत्पादन बृद्धि गर्नको लागि नगरपालिकाको प्रयास केन्द्रित रहनुपर्दछ ।

४.३.२ समस्या तथा चुनौती

(क) समस्या

सिंचाई सुविधा विस्तार गर्न बजेटको कमि, नगरपालिकाको संस्थागत क्षमता कमजोर हुनु, परम्परागत सिंचाई प्रणालीमा निर्भर हुनु पर्ने बाध्यता रहनु, जलस्रोत परिचालन सम्बन्धी उपभोक्ता समितिहरूमा सीप र ज्ञानको कमि हुनु, आवश्यक सिंचाई आयोजनाहरु संचालन गर्न नसक्नु, खेतीयोग्य जमिनमा मानव वस्ती विकास हुँदै जानु यस क्षेत्रका मुख्य समस्याहरू हुन् ।

(ख) चुनौती

सिंचाईको सुविधा विस्तारका लागि पर्याप्त लगानी बढाउनु, उत्थानशील/बलियो र भरपर्दो सिंचाई नहर र कुलोहरूको निर्माण गर्नु, नीजि क्षेत्रको लगानीलाई प्रोत्साहित गर्नु, सिंचाई पूर्वाधार विकासका लागि संघ, प्रदेश र स्थानीय तहको संयुक्त लगानीको प्रवन्ध गर्नु, कृषि योग्य जमिनको संरक्षण गर्नु, जलवायु परिवर्तनबाट पानीको उपलब्धतामा हुनसक्ने प्रतिकूल असरलाई न्यूनीकरण गर्ने उपाय अवलम्बन गर्नु, सिंचाईमा नयाँ प्रविधिको प्रयोग गर्नु, सम्पन्न आयोजनाहरुमा जनसहभागिता जुटाई दिगोरुपमा संचालन गर्नु र बाह्रै महिना नियमित रुपमा सिंचाई सुविधा उपलब्ध गराउनु यस क्षेत्रका मुख्य चुनौतीहरू हुन् ।

४.३.३ सम्भावना तथा अवसर

(क) सम्भावना

नगरपालिकाले कृषिलाई मुख्य प्राथमिकतामा राखेको, सिंचाईका लागि मुख्य स्रोतका रुपमा आवश्यक नदी तथा खोलाहरू रहेको र उर्वरभूमि र खेतीयोग्य जमिन भएका वडाहरूलाई पकेट क्षेत्रसमेत घोषणा गरिएकोले सिंचाई सुविधा विस्तार गरी आधुनिक खेती प्रणालीको विकास र विस्तार गर्न सक्ने प्रवल सम्भावना यस पालिका भित्र रहेको छ ।

(ख) अवसर

यस पालिकामा प्रशस्तै नदीनाला तथा खोलानालाहरू हुनुबाट यस नगरपालिकामा आवश्यक सिंचाई परियोजनाहरू सञ्चालन गर्न सकिने अवसरहरू रहेका छन् । मुख्यतः नलगाड खोला, भेरी नदी, टासु

खोला, झुम्रे खोला यहाँ सिंचाईको लागि उपलब्ध रहेका छन् । त्यसैगरी सिंचाई विकास र व्यवस्थापनमा कृषक उपभोक्ताको पहुँच र सहभागिता बढ्दै जानु र सिंचाई प्रणाली विस्तारका लागि कृषकहरूको माग बढ्दै जानु यस क्षेत्रका प्रमुख अवसरहरू हुन् ।

४.३.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

(क) लक्ष्य

कृषियोग्य भूमिमा दिगो एवम् भरपर्दो सिंचाई सुविधा उपलब्ध गराउने ।

(ख) उद्देश्य

१. सिंचाईका नयाँ प्रणालीहरुको विकास र उपयुक्त प्रविधिहरुको प्रयोग विस्तार गर्नु ।
२. सञ्चालनमा रहेका सिंचाई प्रणालीहरुलाई सुधार गर्नु ।

(ग) रणनीति र कार्यनीति

तालिका : रणनीति र कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १ : सिंचाईका नयाँ प्रणालीहरुको विकास र उपयुक्त प्रविधिहरुको प्रयोग विस्तार गर्नु ।	
१.१ जलवायु परिवर्तन अनुकूलन हुने गरी सिंचाई योजनाहरूको विकास एवम् विस्तार गर्ने ।	१.१.१ सिंचाई गुरुयोजना तर्जुमा गरी जलवायु परिवर्तन अनुकुलन सिंचाई योजनाहरू निर्माण गरिनेछ । १.१.२ प्रदेश र नगरपालिकाको सहकार्यमा सम्भाव्य स्थानमा स्यालो तथा डीप ट्यूववेल कार्यक्रम कार्यान्वयन गरिनेछ । १.१.३ उपयुक्त प्रविधि सहितको सिंचाई सुविधा विस्तार गरिनेछ । १.१.४ सौर्य उर्जा एवम् अन्य प्रविधिमा आधारित भूमिगत तथा लिफ्ट सिंचाई प्रणालीको विकास गरिनेछ । १.१.५ आकाशेपानी संकलन तथा भण्डारण र ताल तलैया संरक्षण गर्नुको साथै थोपा वा फोहोरा सिंचाई प्रविधिहरुको उपयोग गरिनेछ ।
उद्देश्य २ : सञ्चालनमा रहेका सिंचाई प्रणालीहरुको सुधार गर्नु ।	
२.१ भूमिगत सिंचाई योजनाको विस्तार सहित उपयोग र सम्पन्न सिंचाई प्रणालीको मर्मत संभारमा जोड दिने ।	२.१.१ सिंचाई प्रणालीको दिगोपनाको लागि सेवा शुल्कको सुनिश्चितता सहित निजी क्षेत्रको संलग्नताको लागि प्रोत्साहित गरिनेछ । २.१.२ सहकारी तथा समुदायको सहभागितामा सिंचाई प्रणालीको व्यवस्थापन गरिनेछ । २.१.३ सिंचाई प्रणालीको दिगोपनाका लागि उपभोक्ताहरूको स्रोत सहितको सहभागितामा सोको नियमित मर्मत सम्भार, व्यवस्थापन र उपयोग गर्ने पद्धतिमा सुधार गरिनेछ ।

(घ) कार्यक्रम तथा आयोजना

तालिका १६ : कार्यक्रम तथा आयोजना (सिंचाई)

(रू. हजारमा)

क्र.सं.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	इकाई	अनुमानित स्रोत र वार्षिक लक्ष्य												जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४		जम्मा			
						लक्ष्य	बजेट	लक्ष्य	बजेट	लक्ष्य	बजेट	लक्ष्य	बजेट	लक्ष्य	बजेट	लक्ष्य	बजेट		
१	१	१.१	१.१.१	सिंचाई गुरुयोजना निर्माण	वटा	१	३००	०	०	०	०	०	०	०	०	**१**	**३००**	नपा	
२			१.१.२	स्यालो तथा डीप ट्यूबवेल कार्यक्रम	वटा	३	३००	३	४००	३	४५०	३	४५०	३	५००	**१५**	**२१००**	नपा	
३			१.१.३	नयाँ सिंचाई योजनाहरु कार्यान्वयन	वटा वडा	२	५०००	२	८०००	२	९०००	२	९०००	२	१५०००	**१०**	**४६०००**	नपा	
४				प्लाष्टिक तथा ढलान पोखरीहरु निर्माण	वटा	६	६०००	६	६०००	६	६०००	६	६०००	६	६०००	**३०**	**३००००**	नपा	
५				वर्षा पम्प सिंचाई विकास कार्यक्रम	हेक्टर	२०	५००	२०	५००	२०	५००	२०	५००	२०	५००	**१००**	**२५००**	नपा	
६				सिंचाई कुलो निर्माण	कि.मी.	३	४५००	३	४५००	३	४५००	३	४५००	४	६०००	**१६**	**२४०००**	नपा	
७			१.१.४	लिफ्ट सिंचाई प्रणालीको अध्ययन र कार्यान्वयन	वटा	३	१३५००	३	१३५००	३	१३५००	३	१३५००	१	४५००	**१३**	**५८५००**	नपा	
८			१.१.५	थोपा/फोहोरा सिंचाई कार्यक्रम	संख्या	५	१००	५	१००	५	१००	५	१००	५	१००	**२५**	**५००**	नपा	
९	२	२.१	२.१.१	सिंचाई प्रवर्धनका लागि निजी क्षेत्रको सहभागिता सम्बन्धी नीति तर्जुमा	वटा	१	३००	०	०	०	०	०	०	०	०	**१**	**३००**	नपा	
१०				निजी क्षेत्रलाई सिंचाई योजनाको लागि सहयोग	वटा	१	५००	०	०	१	५००	०	०	१	५००	**३**	**१५००**	नपा	
११			२.१.२	सहकारीसँगको साझेदारीमा कृषि पकेट क्षेत्रका सिंचाई कार्यक्रम	वटा	१	१०००	१	१२००	१	१५००	१	१५००	१	१८००	**५**	**७०००**	नपा	
१२			२.१.३	पुराना सिंचाई योजनाहरुको नियमित मर्मत संभार	वटा	३	१५००	३	१८००	३	२०००	३	२०००	३	२२००	**१५**	**९५००**	नपा	
१३				जोखिममा रहेका सिंचाई आयोजनाहरुको सुहान संरक्षण	प्याकेज	३	३००	३	४००	३	४५०	३	४५०	३	५००	**१५**	**२१००**	नपा	
१४				नदी कटान नियन्त्रण	प्याकेज	३	३००	३	४००	३	४५०	३	४५०	३	५००	**१५**	**२१००**	नपा	
				जम्मा			**३४१००**		**३६८००**		**३८९५०**		**३८४५०**		**३८१००**		**१८६४००**		

४.३.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी

(क) नतिजा खाका

तालिका १७ : नतिजा खाका (सिंचाई)

नतिजा तह	सूचक		आधार वर्ष २०७७/७८	योजना अवधीको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	इकाई		आ.व. २०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३			
प्रभाव गुणस्तरीय र भरपर्दो सिंचाई सुविधाको वृद्धि भएको हुनेछ।	खेतीयोग्य जमिन मध्ये सिंचाई पुगेको जग्गा	प्रतिशत	२०	३०	३५	४०	४५	५०	५०	नपावाप्र	
	खेतीयोग्य जमिन मध्ये १२ महिना सिंचाई पुगेको जग्गा	प्रतिशत	१०	१२	१५	२०	२२	२५	२५	नपावाप्र	
असर १ सिंचाई प्रणालीहरुको विकास तथा सुधार भएको हुने।	निर्माण भएका पोखरीहरु	संख्या		३	३	३	३	१	१३	नपावाप्र	
	मर्मत गरिएका पुराना सिंचाई परियोजना	वटा	०	५	५	५	५	५	२५	नपावाप्र	
प्रतिफल १.१ परम्परागत सिंचाई प्रणालीहरुमा सुधार भएको हुनेछ।	मर्मत संभार गरिएका कुलोको लम्बाई	किमि	०	५	५	५	५	५	२५	नपावाप्र	
	संरक्षण गरिएका मुहानहरु	संख्या		३	३	३	३	३	१५	नपावाप्र	
प्रतिफल १.२ सिंचाईको नयाँ प्रविधिहरुको प्रयोगमा वृद्धि भएको हुनेछ।	विकास गरिएका नयाँ सिंचाई प्रणालीहरु	संख्या		२	२	२	२	२	१०	नपावाप्र	
	सफल प्रयोग भएका नयाँ सिंचाई प्रविधिहरु	संख्या		१	१	२	२	३	३	नपावाप्र	
असर २ सिंचाई उपभोक्ता संस्था थप क्रियाशील र प्रभावकारी भएका हुनेछ।	जिम्मेवारी अनुसार कार्यसम्पादन गर्ने उपभोक्ता समितिहरु	प्रतिशत		६०	७०	७५	८०	८५	८५	नपावाप्र	
	स्थानीय स्रोतसाधनहरुको उपयोग गरी समस्या समाधान गर्ने उपभोक्ता समितिहरु	प्रतिशत		६०	७०	७५	८०	८५	८५	नपावाप्र	
प्रतिफल २.१ सिंचाई सम्बन्धी उपभोक्ता समितिहरुको क्षमता विकास भएको हुनेछ।	प्राविधिक सीप विकास सम्बन्धी तालिम पाएको उपभोक्ता समितिहरु	प्रतिशत		१००	१००	१००	१००	१००	१००	नपावाप्र	
	नियमित रुपमा आर्थिक अनुदान पाएका उपभोक्ता समितिहरु	प्रतिशत		१००	१००	१००	१००	१००	१००	नपावाप्र	
	नपाबाट आवश्यकता अनुसार अनुदान पाउने उपभोक्ता समितिहरु	प्रतिशत		५०	५५	६०	६५	७०	७०	नपावाप्र	

(ख) अपेक्षित उपलब्धी

नयाँ प्रविधिमा आधारित सिंचाईको विकास भई कम्तीमा २५ प्रतिशत खेती योग्य भूमिमा भरपर्दो सिंचाई सुविधा उपलब्ध भएको हुनेछ। वर्षैभरी सिंचाई सुविधा उपलब्ध भएको हुनेछ। नगरपालिकामा खाद्य सुरक्षाको सुनिश्चिता भएको हुनेछ।

४.४ पर्यटन, संस्कृति तथा सम्पदा

४.४.१ पृष्ठभूमि

पर्यटन उद्योगको विकासका लागि मनोरञ्जन स्थल, न्यानो आतित्थ्यता, होटेल/रेष्टुरेण्ट, रिसोर्ट, शान्त र रमणीय पदमार्ग आदिको ठूलो योगदान रहने गर्दछ। यस नगरपालिकामा आन्तरिक तथा बाह्य पर्यटनका लागि गौंथली गुफा आदिको विकासको सम्भावनाहरू रहेका छन्। पर्यटन क्षेत्रको विकासमा नगरपालिकाले आवश्यक पहल गरी स्थानीय स्तरमा रोजगारी र आयआर्जनको अवसर सिर्जना गर्न जरुरी छ।

४.४.२ समस्या तथा चुनौती

(क) समस्या

पर्यटक स्तरीय होटल नहुनु, पर्यटकीय पूर्वाधारको कमी हुनु, राष्ट्रिय गुणस्तरको पर्यटन सेवा उपलब्ध नहुनु, पर्यटन गन्तव्य स्थल तथा सम्पदाको पहिचान र संरक्षण हुन नसक्नु, पर्यटकका लागि न्यूनतम मापदण्डका होटल नहुनु, आन्तरिक पर्यटन भित्र्याउने बजार नीतिको विकास नहुनु, यातायातको सहज उपलब्धता नहुनु आदि पर्यटन क्षेत्रका समस्याहरू हुन्।

(ख) चुनौती

पर्यटकीय स्थलहरूमा भरपर्दो सूचना, सञ्चार तथा प्रविधिको व्यवस्था गर्नु, पदमार्गमा पर्यटकको सुरक्षाको पूर्ण सुनिश्चितता गर्नु, पर्यटन क्षेत्रका लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्नु, पर्यटन क्षेत्रको विकासका लागि सार्वजनिक निजी साझेदारी कार्यक्रमलाई प्रभावकारी बनाउनु जस्ता चुनौतीहरू यस क्षेत्रमा रहेका छन्।

४.४.३ सम्भावना तथा अवसर

(क) सम्भावना

हालसम्म पर्यटन व्यवसाय प्रवर्द्धन हुन नसकेतापनि यस क्षेत्रबाट रोजगारी सिर्जना भई आय आर्जन र जिवीकोपार्जनमा सहयोग पुग्ने सम्भावनाहरू रहेकोले नगरपालिकाले आउने दिनमा यस क्षेत्रको विकासमा जोड दिनेछ। यस नगरपालिकामा धार्मिक, तथा साँस्कृतिक, मनोरञ्जनात्मक, कृषि, पर्यापर्यटन, पदयात्रा, तथा साहसिक पर्यटन विकास गर्न सकिने सम्भावना रहेको छ।

(ख) अवसर

नहकुली लेक, खगेनकोट, खानटाकुरा, दल्ली, हल्चौर, रिखे, तल्लु हितान गाउँ, प्यारी फूलचाँवली, मौरीभीर, वडालेख, सिर्के तथा तल्छहरा, चेतगाउँ, फूलबारी जस्ता क्षेत्रको विकास गरी पर्यटन क्षेत्रको विकास गर्न सकिने अवसरहरू यस नगरपालिकामा रहेको छ।

४.४.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

(क) लक्ष्य

पर्यटनलाई आयमूलक एवं रोगजारमूलक क्षेत्रको रुपमा विकास गर्ने।

(ख) उद्देश्य

१. पर्यटन क्षेत्र र स्थानीय कृषि उत्पादनबीच सघन सहकार्य स्थापित गर्नु।
२. पर्यटन पूर्वाधार र पर्यटकीय उपजको विकास र प्रवर्द्धन गर्नु।

(ग) रणनीति र कार्यनीति

तालिका १८ : रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १ : पर्यटन क्षेत्र र स्थानीय कृषि उत्पादनबीच सघन सहकार्य स्थापित गर्नु ।	
१.१ पर्यटन व्यवसायी र स्थानीय उत्पादकसँगको सघन सहकार्यलाई प्रोत्साहन गर्ने ।	१.१.१ पर्यटन व्यवसायीलाई आफ्ना होटल तथा रेष्टुरेण्टहरूमा प्रयोग हुने खाद्य सामग्री आफैँ उत्पादन गर्ने तथा स्थानीय उत्पादकसँग खरिद सम्झौता गरी प्राप्त गर्ने व्यवस्था मिलाउन वातावरण निर्माण गरिनेछ । १.१.२ पर्यटन व्यवसायी र स्थानीय उत्पादकबीच सम्बन्ध विस्तार गर्न आवश्यक नीतिगत तथा कानूनी व्यवस्था गरी सहजीकरण समेत गरिनेछ ।
उद्देश्य २ : पर्यटन पूर्वाधार र पर्यटकीय उपजको विकास र प्रवर्द्धन गर्नु ।	
२.१ पर्यटनको विकास र प्रवर्द्धनका लागि नीति निर्माण र संस्थागत योजना विस्तार गर्ने ।	२.१.१ पर्यटनमैत्री नीति नियमको निर्माण र कार्यान्वयन गरिनेछ । २.१.२ पर्यटनको विकास र प्रवर्द्धनका लागि नगरस्तरमा उपयुक्त संस्थागत संरचनाको विकास गरिनेछ । २.१.३ पर्यटन गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ ।
२.२ स्थानीय, राष्ट्रिय र गैरआवासीय नेपाली लगानीकर्ताको लागि लगानीमैत्री वातावरण सिर्जना गर्ने ।	२.२.१ बैंक तथा सहकारी क्षेत्रलाई कुल ऋण प्रवाहको कम्तिमा पनि १० प्रतिशत पर्यटन क्षेत्रमा प्रवाह गर्नुपर्ने नीति बनाई कार्यान्वयन गरिनेछ । २.२.२ पर्यटन क्षेत्रमा लगानी गर्ने लगानीकर्तालाई केही वर्ष व्यवसाय करमा निश्चित प्रतिशत कर छुट दिने नीति बनाई कार्यान्वयन गरिनेछ ।
२.३ आकर्षक पर्यटकीय गन्तव्यहरूमा बाह्रै महिना पर्यटक जान सक्नेगरी आवश्यक पूर्वाधार विकास गर्ने ।	२.३.१ प्राकृतिक तथा साँस्कृतिक पर्यटकीय गन्तव्य र उपजहरूको दिगो उपयोग र संरक्षण गरिनेछ । २.३.२ ग्रामीण भेगमा रहेका आकर्षक पर्यटक गन्तव्यमा पुग्ने सडक तथा पदमार्गहरू बाह्रै महिना सञ्चालन हुने व्यवस्था गरिनेछ । २.३.३ पर्यटकीय पूर्वाधारहरू निर्माण गर्दा स्थानीय संस्कृति र मौलिकता प्रवर्द्धन गरिनेछ ।
२.४ पर्यटनको विविधीकरण गर्ने ।	२.४.१ ग्रामीण क्षेत्रमा आवश्यकताका आधारमा होमस्टे स्थापना गर्न स्थानीयवासीहरूलाई प्रोत्साहन बृद्धि गरिनेछ । २.४.२ होटेल तथा रेष्टुरेण्टहरूको गुणस्तर वृद्धि र न्यूनतम गुणस्तर कायम गर्न अनुगमन प्रणालीको विकास गरिनेछ । २.४.३ पर्यटन क्षेत्रमा रोजगारी वृद्धि गर्न नीजि क्षेत्रसँग सहकार्य गरी पर्यटन व्यवसाय अभिवृद्धिमा जोड दिईनेछ ।

(घ) कार्यक्रम तथा आयोजना

तालिका १९ : कार्यक्रम तथा आयोजना (पर्यटन, संस्कृति तथा सम्पदा)

(रू. हजारमा)

क्र.स.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	इकाई	अनुमानित स्रोत र वार्षिक लक्ष्य												जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४		जम्मा			
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
१	१	१.१	१.१.१	पर्यटन सम्बन्धी नीति तर्जुमा	वटा	१	२००	०	०	०	०	०	०	०	०	१	२००	नपा	
२				पर्यटन व्यवसायी र स्थानीय कृषक बीचमा सहकार्य गर्ने बारे अभिमुखीकरण	बार्षिक पटक	२	१५०	०	०	०	०	०	०	२	२००	४	३५०	नपा	
३			१.१.२	पर्यटन प्रवर्धन नीति तर्जुमा र कार्यान्वयन	वटा	१	२००	०	०	०	०	१	३००	०	०	२	५००	नपा	
४				पर्यटन नीतिको प्रचार तथा प्रसार	बार्षिक	१	२००	१	३००	१	३५०	१	४००	१	४५०	५	१७००	नपा	
५	२	२.१	२.१.१	पर्यटन गुरुयोजना तर्जुमा	वटा	०	०	१	१०००	०	०	०	०	०	०	१	१०००	नपा	
६			२.१.२	पर्यटन प्रवर्द्धन कार्यविधि तर्जुमा र कार्यान्वयन	वटा	१	२००	०	०	०	०	१	३००	०	०	२	५००	नपा	
७			२.१.३	पर्यटन सूचना केन्द्र स्थापना	वटा	१	२००	१	२५०	१	३००	१	३००	१	३५०	५	१४००	नपा	
८		२.२	२.२.१	पर्यटन प्रवर्द्धनका क्षेत्रमा लगानी गर्न वित्तीय संस्थाहरूसँग सहकार्य	बार्षिक	१	२००	१	२५०	१	३००	१	३५०	१	३५०	५	१४५०	नपा	
९			२.२.२	पर्यटन व्यवसायीलाई प्रोत्साहन गर्ने कार्यक्रम	बार्षिक	१	२००	१	२००	१	२००	१	२००	१	२००	५	१०००	नपा	
१०		२.३	२.३.१	प्राकृतिक र साँस्कृतिक संपदाको संरक्षण	बार्षिक	२	५००	२	५००	२	५००	२	५००	२	५००	१०	२५००	नपा	
११			२.३.२	पर्यटन गन्तव्य स्थल पदमार्गको संरक्षण	बार्षिक	२	५००	२	५००	२	५००	२	५००	२	५००	१०	२५००	नपा	
१२			२.३.३	स्थानीय संस्कृति र मौलिकता प्रवर्द्धन नीति तर्जुमा	वटा	१	२००	०	०	०	०	०	०	१	३००	२	५००	नपा	
१३	३	३.१	३.१.१	होमस्टे स्थापना सम्बन्धी नीति तर्जुमा र सहयोग	वटा	१	२००	१	४००	१	५००	१	६००	१	८००	५	२५००	नपा	
				जम्मा			**२९५०**		**३४००**		**२६५०**		**३४५०**		**३६५०**		**१६१००**		

४.४.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी

(क) नतिजा खाका

तालिका २० : नतिजा खाका (पर्यटन, संस्कृति तथा सम्पदा)

नतिजा तह	सूचक		आधार वर्ष २०७७/७८	योजना अवधिको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	एकाई		आ.व. २०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३			
प्रभाव पर्यटन क्षेत्रको दिगो विकास मार्फत आर्थिक विकास भएको हुनेछ।	पर्यटन क्षेत्रमा संलग्न व्यवसायिक संस्थाहरू	संख्या	०	१	१	१	१	१	५	नपावाप्र	
	पर्यटन क्षेत्रमा भएको लगानी	रु. लाखमा	०	१०००	२०००	३०००	४०००	५०००	१५०००	नपावाप्र	
	पर्यटन क्षेत्रमा सिर्जना भएको रोजगारी	संख्या	०	१०	२०	३०	४०	५०	१५०	नपावाप्र	
असर पर्यटन क्षेत्रको विकासले नगरपालिकाको आर्थिक गतिविधि बढेको हुनेछ।	नगरपालिका भित्र रेष्टुराँ तथा होटल व्यवसायका लागि आवश्यक पर्ने खाद्यन्न तथा तरकारी उत्पादनको हिस्सा	प्रतिशत	२०	३०	४०	५०	६०	८०	८०	नपावाप्र	
	होटल तथा रेष्टुराँ व्यवसायीलाई कृषि उपज उपलब्ध गराउने कृषक	संख्या	५०	१००	१५०	२००	२५०	३००	३००	नपावाप्र	
प्रतिफल पर्यटन प्रवर्द्धनमा नगरपालिकाको सहयोग वृद्धि हुनेछ।	पर्यटन प्रवर्द्धन सम्बन्धी नीति	वटा	०	१	०	०	०	०	१	नपावाप्र	
	पर्यटन व्यवसायीलाई नगरपालिकाले उपलब्ध गराउने अनुदान	रकम रु.लाखमा	०	५००	५००	५००	५००	५००	२५००	नपावाप्र	
	थप पदमार्ग निर्माणको लम्बाई	कि.मी.								नपावाप्र	
	संचालनमा रहेका होमस्टे	संख्या	०	२	२	२	२	२	१०	नपावाप्र	
	पहिचान भएका पर्यटकीय गन्तव्य स्थल	वटा	०	२	२	२	२	२	१०	नपावाप्र	
	कर नीतिको निर्माण	वटा	०	१	०	०	०	०	१	नपावाप्र	

(ख) अपेक्षित उपलब्धी

नगरपालिका भित्र पर्यटकीय पूर्वाधारको पर्याप्त विकास भई पर्यटन आगमनमा बृद्धि भएको हुनेछ। पर्यटन क्षेत्रमा लगानी तथा रोजगारी बृद्धि भएको हुनेछ।

४.५ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति

४.५.१ पृष्ठभूमि

आर्थिक विकासको एक प्रमुख संवाहकको रुपमा रहेको उद्योग क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनबाट मात्रै यस पालिकाको समृद्धि सम्भव छ । यसको लागि स्वदेशी तथा बैदेशिक लगानी प्रवर्द्धनमा नगरपालिकाले जोड दिनुपर्दछ । सम्भव भएसम्म ठूला तथा मझौला, लघु तथा साना उद्योगमा नगरपालिकाले ध्यान दिनुपर्दछ । यस नगरपालिकामा सातवटा काष्ठ उद्योगहरू, तीन वटा ग्रील उद्योग, चार वटा जडिबुटी प्रशोधन केन्द्र, दुईवटा डेरी उद्योग, दुईवटा फलफुल तथा नर्सरी लगायत मौरीघार उद्योगहरू सञ्चालनमा रहेका छन् । त्यसैगरी व्यापार व्यवसाय अन्तर्गत किराना पसलहरू, होलसेल पसलहरू, तरकारी तथा फलफूल पसल, कपडा पसल, सुन चाँदी गहना पसल, सामान्य खालका होटेल तथा रेष्टुरेन्टहरू सञ्चालनमा रहेका छन् ।

घरेलु तथा साना उद्योग विकास कार्यक्रम मार्फत उद्यमीका लागि सीपमूलक तालिम, महिला उद्यमीलाई कर्जामा पहुँच लगायतका कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक छ । तसर्थ नगरपालिकाले नगरवासीहरूको उद्यमशीलताको विकासका साथै गरिबीको रेखामुनि रहेका युवा तथा महिला र वैदेशिक रोजगारीबाट फर्किएका वा स्वदेशमा रोजगारी गुमाएका बेरोजगार व्यक्तिहरूलाई लघु उद्यम विकास कार्यक्रममार्फत लाभान्वित गराउनु अपरिहार्य छ ।

४.५.२ समस्या तथा चुनौती

(क) समस्या

आमरुपमा उद्यमशीलताको कमी, व्यवसाय शुरु गर्न आधार पूँजीको कमी, उर्जाको न्यून उपलब्धता, बजारको अनिश्चितता, कमजोर औद्योगिक पूर्वाधार, दक्ष जनशक्तिको कमी, लगानीको कमी, युवाहरूमा स्वदेशमा श्रम गर्ने प्रवृति नरहेको, बजारमा आयातित वस्तुहरूको बाहुल्यता हुनु, स्थानीय तहमा उत्पादित वस्तुहरूको मूल्य सुनिश्चित नहुनु, स्थानीय तहमा उत्पादित वस्तुप्रति उपभोक्ताको विश्वास कम हुनु न्युन उत्पादकत्व, निर्यातयोग्य बस्तुको विविधिकरणमा कमी, जनमानसमा उद्योगलाई जीविकोपार्जनको माध्यम बनाउन सकिने मनस्थिति र वातावरण नहुनु जस्ता समस्याहरू घरेलु तथा साना उद्योगका क्षेत्रमा रहेका छन् ।

(ख) चुनौती

आयातित वस्तुसँग प्रतिष्पर्धा गर्नु, उत्पादनमा गुणस्तरीयता कायम गर्नु, उद्योगमैत्री वातावरण निर्माण गर्नु, मौजुदा उद्योगहरूलाई रुग्ण हुनबाट जोगाउनु, उद्योगहरूमा आधुनिक प्रविधिको प्रयोग गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् । साथै स्थानीय स्तरमा लगानी गर्नु, स्थानीय पूँजी, सिप, र ज्ञानको उपयोग औद्योगिक क्षेत्रमा गर्नु, स्थानीय स्तरमा स्वरोजगार सिर्जना गर्नु र नविनतम प्रविधि एवम् वातावरणमैत्री उत्पादन प्रक्रिया प्रयोगमा ल्याउनु जस्ता चुनौतीहरू पनि यस क्षेत्रमा रहेका छन् ।

४.५.३ सम्भावना तथा अवसर

(क) सम्भावना

पर्यटन उद्योगलाई प्रवर्द्धन गरी रोजगारी सिर्जना गर्ने, पानीजन्य उद्योगहरू (जस्तै : मिनरल वाटर), डेरी उद्योग, मौरीघार उद्योग, कंक्रिट उद्योग, ग्रील उद्योग आदि उद्योग सञ्चालन हुने सम्भावना यस नगरपालिकामा रहेको छ ।

ख) अवसर

शहरीकरण बढ्दै जानु, नगरपालिकाले घरेलु तथा साना उद्योग प्रवर्द्धनमा प्राथमिकता दिनु, निर्माणाधीन नलगाड हाइड्रो पावर, पर्याप्त मात्रामा पानीको स्रोत उपलब्ध हुनु यस नगरपालिका भित्र उद्योग विकासको लागि अवसरहरूको रुपमा रहेका छन् ।

त्यसै गरी युवाहरूमा उद्यामशीलताको विकास हुँदै जानु, सडक, विद्युत तथा सञ्चार जस्ता पूर्वाधारको विकास हुँदै जानु, उद्योग विकास र स्वरोजगारी संघीय प्रदेश सरकारको प्राथमिकतामा रहनु आदिलाई यस क्षेत्रका अवसरहरूका रुपमा लिन सकिन्छ ।

४.५.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

(क) लक्ष्य

उद्योग तथा व्यापार व्यवसायको प्रवर्द्धन गर्ने र आपूर्ति व्यवस्था सहज बनाउने ।

(ख) उद्देश्य

१. उद्योग तथा व्यापार व्यवसायमैत्री वातावरणको निर्माण गर्नु ।
२. उत्पादन मूलक क्षेत्रमा युवा वर्गहरूको आकर्षण बृद्धि गर्नु ।

(ग) रणनीति र कार्यनीति

तालिका २१ : रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १ : उद्योग तथा व्यापार व्यवसायमैत्री वातावरण निर्माण गर्नु ।	
१.१ प्रतिष्पर्धी क्षमता र तुलनात्मक लाभ भएका र निर्यातजन्य वस्तु उत्पादन गर्ने उद्योगहरूको स्थापनामा प्रोत्साहन गर्ने ।	१.१.१ स्थान विशेष सम्भावना भएको उद्योगहरुको पहिचानको लागि अध्ययन गरिनेछ । १.१.२ तुलनात्मक लाभका उद्योगहरू संभाव्यता अध्ययन गरी कार्यान्वयनमा जोड दिईनेछ । १.१.३ उद्योग सम्बन्धी नीति तथा कानूनको तर्जुमा परिमार्जन एवं कार्यान्वयन गरिनेछ ।
१.२ घरेलु उद्योगको संरक्षण र प्रवर्द्धन गर्ने ।	१.२.१ सार्वजनिक क्षेत्रमा प्रयोग हुने सामग्रीहरू मध्ये उपलब्ध भएसम्म स्थानीय उत्पादन प्रयोग गर्न प्रोत्साहन गरी घरेलु उद्योगको संरक्षण र प्रवर्द्धन गरिनेछ ।
उद्देश्य २ : उत्पादनमूलक क्षेत्रमा युवा वर्गहरूको आकर्षण वृद्धि गर्नु ।	
२.१ पूर्वाधारसहितका सुविधासम्पन्न औद्योगिक ग्राम स्थापना गर्ने ।	२.१.१ औद्योगिक तथ्याङ्कलाई डिजिटाइजेशन गर्दै उद्योग प्रशासनलाई प्रविधिमैत्री बनाईनेछ । २.१.२ नीजि क्षेत्रसँगको सहकार्यमा सार्वजनिक नीजि साझेदारीको प्रवर्द्धन गर्न व्यवसाय मञ्चको स्थापना गरिनेछ ।
२.२ स्थानीय स्रोत साधनमा आधारित थोरै पूँजीबाट छिटो प्रतिफल प्राप्त हुने लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन गर्ने ।	२.२.१ एक वडा एक औद्योगिक उत्पादन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । २.२.२ प्रदेश सरकारसँगको सहकार्यमा घरेलु तथा साना उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरिनेछ । २.२.३ रुग्ण उद्योगहरूको पहिचान र सञ्चालनको व्यवस्था गरिने छ ।

(घ) कार्यक्रम तथा आयोजना

तालिका २२ : कार्यक्रम तथा आयोजना (उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति)

(रू. हजारमा)

क्र.स.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	एकाई	अनुमानित स्रोत र वार्षिक लक्ष्य												जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४		जम्मा			
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
१	१	१.१	१.१.१	उद्योग र लगानी सम्बन्धी नीति तथा कानुन तर्जुमा वा परिमार्जन	वटा	१	२००	०	०	०	०	०	०	०	०	१	२००	नपा	
२				पर्यटन प्रवर्द्धन गर्ने उद्योगहरूको सम्भावना अध्ययन	पटक	१	५००	०	०	०	०	०	०	०	०	१	५००	नपा	
३				सम्भावना अध्ययनका आधारमा प्रवर्द्धनात्मक सहयोग	वटा	०	०	२	५००	२	५००	२	५००	२	५००	८	२०००	नपा	
४			१.१.२	तुलनात्मक लाभका उद्योगहरूको सम्भाव्यता अध्ययन	पटक	१	५००	०	०	०	०	०	०	०	०	१	५००	नपा	
५				सम्भाव्यता अध्ययनको आधारमा कार्यान्वयन	वटा	०	०	२	५००	२	५००	२	५००	२	५००	८	२०००	नपा	
६		१.२	१.२.१	घरेलु उत्पादन प्रवर्द्धन कार्यक्रम	वटा	१	२००	१	२००	१	२००	१	२००	१	२००	५	१०००	नपा	
७	२	२.१	२.१.१	औद्योगिक तथ्याङ्क अद्यावधिक गर्ने	पटक	१	२००	०	०	०	०	०	०	०	०	१	२००	नपा	
८			२.१.२	औद्योगिक ग्राम स्थापनामा सार्वजनिक नीजि साझेदारी प्रवर्द्धन	वटा	०	०	०	०	१	२००००	०	०	०	०	१	२००००	नपा	
९		२.२	२.२.१	एक वडा एक उत्पादन कार्यक्रम प्रवर्द्धन	वडा	३	३००	३	३००	३	३००	३	३००	१	१५०	१३	१३५०	नपा	सबै वडा
१०			२.२.२	घरेलु तथा साना उद्योगको क्षमता विकास	वटा	१	३५०	१	४००	१	४५०	१	५००	१	५५०	५	२२५०	नपा	
११			२.२.३	रुग्ण उद्योग प्रवर्धन कार्यक्रम	वटा	१	२५०	१	३५०	१	४००	१	४५०	१	५००	५	१९५०	नपा	
				जम्मा			**२५००**		**२२५०**		**२२३५०**		**२४५०**		**२४००**		**३१९५०**		

४.५.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी

(क) नतिजा खाका

तालिका २३ : नतिजा खाका (उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति)

नतिजा तह	सूचक		आधार वर्ष २०७७/७८	योजना अवधिको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	एकाई		आ.व. २०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३			
प्रभाव घरेलु तथा साना उद्योगको विकास र	नगरपालिका भित्र स्थापना भएका थप घरेलु तथा साना उद्योग	संख्या	०	१०	१५	२०	३०	५०	१२५	नपा वाप्र	
	औद्योगिक क्षेत्रको प्रवर्द्धनमा नगरपालिकाको लगानी	रु. हजारमा		१०००	२०००	३०००	५०००	७५००	१८५००	नपा वाप्र	

नतिजा तह	सूचक		आधार वर्ष २०७७/७८	योजना अवधिको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	एकाई		आ.व. २०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३			
विस्तार बृद्धि भएको हुनेछ।	नपामा दर्ता भएका नयाँ उद्योगहरु	संख्या		५	१०	१५	२०	३०	८०	नपा वाप्र	
	पुनर्स्थापना भएका साना तथा घरेलु उद्योग	प्रतिशत		०३	५०	६०	७०	८०	८०	नपा वाप्र	
असर १ साना तथा घरेलु उद्योगहरू स्थापना हुने वातावरण सिर्जना भएको हुनेछ।	उद्योगको लागि आवश्यक भौतिकपूर्वाधार पुगेका बजार केन्द्रहरु	संख्या		१	२	३	४	५	५	नपा वाप्र	
	गुणस्तर मापन प्रयोग शाखा	संख्या	०	१	०	१	०	१	३	नपा वाप्र	
प्रतिफल १.१ औद्योगिक ग्राम स्थापना र सञ्चालन भएको हुनेछ।	औद्योगिक ग्राम	संख्या	०	०	१	०	०	०	१	नपा वाप्र	
प्रतिफल १.२ आवश्यक कानूनी आधार तयार भएको हुनेछ।	निर्माण भएका ऐनहरु	संख्या		१	१	१	१	१	१	नपा वाप्र	
	निर्माण भएका नियमावलीहरु	संख्या		१	१	१	१	१	१	नपा वाप्र	
	निर्माण भएका कार्यविधिहरु			१	१	१	१	१	१	नपा वाप्र	
प्रतिफल १.३ नपाको संगठन संरचना भित्र उद्योगले उचित स्थान पाएको हुनेछ।	नपा भित्र उद्योग शाखा	संख्या		१	१	१	१	१	१	नपा वाप्र	
	उद्योग शाखामा कर्मचारी	संख्या		आवश्यकता अनुसार	आवश्यकता अनुसार	आवश्यकता अनुसार	आवश्यकता अनुसार	आवश्यकता अनुसार	आवश्यकता अनुसार	नपा वाप्र	
	उद्योग विकास सम्बन्धी समितिहरु	संख्या		आवश्यकता अनुसार	आवश्यकता अनुसार	आवश्यकता अनुसार	आवश्यकता अनुसार	आवश्यकता अनुसार	आवश्यकता अनुसार	नपा वाप्र	

(ख) अपेक्षित उपलब्धी

नगरपालिकामा उद्योग लगानी सम्बन्धी नीति तथा कानून तर्जुमा भई कार्यान्वयनमा आएको हुनेछ। नगरपालिकामा उद्योगहरुको विस्तार भएको हुनेछ। उद्योग क्षेत्रमा रोजगारीको अवसरहरु बृद्धि भएको हुनेछ।

४.६ श्रम, रोजगारी र सामाजिक सुरक्षा

४.६.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ को धारा ३३ अनुसार प्रत्येक नागरिकलाई रोजगारीको हक हुने कुरा सुनिश्चित गरिएको छ। त्यसैगरी प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुने र श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको समेत हक हुने कुरा सुनिश्चित गरेको छ। यसर्थ उत्पादनशील र मर्यादित रोजगारीको अवसरको सिर्जना, उद्यमशील र सीपयुक्त मानव संसाधनको विकास तथा बेरोजगार र अनुत्पादक क्षेत्रमा रहेका श्रमशक्तिलाई उत्पादनशील क्षेत्रमा लगाई पूर्ण रोजगारयुक्त र समृद्ध नगरको आधारशिला निर्माण गर्नुछ।

नलगाड नगरपालिकाको वस्तुस्थिति विवरण २०७४/७५ अनुसार महिला २३२ जना र पुरुष ९७९ जना गरी कुल १२२१ जना वैदेशिक रोजगारीमा गएका छन्। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०७६/७७ मा महिला २७३ जना र पुरुष ४८८ जना गरी कुल ७६१ जना, आ.व. २०७७/७८ मा महिला ६४९ जना र पुरुष १५६६ जना गरी कुल २२७५ जना र आ.व. २०७८/७९ मा महिला ११७१ जना र पुरुष २२८१ जना गरी कुल ३४५२ जना सूचिकृत बेरोजगार रहेका छन्।

श्रमिकको हक, हित तथा सुविधाको व्यवस्था, श्रमिक र रोजगारदाताको अधिकार तथा कर्तव्यको स्पष्ट व्यवस्था गरी असल श्रमको विकास गर्नु र श्रम शोषणको अन्त्य गरी आधारभूत पारिश्रमिकको सुनिश्चित गर्नु राज्यको कर्तव्य हो । बालबालिकाको कानून विपरीत श्रम शोषण गर्न नहुने कुराको बारेमा नगरपालिकाले विशेष नीति तथा कार्यक्रम सञ्चालन गर्नु पर्दछ। वैदेशिक रोजगारीमा जानेहरूको क्षमता विकास र विप्रेषणको सही सदुपयोगका क्षेत्रमा समेत नगरपालिकाको अहम भूमिका हुनु पर्दछ। सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिक (७० वर्ष उमेर पुगेको) अन्य ज्येष्ठ नागरिक (दलित नागरिक), एकल महिला, विधवा, पूर्ण असक्त अपाङ्गता, अति अशक्त अपाङ्गता, लोपोन्मुख आदिवासी/जनजाति, पाँच वर्ष उमेर ननाघेका दलित बालबालिकाको लागि नेपाल सरकारले बार्षिक भत्ताको व्यवस्था गरेको छ। नेपाल सरकारका तर्फबाट नगरपालिकाले यस्ता लाभग्राहीहरूको विवरण अद्यावधिक गर्ने र मासिक भत्ता वितरणमा सहयोग गर्ने कार्य गर्दै आएको छ।

४.६.२ समस्या तथा चुनौती

(क) समस्या

नगरपालिका भित्र उत्पादनशील रोजगारीका अवसरहरु सीमित हुनु, उद्यमशीलताको उत्प्रेरक वातावरण नहुनु, श्रमबजारको आवश्यकता र उपलब्ध सीपहरुवीच तालमेल नहुनु, समयमा ज्याला भुक्तानी दिन नसक्नु, श्रमिकहरू काममा खटाउँदा विवाद आउनु, श्रमिक काममा खटाउँदा वास्तविक लक्षित समुह भन्दा बाहिरको पनि छनौट हुनु, कार्यविधि तथा निर्देशिका विपरीत पनि कार्य सञ्चालन हुनु आदि यस क्षेत्रका समस्याहरू हुन्।

(ख) चुनौती

नगरपालिका भित्र तिव्र औद्योगीकरण गर्नु, श्रमशक्ति खपत गर्ने क्षमता बृद्धि गर्नु, आयोजनाहरू छनौट गर्दा ७ जना देखि १५ जनासम्मलाई कम्तिमा १०० दिन सम्म पुग्ने गरी गर्नु, आयोजना कार्यान्वयन गर्दा निर्देशिका, कार्यविधि तथा नगर कार्यपालिकाको निर्णयको पूर्ण पालना गरी गराउनु, समयमा ज्याला भुक्तानी गर्नु आदि श्रम तथा रोजगार क्षेत्रमा रहेका चुनौतीहरू हुन्।

४.६.३ सम्भावना तथा अवसर

(क) सम्भावना

युवावर्गमा सीप र उद्यमशीलता प्रति अभिरुचि बढ्दै जानु, सीप विकासका अवसरहरु बृद्धि हुँदै जानु, मर्यादित रोजगारीको लागि नगरपालिकाको नेतृत्व प्रतिबद्ध हुनु, लगानीको वातावरण निर्माण हुँदै जानु, प्रधानमन्त्री रोजगार कार्यक्रम लागु हुनु, कृषि तथा उद्योग तीनै तहका सरकारहरूको प्राथमिकतामा पर्नु तथा भौतिक पूर्वाधारका गतिविधिहरू बढ्नुले रोजगारीका अवसरहरु बढ्ने सम्भावना पनि बढ्दै गएको छ ।

(ख) अवसर

श्रम हक सम्बन्धी संवैधानिक व्यवस्था हुनु, श्रममैत्री ऐन कानूनहरू निर्माण हुनु, स्वरोजगार र वैदेशिक रोजगारको प्रवर्द्धनका लागि प्रदेश सरकार र संघीय सरकारले प्राथमिकतामा राख्नु, विभिन्न संघ संस्थाहरूले श्रम तथा रोजगारीका क्षेत्रमा काम गर्नु, सुरक्षित वैदेशिक रोजगारी प्रवर्द्धनका क्षेत्रमा गैरसरकारी संस्थाहरू क्रियाशील हुनु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

४.६.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

(क) लक्ष्य

नगरपालिका भित्रको सक्रिय श्रमशक्तिको लागि सम्मानजनक रोजगारीको वातावरण निर्माण गर्ने ।

(ख) उद्देश्य

१. नगरपालिका भित्र रहेको बेरोजगार तथा अर्धबेरोजगार जनशक्तिको क्षमता विकास गर्नु ।
२. वैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउनु ।

(ग) रणनीति र कार्यनीति

तालिका २४ : रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १ : नगरपालिका भित्र रहेको बेरोजगार तथा अर्धबेरोजगार जनशक्तिको क्षमता विकास गर्नु ।	
१.१ रोजगारी सिर्जनामा जोड दिने ।	१.१.१ श्रम तथा रोजगारी सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ । १.१.२ प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत बेरोजगारी समस्या समाधानमा जोड दिईनेछ । १.१.३ रोजगारदाताहरूको पहिचान गरी श्रमिक र रोजगारदाता बीच श्रम सम्बन्ध स्थापना गरिनेछ । १.१.४ बेरोजगार र अर्धबेरोजगार सम्बन्धी तथ्याङ्क अद्यावधिक गरिनेछ । १.१.५ श्रम र ज्याला बीचको सन्तुलन कायम गरिनेछ । १.१.६ रोजगार सूचना केन्द्र (स्वदेश तथा वैदेशिक रोजगार सम्बन्धी) व्यवस्थापन तथा सञ्चालन गरिनेछ ।
१.२ श्रमिकको दक्षता वृद्धि गरी प्रतिस्पर्धी बनाउने ।	१.२.१ स्थानीय वजारको माग अनुसारको दक्ष कामदार तयार गर्न आवश्यक तालिम कार्यक्रम सञ्चालन गरिनेछ । १.२.२ श्रमिकहरूको कार्यदक्षता वृद्धि गर्न नियमित रुपमा पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ ।
उद्देश्य २ : वैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउनु ।	

रणनीति	कार्यनीति
२.१ वैदेशिक रोजगारीलाई श्रमिकको हित अनुकुल सुरक्षित र व्यवस्थित बनाउने ।	२.१.१ वैदेशिक रोजगारमा जाने व्यक्तिहरूको यात्रालाई सुरक्षित, मर्यादित र उपलब्धी मूलक बनाउन सुरक्षित वैदेशिक रोजगार सम्बन्धी व्यापक सूचना प्रवाह, सीप तालिम प्रदान तथा आवश्यक कानूनी सहायता प्रदानका लागि सम्बन्धित सरोकारवालाहरूसँग समन्वय तथा सहकार्य गरिनेछ । २.१.२ वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, अनुभव र पूँजीलाई स्थानीय उत्पादनमा लगानी गर्न प्रोत्साहन गरिनेछ । २.१.३ मनोसामाजिक परामर्श सेवालाई पालिकाको स्वास्थ्य शाखा अन्तर्गत आन्तरिकीकरण गर्दै सो सम्बन्धी सेवालाई नियमित रुपमा प्रवाह गरिनेछ ।

(घ) कार्यक्रम तथा आयोजना

तालिका २५ : कार्यक्रम तथा आयोजना (श्रम, रोजगारी र सामाजिक सुरक्षा)

(रू. हजारमा)

क्र.स.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	इकाई	अनुमानित स्रोत र वार्षिक लक्ष्य												जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४		जम्मा			
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
१	१	१.१	१.१.१	श्रम तथा रोजागार सम्बन्धी नीति तर्जुमा	वटा	१	२००	०	०	०	०	०	०	१	२००	२	४००	नपा	
२			१.१.२	प्रधानमन्त्री रोजगार कार्यक्रम विस्तार (थप)	संख्या	१००	१०००	१००	१२००	१००	१५००	१००	१७००	१००	२०००	५००	७४००	नपा	
३			१.१.३	रोजगारदाता र श्रमिकका वीचमा अन्तरक्रिया	बार्षिक पटक	१	५०	१	१००	१	१००	१	१५०	१	१५०	५	५५०	नपा	
४			१.१.४	बेरोजगारी तथ्याङ्क अद्यावधिक	पटक	२	२००	०	०	१	३००	०	०	०	०	२	५००	नपा	
५			१.१.५	श्रम र ज्याला वीचको सन्तुलन कायमका लागि अध्ययन	वटा	१	१००	०	०	०	०	१	२००	०	०	२	३००	नपा	
६			१.१.६	रोजगार सूचना केन्द्र स्थापना	वटा	१	५००	०	०	०	०	०	०	०	०	१	५००	नपा	
७		१.२	१.१.१	स्थानीय वजारमा आवश्यक श्रमशक्तिको पहिचान सम्बन्धी अध्ययन	पटक	१	१००	१	१००	१	१००	१	१००	१	१००	५	५००	नपा	
८				श्रमिकहरूलाई आवश्यक तालिम	बार्षिक पटक	१	३००	१	४००	१	५००	१	६००	१	७००	५	२५००	नपा	
९			१.१.२	श्रमिकहरूलाई आवश्यक पुनर्ताजगी तालिम	बार्षिक पटक	१	३००	१	४००	१	५००	१	६००	१	७००	५	२५००	नपा	
१०	२	२.१	२.१.१	बैदेशिक रोजगारमा जाने युवाहरूको लागि आवश्यक अभिमुखीकरण	बार्षिक	१	१००	१	२००	१	३००	१	४००	१	५००	५	१५००	नपा	
११			२.१.२	विदेशबाट फर्की आएका युवाहरूलाई स्वरोजगार सम्बन्धी अनुदान	बार्षिक जना	५	१०००	५	१०००	५	१०००	५	१०००	५	१०००	२५	५०००	नपा	
१२			२.१.३	बैदेशिक रोजगारीमा गएकाहरूको घरपरिवारहरूलाई मनोचिकित्सा सेवा	बार्षिक पटक	२	२००	२	३००	२	४००	२	५००	२	६००	१०	२०००	नपा	
				जम्मा			४०५०		३७००		४७००		५२५०		५९५०		२३६५०		

४.६.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी

(क) नतिजा खाका

तालिका २६ : नतिजा खाका (श्रम, रोजगारी र सामाजिक सुरक्षा)

नतिजा तह	सूचक		आधार वर्ष २०७७/७८	योजना अवधीको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	एकाई		आ.व. २०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३			
प्रभाव रोजगारीका अवसरहरु वृद्धि भएको हुनेछ।	बेरोजगारी दर	प्रतिशत	६०	५५	४०	३०	२५	२०	२०	नपावाप्र	
	अर्धबेरोजगारी दर (१५ देखि ५९ वर्ष उमेरका)	प्रतिशत	५०	४५	४०	३०	२५	२०	२०	नपावाप्र	
असर १ रोजगारीको अवसर सिर्जना भएको हुनेछ।	सार्वजनिक क्षेत्रमा रोजगारी सिर्जना	थप संख्या		१००	१००	१००	१००	१००	५००	नपावाप्र	
	निजीक्षेत्रमा रोजगारी सिर्जना	थप संख्या		२००	२००	२००	२००	२००	१०००	नपावाप्र	
प्रतिफल १.१ व्यवसायिक तालिम तथा सहुलियत दरको ऋणको अवसरमा वृद्धि भएको हुने	व्यवसायिक तालिम पाउनेहरु	संख्या		२००	२००	२००	२००	२००	१०००	नपावाप्र	
	सहुलियत दरमा ऋण पाउनेहरु	संख्या		१००	१००	१००	१००	१००	५००	नपावाप्र	
प्रतिफल १.२ रोजगार सूचना केन्द्र प्रभावकारी भएको हुनेछ।	बेरोजगार सम्बन्धी अध्यावधिक प्रोफाईल	संख्या		१	१	१	१	१	१	नपावाप्र	
	श्रम तथा रोजगारी सम्बन्धी कार्यविधि वा नीति			१	१	१	१	१	१	नपावाप्र	
प्रतिफल १.३ बैदेशिक रोजगार सुरक्षित र व्यवस्थित भएको हुनेछ।	आवश्यक आधारभूत तालिम प्राप्त गरी वैदेशिक रोजगारीमा जानेहरु	प्रतिशत		१००	१००	१००	१००	१००	१००	नपावाप्र	
	नपाबाट सहजीकरण गरिएका वैदेशिक रोजगारीमा जानेहरु	वटा		७५	८०	८५	९०	९५	९५	नपावाप्र	
प्रतिफल १.४ बैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, अनुभव र पूँजीलाई उत्पादनमा लगानी गर्न प्रोत्साहन पुगेको हुनेछ।	बैदेशिक रोजगारीबाट फर्केका युवाहरू लक्षित तालिम पाउनेहरु	प्रतिशत		७५	८०	८५	९०	९५	९५	नपावाप्र	
	बैदेशिक रोजगारबाट फर्केकाहरू मध्ये स्वरोजगार वा रोजगारी सिर्जनामा लाग्नेहरु	प्रतिशत		२५	३५	४५	५५	७५	७५	नपावाप्र	

(ख) अपेक्षित उपलब्धी

नगरपालिका भित्रका काम गर्ने उमेर समूहका जनशक्ति उत्पादनशील रोजगारीमा संलग्न भएका हुनेछन्। श्रम बजार सूचना प्रणाली विकास भई रोजगारी विनिमय सेवा संचालनमा आएको हुनेछ। सीपमूलक तालिम प्राप्त श्रमिकहरुको संख्या बढेको हुनेछ।

४.७ सहकारी तथा वित्तीय संस्था

४.७.१ पृष्ठभूमि

संविधानमा सहकारीलाई अर्थतन्त्रको तीन खम्बा मध्ये एक मानिएको छ । सहकारी क्षेत्रले छरिएर रहेको श्रम, सीप, प्रविधि र पूँजीलाई एकिकृत गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्नुको साथै रोजगारी सिर्जना गर्दछ । यसबाट नगरपालिकाको अर्थतन्त्रमा योगदान पुग्नजान्छ । यस नगरपालिकामा विभिन्न किसिमका ४२ वटा सहकारी संस्थाहरू सञ्चालनमा रहेका छन् । ती मध्ये थोरै सहकारीहरू मात्रै क्रियाशील रहेका छन् । नगरपालिकाले सहकारी ऐन, २०७५ गरे देखि हालसम्म १२ वटा सहकारीहरू दर्ता भइसकेका छन् । सरकारी कारोवार गर्ने हिसाबले एउटा मात्रै एन.आई.सी. एशिया बैंक यस नगरपालिकामा रहेको छ । विभिन्न किसिमका पाँचवटा (एन.आई.सी. एशिया, किसान, छिमेक, लक्ष्मी र नार्डेप) लघु वित्तहरूले साना किसान तथा व्यवसायीहरूलाई वित्तीय पहुँच पुऱ्याउने गरी वित्तीय सेवा प्रदान गर्दै आएका छन् ।

४.७.२ समस्या तथा चुनौती

(क) समस्या

सहकारी शिक्षा र चेतनाको विस्तार नहुनु, सहकारीहरु विशेषगरी वचत तथा ऋणको कारोबारमा सीमित हुनु, कतिपय सहकारी संस्थाहरु सहकारीको सिद्धान्त र मूल्य मान्यता अनुसार नचल्नु, दर्ता भएका सहकारी संस्थाहरूले उद्देश्य अनुसार कार्य गर्न नसक्नु, 'क' बर्गका बैंकहरू न्यून भएका कारण छिटो र छरितो किसिमले वित्तिय सेवा प्राप्त हुन नसक्नु, लघुवित्तबाट लिएको ऋणको सही ठाउँमा सदुपयोग गर्न नसक्दा ऋणीहरूले समयमा ऋणको सावाँ तथा ब्याज भुक्तानी गर्न नसक्नु, नगरपालिकाले सहकारी संस्थाहरूको क्षमता विकासका क्षेत्रमा प्रभावकारी कार्यक्रम सञ्चालन गर्न नसक्नु, अझै पनि सबै नागरिकहरूको वित्तीय क्षेत्रमा पहुँच पुग्न नसक्नु जस्ता समस्याहरू यस क्षेत्रमा विद्यमान छन् ।

(ख) चुनौती

सहकारी सिद्धान्त, मूल्य मान्यता र सिद्धान्त अनुरुपको सहकारी संस्था संचालन गर्नु, सहकारी ऐनको प्रभावकारी कार्यान्वयन गर्नु, सबै सहकारी संस्थाहरूलाई नगरपालिकामा दर्ता गराउनु, सहकारी संस्थाहरूसँग रहेको वचतलाई उत्पादनशील क्षेत्रमा लगानी गर्नु, सबै नगरवासीहरूलाई सहज रुपमा वित्तीय सेवामा पहुँच पुऱ्याउनु जस्ता चुनौतीहरू यस क्षेत्रमा रहेका छन् ।

४.७.३ सम्भावना तथा अवसर

(क) सम्भावना

सहकारीलाई नेपालको अर्थतन्त्रको एउटा खम्बाको रुपमा ग्रहण गरिएको छ । सहकारीप्रति मानिसहरूको सचेतना पनि बढ्दै गएको छ । सहकारीमा आवद्ध हुने जनसंख्या बढ्दै गएको र यसप्रति सरकारको सकारात्मक धारणा रहेको छ । यसका साथै नगरपालिका भित्र मात्र कार्यक्षेत्र भएका सहकारीहरूको दर्ता तथा अनुगमनको जिम्मा नगरपालिकाको भएकोले सहकारीहरूको परिमाणात्मक तथा गुणात्मक वृद्धि हुने सम्भावना रहेको छ ।

(ख) अवसर

सहकारीलाई राष्ट्रिय अर्थतन्त्रको एउटा खम्बाको रुपमा लिइनु, मूल्य श्रृङ्खलामा सहकारीलाई आबद्ध गर्दै लैजाने सम्भावना रहनु, सहकारी संस्थाहरुले स्वायत्त रुपमा काम गर्न सक्ने अधिकार राज्यले प्रदान गर्नु, पाँचवटा लघुवित्त संस्थाहरूले वित्तीय सेवा उपलब्ध गराउनु, सहकारी क्षेत्रको विकासका लागि

नगरपालिकाले नीतिगत व्यवस्था गर्नु, सहकारी क्षेत्रमा नगरवासीहरूको चासो बढ्दै जानु यस क्षेत्रको विकासका अवसरहरू हुन् ।

४.७.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

(क) लक्ष्य

सहकारी तथा वित्तीय संस्थाहरूलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने ।

(ख) उद्देश्य

१. वित्तीय क्षेत्रमा नगरवासीहरूको पहुँच सुनिश्चित गर्नु ।
२. नगरवासीहरुको बचतलाई उत्पादनशील क्षेत्रमा लगानी गर्नु ।
३. सहकारी क्षेत्रको प्रभावकारी नियमन र क्षमता विकास गर्नु ।

(ग) रणनीति र कार्यनीति

तालिका २७ : रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १ : वित्तीय क्षेत्रमा नगरवासीहरूको पहुँच सुनिश्चित गर्नु ।	
१.१ वित्तीय संस्थाहरूलाई लक्षित वर्ग र समुदायको हितमा परिचालन गर्ने ।	१.१.१ विपन्न र पछाडि परेका वा पारिएका वर्ग, क्षेत्र र समुदायको लागि सहुलियत ऋणको व्यवस्था मिलाइने छ । १.१.२ वित्तीय सहकारीको कम्तिमा २५ प्रतिशत र उत्पादक सहकारीको ७५ प्रतिशत पूँजी कृषि तथा उत्पादनको क्षेत्रमा लगानी गर्ने नीति कार्यान्वयन गरिनेछ ।
उद्देश्य २ : नगरवासीहरुको बचतलाई उत्पादनशील क्षेत्रमा लगानी गर्नु ।	
२.१ नगरवासीहरुको बचत गर्ने बानीको बिकास गर्ने ।	२.१.१ नगरपालिका भित्र वित्तीय साक्षरता अभियान संचालन गरिनेछ । २.१.२ नगरवासीहरुको सहकारीहरुसँगको आवद्धताको लागि सहकारी शिक्षा र सचेतना कार्यक्रम संचालन गरिनेछ । २.१.३ आफ्नो बचतलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सहजीकरण गरिनेछ ।
उद्देश्य ३ : सहकारी क्षेत्रको प्रभावकारी नियमन र क्षमता विकास गर्नु ।	
३.१ आवश्यक नीतिगत एवम् कानूनी व्यवस्था र संस्थागत संरचनाको व्यवस्था गर्ने ।	३.१.१ सहकारी सम्बन्धी नगरस्तरीय नीति, कानून, तथा मापदण्ड तर्जुमा गरी सबै सहकारीलाई नगरपालिकाको छाताभित्र आवद्ध गरिनेछ । ३.१.२ नगरपालिकामा रहेको सहकारी शाखाको क्षमता वृद्धि गरिनेछ । ३.१.३ कार्यसम्पादन मापन मापदण्डका आधारमा सहकारीहरूको बार्षिक रुपमा मूल्याङ्कन गरिनेछ । ३.१.४ सहकारी संस्थाहरूको क्षमता विकास गरिनेछ ।

(घ) कार्यक्रम तथा आयोजना

तालिका २८ : कार्यक्रम तथा आयोजना (सहकारी तथा वित्तीय संस्था)

(रू. हजारमा)

क्र.सं.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	इकाई	अनुमानित स्रोत र वार्षिक लक्ष्य												जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४		जम्मा			
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
१	१	१.१	१.१.१	विपन्न, पिछडिएका र बञ्चितीकरणमा परेका वर्ग, क्षेत्र र समुदायको वित्तीय पहुँच सुधार कार्यक्रम	वटा	२	४००	२	५००	२	६००	२	८००	२	१०००	१०	३३००	नपासशा	
२			१.१.२	सहकारी संस्थाको पूँजी उत्पादनशिल क्षेत्रमा लगानी बृद्धि सम्बन्धी कार्यक्रम	वटा	२	२००	२	२५०	२	३००	२	३५०	२	४००	१०	१५००	नपासशा	
३	२	२.१	२.१.१	वित्तीय साक्षरता अभियान	वटा	१	१५०	१	२००	१	२००	१	३००	१	४००	५	१२५०	नपासशा	
४			२.१.२	सहकारीमा आवद्धता सम्बन्धी सहकारी शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन	प्याकेज	१	१५०	१	२००	१	२००	१	३००	१	४५०	५	१३००	नपासशा	
५	३	३.१	३.१.१	सहकारी सम्बन्धी नगरस्तरीय नीति एवम् कानून तर्जुमा र कार्यान्वयन	वटा	१	१५०	१	२००	१	२००	१	३००	१	४००	५	१२५०	नपासशा	
६			३.१.२	सरकारी शाखाको क्षमता विकास	प्याकेज	१	१५०	१	२००	१	२००	१	३००	१	५००	५	१३५०	नपासशा	
७				सहकारी संस्थाहरूको प्रोफायल तयारी तथा अद्यावधीकरण	पटक	१	५००	०	२००	०	२००	१	२००	१	३००	३	१४००	नपासशा	
८				जीविकोपार्जन र सहकारी शिक्षा सम्बन्धी तालिम	प्याकेज	१	३००	१	३००	१	३००	१	३५०	१	४००	५	१६५०	नपासशा	
९			३.१.३	सहकारीहरूको कार्यसम्पादन मापन, मापदण्ड तयारी र कार्यान्वयन	संख्या	१	२००	१	१५०	१	२००	१	२५०	१	३००	५	११००	नपासशा	
१०				कार्यसम्पादनका आधारमा सहकारी संस्थाहरूलाई पुरस्कार वितरण	वार्षिक पटक	१	५००	१	५००	१	५००	१	६००	१	७००	५	२८००	नपासशा	
११			३.१.४	सहकारी संस्थाको क्षमता विकास तालिम	वार्षिक पटक	१	२००	१	२००	१	२००	१	२५०	१	३००	५	११५०	नपासशा	
१२				सहकारीको नपामा आवद्धता सम्बन्धी कार्यक्रम सञ्चालन	निरन्तर	१	३००	१	१	१	३००	१	३५०	१	४००	५	१३५१	नपासशा	
१३				उत्पादनमूलक सहकारी संस्थालाई भौतिक पूर्वाधार निर्माणमा अनुदान सहयोग	संख्या	१	५००	२	५००	२	५००	२	६००	२	८००	९	२९००	नपासशा	
१४				सहकारी प्रवर्द्धनका लागि भेला, महोत्सव, दिवस आदि कार्यक्रम सञ्चालन	वार्षिक पटक	१	१००	१	१००	१	१००	१	२००	१	३००	५	८००	नपासशा	
१५				एक सहकारी एक उत्पादनको अवधारणा प्रवर्द्धनको लागि अध्ययन तथा अनुसन्धान	वटा	३	३००	३	३००	३	४००	३	५००	३	६००	१५	२१००	नपासशा	
				जम्मा			**४१००**		**३८०१**		**४४००**		**५६५०**		**७२५०**		**२५२०१**		

४.७.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी

(क) नतिजा खाका

तालिका २९ : नतिजा खाका (सहकारी तथा वित्तीय संस्था)

नतिजा तह	सूचक		आधार वर्ष २०७७/७८	योजना अवधिको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	इकाई		आ.व. २०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३			
प्रभाव सहकारी तथा वित्तीय संस्थाहरूको योगदान वृद्धि भएको हुनेछ।	सहकारीहरुबाट रोजगारी सिर्जना	संख्या		१००	१००	१००	१००	१००	५००	नपाको वार्षिक प्रतिवेदन	
	उत्पादन क्षेत्रमा भएको सहकारीको लगानी	रु करोडमा		१	१.५	२	२.५	३	१०	नपावाप्र	
	सहकारी संस्थाहरुको वचतमा भएको वृद्धि	प्रतिशत		१०	१०	१०	१०	१०		नपावाप्र	
	सहकारी तथा वित्तीय संस्थाहरुबाट लाभान्वित हुनेहरु	संख्या		१०००	१०००	१०००	१०००	१०००	५०००	नपावाप्र	
असर १ सहकारी संस्थाहरुको प्रभावकारिता वृद्धि भएको हुनेछ।	नगरपालिकाको नियमनमा रहेका सहकारी संस्था	प्रतिशत		७५	८०	८५	९०	९५	९५	नपावाप्र	
	नगरपालिकाको समन्वयमा रहेका लघुवित्त संस्था	प्रतिशत		१००	१००	१००	१००	१००	१००	नपावाप्र	
	सहकारीहरूको अनुगमन वार्षिक	पटक		२	२	२	२	२	२	नपावाप्र	
	एक सहकारी एक उत्पादनको अवधारणा अनुसार कार्य गर्ने सहकारी	संख्या		५	७	९	११	१३	१३	नपावाप्र	
प्रतिफल १.१ सहकारी सम्बन्धी नीति, कानून तथा मापदण्डको तर्जुमा भएको हुनेछ।	नगरस्तरीय सहकारी सम्बन्धी कानुनहरू	संख्या		१	१	१	१	१	१	नपावाप्र	
	नगरस्तरीय सहकारी सम्बन्धी नीति तथा कार्यविधिहरू	संख्या		१	१	१	१	१	१	नपावाप्र	
प्रतिफल १.२ सहकारीहरुको क्षमता वृद्धि भएको हुनेछ।	नपाबाट क्षमता विकास अवसर पाएका सहकारीहरु	संख्या		१००	१००	१००	१००	१००	१००	नपावाप्र	
	सहकारी तथा गरिबी निवारण सूचना प्रणाली (COPOMIS) सञ्चालन सम्बन्धी तालिम पाएका सहकारीहरु	प्रतिशत		१००	१००	१००	१००	१००	१००	नपावाप्र	

(ख) अपेक्षित उपलब्धी

यस पालिकाभित्र संचालित सबै सहकारी संस्थाहरु सहकारीको सिद्धान्त तथा मूल्य मान्यता अनुरुप सञ्चालनमा भएका हुनेछन्। सहकारी संस्थाहरुको उत्थानशील क्षेत्रमा लगानी बृद्धि भई थप रोजगारी सिर्जना भएको हुनेछ। सबै नगरबासीमा वित्तीय सेवाको पहुँच बृद्धि भएको हुनेछ।

परिच्छेद पाँच : सामाजिक क्षेत्र

यसक्षेत्र अन्तर्गत स्वास्थ्य तथा पोषण, शिक्षा, विज्ञान तथा नवप्रवर्तन, खानेपानी तथा सरसफाई, महिला, बालबालिका तथा लक्षित वर्ग र युवा तथा खेलकूद आदि उपक्षेत्रहरू समावेश गरिएको छ । यसका साथै दिगो विकास लक्ष्य अन्तर्गत लक्ष्य ३ : असल स्वास्थ्य तथा स्वस्थ जीवन, लक्ष्य ४: गुणस्तरीय शिक्षा, लक्ष्य ५ : लैङ्गिक समानता र लक्ष्य ६ : स्वच्छ पानी र सरसफाई विषयहरूलाई यस क्षेत्रमा समावेश गरी विश्लेषण गरिएको छ ।

५.१ स्वास्थ्य तथा पोषण

५.१.१ पृष्ठभूमि



यस नगरपालिकामा ५ वटा स्वास्थ्य चौकी, ७ वटा आधारभुत स्वास्थ्य सेवा केन्द्र, ४ वटा आधारभुत सामुदायिक स्वास्थ्य सेवा केन्द्र, ६ वटा वर्थीङ्ग सेन्टर, र १ आयुर्वेदिक औषधालय रहेका छन् । साथै १५ शैयाको प्राथमिक अस्पताल निर्माणाधिन अवस्थामा रहेको छ । यसका अलावा ६ वटा DOTS केन्द्र, २ वटा माईक्रोस्कोपिक केन्द्र, ११ वटा गाउँघर क्लिनिक र २० वटा खोप क्लिनिक रहेका छन् । यी स्वास्थ्य संस्थाहरूमा स्थायी ३१ जना, स्थानीय श्रोतबाट करारमा ४० जना, अन्यबाट करारमा ८ जना गरि जम्मा ७९ जना स्वास्थ्यकर्मीहरू रहेको र महिला स्वास्थ्य स्वयंसेविकाहरू ४० को संख्यामा रहेका छन् ।

यस नगरपालिकाको २०७७/०७८ को तथ्याङ्क अनुसार ६६ प्रतिशत गर्भवती महिलाहरूले स्वास्थ्य मापदण्ड अनुसार चार पटक स्वास्थ्य जाँच गराएको र ५४ प्रतिशतले दक्ष प्रसूतिकर्मीको सहयोगमा स्वास्थ्य संस्थामा गएर बच्चा जन्माएका थिए । यस नगरपालिकामा पाँच वर्ष मुनिका बालबालिकाहरूमा झाडा पखालाको संक्रमण दर प्रति हजारमा ७२३ रहेको छ । त्यसैगरी श्वासप्रश्वास संक्रमण (ARI) प्रति हजारमा ८२६ रहेको देखिन्छ । यहाँका ९०% बालबालिकाहरूले सबै प्रकारका खोप लिएको देखिन्छ भने भिटामिन ए प्राप्त गर्ने बालबालिका ६८% रहेको छ । ३२ प्रतिशत प्रजनन् उमेरका महिलाले आधुनिक परिवार नियोजनका साधन प्रयोग गर्दछन् । प्रकोप तथा अन्य विपदका कारण हुने घाईतेहरूको उद्धार, प्राथमिक उपचार जस्ता आपतकालिन उपचारका लागि पनि पूर्व तयारी अवस्थामा रहनु पर्ने देखिन्छ ।

५.१.२ समस्या तथा चुनौती

(क) समस्या

पालिकाको स्वास्थ्य नीति नबन्नु, स्वास्थ्य संस्थाहरूको भौतिक संरचना तथा पुर्वाधार सुधार गर्नु पर्ने, विद्यमान स्वास्थ्य चौकीहरू गुणस्तरीय मापदण्ड सहितको नहुनु, केहि स्वास्थ्य संस्था जस्तै भेरी किनारमा रहेका र वडा नं ११ र ३ का संस्था बाढीको जोखिममा रहनु, सबै वडामा स्वास्थ्य चौकी व्यवस्था नहुनु, सबै वडामा सुरक्षित प्रसुती सेवाको विस्तार गर्न नसक्नु, स्वास्थ्य संस्थाहरूमा खानेपानीको व्यवस्था नहुनु, Pathology Lab को व्यवस्था नहुनु, स्वास्थ्य संस्थाहरूमा पर्याप्त औजार तथा मेसिनहरू नहुनु, स्वास्थ्य सेवामा पर्याप्त मात्रामा दक्ष जनशक्तिको अभाव, LMIS तालिम प्राप्त स्वास्थ्यकर्मीको अभाव हुनु, स्वास्थ्य

क्षेत्रमा पर्याप्त बजेट नहुनु, समयानुकुल पुनर्ताजगी तालिम नहुनु, स्वास्थ्यकर्मीहरू जन स्वास्थ्यमा बढी संवेदनशील बनाउन नसक्नु, स्वास्थ्य सेवा विपन्न, सिमान्तकृत तथा अपाङ्गता भएका समुदायको पहुँचमा पुग्न नसक्नु, निःशुल्क तथा अत्यावश्यक औषधीको पर्याप्त मात्रामा सर्वयाम उपलब्ध नहुनु, अपाङ्गता भएका व्यक्ति तथा महिलाहरू र जेष्ठ नागरिकहरूको स्वास्थ्य चौकीको पहुँचमा कमी, मानसिक स्वास्थ्यले कम प्राथमिकता पाएको, विपद् तथा महामारीको अवस्थामा आपतकालीन स्वास्थ्य सेवा विस्तार गर्न पुर्वाधार तयार नहुनु, प्रोटोकल अनुसार ४ पटक गर्भ जाँचमा सुधार नहुनु, जस्ता समस्याहरू प्रमुख रुपमा देखिएका छन् ।

(ख) चुनौती

स्वास्थ्य संस्थाहरूका लागि पर्याप्त जग्गा उपलब्ध नहुनु, नगरपालिकाका सबै क्षेत्र तथा समुदायमा सुलभ तथा सहज आधारभूत स्वास्थ्यको सेवाको पहुँचमा वृद्धि गर्नु, भौगोलिक विकटताका कारण सबै स्वास्थ्य संस्थाहरूमा ईन्टरनेट नचल्ने भएको कारणले DHIS-2 लागु गर्नु, सबै वडामा स्वास्थ्य चौकी स्थापना गर्नु, गाउँघर क्लिनिकको सेवा लिने जनसंख्या वृद्धि गर्नु, स्वास्थ्य संस्थाहरूको सेवामा प्रभावकारीता र गुणस्तरीयता वृद्धि गर्नु, स्वास्थ्य सेवालाई प्राथमिताका साथ बजेट वृद्धि गर्नु, विपन्न, सिमान्तकृत समुदाय तथा जेष्ठ नगरिकहरूमा स्वास्थ्य सम्बन्धी सचेतना जगाउनु, स्वास्थ्य विमाको दायरा विस्तार गरी सबैको पहुँचमा पुऱ्याउनु, स्वास्थ्य संस्थाहरूमा आधारभूत सुविधायुक्त (औजार/उपकरण, दक्ष जनशक्ति र पूर्वाधार) पुऱ्याउनु, कोभिड १९ का कारणले स्वास्थ्यका अन्य कार्यक्रमहरूमा वजेट व्यवस्थापन गर्न र कार्यक्रमहरू समयमै सञ्चालन गर्नु, रेकर्डिङ रिपोर्टिङ लगायत स्वास्थ्य संस्थाहरूलाई व्यवस्थापन र कर्मचारी व्यवस्थापन गर्नु जस्ता चुनौतीहरू देखिएका छन् ।

५.१.३ सम्भावना तथा अवसर

(क) सम्भावना

स्वास्थ्यलाई प्रभाव पार्ने पोषण, खानेपानी तथा सरसफाईप्रति आम मानिसहरूको सचेतना क्रमिक रुपमा बढ्दै गएको छ । खाद्य सुरक्षा तथा स्वास्थ्य सेवाको पहुँच पनि वृद्धि हुँदै गएको छ । यसबाट नगरपालिका भित्र स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुने प्रशस्त सम्भावना रहेको छ ।

(ख) अवसर

पालिकास्तरीय स्वास्थ्य समिति क्रियाशिल रहनु, पालिकामा वार्षिक स्वास्थ्य योजना बन्ने गरेको, स्थानीय तहले स्वास्थ्य समस्याहरूको पहिचान गरी स्रोत साधनको परिचालन गर्ने वातावरणको सिर्जना भएको, यस नगरपलिकामा ५ वटा स्वास्थ्य चौकी, ७ वटा आधारभुत स्वास्थ्य सेवा केन्द्र, ४ वटा आधारभुत सामुदायिक स्वास्थ्य सेवा केन्द्र, ६ वटा वर्थीङ्ग सेन्टर, र १ आयुर्वेदिक औषधालय, साथै १५ शैयाको प्राथमिक अस्पताल निर्माणाधिन अवस्थामा रहनु ,६ वटा DOTS केन्द्र, २ वटा माईक्रोस्कोपिक केन्द्र ११ वटा गाउँ घर क्लिनिक, र २० वटा खोप क्लिनिक रहनु, स्वास्थ्य सेवाका लागि सक्षम प्रणाली, युनिसेफ, मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र नेपाल जस्ता साझेदार संस्था रहनु जस्ता अवसरहरू स्वास्थ्य क्षेत्रमा रहेका छन् ।

५.१.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

(क) लक्ष्य

नगरवासीको स्वास्थ्य तथा पोषणको अवस्थामा उल्लेख्य सुधार गर्ने ।

(ख) उद्देश्य

१ आधारभूत स्वास्थ्य सेवा, गुणस्तरीय, भरपर्दो र सर्वसुलभ बनाउनु ।
२ आम नागरिकमा स्वास्थ्य तथा पोषण सम्बन्धी सचेतना अभिवृद्धि गर्नु ।
३ महामारी लगायतको विपद्को अवस्थाको लागि जन स्वास्थ्य सेवा तयारी अवस्थामा राख्नु ।

(ग) रणनीति र कार्यनीति

तालिका ३० : रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उदेश्य १ : आधारभूत स्वास्थ्य सेवा, गुणस्तरीय, भरपर्दो र सर्वसुलभ बनाउनु ।	
१.१ स्वास्थ्य संस्थाहरूको भौतिक संरचना न्यूनतम मापदण्ड अनुरुप सुधार गरि उत्थानशील बनाउने ।	१.१.१ निर्माणाधीन अस्पताल तथा बन्न बाँकी रहेका स्वास्थ्य चौकी, प्रसुती सेवा केन्द्र तथा तथा अन्य स्वास्थ्य संस्थाहरू जस्तै आयुर्वेदिक अस्पताल, औषधालयको संरचनाहरू विपद् प्रतिरोधी अवधारणा अनुरुप निर्माण गरिनेछ । १.१.२ नगरपालिकाका केही स्वास्थ्य संस्थाहरूलाई नमुना स्वास्थ्य संस्थाको रुपमा विकास गरिनेछ । १.१.३ बाढीको जोखिममा रहेका स्वास्थ्य संस्थाहरूको स्थानन्तरण वा उचित व्यवस्थापन गरिने छ । १.१.४ स्वास्थ्य विमा कार्यक्रमलाई सबै क्षेत्र र समुदायको पहुँचमा विस्तार गरिनेछ । १.१.५ नगरपालिका भित्र एक आयुर्वेद अस्पताल निर्माण र केही वडाहरुमा आयुर्वेदीक औषधालयहरु निर्माण गरिनेछ ।
१.२ स्वास्थ्य संस्थाहरूको संस्थागत क्षमता वृद्धि गर्ने ।	१.२.१ हाल निर्माणाधीन रहेको १५ शैयाको अस्पताललाई तोकिएको समयमा सम्पन्न गरिनेछ । १.२.२ विद्यामान स्वास्थ्य केन्द्रहरूको भौतिक संरचना सुधार, आवश्यक उपकरण, औजार तथा पर्याप्त औषधिहरूको व्यवस्थापन गरिनेछ । १.२.३ गरीब, सिमान्तकृत, अपाङ्गता, महिला, बालबालिका तथा जेष्ठ नागरिकहरू लक्षित स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिनेछ । १.२.४ नगरपालिकामा आधारभुत तहको प्रयोगशाला (Pathology lab) को स्थापना गरिनेछ । साथै नाक कान घाँटी तथा आँखा उपचार सेवा विस्तार गरिने छ । १.२.५ स्वास्थ्य सेवा प्रभावकारी र जनमैत्री बनाउन स्वास्थ्यकर्मीहरूको आवश्यक क्षमता बृद्धि गरिनेछ । १.२.६ आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराईनेछ । १.२.७ मर्यादित स्वास्थ्य सेवा तथा सुरक्षित स्वास्थ्यकर्मीको लागि आचारसंहिता बनाई लागु गरिनेछ । १.२.८ स्वास्थ्य संस्थाहरूको अनुगमनलाई प्रभावकारी बनाइनेछ ।
उद्देश्य २ : आम नागरिकमा स्वास्थ्य तथा पोषण सम्बन्धी सचेतना अभिवृद्धि गर्नु ।	
२.१ स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन र नियमन साथै स्वास्थ्य तथा पोषण सम्बन्धी चेतना अभिवृद्धि गरि	२.१.१ बाल तथा मातृ स्वास्थ्य सेवालाई भरपर्दो र सुरक्षित बनाउन नगरपालिकाबाट थप रकमको व्यवस्था गरिनेछ । २.१.२ सुनौला हजार दिनको महिला तथा बालबालिकाको पोषण सुरक्षा सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

रणनीति	कार्यनीति
नागरिकहरूको स्वास्थ्य सम्बन्धी व्यवहारमा सुधार गर्ने ।	२.१.३ सर्ने तथा नसर्ने रोगहरूको अध्ययन, अनुसन्धान, निगरानी, रोकथाम, नियन्त्रण, निवारण, उन्मूलन तथा नियमनका सम्बन्धी रणनीति तयार गरिनेछ । २.१.४ नगरपालिका क्षेत्रमा आम नागरिकहरूको स्वास्थ्य सेवाको पहुँच स्थापना गर्न, स्वास्थ्य सेवाबाट नागरिकहरू सेवा वञ्चित नहुने र नगरपालिका क्षेत्रका नागरिकहरूको अकालमा मृत्यु नहोस भन्ने हेतुले आकस्मिक स्वास्थ्य कोषको स्थापना गरिनेछ । २.१.५ स्वास्थ्य स्वयंसेविका, आमा समूह, समुदायमा आधारित संघ संस्था, क्लव तथा गैर सरकारी संस्थाको सहकार्यमा खाद्य आहार व्यवहार सुधार, पोषण तथा स्वास्थ्य सम्बन्धी विद्यालय तहमा विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गरिनेछ । २.१.६ आयुर्वेदिक चिकित्सा, व्यायाम, योग जस्ता शारीरिक सुसंगठन तथा मानसिक स्वास्थ्य सम्बन्धी विषयलाई विद्यालय र समुदाय केन्द्रित बनाई अभियानको रुपमा शिविर सञ्चालन गरिनेछ । २.१.७ विपन्न, दलित, जेष्ठ नागरिक तथा महिलाहरू लक्षित पोषण सम्बन्धी सचेतनामूलक तथा उपचारात्मक सेवा उपलब्ध गराइनेछ । २.१.८ स्वास्थ्य सम्बन्धी प्रभावकारी जनचेतना कार्यक्रम सञ्चालन गर्न महिला स्वास्थ्य स्वयंसेविका, किशोर किशोरी तथा युवाहरूलाई परिचालन गरिनेछ । २.१.९ स्वास्थ्य चौकीहरूमा गई सुत्केरी गराउने सुत्केरी महिलालाई प्रोत्साहन स्वरुप दिईने सुत्केरी भत्ता रकममा वृद्धि गरिनेछ ।
उद्देश्य ३ : महामारी लगायतको विपद्को अवस्थाको लागि जनस्वास्थ्य सेवा तयारी अवस्थामा राख्नु ।	
३.१ महामारी तथा विपद्का समय प्रभावकारी व्यवस्थापनका लागि एकीकृत उपायहरू अवलम्बन गर्ने ।	३.१.१ महामारीको संक्रमण नियन्त्रण तथा सुरक्षाका उपाय तथा उपचारात्मक कार्यका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ । ३.१.२ थप एम्बुलेन्स सेवाको व्यवस्था, आधारभुत सेवा व्यवस्थापन साधन सम्पन्न तालिम प्राप्त चिकित्सक र स्वास्थ्यकर्मीको टोलीलाई परिचालन गरिनेछ । ३.१.३ महामारी तथा विपद्मा उच्च जोखिममा रहेका वर्ग जस्तै गर्भवती तथा सुत्केरी महिला, जेष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू तथा विपन्न, दलित र सिमान्तकृत सुमदायका लागि लक्षित गरी नियन्त्रण तथा उपचारका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । ३.१.४ विभिन्न निकाय र संस्थाहरूको समन्वयमा स्थानीय स्तरमा आधारभूत पूर्वाधारको तयारी साथै आवश्यकता अनुसार थप उपचारका लागि रिफरल प्रणाली तथा एयरलिफ्टिङ्ग समेतको व्यवस्था गरिनेछ । ३.१.५ क्षेत्रीय (अन्तरपालिका) तहमा स्वास्थ्य सेवा सञ्जाल स्थापना गरिनेछ ।

(घ) कार्यक्रम तथा आयोजना

तालिका ३१ : कार्यक्रम तथा आयोजना (स्वास्थ्य तथा पोषण)

(रू. हजारमा)

क्र.सं.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	इकाई	अनुमानित स्रोत र वार्षिक लक्ष्य												जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४		जम्मा			
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
१	१	१.१	१.१.१	स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधारको अवस्था सम्बन्धी विस्तृत अध्ययन	पटक	०	०	१	१५००	०	०	०	०	०	०	**१**	**१५००**	नपास्वाशा	
२			१.१.२	नगरपालिकामा रहेका स्वास्थ्य संस्थाहरुलाई नमुना स्वास्थ्य संस्थाको रुपमा विकास	संख्या	१	५००	१	५००	१	६००	१	६५०	१	७००	**५**	**२९५०**	नपास्वाशा	
३			१.१.३	बाढीको जोखिममा रहेका स्वास्थ्य चौकीहरूको जोखिम न्यूनीकरण कार्यक्रम	संख्या	०	०	१	५०००	१	५५००	१	६०००	०	०	**३**	**१६५००**	नपास्वाशा	भेरी किनार, वडा नं ३ र ११ मा रहेका स्वास्थ्य चौकी
४			१.१.४	स्वास्थ्य विमा विस्तार कार्यक्रम	प्याकेज	१	१५००	१	१५००	१	१८००	१	२०००	१	२२००	**५**	**९०००**	नपास्वाशा	
५			१.१.५	आयुर्वेधिक अस्पताल भवन निर्माण	संख्या	१	५००	१	५००	१	५०००	१	७००	१	८००	**५**	**७५००**	नपास्वाशा	लहँ
६				आयुर्वेधिक औषधालय निर्माण	संख्या	०	०	१	३०००	०	०	१	३०००	०	०	**२**	**६०००**	नपास्वाशा	
७		१.२	१.२.१	नगर अस्पताल निर्माण सम्पन्न र सञ्चालन	संख्या	०	०	०	०	१०	३५०००	१	८००	१	१०००	**१२**	**३६८००**	नपास्वाशा	
८		१.२	१.२.२	विद्यामान स्वास्थ्य केन्द्रहरूको भौतिक संरचना सुधार, आवश्यक उपकरण तथा औजार व्यवस्थापन	सख्या	२	५०००	२	५०००	२	५०००	२	५०००	२	५०००	**१०**	**२५०००**	नपास्वाशा	
२.४ अपाङ्गता भएका व्यक्तिहरूको सार्वजनिक सेवामा सहज पहुँच बढाउने ।	२.४.१ भौतिक संरचना, पूर्वाधार तथा यातायातका साधनहरू र सेवा सुविधा अपाङ्गमैत्री बनाइनेछ । २.४.२ शिक्षण सिकाइ पद्धति अपाङ्गमैत्री बनाइनेछ ।

(घ) कार्यक्रम तथा आयोजना

तालिका ४० : कार्यक्रम तथा आयोजना (महिला, बालबालिका तथा लक्षित वर्ग)

(रू. हजारमा)

क्र.सं.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	इकाई	अनुमानित स्रोत र वार्षिक लक्ष्य												जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४		जम्मा			
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
१	१	१.१	१.१.१	निर्वाचित प्रतिनिधि तथा कर्मचारीहरूलाई लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी तालिम तथा अभिमुखीकरण	प्याकेज	१	५००	१	५००	१	५००	१	५००	१	५००	**५**	**२५००**	नपामबाशा	
२				नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सुधार कार्यक्रम	प्याकेज	१	६००	१	६००	१	६००	१	६००	१	६००	**५**	**३०००**	नपामबाशा	
३			१.१.२	लैङ्गिक समानता सम्बन्धी नीति तर्जुमा, विद्यमान कानून तथा कार्यक्रम पुनरावलोकन	प्याकेज	१	२००	१	२००	१	२००	१	२००	१	२००	**५**	**१०००**	नपामबाशा	
४			१.१.३	महिला विरुद्ध हुने हिंसा न्यूनीकरणका लागि सचेतना तथा अभिमुखीकरण तालिम तथा अभियान सञ्चालन	प्याकेज	१	२०००	१	२०००	१	२०००	१	२०००	१	२०००	**५**	**१००००**	नपामबाशा	
५				महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद नियन्त्रणका लागि कानूनी उपचार प्रणालीलाई सहज बनाउन प्रत्येक वडामा सहजीकरण टोली सहितको हेल्प डेस्क स्थापना	संख्या	१३	३९००	१३	३९००	१३	३९००	१३	३९००	१३	३९००	**१३**	**१९५००**	नपामबाशा	
६				कानूनी उपचार तथा परामर्श सम्बन्धमा तालिम तथा अनुशिक्षण सञ्चालन	प्याकेज	५	१०००	५	१०००	५	१०००	५	१०००	५	१०००	**२५**	**५०००**	नपामबाशा	
७				हिंसा प्रभावित व्यक्तिहरूलाई सेवा दिन आश्रय केन्द्र निर्माण	संख्या	१	१०००	१	१०००	१	१०००	१	१०००	१	१०००	**५**	**५०००**	नपामबाशा	
८			१.१.४	आर्थिक रूपले विपन्न र सामाजिक रूपले पछाडि परेका महिलालाई विशेष प्राथमिकता दिँदै आर्थिक सशक्तीकरण र सामाजिक रूपान्तरणका लागि अभियान, तालिम तथा क्षमता विकास कार्यक्रम	प्याकेज	२	२००	२	२००	२	२००	२	२००	२	२००	**१०**	**१०००**	नपामबाशा	
९			१.१.५	नगरपालिकाको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा महिलाको प्रभावकारी सहभागिता वृद्धिका लागि आवश्यक तालिम सञ्चालन तथा क्षमता वृद्धि कार्यक्रम	प्याकेज	२	२००	२	२००	२	२००	२	२००	२	२००	**१०**	**१०००**	नपामबाशा	

क्र.सं.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	इकाई	अनुमानित स्रोत र वार्षिक लक्ष्य												जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४		जम्मा			
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
१०		१.२	१.१.६	महिलाहरुको कार्यबोझ कमी गर्ने सम्बन्धमा तालिम कार्यक्रम सञ्चालन	प्याकेज	२	२००	२	२००	२	२००	२	२००	२	२००	१०	१०००	नपामबाशा	
११			१.२.१	बालबालिका तथा किशोरकिशोरीहरू विरुद्ध हुने हिंसा, बाल यौनदुर्व्यवहार, बालश्रम, बालविवाह, बलात्कार, बेचविखन जस्ता अपराध विरुद्ध कानून निर्माण	संख्या	१	१००	०	०	०	०	०	०	०	०	१	१००	नपामबाशा	
१२				निर्मित कानूनी प्रावधानका बारे स्थानीय संस्था, समुह, बालक्लब तथा विद्यालयको सकृयतामा अनुशिक्षण तथा अभिमुखीकरण	संख्या	२०	२००	२०	२००	२०	२००	२०	२००	२०	२००	१००	१०००	नपामबाशा	
१३			१.२.२	विभिन्न सामाजिक सञ्जालको दुरुपयोगबाट बालबालिका माथि पर्ने सबै प्रकारका नकारात्मक असरहरू न्यूनीकरणका लागि गोष्ठी, तालिम तथा बालक्लव तथा विद्यालय स्तरमा मनोसामाजिक परामर्श सेवा कार्यक्रम	संख्या	२०	२००	२०	२००	२०	२००	२०	२००	२०	२००	१००	१०००	नपामबाशा	
१४				विभिन्न संस्थाहरूको पहलमा विद्यालय तथा समुदाय स्तरमा अतिरिक्त क्रियाकयाप, प्रतियोगिता तथा क्षमता विकासका कार्यक्रम	संख्या	२	५००	२	५००	२	५००	२	५००	२	५००	१०	२५००	नपामबाशा	
१५				बालबालिकामा अन्तर्निहित विभिन्न प्रतिभा तथा क्षमतालाई प्रस्फुटित गर्नका लागि विद्यालय तथा स्थानीय तहमा कार्यक्रम तथा प्रतियोगिता सञ्चालन	संख्या	२	५००	२	५००	२	५००	२	५००	२	५००	१०	२५००	नपामबाशा	
१६			१.२.३	बाल कोष स्थापना	संख्या	२	५००	२	५००	२	५००	२	५००	२	५००	१०	२५००	नपामबाशा	
१७			१.२.४	बाल विवाह (उमेर नपुगी विवाह), बाल श्रम, बालबालिका विरुद्धको अपराध, मानव बेचविखन विरुद्ध, बालबालिकालाई जोखिमपूर्ण काममा नलगाउन जनचेतनामुलक कार्यक्रम तथा अभियान	संख्या	१०	५००	१०	५००	१०	५००	१०	५००	१०	५००	५०	२५००	नपामबाशा	
१८			१.२.५	बालश्रम विरुद्धको जनचेतनामूलक कार्यक्रम सञ्चालन	प्याकेज	१	५००	१	५००	१	५००	१	५००	१	५००	५	२५००	नपामबाशा	

क्र.सं.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	इकाई	अनुमानित स्रोत र वार्षिक लक्ष्य												जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४		जम्मा			
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
१९		१.३	१.३.१	ज्येष्ठ नागरिकको आर्थिक तथा सामाजिक हक अधिकार संरक्षणको लागि ज्येष्ठ नागरिक संरक्षण नीति तर्जुमा तथा कार्यान्वयन	संख्या	१	१००	०	०	०	०	०	०	०	०	१	१००	नपामबाशा	
२०				ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता सजह तथा सुलभ वितरण	प्याकेज	१	५००	१	५००	१	५००	१	५००	१	५००	५	२५००	नपामबाशा	
२१			१.३.२	ज्येष्ठ नागरिकहरूका लागि आश्रय केन्द्र स्थापना	संख्या	३	३००	३	३००	३	३००	३	३००	१	१००	१३	१३००	नपामबाशा	
२२			१.३.३	सबै जेष्ठ नागरिकहरूको पहुँचमा हुनेगरी स्वास्थ्य बिमा विस्तार	प्याकेज	१	५००	१	५००	१	५००	१	५००	१	५००	५	२५००	नपामबाशा	
२३			१.३.४	ज्येष्ठ नागरिक घर दैलो उपचार कार्यक्रम	प्याकेज	१	५००	१	५००	१	५००	१	५००	१	५००	५	२५००	नपामबाशा	
२४				विपद तथा महामारीका समयमा जेष्ठ नागरिकहरू केन्द्रित राहत कार्यक्रम, संक्रमण नियन्त्रणका लागि सुरक्षाका उपाय अवलम्वनमा सहयोग तथा उपचारका लागि विशेष कार्यक्रम	प्याकेज	१	५००	१	५००	१	५००	१	५००	१	५००	५	२५००	नपामबाशा	
२५		१.४	१.४.१	सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार संरक्षण गर्न आवश्यक नीति निर्माण तथा कार्यान्वयन	संख्या	१	१००	०	०	०	०	०	०	०	०	१	१००	नपामबाशा	
२६				अपाङ्गता परिचय पत्रको सहज वितरण कार्यक्रम	प्याकेज	१	५००	१	५००	१	५००	१	५००	१	५००	५	२५००	नपामबाशा	
२७				विभिन्न संस्था तथा प्रदेशको पहलमा अपाङ्गता भएकाहरूको शिक्षा, क्षमता विकास तथा रोजगारीका लागि कार्यक्रम	प्याकेज	५	५००	५	५००	५	५००	५	५००	५	५००	२५	२५००	नपामबाशा	
२८			१.४.२	अपाङ्गता भएका व्यक्तिहरुका लागि स्याहार केन्द्र स्थापना	वटा	०	०	१	२०००	१	२०००	१	२०००	१	२०००	४	८०००	नपामबाशा	
२९			१.४.३	अपाङ्गता भएका व्यक्तिहरुको अध्ययनका लागि सहयोग कार्यक्रम	प्याकेज	१	५००	१	६००	१	८००	१	१०००	१	१२००	५	४१००	नपामबाशा	
३०			१.४.४	द्वन्द्वको कारण अपाङ्गता भएकाहरुको विवरण तयारी	पटक	१	५००	०	०	०	०	०	०	०	०	१	५००	नपामबाशा	
३१	२	२.१	२.१.१	लैगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी स्थानीय नीति,	संख्या	१	२००	०	०	०	०	०	०	०	०	१	२००	नपामबाशा	

क्र.सं.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	इकाई	अनुमानित स्रोत र वार्षिक लक्ष्य												जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४		जम्मा			
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
				कानून तथा मापदण्डको निर्माण, सुचक निर्माण															
३२			२.१.२	महिलाहरुका लागि स्वरोजगार तथा आयमूलक कार्यक्रम सञ्चालन	प्याकेज	५	५००	५	५००	५	५००	५	५००	५	५००	२५	२५००	नपामबाशा	
३३				महिलाका लागि व्यवसाय सञ्चालन गर्न सहुलियतपूर्ण ऋण तथा वित्तीय पहुँचको व्यवस्था	प्याकेज	५	५०	५	५०	५	५०	५	५०	५	५०	२५	२५०	नपामबाशा	
३४		२.२	२.२.१	बालमैत्री स्थानीय शासनका लागि अनुशिक्षण, तालिम तथा पूर्वाधार तयारी	प्याकेज	१	५००	१	५००	१	५००	१	५००	१	५००	५	२५००	नपामबाशा	
३५		२.३	२.३.१	जेष्ठ नागरिक सम्मान कार्यक्रम	प्याकेज	५	१०	५	१०	५	१०	५	१०	५	१०	२५	५०	नपामबाशा	
३६				अस्पताल, यातायात आदिमा सहुलियत कार्ड	प्याकेज	१	१००	१	१००	१	१००	१	१००	१	१००	५	५००	नपामबाशा	
३७			२.३.२	जेष्ठ नागरिकहरूको सिप तथा अनुभव हस्तान्तरण कार्यक्रम	प्याकेज	५	५०	५	५०	५	५०	५	५०	५	५०	२५	२५०	नपामबाशा	
३८			२.३.४	जेष्ठ नागरिकहरूका लागि दिवा भवन निर्माण	संख्या	३	३००	३	३००	३	३००	३	३००	१	१००	१३	१३००	नपामबाशा	
३९				जेष्ठ नागरिकहरूका धार्मिक भवन	प्याकेज	५	१०००	५	१०००	५	१०००	५	१०००	५	१०००	२५	५०००	नपामबाशा	
४०		२.४	२.४.१	अपाङ्गमैत्री पुर्वाधार निर्माणका लागि अनुशिक्षण तथा अभियान कार्यक्रम, तथा नीति निर्माण तथा कार्यान्वयन	प्याकेज	१	१००	०	०	०	०	०	०	०	०	१	१००	नपामबाशा	
४१				अपाङ्गमैत्री शिक्षण सिकाइ सम्बन्धी तालिम सञ्चालन	प्याकेज	५	१०००	५	१०००	५	१०००	५	१०००	५	१०००	२५	५०००	नपामबाशा	
				जम्मा			२१११०		२२११०		२२३१०		२२५१०		२२३१०		११०३५०		

५.४.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी

(क) नतिजा खाका

तालिका ४१ : नतिजा खाका (महिला, बालबालिका तथा लक्षित वर्ग)

नतिजाको तह	सूचक		आधार बर्ष २०७७/७८	योजना अवधिको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	ईकाइ		आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४			
प्रभाव महिला, बालबालिका, अपाङ्गता भएका, जेष्ठ नागरिक तथा सिमान्तकृतहरू विरुद्ध हुने सबै प्रकारका विभेद, हिंसा र शोषण रहित समाज निर्माण भएको हुनेछ ।	महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा सिमान्तकृत विरुद्धका विभेदका दर	प्रतिशत		४०	३०	२०	१०	०	०	नपाबाप्र	
	महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा सिमान्तकृतहरू विरुद्धका विभेदका मुद्दा दर	प्रतिशत		४०	३०	२०	१०	०	०	नपाबाप्र	
	विभिन्न असल अभ्यास	संख्या		१०	१०	१०	१०	१०	५०	नपाबाप्र	
	लक्षित वर्गको सन्तुष्टि तह	प्रतिशत		५०	६०	७०	८०	१००	१००	नपाबाप्र	
असर १ महिला, बालबालिका, अपाङ्गता भएका, जेष्ठ नागरिक तथा सिमान्तकृतहरूको समग्र अधिकारको संरक्षण तथा प्रवर्द्धन भएको हुने छ	निर्माण तथा कार्यान्वयन भएका नीति तथा कार्यविधि	संख्या		आ.अ.					आ.अ.	नपा प्रतिवेदन,	
	नगरपालिकाको लैङ्गिक उत्तरदायी बजेटको अंश	प्रतिशत		२०	५०	६०	७०	७०	७०	नपाबाप्र	
	घरेलु तथा लैंगिक हिंसा, विवाद लगायतका घटना (बार्षिक)	संख्या		१५	१५	१०	५	०	०	न्यायिक समिति प्रतिवेदन	
प्रतिफल १.१ नगरपालिकमा लैङ्गिक उत्तरदायी बजेट र शासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जीवनयापनको वातावरण सुनिश्चित भएको हुने ।	नीति निर्माण र योजना तर्जूमा प्रक्रियामा महिला सहभागिता	प्रतिशत		३३	४०	४५	५०	५०	५०	नपाबाप्र	
	महिलाको रोजगारीमा सहभागिता	प्रतिशत		२०	३०	४५	५०	७०	७०	नपाबाप्र	
	निर्णय प्रक्रियामा महिलाको सहभागिता तथा नेतृत्व	प्रतिशत		३३	४०	४५	५०	५०	५०	नपाबाप्र	
प्रतिफल १.२ सबै प्रकारका विभेद, हिंसा, उत्पीडन, शोषणबाट पिडीत विपन्न परिवार, अपाङ्गता भएका व्यक्ति, असहाय, अनाथ, विशेष	विभेद र हिंसाका घटनाका दर	प्रतिशत		४०	३०	२०	१०	०	०	नपाबाप्र न्यायिक समिति प्रतिवेदन	
	संरक्षण भएको बालवलिकाको	संख्या		५०	५०	५०	५०	२५०	२५०	नपाबाप्र	
	निर्माण भएका वाल उद्यान	संख्या		३	३	३	३	१		नपाबाप्र	
	नगरपालिकाबाट सहयोग पाएका प्रतिभावान बालबालिका	संख्या		२००	२००	२००	२००	२००	१०००	नपाबाप्र	

नतिजाको तह	सूचक		आधार वर्ष २०७७/७८	योजना अवधिको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	ईकाइ		आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४			
संरक्षणको आवश्यकता भएका बालबालिका तथा किशोरकिशोरीहरुको उचित संरक्षण भएको हुनेछ।											
प्रतिफल १.३ ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहार सुसार र उपयुक्त वातावरण सिर्जना भएको	निर्माण भएको नीति तथा कार्यविधि	संख्या		आ.अ.	आ.अ.				आ.अ.	नपा प्रतिवेदन,	
	सामाजिक सुरक्षा भत्ताको सहजतामा नागरिकको सन्तुष्टि	प्रतिशत		५०	६०	७०	८०	१००	१००	नपाबाप्र	
	स्वस्थ्य विमामा पहुँच भएकाहरु	प्रतिशत		५०	६०	७०	८०	१००	१००	नपाबाप्र	
प्रतिफल १.४ सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार संरक्षण गर्न आवश्यक नीति निर्माण गरी प्रभावकारी कार्यान्वयन भएको हुने	निर्माण भएको नीति	संख्या		आ.अ.	आ.अ.				आ.अ.	नपा प्रतिवेदन,	
	पाउनु पर्ने मध्ये अपाङ्ग परिचय पत्र पाउनेहरू	प्रतिशत		६०	७०	८०	१००	१००	१००	नपाबाप्र	
	योजना तर्जुमामा अपांगता भएका व्यक्तिहरुको सहभागिता	जना		२६	२६	२६	२६	२६	१३०	नपाबाप्र	
	नेतृत्व तहमा पुगेका अपाङ्गता भएका व्यक्तिहरु	प्रतिशत		१०	१५	२०	२५	३०	१००	नपाबाप्र	
असर २ महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरिक तथा सिमान्तकृत मैत्री वातावरण सिर्जना भएको हुने	सार्वजनिक सेवाका नीतिनिर्माणका पदहरूमा रहेका महिला (कुल कर्मचारीहरू मध्ये महिलाको प्रतिशत)	प्रतिशत		२०	३०	३०	४०	४०	४०	नपाबाप्र	
प्रतिफल २.१ महिलालाई व्यवसाय सञ्चालन तथा आयमूलक कार्य गरी स्वरोजगार तथा उद्यमशीलता विकास भएको हुने	महिलाको नेतृत्वमा संचालित कृषि व्यवसाय तथा उद्योग	प्रतिशत		२०	३०	३०	४०	४०	४०	नपाबाप्र	
	व्यवसाय तथा उद्योगमा संलग्न महिलाको दर	प्रतिशत		२०	३०	३०	४०	४०	४०	नपाबाप्र	
	तालिम पश्चात व्यवसाय सञ्चालन वा स्वरोजगारी गर्ने महिला	प्रतिशत		२०	३०	३०	४०	४०	४०	नपाबाप्र	
प्रतिफल २.२	बालमैत्री स्थानीय शासन लागू भएको वडा			२	४	६	८	१३	१३	नपाबाप्र	

नतिजाको तह	सूचक		आधार बर्ष २०७७/७८	योजना अवधिको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	ईकाइ		आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४			
बाल मैत्री तथा किशोर किशोरी मैत्री वातावरण तयार भएको हुनेछ											
प्रतिफल २.३ ज्येष्ठ नागरिकको सुरक्षा र सहजताको लागि सामाजिक सुरक्षा सेवा वृद्धि भएको हुनेछ	सहुलियत कार्ड पाएका ज्येष्ठ नागरिक	प्रतिशत		६०	४०	८०	१००	१००	१००	नपाबाप्र	
	विशेष स्वास्थ्य कार्यक्रममा पहुँच भएका ज्येष्ठ नागरिक	प्रतिशत		६०	७०	८०	१००	१००	१००	नपाबाप्र	
प्रतिफल २.४ अपाङ्ग मैत्री भौतिक संरचना निर्माण तथा सुधार गरी सामाजिक सेवामा सहज पहुँच भएको हुनेछ	अपाङ्गता भएका व्यक्तिको नेतृत्वमा संचालित कृषि व्यवसाय तथा उद्योग	प्रतिशत		५	१०	१५	२५	३०	८५	नपाबाप्र	
	व्यवसाय तथा उद्योगमा संलग्न अपाङ्गता भएका व्यक्तिहरु	प्रतिशत		५	१०	१५	२५	३०	८५	नपाबाप्र	
	तालिम पश्चात व्यवसाय सञ्चालन वा स्वरोजगारी गर्ने अपाङ्गता भएका व्यक्ति	प्रतिशत		५	१०	१५	२५	३०	८५	नपाबाप्र	

(ख) अपेक्षित उपलब्धी

समाजमा महिला, बालबालिका, ज्येष्ठ नागरिक लगायत लक्षित वर्गहरुको नीति निर्माण तथा योजना तर्जुमा प्रक्रियामा अर्थपूर्ण सहभागिता बृद्धि भएको हुनेछ । समाजमा लक्षित वर्गप्रतिको दृष्टिकोणमा सकारात्मक परिवर्तन आएको हुनेछ । महिला, अपाङ्गता भएका व्यक्तिहरु, दलित, अल्पसंख्यकहरुको सशक्तीकरण भएको हुनेछ । लक्षित वर्ग विरुद्धको भेदभावमा कमी आएको र उनीहरुले मर्यादित जीवन जिउन पाएका हुनेछन् ।

५.५ युवा तथा खेलकुद

५.५.१ पृष्ठभूमि

यस नगरपालिकाको कुल जनसंख्याको संरचनालाई हेर्दा १९ देखि ४५ वर्षसम्मको युवाको जनसंख्याको अंश ३७.३१ प्रतिशत रहेको छ । जसमा महिलाहरूको अनुपात ५१.२१ प्रतिशत रहेको छ । तुलनात्मक रुपले सक्रिय जनसंख्याको मात्रा बढि रहेको देखिन्छ । यस नगरपालिकामा शिक्षित बेरोजगार युवाहरूको संख्या बढ्दो छ भने युवाहरू वैदेशिक रोजगारमा पनि संलग्न रहेको पाईन्छ ।

५.५.२ समस्या तथा चुनौती

(क) समस्या

युवाहरूमा सीपको कमी, उद्यमशीलता र रोजगारीका अवसरहरू पर्याप्त नहुनु, युवाहरूको कृषि र उद्यमशीलता प्रति रुचीको कमी, सीप र तालिम बिनानै वैदेशिक रोजगारीमा जानुपर्ने अवस्था, युवा लक्षित विकासका लागि ठोस नीति नहुनु, नगरपालिकाका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा युवाको सहभागिता कम हुनु, नगरपालिकामा उच्च शिक्षा प्रदान गर्ने संस्था नहुँदा युवाहरू शिक्षाका लागि अन्यत्र जान बाध्य हुनु, कोरोना महामारीले कामको अभावका कारण विदेशबाट फर्केका युवाहरू परिचालन हुन नसक्नु, युवाहरूलाई नयाँ कामको थालनीका लागि लगानीको वातावरण र पूँजी नहुनु आदि समस्याका रुपमा रहेका छन् ।

(ख) चुनौती

विदेशबाट फर्केका युवाहरूको सीप तथा अनुभवको उचित प्रयोग गरि उत्पादनमूलक कार्यमा लगाउनु, नगरपालिकामा भएका पर्यटनका अवसरमा युवाहरूलाई आकर्षित गरी यस्ता व्यवसायमा परिचालित गर्नु यस क्षेत्रका मूख्य चुनौतिहरु हुन् ।

५.५.३ सम्भावना तथा अवसर

(क) सम्भावना

युवाहरूको दक्षता, सीप, जाँगरलाई नगरको विकासमा प्रयोग गर्न सकिने तथा त्यसबाट रोजगारी सिर्जना, सामाजिक सचेतना र सुशासन अभिवृद्धि गर्न सकिने सम्भावना रहेको छ ।

(ख) अवसर

नेपालको संविधानमा युवा विकास सम्बन्धी व्यवस्था हुनु, युवाहरूको सीप तथा क्षमता विकासलाई लक्षित गरि नगरपालिकाबाट ड्राईभिङ्ग ट्रेनिङ्ग जस्ता केही कार्यक्रम सञ्चालन हुनु, विदेशवाट फर्केका युवाहरूसँग सीप तथा अनुभव हुनु, युवाहरूको लागि रोजगारीको अवसर सिर्जना गर्न सकिने पर्यटकीय विकासको सम्भावनाहरू हुनु जस्ता अवसरहरू रहेका छन् ।

५.५.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

(क) लक्ष्य

नगरपालिकाको समग्र विकासमा युवा जनशक्तिको भूमिका वृद्धि गर्ने ।

(ख) उद्देश्य

१. नगरको समग्र विकासमा युवाको अर्थपूर्ण सहभागिता वृद्धि गर्नु ।

२. युवाहरूलाई उद्यमशील र व्यवसायिक बनाउनु ।

(ग) रणनीति र कार्यनीति

तालिका ४२ : रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १ : नगरको समग्र विकासमा युवाको अर्थपूर्ण सहभागिता वृद्धि गर्नु ।	
१.१ नगरपालिकाको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा युवाको सहभागिता सुनिश्चित गर्ने ।	१.१.१ नगरपालिकाका युवाहरूलाई विकासका काममा मुलप्रवाहीकरण गरी जिम्मेवार, कर्तव्यबोध र नैतिकवान बनाउन युवा नीति नियम निर्माण तथा कार्यान्वयन गरिनेछ । १.१.२ विकास निर्माणमा युवाहरूलाई परिचालन गर्न युवा स्वयंसेवा कार्यक्रम सञ्चालन, स्थानीय उपभोक्ता समिति, टोल विकास संस्था आदिमा युवा (अझ युवती) लाई नेतृत्व गर्न प्रोत्साहन गरिनेछ । १.१.३ नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा युवा सहभागिता वृद्धि गरिनेछ । १.१.४ शिक्षित युवाहरूको ज्ञान, सिप र क्षमतालाई राष्ट्र सेवामा समर्पित गराउन र राष्ट्रसेवक जनशक्ति उत्पादन गर्न शिक्षक सेवा आयोग तथा लोक सेवा आयोगको तयारी कक्षा सञ्चालन गरि युवा लक्षित क्षमता विकास कार्यक्रमलाई जोड दिईनेछ ।
उद्देश्य २ युवाहरूलाई उद्यमशील र व्यवसायिक बनाउनु ।	
२.१ क्षमता विकास कार्यक्रम तथा वित्तीय स्रोत साधनमा युवाहरुको पहुँच वृद्धि गर्ने ।	२.१.१ युवाहरूलाई पर्यटन सम्बन्धी प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासका अवसरहरूको व्यवस्थापन गरी क्षमता विकासमा पहल गरिनेछ । २.१.२ युवाहरूको अग्रसरतामा कृषि तथा अन्य सम्भाव्य क्षेत्रमा व्यवसाय थालनी, रोजगार तथा स्वरोजगार सिर्जनाका लागि सार्वजनिक, निजी साझेदारी वित्तीय संस्थाहरूमार्फत सहुलियत व्याजदरमा लगानीका वातावरण तयार गरिनेछ ।
२.२ खेलकुद क्रियाकलापहरूमा युवाहरूको संलग्नता बढाउने ।	२.२.१ खेलाडीहरूलाई व्यवसायिक, उत्तरदायी, लगनशील र प्रतिभावान हुन अभिप्रेरित गर्न तथा पालिकाको पहिचान स्थापित गर्न नगरपालिकास्तरीय खेलकुद प्रतियोगिताहरूको आयोजना गरी खेलकुद प्रर्वद्धन गरिने छ ।

(घ) कार्यक्रम तथा आयोजना

तालिका ४३ : कार्यक्रम तथा बजेट (युवा तथा खेलकूद)

(रू. हजारमा)

क्र.सं.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	इकाई	अनुमानित स्रोत र वार्षिक लक्ष्य												जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४		जम्मा			
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
१	१	१.१	१.१.१	युवा सम्बन्धी नीति तथा कार्यविधि निर्माण	संख्या	१	२००	०	०	०	०	०	०	०	०	१	२००	नपा	
२			१.१.२	युवा परिचालन समिति गठन	संख्या	१३	२००	१३	२००	१३	२००	१३	२००	१३	२००	१३	१०००	नपा	
३				युवाहरूलाई विभिन्न संस्थाको पहलमा नेतृत्व विकास तालिम	संख्या	२०	२०००	२०	२०००	२०	२०००	२०	२०००	२०	२०००	१००	१००००	नपा	
४			१.१.३	नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा युवा सहभागितामा वृद्धि गर्न अभिमुखीकरण कार्यक्रम	संख्या	३०	५००	३०	५००	३०	५००	३०	५००	३०	५००	१५०	२५००	नपा	
५				सबै वडाका युवाहरूको सञ्जाल स्थापना गरि अपसी सहयोगका लागि संयन्त्र स्थापना	संख्या	१	१००	१	१००	१	१००	१	१००	१	१००	५	५००	नपा	
			१.१.४	लोक सेवा तयारीका लागि कार्यक्रम सञ्चालन	प्याकेज	१	५००	१	५००	१	५००	१	५००	१	५००	५	२५००	नपा	
६	२	२.१	२.१.१	युवाहरु लक्षित पर्यटन सम्बन्धी सीप विकास तालिम कार्यक्रम	प्याकेज	४	१०००	४	१०००	४	१०००	४	१०००	४	१०००	२०	५०००	नपा	
७			२.१.२	युवाहरुको स्वरोजगार सिर्जनाका लागि व्याजमा अनुदान	प्याकेज	४	५०	४	५०	४	५०	४	५०	४	५०	२०	२५०	नपा	
८		२.२	२.२.१	खेलकुद मार्फत पर्यटनको रुपमा प्रर्वद्धन गर्ने खालका कार्यक्रम	प्याकेज	१	१०००	१	१०००	१	१०००	१	१०००	१	१०००	५	५०००	नपा	
९				विभिन्न निकायको सहयोग तथा समन्वयमा पालिकामा सम्भावना रहेका खेलकुदलाई व्यवसायिकता दिन मध्यम तथा उच्चकोटीको तालिम	प्याकेज	४	१०००	४	१०००	४	१०००	४	१०००	४	१०००	२०	५०००	नपा	
१०				विभिन्न निकायको सहयोग तथा समन्वयमा नगर प्रमुख खेलकुद, अन्तरपालिका तह तथा प्रदेश स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन	प्याकेज	१	१०००	१	१०००	१	१०००	१	१०००	१	१०००	५	५०००	नपा	
११				खेलकुद स्थल (रङ्गशाला, कभर्डहल, फुटबल मैदान, भलिबल कोर्ट आदि) निर्माण	संख्या	३	६००	३	६००	३	६००	३	६००	१	२००	१३	२६००	नपा	
				जम्मा			८१५०		७९५०		७९५०		७९५०		७५५०		३९५५०		

५.५.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी

(क) नतिजा खाका

तालिका ४४ : नतिजा खाका (युवा तथा खेलकुद)

नतिजा तह	सूचक		आधार वर्ष २०७७/७८	योजना अवधिको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	ईकाइ		आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४			
प्रभाव समग्र नगरपालिकाको विकासमा युवा जनशक्ति प्रोत्साहन र अग्रसर भएको हुने ।	नगरपालिकाको विकासमा युवाको सहभागिता दर	प्रतिशत		२५	३०	४०	५०	५०	५०	नपावाप्र	
असर १ नगरको समग्र विकासमा युवाको अर्थपूर्ण सहभागिता वृद्धि भएको हुने छ ।	नगर तथा वडा तहका विभिन्न समितिहरूमा युवाको प्रतिनिधित्व	प्रतिशत		२५	२५	२५	२५	२५	२५	नपावाप्र	
	युवाले नेतृत्व गरेका समिति	प्रतिशत		२५	२५	२५	२५	२५	२५	नपावाप्र	
	सक्रिय युवा सञ्जाल	संख्या		१३	१३	१३	१३	१३	१३	नपावाप्र	
प्रतिफल १.१ नगरपालिकाको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा युवाको सहभागिता वृद्धि भई नेतृत्व सिपको विकास भएको हुने ।	नीति निर्माण र योजना तर्जूमा प्रक्रियामा युवा सहभागिता	प्रतिशत		२५	३०	४०	५०	५०	५०	नपावाप्र	
	नेतृत्व तहमा पुगेका युवाहरु	प्रतिशत		२५	२५	२५	२५	२५	२५	नपावाप्र	
	युवाले नेतृत्व गरेको सुमह वा संस्था	संख्या		२५	३०	४०	५०	५०	५०	नपावाप्र	
	युवा सञ्जालमा सहभागी युवाहरु	प्रतिशत		२५	३०	४०	५०	५०	५०	नपावाप्र	
असर २ युवाहरूलाई उद्यमशील र व्यवसायिकतामा अग्रसर गरि स्वावलम्वी भएको हुने	उद्योग तथा व्यवसायमा संलग्न युवाहरु	प्रतिशत		२५	३०	४०	५०	५०	५०	नपावाप्र	
	तालिम पश्चात रोजगारमा संलग्न युवाहरु	प्रतिशत		२५	३०	४०	५०	५०	५०	नपावाप्र	
प्रतिफल २.१ उद्यमशीलता र व्यवसायीकतामा वृद्धि गरि र आत्मनिर्भर बनाउन क्षमता विकास तथा वित्तीय स्रोत साधनको पहुँचमा वृद्धि भएको हुने	युवाको नेतृत्वमा संचालित कृषिसँग सम्बन्धी व्यवसाय तथा उद्योग	संख्या		१३	१३	१३	१३	१३	६५	नपावाप्र	
प्रतिफल २.२ खेलकुद क्रियाकलापहरूमा युवाहरूको संलग्नतामा वृद्धि भई	खेलकुदमा सहभागि युवाहरु	प्रतिशत		२५	३०	४०	५०	५०	५०	नपावाप्र	
	प्रदेश तथा राष्ट्रिय स्तरमा परिचित खेलाडीहरु	प्रतिशत		२५	३०	४०	५०	५०	५०	नपावाप्र	
	कभर्ड हल तथा खेलकुद मैदान	सख्या		३	३	३	३	१	१३	नपावाप्र	

नतिजा तह	सूचक		आधार बर्ष २०७७/७८	योजना अवधिको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	ईकाइ		आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४			
नगरपालिकाको पहिचानको रुपमा स्थापित भएको हुने ।	आयोजना भएको प्रतियोगिता र सहभागि दर	प्रतिशत		२५	३०	४०	५०	५०	५०	नपावाप्र	
	प्रदेश तथा अन्तरपालिका तहका खेलकुदमा प्रतिनिधित्व गर्ने खेलाडीहरु	संख्या		१०	१०	१०	२०	२०	७०	नपावाप्र	

(ख) अपेक्षित उपलब्धी

युवाहरुको सीप, नेतृत्व क्षमता तथा सर्वाङ्गिण विकासमा नगरपालिकाको भूमिका बृद्धि भएको हुनेछ । नगरपालिका भित्रको विभिन्न क्रियाकलापहरुमा युवाको सहभागिता र नेतृत्व स्थापित भएको हुनेछ । युवाहरु विभिन्न आयमूलक कार्यमा संलग्न भएका हुनेछन् । युवाहरुमा श्रमको सम्मान गर्ने प्रवृत्तिको विकास भएको हुनेछ र राजनीतिक पद तथा संघसंस्थाहरुमा युवाहरु निर्णायक भूमिकामा रहेका हुनेछन् ।

परिच्छेद छ : पूर्वाधार क्षेत्र

यस क्षेत्र अन्तर्गत वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण, सडक, पुल तथा यातायात, जलस्रोत, विद्युत तथा वैकल्पिक उर्जा र सूचना, सञ्चार तथा प्रविधि आदि उपक्षेत्रहरू समावेश गरिएको छ। यसका साथै दिगो विकास लक्ष्य अन्तर्गत लक्ष्य ७ : सबैले धान्न सक्ने सफा उर्जा, लक्ष्य ९ : उद्योग, नविन खोज तथा पूर्वाधार र लक्ष्य ११ : दिगो शहर तथा समुदाय विषयहरूलाई यस क्षेत्रमा समावेश गरी विश्लेषण गरिएको छ।

६.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

६.१.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई उपयुक्त आवासको हकको व्यवस्था गरेको छ। छरिएर रहेका तथा विपद्को जोखिममा रहेका घर परिवारलाई उपयुक्त आवासको व्यवस्थापन, अनाधिकृत तथा अव्यवस्थित रुपले वसोवास गरेका घर परिवारलाई उचित व्यवस्था गर्न नगरपालिकाले आगामी दिनमा यस क्षेत्रलाई ध्यानमा राखी काम गर्न आवश्यक छ। यसै क्रममा आर्थिक वर्ष २०७७/७८ मा १३ वटै वडाका कुल ५२ घरपरिवार सुरक्षित नागरिक आवास कार्यक्रमबाट लाभान्वित भै सकेका छन् र यसले निरन्तरता पाउने अपेक्षा गरिएको छ।

६.१.२ समस्या तथा चुनौती

(क) समस्या

विपन्न र भूमिहीनहरु अझै पनि सुरक्षित आवास सुविधाबाट बञ्चित रहनु, सामुहिक आवास निर्माणमा जनचासो कम हुनु, सबै तहका सरकारहरूको यसका लागि प्रभावकारी अभियान नहुनु, जोखिमयुक्त स्थानमा बसोबासले निरन्तरता पाउनु, नमुना आदि यस क्षेत्रका मुख्य समस्याहरू हुन्।

(ख) चुनौती

सुरक्षित एवं एकिकृत आवास तथा वस्ती विकास गर्नु, किफायती र सुरक्षित आवास निर्माण गर्नु, स्थानीय भू-उपयोग नीति निर्माण र कार्यान्वयन गर्नु, विपन्न परिवारहरूको लागि सुरक्षित आवासको व्यवस्था गर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन्।

६.१.३ सम्भावना तथा अवसर

(क) सम्भावना

यस नगरपालिकामा सुरक्षित आवासको विकास गर्न सकिने अवस्था रहेको छ। नगरपालिका जनसंख्याको लागि चाहिने सुरक्षित आवास निर्माण गर्न सकिने सम्भावना रहेको छ भने सुरक्षित आवास सरकारको प्राथमिकता क्षेत्र मध्ये एउटा रहेकाले आवासको विकास गर्न सकिने सम्भावना छ।

(ख) अवसर

यस नगरपालिकामा सुरक्षित आवासको लागि उपयुक्त जमिन प्रशस्त मात्रामा रहेको छ। नगरपालिकाको जनसंख्याको तुलनामा आवासको लागि चाहिने जमिन तथा केहि निर्माण सामग्रीहरुको प्रचुरता रहेको अवस्था छ। यसका अतिरिक्त अति सिमान्तकृत, दलित र अति विपन्नका लागि जनता आवास कार्यक्रम सञ्चालन आउनु, सुरक्षित आवासको बारेमा जनचेतना अभिवृद्धि हुनु र भु-उपयोग नीति तर्जुमा गरी यसको कार्यान्वयन गर्न नगरपालिकाको चासो बढ्नुलाई यस क्षेत्रको अवसरहरूको रुपमा लिन सकिन्छ।

६.१.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

(क) लक्ष्य

नागरिकहरुलाई सुरक्षित, सुलभ र स्वच्छ आवासको व्यवस्था गर्ने ।

(ख) उद्देश्य

१. सुरक्षित, सुलभ र वातावरणमैत्री वस्तिहरुको विकास गर्नु
२. निजी तथा सार्वजनिक निर्माण विपद् प्रतिरोधी बनाउनु ।

(ग) रणनीति र कार्यनीति

तालिका ४५ : रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १ : सुरक्षित, सुलभ र वातावरणमैत्री वस्तिहरुको विकास गर्नु ।	
१.१ छरिएर रहेका र विपद्को जोखिममा रहेका तथा सिमान्तकृत घरपरिवारलाई सुरक्षित आवासको व्यवस्था गरिनेछ ।	१.१.१ विकट र विपद्को उच्च जोखिमको स्थानमा हुन सक्ने वस्ती विस्तारलाई निरुत्साहित गरिनेछ । १.१.२ विपद्को जोखिममा रहेका घरपरिवारको लागि सुरक्षित, सुलभ र वातावरणमैत्री एकीकृत वस्तीको निर्माण गरिनेछ । १.१.३ अति सीमान्तकृत, दलित, लोपोन्मुख, अति विपन्नका लागि जनता आवास कार्यक्रम अन्तर्गत आवासको व्यवस्था गरिनेछ ।
१.२ आवश्यक स्थानमा वस्ती व्यवस्थित गर्ने ।	१.२.१ भू-उपयोग नीति तथा योजनाबद्ध रुपमा एकीकृत बस्ती विकास गर्ने कार्यलाई अभियानको रुपमा अगाडि बढाइनेछ । १.२.२ शारीरिक अपाङ्गता भएका व्यक्ति ज्येष्ठ नागरिक लगायत विपदको उच्च जोखिमा रहेका व्यक्तिका लागि विशेष सामुहिक आवासको विकास गरिनेछ ।
उद्देश्य २ : निजी तथा सार्वजनिक निर्माणहरू विपद् प्रतिरोध बनाउनु ।	
२.१ भवन निर्माण सम्बन्धी मापदण्ड र संहिता कार्यान्वयन गर्ने ।	२.१.१ नेपाल सरकारले निर्धारण गरे अनुसारको राष्ट्रिय भवनसंहिताको पालनाको लागि थप मापदण्ड बनाई लागू गरिनेछ । २.१.२ भवनसंहिता विपरितका नक्सापास नगर्ने नीति अवलम्बन गरिनेछ ।
२.२ नगरपालिका क्षेत्रमा शहरी विकासका पूर्वाधारको विकास गर्ने ।	२.२.१ सार्वजनिक निर्माणहरु विस्तृत सम्भाव्यता अध्ययनको आधारमा मात्र गरिनेछ । २.२.२ बजारोन्मुख क्षेत्रमा बसपार्क, बस स्टेशन, यात्रु प्रतिक्षालय, रङ्गशाला जस्ता पूर्वाधारहरूको निर्माण गरिनेछ । २.२.३ आवश्यक स्थानहरुमा सामुदायिक भवनहरुको निर्माण गरिनेछ ।

(घ) कार्यक्रम तथा आयोजना

तालिका ४६ : कार्यक्रम तथा आयोजना (वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण)

(रू. हजारमा)

क्र.स.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	इकाई	अनुमानित स्रोत र वार्षिक लक्ष्य												जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४		जम्मा			
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
१	१	१.१	१.१.१	विपद्को जोखिममा रहेका वस्तीहरुको पहिचान सम्बन्धी अध्ययन	पटक	१	१०००	०	०	०	०	०	०	०	०	**१**	**१०००**	नपा, पूर्वाधार शाखा	
२				विपद्का जोखिम र यसका असरबारे सचेतनामूलक कार्यक्रम	वटा	१	१००	१	१५०	१	२००	१	२५०	१	३००	**५**	**१०००**	नपा, पूर्वाधार शाखा	
३			१.१.२	विकट र जोखिममा रहेका वस्तीहरुको पहिचान	वटा/वडा	३	१००	३	१५०	३	२००	२	२५०	२	३००	**१३**	**१०००**	नपा, पूर्वाधार शाखा	
४				वहुपक्षीय लगानीमा विकट र जोखिममा रहेकाको लागि सुरक्षित नमूना एकीकृत वस्ती निर्माण	एकमुष्ठ	३	३००००	३	३००००	३	३००००	२	२००००	२	२००००	**१३**	**१३०००० **	नपा, पूर्वाधार शाखा	
५			१.१.३	सीमान्तकृत, लोपोन्मुख र विपन्नका लागि जनता आवास कार्यक्रम	जना	५०	२५००	५०	३०००	५०	३५००	५०	४०००	५०	४५००	**२५०**	**१७५०० **	नपा, पूर्वाधार शाखा	
६		१.२	२.१.१	भू-उपयोग नीति तर्जुमा र कार्यान्वयन	संख्या	१	५००	०	०	०	०	०	०	०	०	**१**	**५०० **	नपा, पूर्वाधार शाखा	
७			२.१.२	शारीरिक अपाङ्गता भएका व्यक्ति जेष्ठ नागरिक लगायत विपदको उच्च जोखिमा रहेका व्यक्तिका लागि विशेष सामाजिक आवास सम्बन्धी अध्ययन	संख्या	१	५००	०	०	०	०	०	०	०	०	**१**	**५०० **	नपा, पूर्वाधार शाखा	
८				शारीरिक अपाङ्गता भएका व्यक्ति ज्येष्ठ नागरिक लगायत विपद्को उच्च जोखिममा रहेका व्यक्तिका लागि विशेष सामाजिक आवास कार्यक्रम	जना	१०	५००	१०	५००	१०	५००	१०	५००	१०	५००	**५०**	**२५०० **	नपा, पूर्वाधार शाखा	
९	२	२.१	२.१.१	भवनसंहिता मापदण्ड तर्जुमा र कार्यान्वयन	वटा	१	२००	१	२५०	१	३००	१	३५०	१	४००	**५**	**१५०० **	नपा, पूर्वाधार शाखा	

क्र.स.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	इकाई	अनुमानित स्रोत र वार्षिक लक्ष्य												जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४		जम्मा			
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
१०			२.१.२	नक्सापास नीति तर्जुमा र कार्यान्वयन	वटा	१	२००	१	२५०	१	३००	१	३५०	१	४००	५	१५००	नपा, पूर्वाधार शाखा	
११				भूकम्प प्रतिरोधात्मक भवन निर्माणका लागि दक्ष जनशक्ति निर्माण	जना	१०	३००	१०	३५०	१०	४००	१०	४५०	१०	५००	५०	२०००	नपा, पूर्वाधार शाखा	
१२		२.२	२.२.१	सामुदायिक भवन निर्माण	वटा	३	६०००	३	७०००	३	८०००	२	५०००	२	६०००	१३	३२०००	नपा, पूर्वाधार शाखा	
१३				सामुदायिक खाद्य भण्डार निर्माण	वटा	०	०	०	०	१	५०००	०	०	०	०	१	५०००	नपा, पूर्वाधार शाखा	
१४			२.२.२	बसपार्क निर्माण र सञ्चालन	वटा	१	२५०००	१	३००	१	४००	१	५००	१	६००	५	२६८००	नपा, पूर्वाधार शाखा	
१५				बस बिसौनी, पार्किङ्ग स्थल निर्माण र मर्मत	वटा	१	३००	१	३५०	१	४००	१	४५०	१	५००	५	२०००	नपा, पूर्वाधार शाखा	
१६				सार्वजनिक शौचालय निर्माण	वटा	२	२०००	२	२२००	२	२५००	२	२८००	२	३०००	१०	१२५००	नपा, पूर्वाधार शाखा	
१७				रंगशालाको निर्माण सम्पन्न र सञ्चालन	संख्या	१	५००	१	४००००	१	४००००	१	६००	१	७००	५	८१८००	नपा, पूर्वाधार शाखा	मन्मै
१८				सबै वडा कार्यालयहरुमा सभाहल निर्माण	संख्या	४	४००००	४	४००००	२	२००००	२	२००००	१	१००००	१३	१३००००	नपा, पूर्वाधार शाखा	
१९				वडा कार्यालय घेराबार	संख्या	३	३०००	२	२०००	२	३०००	२	४०००	२	५०००	११	१७०००	नपा, पूर्वाधार शाखा	
२०				शवदाह गृह निर्माण	संख्या	३	३०००	३	३०००	३	३०००	२	२०००	२	२०००	१३	१३०००	नपा, पूर्वाधार शाखा	
				जम्मा			**११५७००**		**१२९५००**		**११७७००**		**६१५००**		**५४७००**		**४७९१००**		

६.१.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी

(क) नतिजा खाका

तालिका ४७ : नतिजा खाका (वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण)

नतिजा तह	सूचक		आधार वर्ष २०७७/७८	योजना अवधिको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	एकाई		आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४			
प्रभाव दिगो, विपद उत्थानशील, वातावरणमैत्री आवास तथा बस्ती विकास भएको हुने ।	भवन आचारसंहिता अनुसारको आवासमा बस्ने नगरवासी	प्रतिशत	०	३०	४०	५०	५५	६०	६०	नपाबाप्र	
	भवन आचारसंहिता अनुसार बनेका सार्वजनिक भवनहरू	प्रतिशत	०	२०	२५	३०	३५	४०	४०	नपाबाप्र	
असर १ सबैको लागि उपयुक्त सुरक्षित तथा एकीकृत वस्ती तथा आवासको विकास भएको हुने ।	सुरक्षित एकीकृत नमुना वस्ती	संख्या	०	३	३	३	२	२	१३	नपाबाप्र	
	तोकिएको मापदण्ड अनुसार निर्माण भएका जनता आवास	संख्या		५०	५०	५०	५०	५०	२५०	नपाबाप्र	
	भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन तथा संरचना	प्रतिशत	०	१५	२०	२५	३०	३५	३५	नपाबाप्र	
प्रतिफल १.१ विकट तथा विपदको उच्च जोखिममा रहेका वस्तीहरू स्थानान्तरण भएको हुने	आधारभूत पूर्वाधारसहित व्यवस्थित बजार	संख्या	५	१	१	१	१	१	५	नपाबाप्र	
	स्पष्ट मापदण्ड अनुरुप व्यापारिक तथा औद्योगिक क्षेत्रहरूको स्थापना	संख्या	०	१	१	१	१	१	५	नपाबाप्र	
	भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी दक्ष जनशक्ति	संख्या	०	१०	१०	१०	१०	१०	५०	नपाबाप्र	
	सुरक्षित स्थानमा स्थानतरण भएका वस्तीहरु	संख्या		०	१	१	०	१	३	नपाबाप्र	
असर २ आवश्यक नीति तर्जुमा भई सार्वजनिक निर्माण भएको हुने ।	नक्सापास नीति	संख्या	१	१	१	१	१	१	१	नपाबाप्र	
	भवनसंहिता मापदण्ड	संख्या	१	१	१	१	१	१	१	नपाबाप्र	
	भू-उपयोग नीति	संख्या	१	१	१	१	१	१	१	नपाबाप्र	
प्रतिफल २.१ नगरपालिकाको आवश्यक पूर्वाधार निर्माण भएको हुनेछ	आफ्नै सभाहल भएका वडा कार्यालयहरू	संख्या		४	८	१०	१२	१३	१३	नपाबाप्र	
	घेराबार भएका वडा कार्यालयहरू	संख्या	२	५	७	९	११	१३	१३	नपाबाप्र	
प्रतिफल २.२ सार्वजनिक पूर्वाधारहरूको निर्माण तथा स्तरोन्नती भएको हुने	बसपार्क	संख्या	०	१	०	०	०	०	१	नपाबाप्र	
	बस बिसौनी र पार्किङ्ग स्थल	संख्या	०	१	२	३	४	५	५	नपाबाप्र	
	सामुदायिक भवन	संख्या	०	३	६	९	११	१३	१३	नपाबाप्र	
	सार्वजनिक शौचालय	संख्या	०	२	४	६	८	१०	१०	नपाबाप्र	
	शवदाह गृह	संख्या	०	३	६	९	११	१३	१३	नपाबाप्र	
	मन्मै रंगशाला	संख्या	०	१	०	०	०	०	१	नपाबाप्र	

नतिजा तह	सूचक		आधार वर्ष २०७७/७८	योजना अवधिको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	एकाई		आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४			
	विशेष सामाजिक आवासमा बसोबास गर्ने जेष्ठ नागरिक	संख्या		२०	३०	४०	५०	६०	२००	नपाबाप्र	
	खाद्य बैंक भवन	संख्या		०	०	१	०	०	१	नपाबाप्र	

(ख) अपेक्षित उपलब्धी

यस योजनाको कार्यान्वयनको अवस्थामा जोखिमपूर्ण स्थानहरुबाट वस्तीहरु हटेका हुनेछन्, भु-उपयोग नीति अनुरुप आवास क्षेत्रको विकास हुनेछ, अति विपन्न तथा सिमान्तकृत समुदायहरुले सुरक्षित र वातावरणमैत्री आवासमा बसोबास गर्न पाएका हुनेछन् र सार्वजनिक निर्माणहरु आवश्यकता र प्राथमिकताको आधारमा उपयुक्त ढंगले निर्माण भएका हुनेछन् ।

६.२ सडक, पुल तथा यातायात

६.२.१ पृष्ठभूमि

सडक, पुल र यातायातको विकासले उत्पादकत्व बृद्धि गर्न, स्वास्थ्य र शिक्षा सेवामा पहुँच उपलब्ध गराउँदै रोजगारी सिर्जना गर्न, र समग्र सामाजिक र आर्थिक विकासमा टेवा पुऱ्याउन उल्लेख्य योगदान गर्दछ । यस नगरपालिका भित्र कच्ची तथा धुले सडकहरु मात्र रहेका छन् । हालसम्म नगरपालिकामा पक्की तथा ग्राभेल सडकको परिमाण शुन्य रहेको छ भने कच्ची तथा धुले सडकको परिमाण १८६.३७ कि.मी रहेको छ । यि सडकहरुले यहाँ मानिसहरुको आवत जावत, र सामग्रीहरुको ढुवानी सहजता ल्याएको छ ।

यस नगरपालिका भित्र डोल्पा राजमार्गमा एक पक्की पुल र नलगाड जलबिद्युत आयोजना मार्फत निर्माण भएका दुई बेलिब्रिज सहित जम्मा तीनवटा मोटरेवल पुलहरू रहेका छन् भने यहाँ जम्मा ३२ वटा झोलुङ्गे पुलहरू रहेका छन् ।

उच्च पहाडी, हिमाली र कठिन भौगोलिक बनावट भएको यस नगरपालिकामा पुलपुलेसाको अभावमा १-२ घण्टाको बाटोको लागि दिनभर हिँड्नुपर्ने बाध्यता रहेको छ ।

६.२.२ समस्या तथा चुनौती

(क) समस्या

वर्षादको समयमा यातायात संचालनमा कठिन हुनु वा सञ्चालन नै नहुनु, यातायातको पहुँच सबै वस्तीहरु सम्म नपुग्नु, भएका सडक तथा पुलहरुको गुणस्तर कमजोर हुनु, निर्माण भएका सडकहरु सधैँ बाढी तथा पहिरोको उच्च जोखिममा रहनु, सडक निर्माणको लागत उच्च रहनु यस क्षेत्रका मुख्य समस्याहरू हुन् ।

(ख) चुनौती

गुणस्तरीय सडक सञ्जाल विस्तार गर्नु, सडक तथा यातायात विकासको लागि जनसहभागिता जुटाउनु, सडक तथा पुलहरुलाई बाढी तथा पहिरोबाट बचाउनु, सडकको सुरक्षाको लागि जनताको अपनत्वको विकास गर्नु आदि मुख्य चुनौतीका रुपमा रहेका छन् ।

६.२.३ सम्भावना तथा अवसर

(क) सम्भावना

सडक सञ्जालको विस्तार, थप पुल पुलेसा तथा झोलुङ्गे पुलहरूको निर्माण, जनसहभागिताको वृद्धि हुनु, सबै तहको सरकारबाट सडक तथा यातायात क्षेत्रमा बजेट वृद्धि आदि सम्भावनाहरू रहेका छन् ।

(ख) अवसर

सडक निर्माणमा स्थानीय तह, प्रदेश र संघ सरकार बीचको साझेदारी बलियो हुँदै जानु, संघ र प्रदेश सरकारले सडक यातायात पूर्वाधार निर्माणलाई प्राथमिकतामा राख्नु, डोल्पा राजमार्ग, डोल्पा-जाजरकोट चक्रपथ र भेरी कोरीडोरले यस पालिकाको थुप्रै वडाहरू जोड्नु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

६.२.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

(क) लक्ष्य

गुणस्तरीय यातायातमा नागरिकहरुको पहुँच विस्तार गर्ने ।

(ख) उद्देश्य

१. दिगो, भरपर्दो, सुरक्षित, वातावरणमैत्री सडक सञ्जाल विस्तार गर्नु ।
२. सडक पूर्वाधारको उचित संरक्षण, मर्मत सम्भार तथा व्यवस्थापन गर्नु ।

(ग) रणनीति र कार्यनीति

तालिका ४८ : रणनीति र कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १ : दिगो, भरपर्दो, सुरक्षित, वातावरणमैत्री सडक सञ्जाल विस्तार गर्नु ।	
१.१ नगरवासीको आर्थिक तथा सामाजिक गतिविधिलाई योगदान पुग्ने गरी सडक सञ्जाल विस्तार र सुदृढ गर्ने ।	१.१.१ सबै वडा जोड्ने गरी सडक सञ्जाल निर्माण गरिनेछ । १.१.२ सडकमा वर्षैभरि निर्बाध यातायात सञ्चालनको लागि सडक पुलको निर्माणलाई प्राथमिकतामा साथ तिब्रता दिइनेछ ।
१.२ दुर्गम गाउँ वस्तीमा आवतजावतको पहुँच वृद्धि गर्ने ।	१.२.१ सडक सञ्जाल नपुगेका ठाउँमा सम्भाव्यताको आधारमा झोलुङ्गेपुल निर्माण गरी पहुँच अभिबृद्धि गरिनेछ ।
१.३ पर्यटकीय पदमार्गहरूको पहिचान तथा निर्माण कार्यलाई अभियानका रुपमा सञ्चालन गर्ने	१.३.१ पर्यटकीय पदमार्ग र स्थलहरूको विकास तथा व्यवस्थापन गुरुयोजना तयार गरी क्रमागत रुपमा कार्यान्वयन गरिनेछ । १.३.२ पदमार्ग निर्माण तथा व्यवस्थापनको लागि समुदायलाई व्यापक रुपमा परिचालन गरिनेछ ।
उद्देश्य २ : सडक पूर्वाधारको उचित संरक्षण, मर्मत सम्भार तथा व्यवस्थापन गर्नु ।	
२.१ सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्रको सहभागितामा सडक संरक्षण, मर्मतसंभार तथा व्यवस्थापन गर्ने	२.१.१ सडक पूर्वाधारको उचित संरक्षण, मर्मतसंभार तथा व्यवस्थापन गर्न संस्थागत सुदृढीकरण गरिनेछ । २.१.२ टोलवासीहरूलाई सडक तथा पदमार्गको संरक्षण मर्मतसंभार तथा व्यवस्थापनप्रति उत्तरदायी बनाइनेछ । २.१.३ सडक तथा पदमार्गको संरक्षण, मर्मतसंभार तथा व्यवस्थापन कोष स्थापना गरि कार्यान्वयन गरिनेछ । २.१.४ स्थानीय यातायात व्यवस्थापन सम्वन्धी नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

(घ) कार्यक्रम तथा आयोजना

तालिका ४९ : कार्यक्रम तथा आयोजना (सडक, पुल तथा यातायात)

(रू. हजारमा)

क्र.स.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	इकाई	अनुमानित स्रोत र वार्षिक लक्ष्य												जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४		जम्मा			
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
१	१	१.१	१.१.१	वडा कार्यालयलाई जोड्ने सडक सञ्जाल निर्माण	कि.मी.	४	१००००	४	१२०००	४	१३०००	४	१४०००	४	१५०००	२०	६४०००	नपा, पूर्वाधार शाखा	
२			१.१.२	सडक ग्राभेल	कि.मी.	१५	८००००	१५	९००००	१५	१०००००	१५	१२००००	१५	१४००००	७५	५३००००	नपा, पूर्वाधार शाखा	
३				सडक कालोपत्रे	कि.मी.	२	२००००	२	२००००	२	२००००	२	२००००	२	२००००	१०	१०००००	नपा, पूर्वाधार शाखा	
४		१.२	१.२.१	झोलुङ्गे पुल तथा ट्रसपुल निर्माण	संख्या	३	१५०००	३	१६०००	३	१७०००	३	१८०००	३	२००००	१५	८६०००	नपा, पूर्वाधार शाखा	
५				साना खोलामा पुल निर्माण	संख्या	१२	१२००	१२	१४००	१२	१५००	१२	१६००	१२	१८००	६०	७५००	नपा, पूर्वाधार शाखा	
६		१.३	१.३.१	पर्यटन पदमार्ग निर्माण	कि.मी.	५०	६५००	५०	७०००	५०	८०००	५०	९०००	५०	१००००	२५०	४०५००	नपा, पूर्वाधार शाखा	
७				पार्क निर्माण	संख्या	१	१००००	१	१००००	१	१००००	१	१००००	१	१००००	५	५००००	नपा, पूर्वाधार शाखा	
८				भ्यूटावर निर्माण (बहुवर्षीय)	संख्या	०	०	०	०	१	३००००	१	२००००	०	०	२	५००००	नपा, पूर्वाधार शाखा	
९				गुफा पहिचान, घेराबार र व्यवस्थापन	संख्या	२	१०००	२	१०००	२	१०००	२	१०००	२	१०००	१०	५०००	नपा, पूर्वाधार शाखा	
१०			१.३.२	पदमार्ग निर्माण तथा व्यवस्थापनका लागि समुदाय परिचालन	वार्षिक पटक	२	५००	२	६००	२	७००	२	८००	२	९००	१०	३५००	नपा, पूर्वाधार शाखा	
११	२	२.१	२.१.१	सडक आसपास बायो इञ्जिनियरिङ्ग	कि.मी.	१	१२००	१	१४००	१	१६००	१	१८००	१	२०००	५	८०००	नपा, पूर्वाधार शाखा	
१२				तटीय क्षेत्रहरुमा तटबन्ध निर्माण	घन मि.	६०	४०००	६०	४०००	६०	४०००	६०	४०००	६०	४०००	३००	२००००	नपा, पूर्वाधार शाखा	
१३			२.१.२	सडक तथा पदमार्ग संरक्षण सम्बन्धी जनचेतना कार्यक्रम	पटक	१	२००	१	३००	१	४००	१	५००	१	६००	५	२०००	नपा, पूर्वाधार शाखा	
१४			२.१.३	पूर्वाधार कोष स्थापना	वार्षिक	१	१००००	१	१००००	१	१००००	१	१००००	१	१००००	५	५००००	नपा, पूर्वाधार शाखा	

क्र.स.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	इकाई	अनुमानित स्रोत र वार्षिक लक्ष्य												जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४		जम्मा			
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
१५			२.१.४	स्थानीय यातायात गुरुयोजना तर्जुमा र कार्यान्वयन	संख्या	१	२०००	१	५००	१	६००	१	७००	१	८००	५	४६००	नपा, पूर्वाधार शाखा	
				जम्मा			१६१६००		१७४२००		२१७८००		२३१४००		२३६१००		१०२११००		

६.२.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी

(क) नतिजा खाका

तालिका ५० : नतिजा खाका (सडक, पुल तथा यातायात)

नतिजा तह	सूचक		आधार वर्ष २०७७/७८	योजना अवधिको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	इकाई		आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४			
प्रभाव नगर भित्र उत्थानशिल सडक यातायातको सुविधा विस्तार भएको हुने ।	हिँडेर पक्की सडकमा पुग्न लाग्ने अधिकतम समय	घटा		२	१.५	१.२५	१	१	१	नपाबाप्र	
	बाह्रै महिना यातायात सुचारु हुने सडकको घनत्व	कि.मि.	५०	५५	६०	६५	७०	७५	७५	नपाबाप्र	
असर १ सडक संजाल विस्तार भएको हुने ।	समग्र सडक घनत्व (प्रति वर्ग कि.मी. सडक लम्बाई)	कि.मी./व.किमी	०.४	०.४५	०.५	०.५५	०.६	०.७	०.७	नपाबाप्र	
	पक्की/कालोपत्रे सडकको घनत्व	कि.मी/व.किमी	०	०.१	०.१५	०.१६	०.१७	०.१८	०.१८	नपाबाप्र	
प्रतिफल १.१ सडकको मापदण्ड तथा योजनाहरू तयार भएको हुने ।	स्थानीय यातायात गुरु योजना	संख्या	०	१	०	०	०	०	१	नपाबाप्र	
	कुल सडक आयोजना मध्ये डि.पी.आर. तयार भएका सडक आयोजनाहरू	संख्या	०	१०	१५	२०	२५	४०	४०	नपाबाप्र	
	सडक मापदण्ड सम्बन्धी कार्यविधि	संख्या	०	१	०	०	०	०	१	नपाबाप्र	
प्रतिफल १.२ सडक तथा पदमार्गको नियमित रुपमा मर्मत सभार भएको हुने ।	पूर्वाधार कोषको लागि छुट्याएको रकम	रु. हजारमा		१००००	१००००	१००००	१००००	१००००	५००००	नपाबाप्र	
	पदमार्ग निर्माण	कि.मी.		५०	५०	५०	५०	५०	२५०	नपाबाप्र	
	नियमित मर्मत भएका पदमार्गहरू	प्रतिशत		२०	२०	२०	२०	२०	२०	नपाबाप्र	

नतिजा तह	सूचक		आधार वर्ष २०७७/७८	योजना अवधिको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	इकाई		आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४			
असर २ सडकको गुणस्तर वृद्धि भएको हुने ।	नियमित मर्मत सम्भार भएको सडक	प्रतिशत		१०	१०	१०	१०	१०	१०	नपाबाप्र	
	नियमित मर्मत सम्भार भएको पदमार्ग	प्रतिशत		२०	२०	२०	२०	२०	२०	नपाबाप्र	
प्रतिफल २.१ सडकको नियमित स्तरोन्नती भएको हुने ।	कालोपत्रे सडक	कि.मी.		२	२	२	२	२	१०	नपाबाप्र	
	ग्राभेल सडक	थप कि.मी.		१५	१५	१५	१५	१५	७५	नपाबाप्र	
	ढलान गरिएको सडक	कि.मी.		२	२	२	२	२	१०	नपाबाप्र	
	झोलुङ्गे पुल तथा ट्रस पुल	संख्या		३	३	३	३	३	१५	नपाबाप्र	
	साना खोलामा भएका पुल पुलेसा	संख्या		१२	१२	१२	१२	१२	६०	नपाबाप्र	
	सडक बायोइञ्जिनियरिङ्ग	कि.मी.		१	१	१	१	१	५	नपाबाप्र	

(ख) अपेक्षित उपलब्धी

नगरपालिका भित्र गुणस्तरीय सडक सञ्जालको विस्तार भएको हुनेछ र नगरवासीको यातायातको सुविधामा बृद्धि भएको हुनेछ । सडकमा हुने क्षति तथा सडक दुर्घटनामा कमी आएको हुनेछ । साथै यातायातको लागतमा कमी आएको हुनेछ ।

६.३ जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा

६.३.१ पृष्ठभूमि

यस पालिका अन्तर्गत प्रशस्त खोलानालाहरू रहेका छन् । केन्द्रिय तथ्याङ्क विभागको २०६८ को तथ्याङ्क अनुसार यस पालिकामा करिब ८० प्रतिशत भन्दा बढि घरपरिवारले विद्युत सेवा लिई रहेका छन् । तथापि अझै पनि १, ३, ६, १० र १३ वडाहरूमा भरपर्दो विद्युत सुविधा उपलब्ध हुन सकेको छैन । यस नगरपालिका अन्तर्गत केही लघु जलविद्युत आयोजनाहरू सञ्चालनमा रहेका छन् भने एउटा ठूलो जलविद्युत आयोजना निर्माणको चरणमा रहेको छ । साना लघु जलविद्युत आयोजनाहरूमा लहरे खोला जलविद्युत (३२ किलोवाट), रुलर जलबिद्युत (२५ किलोवाट), सिर्के खोला जलविद्युत (३२ किलोवाट), चौखा जलविद्युत (२ किलोवाट) झुम्रे खोला जलविद्युत आयोजना आदि रहेका छन् । केही जलविद्युतहरू सामान्य अवस्थामा रहेका छन् भने केही मर्मत गर्नु पर्ने अवस्थामा रहेका छन् । रानी खोला जलविद्युत बाढीले बगाएर क्षति पुऱ्याएको छ । लहरेखोला जलविद्युतले करिब ५०० घरपरिवारलाई सुविधा पुऱ्याएको छ (नलगाड नगरपालिकाको आईयूडिपि, २०१८) । नवीकरणीय उर्जा, परम्परागत उर्जा तथा खनिज उर्जामा आधारित उर्जाको प्रतिस्पर्धा विश्वभर बढ्दो छ । दिगो विकास लक्ष्य र नेपालको संविधानले पनि नवीकरणीय उर्जाको विकास गरी आधारभूत आवश्यकता परिपूर्ति गर्नका लागि सुपथ र सुलभ रुपमा भरपर्दो उर्जाको आपूर्ति गर्ने नीति लिएको छ ।

६.३.२ समस्या तथा चुनौती

(क) समस्या

सबै वडामा नियमित रुपमा विद्युत सेवा उपलब्ध नहुनु, उपलब्ध जलश्रोतको पूर्ण सदुपयोग हुन नसक्नु, उर्जा सुरक्षामा वैकल्पिक उर्जाको योगदानको स्पष्ट लक्ष्य निर्धारण हुन नसक्नु, वैकल्पिक उर्जाको प्रवर्द्धन र विस्तारको लागि निजी क्षेत्रलाई आकर्षण गर्न नसक्नु, सञ्चालनमा रहेका सबै लघु जलविद्युतहरूको नियमित मर्मत सम्भार गर्न नसक्नु, आदि जस्ता समस्याहरू यसअन्तर्गत रहेका छन् ।

(ख) चुनौती

राष्ट्रिय प्रसारण लाईन नपुगेका क्षेत्रहरूमा नवीकरणीय उर्जामार्फत उर्जामा पहुँच स्थापित गर्नु, ग्रामीण विद्युतीकरण सेवालाई थप विस्तार गर्नु, लघु जलविद्युतको नियमिति मर्मत संभार गर्नु, पुरै समय लघु जलविद्युत सञ्चालन गर्नु (पिक आवर समय तोकेर मात्रै सञ्चालन हुँदै आएको), दाउराको प्रयोग कम गर्नु, हिँउदको समयमा उर्जा आपूर्ति गर्नु, नवीकरणीय उर्जा अन्तर्गतको सौर्य तथा वायु उर्जा उत्पादनमा निजी तथा समुदायको लगानी आकर्षित गर्नु आदि चुनौतीहरू रहेका छन् ।

६.३.३ सम्भावना तथा अवसर

(क) सम्भावना

प्रशस्त खोलानालाहरू हुनु, नीजि क्षेत्रको लगानी आकर्षित हुने र विद्युत उत्पादन गर्न सक्ने सम्भावना रहेको छ । यसबाट विद्युत आपूर्ति भरपर्दो र सुलभ हुँदै जाने सम्भावना रहेको छ ।

(ख) अवसर

नेपाल विद्युत प्राधिकरणको लगानीमा निर्माणाधीन ४१० मेघावाटको नलगाड हाइड्रोपावर सञ्चालनमा रहनु, जलविद्युत आयोजना प्रवर्द्धनमा वित्तीय संस्था र निजी क्षेत्रको सहभागिता बढ्दै जानु, प्रशारण लाईन तथा सबस्टेशन जस्ता भौतिक पूर्वाधारहरू निर्माणका लागि संघ र प्रदेश सरकारले प्राथमिकतामा राख्नु, आदि जस्ता अवसरहरू रहेका छन् ।

६.३.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

(क) लक्ष्य

सफा र दिगो उर्जामा नागरिकको पहुँच वृद्धि गर्ने ।

(ख) उद्देश्य

१. नवीकरणीय उर्जाको विकास र विस्तार गर्नु ।
२. विद्युत आपूर्तिलाई दिगो र भरपर्दो बनाउनु ।

(ग) रणनीति र कार्यनीति

तालिका ५१ : रणनीति र कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १ : नवीकरणीय उर्जाको विकास र विस्तार गर्नु ।	
१.१ राष्ट्रिय प्रसारण लाईन नपुगेका र सम्भावना नभएका क्षेत्रमा नवीकरणीय उर्जाको माध्यमबाट विद्युतीकरण गर्ने ।	१.१.१ पालिकास्तरीय उर्जा नीति निर्माण र कार्यान्वयन गरिनेछ । १.१.२ जल, वायु तथा सौर्य विद्युतका साना आयोजना सञ्चालन गरिनेछ । १.१.३ भएका लघु जलविद्युत आयोजनाहरूको नियमित रुपमा संचालन गरिनेछ । १.१.४ लघु जलविद्युत आयोजना सञ्चालन गर्न सहकारी तथा समुदायहरूलाई परिचालन गरिनेछ ।
उद्देश्य २ : विद्युत आपूर्तिलाई दिगो र भरपर्दो बनाउनु ।	
२.१ विद्युत आपूर्ति व्यवस्थापन दिगो र भरपर्दो बनाउने ।	२.१.१ विद्युत जडान र मर्मत सम्भार गर्न तालिम प्राप्त दक्ष जनशक्ति उत्पादन गरिनेछ । २.१.२ नियमित विद्युत आपूर्तिका लागि विद्युत प्राधिकरणसँगको समन्वय र सहकार्य बढाइनेछ । २.१.३ उज्यालो नगरको लागि मुख्य वस्तीहरूमा सडक बत्तीको व्यवस्था गरिनेछ ।

(घ) कार्यक्रम तथा आयोजना

तालिका ५२ : कार्यक्रम तथा आयोजना (जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा)

(रू. हजारमा)

क्र.स.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	इकाई	अनुमानित स्रोत र वार्षिक लक्ष्य												जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४		जम्मा			
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
१	१	१.१	१.१.१	पालिकास्तरीय उर्जा नीति तर्जुमा	संख्या	१	५००	०	०	०	०	०	०	०	०	**१**	**५००**	नपा	
२				सौर्य उर्जामा अनुदान (२५%)	घरधुरी संख्या	६५	६५०	६५	६५०	६५	६५०	६५	६५०	६५	६५०	**३२५**	**३२५०**	नपा	
३				सुधारिएको चुल्होमा अनुदान	घरधुरी संख्या	१००	१००	१००	१००	१००	१००	१००	१००	१००	१००	**५००**	**५००**	नपा	
४			१.१.२	जल, वायु र सौर्य उर्जामा आधारित विद्युत उत्पादन आयोजना सञ्चालन	वटा	१	२५००	१	२५००	१	२५००	१	२५००	१	२५००	**५**	**१२५००**	नपा	
५			१.१.३	लघु जलविद्युत मर्मत	संख्या	२	१०००	२	१०००	२	१०००	२	१०००	२	१०००	**१०**	**५०००**	नपा	
६			१.१.४	लघु जलविद्युत आयोजना सम्बन्धमा सहकारी तथा समुदायका लागि क्षमता विकास कार्यक्रम	प्याकेज	१	५००	१	५००	१	५००	१	५००	१	५००	**५**	**२५००**	नपा	
७	२	२.१	२.१.१	विद्युत जडान तथा मर्मत सम्बन्धी तालिम	प्याकेज	१	२००	१	२००	१	२००	१	२००	१	२००	**५**	**१०००**	नपा	
८			२.१.२	बजार क्षेत्रका सडकमा सोलार बत्ती जडान	संख्या	५	२५०	५	२५०	५	२५०	५	२५०	५	२५०	**२५**	**१२५०**	नपा	
				जम्मा			**५७००**		**५२००**		**५२००**		**५२००**		**५२००**		**२६५००**		

६.३.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी

(क) नतिजा खाका

तालिका ५३ : नतिजा खाका (जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा)

नतिजा तह	सूचक		आधार वर्ष २०७७/७८	योजना अवधिको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	इकाई		आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४			
प्रभाव नगरका वस्ती तथा घर परिवारमा सफा उर्जाको पहुँचमा वृद्धि भएको हुने	सोलार उर्जा प्रयोग गर्ने घर परिवार	संख्या थप		६५	६५	६५	६५	६५	३२५	नपावाप्र	
	विद्युत सेवा उपभोग गर्ने जनसंख्या	प्रतिशत	५०	६०	७०	८०	८५	९०	९०	नपावाप्र	
	इन्धनको लागि दाउरामा भर पर्ने घर परिवार	प्रतिशत	७०	६०	५०	४०	३०	२०	२०	नपावाप्र	

नतिजा तह	सूचक		आधार वर्ष २०७७/७८	योजना अवधिको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	इकाई		आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४			
असर १ विद्युत आपूर्तिमा वृद्धि भएको हुने र आपूर्ति बढी भरपर्दो हुने	केन्द्रीय विद्युत सेवा विस्तार भएका वडाहरू	संख्या	१०	११	१२	१३	१३	०	१३	नपावाप्र	
	लघु जलविद्युत सेवाबाट लाभान्वित घर परिवार	प्रतिशत	५	७	८	९	१०	११	११	नपावाप्र	
प्रतिफल १.१ काठका पोलहरू विस्थापित हुने र बढी क्षमताका ट्रान्सफर्मर प्रयोग हुने ।	काठको पोल विस्थापित (अनुपात)	प्रतिशत	९०	८०	७०	६०	५०	३०	३०	नपावाप्र	
	आवश्यक क्षमताको ट्रान्सफर्मर भएका स्थानहरू	प्रतिशत		७०	८०	८५	९०	९५	९५	नपावाप्र	
प्रतिफल १.२ लघु जलविद्युत आयोजनाहरूको निर्माण र मर्मत संभार भएको हुने	नियमित संचालनमा आएका लघु विद्युत आयोजनाहरू	संख्या	१०	१०	१०	१०	१०	१०	१०	नपावाप्र	
	प्रभावकारी ढंगले कार्यरत विद्युत उपभोक्ता समितिहरू	संख्या	१०	१०	१०	१०	१०	१०	१०	नपावाप्र	
असर २ वैकल्पिक उर्जाको प्रयोगमा वृद्धि भएको हुने	सोलार प्रयोग गर्ने संस्थाहरू	प्रतिशत	५०	५५	६०	६५	७०	७५	७५	नपावाप्र	
	गोबर ग्याँस प्रयोग गर्ने घरधुरी	प्रतिशत	५	६	७	८	९	१०	१०	नपावाप्र	
प्रतिफल २.१ सौर्य उर्जाको प्रयोगमा वृद्धि भएको हुने	सडक सौर्य उर्जा जडान संख्या	संख्या	५	५	५	५	५	५	२५	नपावाप्र	
	सौर्य उर्जा प्रयोग गर्ने घरधुरी अनुपात	प्रतिशत	५	७	९	१०	११	१५	१५	नपावाप्र	

(ख) अपेक्षित उपलब्धी

नगरपालिकाको सबै वडाहरुमा विद्युत वितरण भएको हुनेछ । विद्युत आपूर्ति नियमित र भरपर्दो भएको हुनेछ । सफा र दिगो उर्जामा नागरिकहरुको पहुँच बृद्धि भएको हुनेछ । इन्धनको रुपमा दाउराको प्रयोगमा कमी आएको हुनेछ ।

६.४ सूचना, सञ्चार तथा प्रविधि

६.४.१ पृष्ठभूमि

नेपालको संविधानले पूर्ण प्रेस स्वतन्त्रता, प्रकाशन तथा प्रसारण स्वतन्त्रता, सञ्चार एवम् सूचनाको हकलाई मौलिक हकका रुपमा स्विकार गरेको छ । यस नलगाड नगरपालिका क्षेत्रमा दुईवटा हुलाक कार्यालय रहेतापनि बढोत्तरी भइरहेको सूचना प्रविधिका कारण हुलाक सेवा प्रयोग गर्नेहरूको संख्या न्युन रहेको छ भने हालसम्म यसै नलगाड नगरपालिकामा कुनैपनि पत्रपत्रिकाको प्रकाशन हुने गरेको छैन ।

नेपाल टेलिकम र एनसेलको मोबाइल सेवा पुगेता पनि अत्यन्तै कमजोर नेटवर्कका कारण सञ्चारको लागि स्थानीयहरूले सास्ती खेप्नु परेको छ । टेलिकमहरूको टावरसम्म विद्युतको पहुँच नपुगेको हुँदा सोलारबाट सञ्चालन भएका टेलिकम टावरहरूमा खराब मौसम भएको समयमा ब्याट्री चार्ज नहुने र सेवा ठप्प हुने गरेको छ । सम्पूर्ण वार्ड कार्यालयहरूमा इन्टरनेट (Worldlink fiber net and Everest wireless) सुविधा पुगेता पनि गुणस्तरीय सेवा उपलब्ध हुन सकेको छैन । निजी क्षेत्रको एफएम सञ्चालन नभएता पनि नगरपालिकाले आफ्नै एफएम रेडियो "नलगाड एफएम" सञ्चालनको क्रममा रहेको छ ।

६.४.२ समस्या तथा चुनौती

(क) समस्या

सबै वडामा इन्टरनेटको सुविधा नहुनु, इन्टरनेट सुविधा भएको ठाउँमा पनि गुणस्तरीय सुविधा नहुनु, सोलारबाट टेलिकमका टावरहरू सञ्चालन हुँदा खराब मौसमका बेला राम्रोसँग बेट्री चार्ज गर्न नसक्नु, हुलाक सेवा प्रति नागरिकको आकर्षण कम हुनु, स्थानीय पत्रपत्रिका र अनलाईन सेवाहरू पालिका भित्र उपलब्ध नहुनु, आदि यस क्षेत्रका समस्याहरू रहेका छन् ।

(ख) चुनौती

सूचना प्रविधिलाई सबै नागरिकको पहुँचमा पुऱ्याउनु, उपलब्ध इन्टरनेट सेवाको गुणस्तर बृद्धि गर्नु, सूचना तथा संचारको लागि आवश्यक पर्ने विद्युत सेवाको नियमित आपूर्ति गर्नु, विद्युतीय शासन प्रणाली लागू गर्नु जस्ता चूनौतीहरू यस क्षेत्रमा रहेका छन् ।

६.४.३ सम्भावना तथा अवसर

(क) सम्भावना

नगरपालिकाको आर्थिक सहयोगमा नलगाड एफएम रेडियो सञ्चालनको क्रममा रहनु साथै सूचना र सञ्चार क्षेत्रको विकासमा नगरपालिकाको प्राथमिकता रहनु, धेरैजसो सेवाग्राही नागरिकहरूसँग मोबाईल फोन हुनु, इन्टरनेटको प्रयोगकर्ता बढ्नु, सूचना तथा सञ्चार प्रविधिको बढ्दो लहरका कारण छिट्टै नै नपामा सूचनाको पहुँचमा वृद्धि हुने सम्भावनाहरू रहेका छन् ।

(ख) अवसर

सूचना तथा सञ्चार सम्बन्धी अधिकार संविधानमा नै व्यवस्था हुनु, नेपाल सरकारको प्रत्येक स्थानीय तहसम्म अप्टीकल फाइबरबाट इन्टरनेट सुविधा प्रदान गर्ने नीति हुनु, नागरिकको इन्टरनेट प्रतिको आकर्षण बढ्नु, संघीय तथा प्रदेश सरकारले सूचना तथा सञ्चार क्षेत्रको विकासमा जोड दिनु, नगरपालिकाले यस क्षेत्रको विकासलाई प्राथमिकतामा राख्नु, जस्ता विषयहरू यस क्षेत्रको विकासका लागि अवसरका रुपमा रहेका छन् ।

६.४.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

(क) लक्ष्य

सूचना तथा सञ्चार सेवामा नागरिकको पहुँच वृद्धि गर्ने ।

(ख) उद्देश्य

१. सूचना प्रविधिको विकास र विस्तार गर्नु ।
२. आम सञ्चारमाध्यमलाई व्यवसायिक र जवाफदेही बनाउनु ।

(ग) रणनीति र कार्यनीति

तालिका ५४ : रणनीति र कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १ : सूचना प्रविधिको विकास र विस्तार गर्नु ।	
१.१ सूचना र सञ्चार क्षेत्रको विकासका लागि नीतिगत र कानूनी पूर्वाधार तयार गर्ने ।	१.१.१ सूचना तथा सञ्चारसँग सम्बन्धित नीति तथा कानून तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
१.२ सूचना र सञ्चार क्षेत्रको विकासमा जोड दिने ।	१.२.१ सूचना र सञ्चार क्षेत्रको विकासका लागि नीजि क्षेत्रसँग सहकार्य गरिनेछ । १.२.२ आम जनतामा डिजिटल साक्षरता बढाउन नीजि क्षेत्रसँगको सहकार्यमा तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । १.२.३ सूचना प्रविधि सम्बन्धी पूर्वाधारहरूको विकास गरिनेछ ।
उद्देश्य २ : आम सञ्चार माध्यमलाई व्यवसायिक र जवाफदेही बनाउनु ।	
२.१ नगरपालिका भित्र आम सञ्चार माध्यमहरूलाई थप व्यवस्थित गर्ने	२.१.१ अनलाईन पत्रिका सञ्चालनमा नीजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ । २.१.२ मोबाइल तथा इन्टरनेट सेवाको गुणस्तर सुनिश्चित गर्न नेपाल टेलिकम तथा अन्य सेवा प्रदायक संस्थाहरूसँग सहकार्य गरिनेछ । २.१.३ आम सञ्चार माध्यमहरूको नियमित अनुगमन गरिनेछ ।

(घ) कार्यक्रम तथा आयोजना

तालिका ५५ : कार्यक्रम तथा आयोजना (सूचना, सञ्चार तथा प्रविधि)

(रू. हजारमा)

क्र.स.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	इकाई	अनुमानित स्रोत र वार्षिक लक्ष्य										जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४		जम्मा			
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
१	१	१.१	१.१.१	सूचना तथा सञ्चार सम्बन्धी स्थानीय नीति तर्जुमा तथा कार्यान्वयन	वटा पटक	१	५००	१	१००	१	१००	१	१००	१	१००	५	९००	नपा	
२		१.२	१.२.१	निजी क्षेत्रसँग सहकार्य	पटक	१	१००	१	१००	१	१००	१	१००	१	१००	५	५००	नपा	
३			१.२.२	डिजिटल साक्षरता तालिम	पटक	१	२००	१	२००	१	२००	१	२००	१	२००	५	१०००	नपा	
४			१.२.३	एफएम रेडियो भवन निर्माण	वटा	०	०	१	१२०००	०	०	०	०	०	०	१	१२०००	नपा	
५				सीसी क्यामरा जडान	संख्या	१०	२५०	१०	२५०	१०	२५०	१०	२५०	१०	२५०	५०	१२५०	नपा	
६				सार्वजनिक स्थलमा फ्रि वाइफाई जडान	संख्या	१३	१३०	१३	१३०	१३	१३०	१३	१३०	१३	१३०	६५	६५०	नपा	
७	२	२.१	२.१.१	अनलाईन पत्रिका सञ्चालनमा सहयोग	प्याकेज	१	२००	१	२००	१	२००	१	२००	१	२००	५	१०००	नपा	
८			२.१.२	मोबाईल र इन्टरनेट सेवाको गुणस्तर वृद्धि	प्याकेज	१	१०००	१	१०००	१	१०००	१	१०००	१	१०००	५	५०००	नपा	
				जम्मा			**२३८०**		**१३९८०**		**१९८०**		**१९८०**		**१९८०**		**२२३००**		

६.४.५ अपेक्षित उपलब्धी तथा नतिजा खाका

(क) नतिजा खाका

नतिजा तह	सूचक		आधार वर्ष २०७७/७८	योजना अवधिको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	एकाई		आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४			
प्रभाव सूचनामा नागरिक पहुँच वृद्धि भएको हुने	सूचनाको हकको कार्यान्वयनको अवस्था	संख्या		कमजोर	सन्तोषजनक	राम्रो	राम्रो	राम्रो	राम्रो	नपा वार्षिक प्रगति प्रतिवेदन	
	इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या	प्रतिशत	२०	३०	३५	४०	४५	५०	५०	नपा वार्षिक प्रतिवेदन	

नतिजा तह	सूचक		आधार वर्ष २०७७/७८	योजना अवधिको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	एकाई		आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४			
	टेलिफोन/मोबाइल प्रयोगकर्ता	प्रतिशत	५०	५५	६०	६५	७०	७५	७५	नपा वार्षिक प्रतिवेदन	
असर १ सञ्चार प्रविधिको पहुँच विस्तार भएको हुने ।	इन्टरनेट पुगेका वडाहरु	थप संख्या		१	२	३	०	०	६	नपा वार्षिक प्रतिवेदन	
	एफएम रेडियो स्टेशन	संख्या	०	०	१	०	०	०	१	नपा वार्षिक प्रतिवेदन	
प्रतिफल १.१ संचार प्रविधि सम्बन्धी पूर्वाधारमा सुधार भएको हुनेछ ।	सि.सि. क्यामरा जडान भएका सार्वजनिक स्थलहरु	संख्या		५	५	५	५	५	२५	नपा वार्षिक प्रतिवेदन	
	निःशुल्क वाइफाइ जोन	संख्या	०	३	३	३	३	३	१५	नपा वार्षिक प्रतिवेदन	
प्रतिफल १.२ संचार प्रविधिको प्रयोग सम्बन्धी क्षमता बृद्धि भएको हुनेछ ।	डिजिटल लिटरेसी तालिम प्राप्त व्यक्तिहरु	प्रतिशत (थप)		५	१०	१५	२५	५०	५०	नपा वार्षिक प्रतिवेदन	
	एप्सहरु प्रयोग गर्नेहरु	प्रतिशत (थप)		१०	१०	१०	१०	१०		नपा वार्षिक प्रतिवेदन	
असर २ सूचना तथा सञ्चार प्रविधि सर्वसुलभ, भरपर्दो र गुणस्तरीय हुने	टेलिभिजन सेवा प्रदायकहरू	संख्या		२	३	३	३	४	४	नपा वार्षिक प्रतिवेदन	
	क्रियाशील पत्रकार	संख्या		२	२	२	२	२	१०	नपा वार्षिक प्रतिवेदन	
	अनलाइन पत्रिका सञ्चालन	संख्या	०	०	१	०	०	०	१	नपा वार्षिक प्रतिवेदन	
	छापा पत्रिका	संख्या	०	१	०	०	०	०	१	नपा वार्षिक प्रतिवेदन	
प्रतिफल २.१ मोबाइल तथा इन्टरनेट सुविधाको स्रोन्नति गरिनेछ	अप्टिकल फाइबरे विच्छ्याएको परिमाण	किमी		०	२	५	८	१२	१२	नपा वार्षिक प्रतिवेदन	
	५ जी इन्टरनेट सुविधा पुगेका वडाहरु	वडा		०	३	५	७	१०	१०	नपा वार्षिक प्रतिवेदन	

(ख) अपेक्षित नतिजा

सार्वजनिक सूचनामा नागरिकको पहुँच बृद्धि भएको हुनेछ । सूचना प्रविधिको प्रयोग वडा तहसम्म विस्तार भएको हुनेछ । सूचना प्रविधिका आधुनिक उपकरण तथा एप्लीकेशनहरुको प्रयोगमा बृद्धि भएको हुनेछ ।

परिच्छेद सात : वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

यस क्षेत्र अन्तर्गत वन तथा जैविक विविधता, भूसंरक्षण तथा जलाधार व्यवस्थापन, वातावरण तथा फोहरमैला व्यवस्थापन, विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता आदि उपक्षेत्रहरू समावेश गरिएको छ । यसका साथै दिगो विकास लक्ष्य अन्तर्गत लक्ष्य १२: दिगो उपभोग तथा उत्पादन, लक्ष्य १३: जलवायु कार्य र लक्ष्य १५: जमिन माथिको जीवन विषयहरूलाई यस क्षेत्रमा समावेश गरी विश्लेषण गरिएको छ ।

नलगाड नगरपालिका जैविक विविधताको दृष्टिले पनि समृद्ध रहेको छ । यहाँ जीवजन्तु अन्तर्गत स्याल, बाँदर, घोरल, मृग, बँदेल, सानो बाघ, लङ्गुर, फ्याउरो, ब्वाँसो, बिरालो, खरायो, छेपारो, सर्प, जुका, गँगटो, भ्यागुतो जस्ता वन्यजन्तु उल्लेख्य मात्रामा तथा घोरल, रेडपाण्डा, रतुवा, भालु, कस्तुरी, दुम्सीजस्ता लोपोन्मुख वन्यजन्तुहरू पाइन्छन् । वनपंक्षी अन्तर्गत कालिज, मयुर, ढुकुर, लाटोकोसेरो, चिबे, जुरेली, चिल, च्याखुरा, काग, सन्ताउली, सिम्टाउलो, न्याउली, गौंथली, फिस्टो, लाहाँचे लगायतका वनपंक्षीहरू उल्लेख्य मात्रामा पाइन्छन् भने सुनगिद्द जस्तो लोपोन्मुख पंक्षी समेत पाइन्छ । सुनगिद्ध संरक्षणका लागि वडा नं. ५ स्थित महादेउ, काउलामेलामा सुनगिद्ध संरक्षण केन्द्र स्थापना गरिएको छ । वनस्पति अन्तर्गत बाँस, बाँझ, फलाँट, कटुस, रियाँज, दुधिलो, सल्लो, निगालो, साज, ठिन्के, पैंयु, लाँकुरी, धूपी, उत्तीस, गुराँस, साल, इपिल इपिल जस्ता वनस्पतिहरू पाइन्छन् । कोदो, जौ, उवा, मकै, गहुँका रैथाने प्रजातिहरू उपलब्ध छन् र यिनीहरू तुलनात्मक रुपमा रोग तथा खडेरी प्रतिरोधक समेत रहेका छन् ।

७.१ वन तथा जैविक विविधता

७.१.१ पृष्ठभूमि

प्राकृतिक स्रोतको हिसावले वन एक महत्वपूर्ण सम्पदा हो । वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता समेट्ने यो क्षेत्र प्रत्यक्ष रुपमा पर्यापर्यटन, स्वच्छ पर्यावरण र वन तथा जडिवुटीमा आधारित उद्योगसँग गाँसिएको छ । यस क्षेत्रबाट प्राप्त हुने काठ, दाउरा, जडिबुटी, हरित उद्यम र प्रकृतिमा आधारित पर्यटनको विस्तार समृद्धिका आधार हुन् भने स्वच्छ पर्यावरण, हरियाली, जैविक विविधता, प्राकृतिक रमणीयता, समुन्नत जलाधार आदि सुखी नेपालीका महत्वपूर्ण सूचकहरू हुन् । वन, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन गरी सामाजिक, आर्थिक तथा वातावरणीय लाभ हासिल गर्ने तर्फ नगरपालिकाको प्राथमिकता हुनु अपरिहार्य छ । नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक वन, ग्रामीण तथा शहरी वन, धार्मिक वन तथा कबुलियत वनको संरक्षण, प्रवर्द्धन, प्रयोग, नियमन तथा व्यवस्थापनमा नगरपालिकाको भूमिका महत्वपूर्ण हुने हुँदा सोही अनुसार नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक हुनेछ ।

हाल टिमुर, रिट्ठा, सेतकचिनी, जटामसी, कुट्की, पाषणवेद, पदमचाल, सुगन्धवाल, कालिकोठको दाना, अल्लोजस्ता जडिबुटी लगायत खोटो नगरपालिका बाहिर निर्यात हुँदै आएको छ । सामुदायिक वनहरूबाट वार्षिक रु. ७५,००० बराबरको आम्दानी हुने गरेको छ । कानुनी प्रावधानअनुरुप सामुदायिक वन उपभोक्ता समितिहरूमा कम्तिमा ५० प्रतिशतको सहभागितामा निर्णय हुने अभ्यास रहेको छ भने केही सामुदायिक वनमा सर्वसम्मतरुपमा पनि निर्णयहरू हुने गरेका छन् । नगरपालिका भरिमा करिब ४० प्रतिशत परिवार वन क्षेत्रमा पूर्णरुपमा आश्रित रहेका छन् । वडा नं. २, ३, ६ मा घना वन क्षेत्र रहेको छ । हरेक वर्ष डिभिजन वन कार्यालय तथा नगरपालिकाबाट करिब १०,००० बिरुवा वृक्षारोपण गरिँदै आएको छ । चोरी निकासी न्यूनीकरणका लागि सब डिभिजन वन कार्यालयले दण्ड, जरिवाना, जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । सामुदायिक वनबाट काठ, दाउरा लगायतको स्थानीय मागको पूर्ति भइ आएको छ ।

७.१.२ समस्या तथा चुनौती

(क) समस्या

नगरपालिकाको वन क्षेत्रमा अतिक्रमण उच्च हुनु, विभिन्न स्थानहरूमा अनधिकृत वन फडानी हुनु, वनको ठूलो हिस्सामा वनको गुणस्तर न्यूनस्तरको हुनु, मिचाहा वनस्पतिको प्रकोप बढ्दै जानु, संस्थागत विकासका दृष्टिकोणले समेत सामुदायिक वनहरूको अवस्था सन्तोषजनक नहुनु, कुल ४१ वटा सामुदायिक वनहरुमध्ये ३८(करिब ९३ प्रतिशत) वटा सामुदायिक वनको आम्दानी नगन्य हुनु, करिब २५ प्रतिशत सामुदायिक वनको वार्षिक आम्दानी रु. १० हजारभन्दा कम हुनु र करिब ४० प्रतिशत सामुदायिक वनको खातापाता तथा लेखा व्यवस्थित नहुनु, करिब ४८ प्रतिशत सामुदायिक वनहरूको वार्षिक रुपमा लेखापरीक्षण नहुनु, सामुदायिक वन तथा कबुलियती वन दर्ता गरी निष्क्रिय रहने प्रचलन हुनु, जनसङ्ख्या वृद्धि, सडक निर्माण, अतिक्रमण, समुचित व्यवस्थापनको कमी, प्राथमिकता तथा उचित लगानीको कमी जस्ता समस्याहरू रहेका छन् ।

(ख) चुनौती

नगरपालिकामा वन अतिक्रमण हुनु, वन फडानी तथा वन डढेलो नियन्त्रण गर्न नसक्नु, नगरपालिका भित्र रहेका विभिन्न रैथाने प्रजातिका वनस्पतिहरू लोप हुने जोखिम बढ्नु, जस्तै : फलाँट, गोब्रेसल्लो, काफल, लालीगुराँस, लैंटो, सेर्पो, साल, दल्लो आदि । मृग, चितुवाजस्ता रैथाने प्रजातिका जीवजन्तुहरू लोप हुने जोखिम बढ्दै जानु, जैविक विविधताको संरक्षण तथा प्रवर्द्धन गर्न नसक्नु जस्ता चुनौतीहरू रहेका छन् ।

७.१.३ सम्भावना तथा अवसर

(क) सम्भावना

टिमुर, रिट्ठा, काउलो, चुत्रो, तेजपात, सेतकचिनी, कालिकाठको दाना आदि गैरकाष्ठ वन पैदावारहरू पर्याप्त मात्रामा उपलब्ध रहनाले व्यवसायिक विकास गर्न सकिने अवस्था रहेको छ । उल्लेख्य क्षेत्रफलमा नीजि जमिन बाँझो रहेकाले नीजि वन प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको छ । नगरपालिकामा सबडिभिजन वन कार्यालयको उपस्थितिले सहकार्यमा दिगो वन व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न सकिने सम्भावना रहेको छ । सामुदायिक वन उपभोक्ता समितिहरू गठन भइसकेका हुँदा उक्त समितिहरूको क्षमता अभिवृद्धि र आवश्यक सहयोग गरी वन व्यवस्थापन तथा वन डढेलो लगायतका कार्यहरूमा परिचालन गर्न सकिन्छ ।

(ख) अवसर

नगरपालिकाको कुल भूमिको ठूलो हिस्सा (कुल भूमिको ५५.५७%) वन क्षेत्रले ढाकिएको छ । कुल २१५.२६५ व.कि.मी. क्षेत्रफल भएको यस नगरपालिकामा सामुदायिक वन ४१ वटा, कबुलियती वन १७ वटा, नीजि वन १ वटा रहेको छ । सामुदायिक वनमा ३८५० परिवार, कबुलियती वनमा १००० परिवार र नीजि वनमा एक परिवार गरी कुल ४८५१ परिवार वन व्यवस्थापनमा प्रत्यक्ष सहभागी रहेका छन् । सामुदायिक वन ५१५५.१५ हे., कबुलियती वन ६७९.५१ हे. र नीजि वन ५ हेक्टर गरी कुल ५८३९.६६ हे. मा वन क्षेत्र रहेको छ ।

७.१.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

(क) लक्ष्य

वन तथा जैविक विविधताको संरक्षण र सदुपयोग गर्ने ।

(ख) उद्देश्य

१. वन, हरियाली तथा जैविक विविधताको संरक्षण र दिगो व्यवस्थापन गर्नु,
२. काष्ठ तथा गैरकाष्ठ वन पैदावार उत्पादन र परिचालन दिगो बनाउनु ।

(ग) रणनीति र कार्यनीति

तालिका ५६ : रणनीति र कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १ : वन, हरियाली तथा जैविक विविधताको संरक्षण र दिगो व्यवस्थापन गर्नु ।	
१.१. वनले ओगटेको समग्र भूगोललाई गुणस्तरका आधारमा वर्गीकरण गरी प्राथमिकताका आधारमा गुणस्तर अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गर्ने ।	१.१.१. हरियाली प्रवर्द्धनको लागि हावापानी, माटो र भूगोल अनुरुप खाली जग्गाहरूमा वृक्षारोपण गरिनेछ । १.१.२. सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहहरूलाई परिचालन गरी मिचाहा वनस्पतिको नियन्त्रण गरिनेछ तथा उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ । १.१.३. सामुदायिक वन उपभोक्ता समितिहरूलाई वन डढेलो नियन्त्रणमा सहयोग गरिनेछ तथा आवश्यक संस्थागत क्षमता अभिवृद्धि गरिनेछ । १.१.४. सब-डिभिजन वन कार्यालय, वन उपभोक्ता समिति तथा सुरक्षा निकायहरूसँगको समन्वय, सहकार्यमा वन अनुगमनलाई नियमित, संयोजित र प्रभावकारी बनाई वन अतिक्रमण तथा फडानी नियन्त्रण गरिनेछ । १.१.५. ठूला पूर्वाधारहरू निर्माण गर्दा वातावरण संरक्षणका क्षेत्रमा कार्य गर्न लागत अनुमानमा नै कम्तिमा ५ प्रतिशत लगानी समेट्ने व्यवस्था गरिनेछ ।
१.२. वन तथा जैविक विविधतालाई एकीकृत पद्धतिबाट संरक्षण, प्रवर्द्धन गर्न पहल गर्ने ।	१.२.१. वन क्षेत्रको सीमाङ्कनमा सहयोग गरी संरक्षणमा सहजता वृद्धि गरिनेछ । १.२.२. दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु एवम् वनस्पति प्रजाति, तिनको वासस्थान लगायत संवेदनशील पारिस्थितिकीय प्रणालीहरूको संरक्षणका लागि सम्बन्धित निकायहरूसँगको सहकार्यमा ठोस कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । १.२.३. नगरपालिकाको बाक्लो जैविक विविधता भएको क्षेत्र छनोट गरी उक्त क्षेत्रलाई समन्वय, सहकार्यको पद्धतिमा संरक्षण क्षेत्रका रुपमा विकास गरिनेछ । १.२.४. रैथाने प्रजातिका कृषिबालीहरू संरक्षणका लागि कृषकहरूलाई प्रोत्साहित गरिनेछ । १.२.५. वन तथा जैविक विविधताको स्थिति अध्ययन गरिनेछ तथा विद्यमान प्रजातिको संख्या कायम राख्ने र यथासम्भव नयाँ प्रजातिको प्रवर्द्धनको प्रयास गरिनेछ । १.२.६. कुनै पनि जलक्षेत्रमा करेन्ट लगाएर तथा विष हालेर माछा मार्ने प्रचलनमा बन्देज लगाइनेछ । १.२.७. उपयोगमा नआएका निजी जमिनमा निजी वन प्रवर्द्धन गर्न प्रोत्साहित गरिनेछ ।
उद्देश्य २ : काष्ठ तथा गैरकाष्ठ वन पैदावारको उत्पादन र परिचालन दिगो बनाउनु ।	
२.१. सामुदायिक वन उपभोक्ता समितिहरूसँग नगरपालिकाको समन्वय र साझेदारी अभिवृद्धि गर्ने	२.१.१. सामुदायिक वन उपभोक्ता समितिहरूको संस्थागत क्षमताको अवस्था अध्ययन गरी आवश्यकता अनुसार क्षमता विकास कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । २.१.२. वन पैदावारको मूल्य निर्धारण गर्दा प्रचलित बजारमूल्य समेतलाई ख्याल गर्न सामुदायिक वन उपभोक्ता समूहहरूलाई सहजीकरण गरिनेछ । २.१.३. वन उपभोक्ता समितिहरूको वार्षिक वन विकास कार्ययोजना तर्जुमा र स्वीकृतिका लागि आवश्यक सहयोग गरिनेछ ।

रणनीति	कार्यनीति
२.२. दिगो वन व्यवस्थापनलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने ।	२.२.१. बाँझो रहेको निजी क्षेत्रमा निजी वन विस्तारका लागि प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ । २.२.२. जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी वन क्षेत्रको संरक्षण तथा वनस्पति पुनरोत्पादन दर वृद्धि गर्न योगदान गरिनेछ । २.२.३. दिगो वन व्यवस्थापनका लागि तोकिएका प्राथमिकता प्राप्त ह्रासोन्मुख वन क्षेत्रमा सब-डिभिजन वन कार्यालयसँगको समन्वयमा सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहहरूसँग सहकार्य गरी नतिजामूलक ढंगले सामुदायिक वनको गुणस्तर अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । २.२.४. सडक लगायतका पूर्वाधार निर्माण गर्दा रुख विरुवाको कम क्षति हुने गरी निर्माण गर्ने र क्षति भएमा एक रुख बराबर ५ विरुवा लगाई हुर्काउने प्रबन्ध मिलाइने छ । २.२.५. सरकारी गैरसरकारी निकायहरूको सहकार्यमा स्थानीय भूगोल र हावापानी अनुकूलका तथा विशेष महत्वका बोट विरुवा रोप्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

(घ) कार्यक्रम तथा आयोजना

तालिका ५७ : कार्यक्रम तथा आयोजना (वन तथा जैविक विविधता)

(रू. हजारमा)

क्र.स.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	इकाई	अनुमानित स्रोत र वार्षिक लक्ष्य												जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४		जम्मा			
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
१	१	१.१	१.१.१	नर्सरी निर्माण/विरुवा उत्पादन, उचित प्रजाति वृक्षारोपण एवम् संरक्षण कार्यक्रम	हे	८	१२८०	१२	१९२०	१०	१६००	१०	१६००	१०	१६००	**५०**	**८०००**	नपा, सडिवका, सावउस	सबै वडा
२			१.१.२	मिचाहा वनस्पति नियन्त्रण कार्यक्रम	प्याकेज	१	५००	१	५००	१	५००	१	५००	१	५००	**५**	**२५००**	नपा, सडिवका, सावउस	सबै वडा
३			१.१.३	वन डढेलो नियन्त्रण कार्यक्रम(व.उ.स.हरूलाई तालिम, अग्नि नियन्त्रणका सामग्रीहरू सहयोग, अग्निरेखा निर्माण)	सा.व. संख्या	२	२००	४	४००	३	३००	३	३००	३	३००	**१५**	**१५००**	नपा, सडिवका, सावउस	वडा नं. १०, ९ र १० सहित वन डढलो प्रभावित अन्य क्षेत्रहरू
४		१.२	१.२.१	वन क्षेत्रको सीमाङ्कन कार्यक्रम	सा.व. संख्या	२	१०००	२	१०००	२	१०००	२	१०००	२	१०००	**१०**	**५०००**	नपा, सडिवका, सावउस	वडा नं. ५, वडा ६ लगायत सीमाना अस्पष्ट र विवाद भएका सामुदायिक वनहरू
५				वन उपभोक्ता समितिहरूको क्षमता एवम् सुशासन अभिवृद्धि कार्यक्रम	सा.व. संख्या	४	२००	०	०	८	४००	४	२००	४	२००	**२०**	**१०००**	नपा, सडिवका, सावउस	नगरपालिकाभरि
६			१.२.२	दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु एवं वनस्पति संरक्षण कार्ययोजना निर्माण	वटा	०	०	१	५००	०	०	०	०	०	०	**१**	**५००**	नपा, सडिवका, सावउस	

क्र.स.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	इकाई	अनुमानित स्रोत र वार्षिक लक्ष्य										जम्मा		जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४					
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
७			१.२.५	वन तथा जैविक विविधता सम्बन्धी अध्ययन	पटक	०	०	१	१०००	०	०	०	०	०	०	१	१०००	नपा, सडिवका, सावउस	
८				विशेष महत्वका वनस्पतिको संरक्षण कार्यक्रम (काफल, लालीगुराँस, चिउरी, गोब्रेसल्ला, दल्लो)	वडा	०	०	५	१०००	५	१०००	३	६००	०	०	१३	२६००	नपा, सडिवका, सावउस	नगरपालिका भरी
९			१.२.७	नीजि वन प्रवर्द्धन कार्यक्रम	हे.	५	१५००	२	६००	८	२४००	५	१५००	५	१५००	२५	७५००	नपा, सडिवका, सावउस	वडा नं. २, ४, ५, ७, ११ लगायत खाली रहने गरेका निजी जग्गा धेरै भएका अन्य वडा
१०	२	२.१	२.१.१	सामुदायक वन उपभोक्ता समुहहरुको संस्थागत क्षमता सम्बन्धी अध्ययन	पटक	०	०	०	०	१	५००	०	०	०	०	१	५००	नपा, सडिवका, सावउस	
११				सामुदायिक वन उपभोक्ता समुहहरुको क्षमता विकास कार्यक्रम	प्याकेज	१	५००	१	५००	१	५००	१	५००	१	५००	५	२५००	नपा, सडिवका, सावउस	
१२		२.२	२.२.१	निजी वन विस्तार प्रोत्साहन कार्यक्रम	प्याकेज	१	५००	१	५००	१	५००	१	५००	१	५००	५	२५००	नपा, सडिवका, सावउस	
१३			२.२.२	वन क्षेत्र संरक्षण तथा वनस्पति पुनर्उत्पादन सम्बन्धी जनचेतनामूलक कार्यक्रम	प्याकेज	१	३००	१	३००	१	३००	१	३००	१	३००	५	१५००	नपा, सडिवका, सावउस	
१४			२.२.३	सामुदायिक वन गुणस्तर अभिवृद्धि कार्यक्रम	प्याकेज	१	६००	१	६००	१	६००	१	६००	१	६००	५	३०००	नपा, सडिवका, सावउस	
				जम्मा			**६५८०**		**८८२०**		**९६००**		**७६००**		**७०००**		**३९६००**		

७.१.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी

(क) नतिजा खाका

तालिका ५८ : नतिजा खाका (वन तथा जैविक विविधता)

नतिजा तह	सूचक		आधार वर्ष २०७७/७८	योजना अवधिको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	ईकाइ		आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४			
प्रभाव : सन्तुलित, समृद्ध पर्यावरण	कुल भूमिमा वन तथा अन्य हरियाली क्षेत्र	प्रतिशत	५६	५६	५६	५७	५८	५९	५९		
	स्वीकृत वनजन्य उत्पादनबाट वन उपभोक्ता समितिहरूको आम्दानी	रु. हजार	१५०	५००	२०००	४०००	६०००	८२००	८२००		
	वनमा आधारित उद्यम व्यवसायमा आश्रित घरपरिवार	संख्या	२५	५०	१००	१५०	१५०	१५०	१५०		
	पुनर्स्थापित वनको क्षेत्रफल	हेक्टर	५	५	१०	२०	४०	५०	५०		
	वातावरणीय सरसफाइ र स्वच्छता र सुन्दरता भएका वडा	संख्या	५	५	८	१०	१२	१३	१३		
	विगत पाँच वर्षमा विपद्बाट भएको मानवीय क्षतिमा आएको गिरावट (घाइते समेत)	प्रतिशत	१०	५	६	७	९	१०	१०		
	पहिरो वा नदी कटानबाट क्षतिग्रस्त भूमिको क्षेत्रफल	रोपनी	१००	५०	६०	७०	९०	१००	१००		
असर : हरियाली, वन क्षेत्रको सञ्चिती एवम् दीगो उपयोगमा वृद्धि र जैविक विविधताको प्रवर्द्धन भएको हुने	वृक्षारोपणबाट वृद्धि भएको हरित क्षेत्र	हेक्टर	०	५	१०	१५	२०	२५	२५	सब-डिभिजन वन कार्यालयको प्रगति प्रतिवेदन, न.पा.को सर्भेक्षण प्रतिवेदन	सब-डिभिजन वन कार्यालयसँग समन्वय र सहकार्यमा वृद्धि भएको हुनेछ ।
	काष्ठ/गैरकाष्ठ वन पैदावार/जडीबुटी बिक्री	रु.	१०००	११००	१२००	१३००	१४००	१५००	१५००		
	वनबाट नगरपालिकामा प्राप्त कुल रोयल्टी	रु. हजार	०	५०	१५०	३००	४००	५००	०		
	पुनर्स्थापित भूमिको क्षेत्रफल	हेक्टर	०	२	८	२०	४०	५०	५०		
प्रतिफल १.१ : वन क्षेत्रको उत्पादन तथा	उत्पादित काठ	घन फुट	८०००	८२००	८५००	९०००	९५००	१००००	१००००	सब-डिभिजन वन कार्यालयको	सब-डिभिजन वन कार्यालयसँग
	दर्ता निजी वन क्षेत्र	हेक्टर	५	७	१२	२०	२२	२५	२५		
	वनमा आधारित उद्योग व्यवसाय	संख्या	५	८	१४	२१	२३	२५	२५		

नतिजा तह	सूचक		आधार वर्ष २०७७/७८	योजना अवधिको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	ईकाइ		आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४			
उत्पादकत्व वृद्धि भएको हुने ।	व्यावसायिक जडिबुटी खेतीमा संलग्न घरपरिवार	संख्या	१	३	८	१०	१२	१५	१५	प्रगति प्रतिवेदन, न.पा.को सर्भेक्षण प्रतिवेदन	समन्वय र सहकार्यमा वृद्धि भएको हुनेछ ।
प्रतिफल १.२ : जलाधार, हरियाली तथा जैविक विविधताको संरक्षण, प्रवर्द्धन भएको हुने ।	जैविक प्रविधिबाट नियन्त्रित खोला किनार तथा सडक र नहरको लम्बाई	हे.	०	१	२	३	४	५	५	सब-डिभिजन वन कार्यालयको प्रगति प्रतिवेदन, न.पा.को सर्भेक्षण प्रतिवेदन	सब-डिभिजन वन कार्यालयसँग समन्वय र सहकार्यमा वृद्धि भएको हुनेछ ।
	नवनिर्मित उद्यान तथा हरित क्षेत्र	संख्या	१	१	२	२	३	३	३		
	जैविक विविधतायुक्त/संरक्षित क्षेत्र	संख्या	१	१	२	२	२	२	२		

(ख) अपेक्षित उपलब्धी

यो आवधिक योजनाको कार्यान्वयन पश्चात सन्तुलित र समृद्ध पर्यावरण निर्माणमा योगदान पुगेको हुनेछ । योजना तर्जुमाका समयमा ५ हेक्टर वन पुनर्स्थापित भएकोमा योजना अवधिको अन्तिमसम्ममा ५० हेक्टर वन पुनर्स्थापित भएको हुनेछ भने वृक्षारोपणबाट २५ हेक्टर थप जमिनमा हरियाली वृद्धि भएको हुनेछ । उत्पादित काठको परिमाणमा वृद्धि भएको हुनेछ । योजना तर्जुमाको समयमा नगरपालिकामा व्यवसायिक जडिबुटी खेतीको अभ्यासमा एक परिवार मात्र संलग्न भएकोमा योजना अवधि सम्पन्न हुँदासम्म व्यवसायिक जडीबुटी खेतीको अभ्यास सुरु भएको हुनेछ र कम्तीमा १५ परिवार व्यवसायिक जडीबुटी खेतीमा संलग्न भएका हुनेछन् ।

७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

७.२.१ पृष्ठभूमि

नगरपालिका भित्र रहेको जमिनको सही व्यवस्थापनका लागि भू-उपयोग नीति बनाई यसको कार्यान्वयनमा जोड दिनु पर्दछ। पहिरो र वाढीबाट हुनसक्ने सम्भावित क्षेत्रको पहिचान गरी यसको संरक्षण र रोकथामको लागि विशेष कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ । क्षतिग्रस्त भूमि, नदी उकास जग्गा जस्ता क्षेत्रहरूको नक्सांकन गरी व्यवस्थापकीय कार्ययोजना तर्जुमा गर्ने र भू उपयोग विकाससँग सम्बन्धित संरक्षण र विकासका नमूना कार्यक्रमहरूको सञ्चालन गर्नुपर्दछ । जलाधार क्षेत्रको पहिचान, वर्गीकरण र प्राथमिकीकरण सम्बन्धी कार्य, जलाधार तथा पहिरो व्यवस्थापन सम्बन्धी ज्ञान, प्रविधि तथा अन्य वैज्ञानिक अध्ययन तथा प्रचार प्रसार जस्ता कार्यक्रमहरू पनि गर्नु जरुरी हुनेछ । नगरपालिकाको शहरी योजना तथा विकासको अभिन्न अंगको रुपमा प्राकृतिक स्रोतको संरक्षण गर्ने कार्यलाई प्राथमिकतामा राख्नुपर्दछ । एकीकृत जलस्रोत व्यवस्थापन जस्तो जटिल कामदेखि स्थानीय तहमा प्राकृतिक स्रोतको व्यवस्थापनको लागि आवश्यक निजी क्षेत्र तथा समुदायवीच हुने सहकार्यको समन्वयको काम समेत गर्नु पर्ने जिम्मेवारी नगरपालिकाको रहेको छ ।

७.२.२ समस्या तथा चुनौती

(क) समस्या

नगरपालिकाभित्र कालीमाटी पहिरो, पाते पहिरो, स्यालचौर लौका पहिरो, खालचौर पहिरो, बगरचामाखेत पहिरो, तल्लोबगर पहिरो लगायतका करिब एक दर्जन संख्यामा ठूला तथा मध्यम स्तरीय पहिरोहरू रहेका तथा यिनीहरूको समुचित व्यवस्थापन गर्न नसक्नु, नदी, सडक किनार, सार्वजनिक जग्गा, पाखा वा क्षेत्रहरूमा पर्याप्त मात्रामा वृक्षारोपण हुन नसक्नु र भएका वृक्षको संरक्षण गर्न नसक्नु, हरेक वर्ष वृक्षारोपण नियमित गर्ने गरिए तापनि उचित हेरचाह गर्न नसक्नु र बिरुवा हुर्कने दर न्यून हुनु, कमजोर, भिरालो जमिनमा स्थिरीकरणका प्रयासहरू अपर्याप्त हुनु, जलाधार क्षेत्रहरूको अध्ययन, पहिचान तथा तदनुरुपका कार्यहरू हुन नसक्नु, कृषि सडक लगायत अन्य साना पूर्वाधार निर्माणका काममा वातावरणीय अध्ययन बिना काम हुने गरेकाले वातावरणीय क्षति हुनु; पहिरो, गल्छी, खहरेहरूको नियन्त्रण नहुनु जस्ता समस्याहरू रहेका छन् ।

(ख) चुनौती

कमजोर, भिरालो तथा जोखिमपूर्ण जमिनको स्थिरीकरण गरी भूसंरक्षण गर्नु यस क्षेत्रको सबैभन्दा ठूलो चुनौतीको रुपमा रहेको छ । जल, जमिन तथा जङ्गललाई एकीकृत तथा दिगो ढङ्गले सञ्चालन गरी जमिनको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु यहाँको अर्को चुनौती रहेको छ ।

७.२.३ सम्भावना तथा अवसर

(क) सम्भावना

करिब आधी दर्जन वर्षैभरि पानी बहने नदी/खोला लगायतको जलस्रोत उपलब्ध भएकाले खानेपानी सुविधा तथा साना सिंचाइको सुविधा विस्तार गर्न सकिने सम्भावना रहेको छ । तटबन्धन लगायत भूसंरक्षणका अन्य कार्य गर्न ढुंगा, गिट्टी लगायतका कच्चा पदार्थ तथा बायोइञ्जिनियरिङका लागि विभिन्न रैथाने प्रजातिका वनस्पतिहरू उपयुक्त रहेका छन् ।

(ख) अवसर

यस नगरपालिकामा ठूली भेरी, नलगाड, झुप्रे खोला, जुगे खोला, चौखा खोला जस्ता करिब आधी दर्जन वर्षैभरि पानी बहने नदी/खोला लगायत आपुर खोला, गुर्सु खोला, कटेरी खोला, सिल्पा खोला जस्ता करिब एक दर्जन मौसमी खोला, खोल्साहरू रहेका छन् । खानेपानीका मुहानहरू अन्तर्गत काललागे मुहान, धारा खोला, नहकुली मुहान, तिरतिरे मुहान, गेग्रे मुहान लगायत खानेपानी मुहानहरूको उपलब्धता रहेको छ । विभिन्न क्षेत्रमा खानेपानी मुहान संरक्षणका कार्यक्रमहरू जारी रहेका छन् । सबडिभिजन वन कार्यालय र नगरपालिकाको नियमित कार्यक्रमको रुपमा हरेक वर्ष वृक्षारोपणका कार्यक्रमहरू सञ्चालन हुँदै आएको छ ।

७.२.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

(क) लक्ष्य

कमजोर भिरालो जमिनको स्थिरीकरण तथा जलाधार क्षेत्रको उत्पादकत्व अभिवृद्धि गर्ने ।

(ख) उद्देश्य

१. खोला, खोल्सा, नदी कटान तथा पहिरोहरूबाट भूमिको संरक्षण गर्नु,
२. भू तथा जलाधार क्षेत्रको उत्पादनशीलतामा वृद्धि गर्नु ।

(ग) रणनीति र कार्यनीति

तालिका ५९ : रणनीति र कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १ : खोला, खोल्सा, नदी कटान तथा पहिरोहरूबाट भूमिको संरक्षण गर्नु	
१.१. स्थानीय जलाधार क्षेत्रको व्यवस्थापनमा जल, जमिन र जंगलको एकीकृत व्यवस्थापन पद्धति अवलम्बन गर्न नेतृत्व र सहजीकरण गर्ने	१.१.१. स्थानीय समुदायको सक्रिय सहभागिता कायम गरी क्षतिग्रस्त जमिनको संरक्षण गरिनेछ । जनचेतनामूलक कार्यक्रममा "स्वस्थ जलाधार, स्वस्थ समुदाय" को अवधारणालाई प्रवर्द्धन गरिनेछ । १.१.२. जलाधार क्षेत्रको संरक्षणमा तल्लो तट तथा माथिल्लो तटमा बस्ने र एउटै उप-जलाधार क्षेत्रको पनि माथिल्लो भाग (लेक) र तल्लो भाग (बेसी) मा बस्ने उपभोक्ताहरुको संयुक्त प्रयासमा जलाधार क्षेत्रको संरक्षणलाई अघि बढाइनेछ । १.१.३. गल्छी, खहरे, खोला, खोल्सा नियन्त्रणका लागि जैविक तथा बायोइञ्जिनियरिङ सम्बन्धी प्रविधि प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइनेछ । १.१.४. गह्रा सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।
१.२. जोखिमपूर्ण जलप्रवाहको उचित व्यवस्थापन गर्ने	१.२.१. भूमिको क्षयीकरणका लागि संवेदनशील खोला, खोल्सा तथा जलप्रवाहको पहिचान गरिनेछ । १.२.२. पहिचान भएका संवेदनशील जलप्रवाहलाई उचित निकास प्रदान गरी संभाव्य भूक्षय न्यूनीकरण गरिनेछ ।
उद्देश्य २ : भू तथा जलाधार क्षेत्रको उत्पादनशीलतामा वृद्धि गर्नु	
२.१. भूमिगत पानीको जल भण्डारणमा वृद्धि गर्ने	२.१.१. सुख्खा वन क्षेत्रहरूमा पुनर्भरण पोखरीहरू निर्माण गरिनेछ । २.१.२. भूमिगत जल पुनर्भरण पोखरीहरूको निर्माण र विस्तारमा सरोकारवाला, गैसस तथा स्थानीय समुदायको सक्रिय सहभागिता कायम गरिनेछ । "एक टोल, एक पोखरी" निर्माण कार्यलाई निरन्तरता दिइनेछ । २.१.३. बगेर खेर गइरहेको पानीलाई उचित व्यवस्थापन गर्ने तथा भूमिगत जल भण्डारण गर्ने कामलाई विशेष ध्यान दिइनेछ ।

रणनीति	कार्यनीति
२.२. विद्यमान जलस्रोतको संरक्षण तथा गुणस्तर कायम गर्ने ।	२.२.१. जलस्रोत एवम् जलाधार नीति तर्जुमा गरी नदी, खोला, खोल्साको स्वच्छताको मापदण्ड कार्यान्वयनमा ल्याइनेछ । २.२.२. प्राकृतिक जल प्रवाह क्षेत्रहरूमा कृत्रिम फोहोरमैला फाल्ने/मिसाउने कार्यलाई प्रतिबन्धित गरी यस व्यवस्थालाई कडाइका साथ कार्यान्वयनमा ल्याइनेछ । २.२.३. खानेपानी मुहानहरूको संरक्षणमा स्थानीय समुदायसँग सहकार्य वृद्धि गरिनेछ ।

(घ) कार्यक्रम तथा आयोजना

तालिका ६० : कार्यक्रम तथा आयोजना (भूसंरक्षण तथा जलाधार व्यवस्थापन)

(रू. हजारमा)

क्र.स.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	इकाई	अनुमानित स्रोत र वार्षिक लक्ष्य										जम्मा		जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४					
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
१	१	१.१		क्षतिग्रस्त जमिन संरक्षण	वस्ती	२	४०००	४	८०००	४	८०००	३	६०००	०	०	१३	२६०००	नपा तथा सडिवका	
२			१.१.१	पहिरो गएको जमिनको स्थिरीकरण कार्यक्रम	स्थान	२	५०००	४	१००००	४	१००००	२	५०००	३	७५००	१५	३७५००	नपा तथा सडिवका	वडा नं. ६ को गराग्ली, वडा नं. ३ को छाइट, वडा नं. २ को सिस्नेरीदेखि कालीमाटी तथा छेप्का, लौका, स्यालचौर, वडा नं. ४ को खालचौर, भोगेथली, वडा नं. ४ को नेउरेपानी आमा, वास्ठाना, गुर्सेखोला, गाँराखोला फुल्चा, वडा नं. १ को पाते पहिरो
३			१.१.३	गल्छी, खहरे, खोला, खोल्सा नियन्त्रण कार्यक्रम	स्थान	२	८००	३	१२००	२	८००	२	८००	२	८००	११	४४००	नपा तथा सडिवका	
४			१.१.४	गह्रा सुधारका लागि सामुदायिक सहकार्य कार्यक्रम	वडा	०	०	३	९००	५	१५००	५	१५००	०	०	१३	३९००	नपा तथा सडिवका	
५		१.२	१.२.१	संवेदनशिल खोला, खोल्सा र जल प्रवाह सम्बन्धी अध्ययन	पटक	०	०	१	५००	०	०	०	०	०	०	१	५००	नपा तथा सडिवका	
६			१.२.२	संवेदनशिल जल प्रवाह भएका स्थानमा भूक्षय न्यूनीकरण कार्यक्रम	प्याकेज	१	२०००	१	२०००	१	२०००	१	२०००	१	२०००	५	१००००	नपा तथा सडिवका	

क्र.स.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	इकाई	अनुमानित स्रोत र वार्षिक लक्ष्य												जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४		जम्मा			
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
७		२.१	२.१.१	भूमिगत पानी पुनर्भरण पोखरी पुर्ननिर्माण	वटा	५	१५००	५	१५००	६	१८००	५	१५००	५	१५००	**२६**	**७८००**	नपा तथा सडिवका	
८			२.१.२	एक टोल एक पोखरी निर्माण कार्यक्रम	वटा	१	१०००	१	१०००	१	१०००	२	२०००	२	२०००	**७**	**७०००**	नपा तथा सडिवका	
९		२.२	२.२.१	जलश्रोत एवं जलाधार नीति तर्जुमा	पटक	०	०	०	०	१	३००	०	०	०	०	**१**	**३००**	नपा तथा सडिवका	
१०			२.२.३	खानेपानी मुहानहरूको संरक्षण	वटा	५	७५०	५	७५०	५	७५०	५	७५०	५	७५०	**२५**	**३७५०**	नपा तथा सडिवका	कालालागे मुहान, धारा खोला, नहकुली मुहान, गेग्रे मुहान, तिरतिरे मुहान
				जम्मा			**१५०५०**		**२५८५०**		**२६१५०**		**१९५५०**		**१४५५०**		**१०११५०**		

७.२.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी

(क) नतिजा खाका

तालिका ६१ : नतिजा खाका (भूसंरक्षण तथा जलाधार व्यवस्थापन)

नतिजा तह	सूचक		आधार वर्ष २०७७/७८	योजना अवधिको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	एकाइ		आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४			
प्रभाव : भू तथा जलाधार क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि भएको हुने	पुनर्स्थापित भूमिको क्षेत्रफल	प्रतिशत	१०	५	६	७	९	१०	१०		
	पहिरो वा नदी कटानबाट क्षतिग्रस्त भूमिको क्षेत्रफल	रोपनी	१००	५०	६०	७०	९०	१००	१००		
असर : भूसंरक्षणमा वृद्धि भएको हुने	नियन्त्रणमा आएका पहिरो	संख्या	०	०	२	४	५	७	७	नगर वस्तुस्थिति विवरण	सरोकारवाला-हरूसँग समन्वय, साझेदारीमा वृद्धि भएको हुने
	नदी, खोला, खोल्साबाट संरक्षित कृषि जमिन	हे.	१	०	१	२	३	४	४		

नतिजा तह	सूचक		आधार वर्ष २०७७/७८	योजना अवधिको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	एकाइ		आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४			
प्रतिफल १.१ : जलाधारको संरक्षण प्रवर्द्धन भएको हुने	भू तथा जलाधार संरक्षणसम्बन्धी कार्यक्रम कार्यान्वयनमा आएका वडा	संख्या	०	०	५	१०	१३	१३	१३	नगर वस्तुस्थिति विवरण	सरोकारवाला-हरूसँग समन्वय, साझेदारीमा वृद्धि भएको हुने
	नवनिर्मित उद्यान तथा हरित क्षेत्र	संख्या	१	१	२	२	३	३	३		
	जैविक विविधतायुक्त/संरक्षित क्षेत्र	संख्या	१	१	२	२	२	२	२		
प्रतिफल १.२ : भूमि तथा जलाधार क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि भएको हुने	जैविक प्रविधिबाट नियन्त्रित खोला किनार तथा सडक र नहरको लम्बाई	हे.	०	१	२	३	४	५	५	नगर वस्तुस्थिति विवरण	सरोकारवाला-हरूसँग समन्वय, साझेदारीमा वृद्धि भएको हुने
	जलाधार क्षेत्रमा आश्रित परिवार	प्रतिशत	६५	६५	६६	६७	६८	६९	६९		

(ख) अपेक्षित उपलब्धी

स्थानीयवासीहरुको सक्रिय सहभागितामा विभिन्न स्तरका जलाधार क्षेत्र पहिचान, वर्गीकरण, र प्राथमिकीकरण भएको हुनेछ । जलाधार संरक्षणका विविध पक्षमा अनुसन्धान भई व्यवस्थापन भएको हुनेछ । यस आवधिक योजनाको कार्यान्वयन पश्चात भू तथा जलाधार क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि भएको हुनेछ । पुनर्स्थापित भूमिको क्षेत्रफलमा वृद्धि भएको हुनेछ । योजना अवधिमा कम्तीमा सातवटा पहिरो नियन्त्रणमा आएको हुनेछ । नदी, खोला, खोल्साबाट संकटासन्न कृषि जमिनको संरक्षण भएको हुनेछ । योजना अवधिमा कम्तीमा ४ हेक्टर कृषि जमिन नदी, खोला, खोल्साको प्रकोपबाट सुरक्षित भएको हुनेछ ।

७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

७.३.१ पृष्ठभूमि

वातावरण व्यवस्थापन मानव स्वास्थ्य र सुखसँग प्रत्यक्ष रुपमा जोडिएको हुनेछ । नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको समेत व्यवस्था गरेको छ । तसर्थ आफ्नो क्षेत्रभित्र वातावरण संरक्षण गर्ने जिम्मेवारी नगरपालिकाको आफ्नै हुन्छ । यसका लागि नगरपालिकाले व्यवस्थित शहरीकरणको नीति कार्यान्वयनमा ल्याउनु पर्दछ । वातावरण संरक्षणलाई टेवा पुऱ्याउन ध्वनि, जल, जमिन र वायुसँग सम्बन्धित प्रदुषण रोकथाम र नियन्त्रणका लागि आवश्यक मापदण्डको निर्माण गरी यसको पूर्ण पालनामा ध्यान दिन आवश्यक छ । निजी तथा गैरसरकारी क्षेत्रहरूको समन्वय एवम् सहयोगमा ढल निकास, तथा फोहरमैलाको मात्र कम गर्ने तथा कम उत्पादन गर्ने, पुनः प्रशोधन गर्ने र पुनः प्रयोग गर्ने तीन आरको सिद्धान्तको पूर्ण रुपमा परिपालन गरी नगरक्षेत्रमा स्वच्छ वातावरण कायम राख्ने र फोहरमैलाको व्यवस्थापन गर्ने जिम्मेवारी नगरपालिकाको भएकोले यसतर्फ ध्यान दिँदै आवधिक योजना तर्जुमा गरिएको छ ।

७.३.२ समस्या तथा चुनौती

(क) समस्या

नगरपालिकामा फोहोरमैला वर्गीकरण र संकलनको अभ्यास नगण्य हुनु । यसले गर्दा बजार क्षेत्रमा फोहोरमैला खास गरी ठोस फोहोर बढ्दै जानु, प्लाष्टिक तथा कागजहरू जलाउने प्रचलन रहेको हुँदा जनस्वास्थ्यमा वायु प्रदूषणजन्य जोखिम हुनु, फोहोरमैलाको पुनःचक्रिय प्रयोग, निष्काशन न्यूनीकरण जस्ता काममा नगरपालिकाको पर्याप्त ध्यान नपुग्नु, अधिकांश घरधुरी (४५८२) मा परम्परागत चुल्होको प्रयोग कायमै रहनु, नगरपालिकाका ७० विद्यालय मध्ये ५० विद्यालयमा सरसफाई सन्तोषजनक नहुनु, वडा नं. ७ र १२ मा कुहिने र नकुहिने गरी फोहोर व्यवस्थापन खाल्डोहरू निर्माण गरिए तापनि कार्यान्वयनमा आउन नसक्नु जस्ता समस्याहरू रहेका छन् ।

(ख) चुनौती

खाना पकाउने ऊर्जाका लागि दाउराको प्रयोग घटाउनु, किफायती वैकल्पिक उपायहरू पहिल्याई दाउरामाथिको निर्भरता घटाउनु, शून्य फोहोरमैलाको दिशातर्फ नगरपालिकालाई अघि बढाउन पर्याप्त ज्ञान, आवश्यक सोच, प्रविधि र जनचेतनाको व्यापक विस्तार गर्नु जस्ता चुनौतीहरू रहेका छन् ।

७.३.३ सम्भावना तथा अवसर

(क) सम्भावना

नगरपालिकाको ठूलो हिस्सा ग्रामीण परिवेशकै रहेको हुँदा उक्त क्षेत्रहरूमा तुलनात्मक रुपमा कृत्रिम फोहोरमैला न्यून रहेको छ । यसर्थ उक्त क्षेत्रहरूमा समयमै प्रदूषण नियन्त्रण गरी वातावरणीय स्वच्छता कायम गर्न सकिने सम्भावना रहेको छ ।

(ख) अवसर

नगरपालिकाको ठूलो हिस्सा ग्रामीण परिवेशको रहेको हुँदा उक्त क्षेत्रहरूमा प्राकृतिक वातावरण सामान्यतया स्वच्छ रहेको छ । बजार क्षेत्रहरूमा प्लाष्टिक, कागज, प्याकिङ गरिएका सामग्रीहरूको दिगो व्यवस्थापन हुन नसक्दा वातावरणीय फोहोरमैला बढदै गएको देखिन्छ । नगरपालिकाले प्राकृतिक श्रोत तथा वातावरण संरक्षण ऐन, २०७७ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । वडा नं. ७ र १२ मा कुहिने र नकुहिने गरी फोहोर वर्गीकरण गर्न व्यवस्थापन खाल्डोहरू निर्माण गरिएका छन् ।

७.३.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

(क) लक्ष्य

स्वच्छ सफा तथा मनोरम वातावरण सिर्जना गर्ने ।

(ख) उद्देश्य

१. वातावरण संरक्षणप्रतिको जिम्मेवारी, जवाफदेहिता र वातावरण संरक्षणका अभ्यासमा वृद्धि गर्नु
२. वातावरणीय स्वच्छता अभिवृद्धि गर्नु तथा नगरपालिकालाई प्रदूषणमुक्त राख्नु ।

(ग) रणनीति र कार्यनीति

तालिका ६२ : रणनीति र कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १ : वातावरण संरक्षणप्रतिको जिम्मेवारी, जवाफदेहिता र वातावरण संरक्षणका अभ्यासमा वृद्धि गर्नु	
१.१ वातावरण संरक्षण र स्वच्छता अभिवृद्धिमा स्थानीय समुदायको सक्रिय सहभागिता अभिवृद्धि गर्ने	१.१.१ प्लाष्टिक तथा कागज जलाउने प्रचलन अन्त्य गर्न वैकल्पिक उपायहरूको खोजी गरिनेछ । समुदायमा आधारित फोहोरमैला व्यवस्थापन पद्धतिको सुरुआत गरी स्थानीय समुदायको नेतृत्वमा ग्रामीण क्षेत्रमा नकुहिने फोहोरमैला खोला-खोल्सामा फाल्ने, जलाउने, गाड्ने चलनको अन्त्य गरिनेछ । १.१.२ निश्चित बजार क्षेत्रहरूमा फोहोरमैला वर्गीकरण, सङ्कलनको अभ्यास सुरुआत गरिनेछ । फोहोर बनाउने/कुहाउने प्रयोजनका लागि बनाउने खाडलहरूको समुचित प्रयोग सुनिश्चित गरिनेछ । १.१.३ जमिन र जल क्षेत्रलाई प्रदूषित गराउन सक्ने स्थानीय स्तरमा निस्कासित हुने फोहोरमैलाको व्यवस्थापनमा खासगरी टोल विकास समिति र स्थानीय समुदायलाई सक्रिय सहभागी गराइनेछ । टोल सरसफाइका लागि अन्तर वडा प्रतिस्पर्धात्मक टोल सरसफाइ कार्यक्रम सञ्चालन गरी स्वच्छ वडा घोषणा अभियान सञ्चालन गरिनेछ ।
१.२ वातावरणमैत्री स्थानीय शासन प्रवर्द्धन गर्ने	१.२.१ प्रमुख बजार केन्द्र तथा प्रमुख पैदल मार्गहरूमा वर्गीकृत फोहोर सङ्कलन बाक्साहरू राखिनेछन् । १.२.२ सुधारिएको चुल्हो तथा वैकल्पिक ऊर्जाको प्रवर्द्धन गरी दाउरामाथिको चाप न्यूनीकरण गरिनेछ । १.२.३ स्थायी फोहोरमैला व्यवस्थापन केन्द्र (Landfill) निर्माण गरी बजार क्षेत्रको फोहोरमैलाको दिगो व्यवस्थापन गरिनेछ । १.२.४ कुहिने फोहोरलाई कुहाउने, पुनःचक्रीय प्रयोग गर्न मिल्ने फोहोरलाई पुनःचक्रीय प्रयोगमा पठाउने र फोहोरको निष्कासन न्यूनीकरण जस्ता विषयहरूलाई ध्यान दिई तीन आर (reduce, reuse, recycle) को अवधारणालाई व्यवहारिक कार्यान्वयनमा ल्याइनेछ । १.२.५ नगरपालिका क्षेत्रभित्र प्लाष्टिकका गिलास, प्लेट, बोतल जस्ता वस्तुको उपयोगमा प्रतिबन्ध गरी दुना टपरीजस्ता स्थानीय वातावरणमैत्री वस्तुहरूको प्रवर्द्धनमा जोड दिइनेछ । साथै, समुदायमा आधारित वातावरणमैत्री झोला, गिलास, प्लेटजस्ता सामग्री उत्पादनलाई प्रोत्साहन गर्न उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ ।
उद्देश्य २ : वातावरणीय स्वच्छता अभिवृद्धि गर्नु तथा नगरपालिकालाई प्रदूषणमुक्त राख्नु ।	
२.१ वातावरण संरक्षणलाई अन्तर सम्बन्धित (cross cutting)	२.१.१ सबै विकास निर्माणका कार्यमा आवश्यकता अनुसारको वातावरणीय अध्ययन तथा सर्भेक्षणलाई अनिवार्य गरिनेछ ।

रणनीति	कार्यनीति
क्षेत्रका रुपमा स्थापित गर्ने ।	२.१.२ वातावरण संरक्षणमा स्थानीय सरकार, सरोकारवाला तथा नागरिक लगायत सबै पक्षको जिम्मेवारी तथा जवाफदेहिता सुनिश्चित गरिनेछ । टोलटोलमा प्रतिस्पर्धात्मक सरसफाइ कार्यक्रमहरू सञ्चालन गरिनेछ । २.१.३ फोहोरमैलाको दिगो तथा स्वस्थ व्यवस्थापन सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ । आवश्यकता अनुसार सार्वजनिक शौचालय निर्माण गरी व्यवस्थापनमा स्थानीय समुदायको सक्रिय सहभागिता कायम गरिनेछ । २.१.४ टोल विकास समितिलाई टोलस्तरीय नागरिक आचार संहिता जारी गर्न प्रोत्साहित गरिनेछ । २.१.५ विद्यालयहरूमा सरसफाइ अभियान सञ्चालन गरी सबै विद्यालयलाई स्वच्छ, सफा विद्यालय बनाइनेछ । २.१.६ फोहोरमैला व्यवस्थापन तथा शहरी सौन्दर्यता अभिवृद्धिमा निजी क्षेत्रको सहकार्य र लगानीको सम्भावना खोजी गरिनेछ । २.१.७ फोहोर संकलन तथा व्यवस्थापनमा नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।

(घ) कार्यक्रम तथा आयोजना

तालिका ६३ : कार्यक्रम तथा आयोजना (वातावरण तथा फोहोरमैला व्यवस्थापन)

(रू. हजारमा)

क्र.स.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	इकाई	अनुमानित स्रोत र वार्षिक लक्ष्य												जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४		जम्मा			
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
१	१	१.१	१.१.१	समुदायमा आधारित सरसफाइ तथा स्वच्छता अभिवृद्धि कार्यक्रम	पटक	१	२००	१	२००	१	२००	१	२००	१	२००	५	१०००	नपा	सबै वडा
२				टोल विकास समिति र स्थानीय समुदायको क्षमता विकास कार्यक्रम	पटक	१	३००	१	३००	१	३००	१	३००	१	३००	५	१५००	नपा	सबै वडा
३		१.२	१.२.१	बजार क्षेत्रमा फोहोरमैला सङ्कलन तथा व्यवस्थापनको अभ्यास प्रवर्द्धन	वडा	१३	२००	१३	२००	१३	२००	१३	२००	१३	२००	६५	१०००	नपा	सबै वडा
४			१.२.२	सुधारिएको चुल्हो तथा वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम	प्याकेज	१	२०००	१	२०००	१	२०००	१	२०००	१	२०००	५	१००००	नपा	सबै वडा
५			१.२.३	ल्याण्डफिलसाइट निर्माण	वटा	०	०	१	२५०००	०	०	१	२५०००	०	०	२	५००००	नपा	
६	२	२.१	२.१.१	वातावरणीय अध्ययन तथा सर्वेक्षण	प्याकेज	१	५००	०	०	०	०	०	०	०	०	१	५००	नपा	
७			२.१.३	फोहरमैलाको दिगो तथा स्वस्थ व्यवस्थापन सम्बन्धी जनचेतनामूलक कार्यक्रम	प्याकेज	१	१००	१	१००	१	१००	१	१००	१	१००	५	५००	नपा	
८				सार्वजनिक शौचालय निर्माण, व्यवस्थापन	वटा	१	१०००	१	१०००	१	१०००	१	१०००	१	१०००	५	५०००	नपा	दल्ली, कालीमाटी, तल्लु बगर
९			२.१.४	टोल सरसफाई प्रवर्द्धन कार्यक्रम	प्याकेज	१	५००	१	५००	१	५००	१	५००	१	५००	५	२५००	नपा	सबै टोल
१०			२.१.५	विद्यालय सरसफाई अभियान सञ्चालन	प्याकेज	१	५००	१	५००	१	५००	१	५००	१	५००	५	२५००	नपा	
११			२.१.७	फोहोर सकलन तथा व्यवस्थापनका लागि नगरपालिकाको संस्थागत क्षमता वृद्धि कार्यक्रम	प्याकेज	१	२०००	१	१०००	१	१०००	१	१०००	१	१०००	५	६०००	नपा	
				जम्मा			**७३००**		**३०८००**		**५८००**		**३०८००**		**५८००**		**८०५००**		

७.३.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी

(क) नतिजा खाका

तालिका ६४ : नतिजा खाका (वातावरण तथा फोहोरमैला व्यवस्थापन)

नतिजा तह	सूचक		आधार वर्ष २०७७/७८	आवधिक योजनाको लक्ष्य (अपेक्षित कुल सञ्चित परिमाण)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	एकाइ		आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४			
प्रभाव सन्तुलित, समृद्ध पर्यावरणयुक्त नगरपालिका निर्माण भएको हुने	कुल भूमिमा वन तथा अन्य हरियाली क्षेत्र	प्रतिशत	५६	५६	५६	५७	५८	५९	५९		
	वातावरणीय सरसफाइ र स्वच्छता र सुन्दरता भएका वडा	संख्या	५	५	८	१०	१२	१३	१३		
	पुनर्स्थापित वनको क्षेत्रफल	हेक्टर	५	५	१०	२०	४०	५०	५०		
असर प्रदूषण नियन्त्रण एवम् वातावरणीय स्वच्छतामा वृद्धि भएको हुने	घरआँगन, बाटो, सार्वजनिक स्थलहरू सधैं सफा रहने वस्तीहरू	संख्या	२६	३०	४०	६०	८०	१००	१००	नगर वस्तुस्थिति विवरण, नगरपालिका सर्भेक्षण प्रतिवेदन	प्रदूषण नियन्त्रण एवम् सरसफाइ न.पा.को प्राथमिकतामा परेको हुने
	फोहोरमैला व्यवस्थापनको उचित प्रबन्ध भएका स्वास्थ्य संस्था	प्रतिशत	२०	३०	४५	५५	७०	८०	८०		
	कृत्रिम फोहोरमैला रहित नदी/खोलाको हिस्सा	प्रतिशत	८०	८२	८६	९०	९५	१००	१००		
	स्वच्छ, सफा विद्यालय	प्रतिशत	२५	३०	४०	५०	७०	८०	८०		
प्रतिफल १.१ सरसफाइको अभ्यासमा वृद्धि भएको हुने	दैनिक रुपमा फोहोरमैला संकलन, वर्गीकरण र व्यवस्थापनको प्रणाली भएका बजार	संख्या	०	१	२	४	६	६	६	नगर वस्तुस्थिति विवरण, नगरपालिका सर्भेक्षण प्रतिवेदन	प्रदूषण नियन्त्रण एवम् सरसफाइ न.पा.को प्राथमिकतामा परेको हुने
	सफा चर्पीको प्रयोग गर्ने परिवार (चर्पी सफा गर्ने ब्रस, कुचो, जिवाणु र किटाणु नाशक पदार्थ आदि उपलब्ध भएको)	प्रतिशत	४०	४५	५५	७०	७५	८०	८०		
प्रतिफल १.२ सामुदायिक एवम् वातावरणीय स्वच्छतामा अभिवृद्धि भएको हुने	व्यक्तिगत सरसफाइ/स्वच्छता कायम गर्ने जनसंख्या	प्रतिशत	६०	६५	७०	७५	८०	८०	८०	नगर वस्तुस्थिति विवरण, नगरपालिका सर्भेक्षण प्रतिवेदन	प्रदूषण नियन्त्रण एवम् सरसफाइ न.पा.को प्राथमिकतामा परेको हुने
	प्लाष्टिक, बोतल लगायतका कृत्रिम फोहोरमैलाको कम्तिमा साप्ताहिक रुपमा संकलन र व्यवस्थापन गर्ने परिपाटी भएका वडा	संख्या	०	२	४	६	८	१०	१०		
	फोहोरमैलाको दिगो व्यवस्थापन भएका वडा	संख्या	०	१	३	६	८	९	१०		

(ख) अपेक्षित उपलब्धी

यो आवधिक योजना कार्यान्वयन भएपश्चात सन्तुलित, समृद्ध पर्यावरणयुक्त नगरपालिका निर्माण भएको हुनेछ । प्रदूषण नियन्त्रण एवम् वातावरण संरक्षणमा वृद्धि भएको हुनेछ । योजना अवधिको अन्तिमसम्ममा १०० वटा वस्तीका घर, आँगन, बाटो-घाटो स्वच्छ सफा भएका हुनेछन् । नगरपालिकाका ६ वटा बजार केन्द्रमा दैनिक रुपमा फोहोरमैला संकलन, वर्गीकरण र व्यवस्थापन प्रणाली कार्यान्वयनमा आएको हुनेछ । ८० प्रतिशत घरधुरीले सफा चर्पीको प्रयोग गरेका हुनेछन् । कम्तीमा १० वटा वडामा फोहोरमैलाको दिगो व्यवस्थापन भएको हुनेछ ।

७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

७.४.१ पृष्ठभूमि

कमजोर भौगर्भिक तथा भूधरातलीय बनोट, मौसमी विषमता, निरन्तर दोहोरिरहने बहु-प्रकोषका घटना, अव्यवस्थित पूर्वाधार विकास एवम् जोखिम असंवेदनशील विकास निर्माण कार्य लगायतका कारण उत्पन्न विभिन्न प्राकृतिक तथा गैरप्राकृतिक विपद्को अत्याधिक जोखिममा पर्ने मुलुकहरू मध्ये नेपाल पनि एक हो र सोको प्रभाव यस नलगाड नगरपालिकामा पनि पर्नु स्वभाविक हो। तसर्थ प्राकृतिक तथा अप्राकृतिक विपद्का कारणले हुने मानवीय र भौतिक क्षतिलाई न्यूनीकरण गर्ने तर्फ नगरपालिकको ध्यान जानु आवश्यक छ। त्यसैगरी जलवायु परिवर्तनले सवै क्षेत्रलाई असर गर्ने र ती असरहरू एक आपसमा सम्बन्धित र आधारित समेत हुने भएकोले यसको प्रभावको सामना गर्न समुदाय लगायत अन्य संस्थाहरूको अनुकूलन क्षमता अभिवृद्धि गर्नु आवश्यक छ। तसर्थ प्राकृतिक सम्पदाको दिगो व्यवस्थापन गर्ने तथा हरियाली अभिवृद्धि गर्ने जस्ता कार्यमा नगरपालिकाको ध्यान पुग्नु जरुरी छ। यसका लागि आवश्यक नीति, कानून एवम् कार्ययोजना तथा कार्यक्रम कार्यान्वयनमा जोड् दिनुपर्दछ।

वडा नं. १ को छडी र ठूला बगर, वडा नं. ५ को ऐरेनी, वडा नं. ७ को दल्ली र मन्मै, वडा नं. ८ को गारा, वडा नं. १० को चौका, वडा नं. १२ को औलगुर्ता र तल्लुङ तथा वडा नं. १३ को चिरनतारा र खातीकुर्ता क्षेत्रहरुमा वाढीको जोखिम रहेको छ। यस नगरपालिकाको नदी तथा खोला क्षेत्र वरपर ७०.८ प्रतिशत (११,०६९.१ वर्ग मि.) न्यून वाढी जोखिम, २४.९ प्रतिशत (३,८८५.० वर्ग मि.) मध्यम जोखिम र ४.३ प्रतिशत (६७१.० वर्ग मि.) वाढीको उच्च जोखिममा रहेका छन्।

अन्धाधुन्ध वन फँडानी, भौगर्भिक अध्ययन विना पहाडमा सडक तथा अन्य संरचना निर्माण जस्ता पूर्वाधारका कार्यहरु पहिरोका मानव सिर्जित कारणहरु हुन् भने अतिवृष्टि, भूकम्प आदि प्राकृतिक कारणमा पर्दछन्। यस नगरपालिकामा Debris Flow, Rock Fall, Creeping, Gully Erosion, तथा नदी कटान र सडक निर्माणका कारण पहिरो जाने गरेको छ। यस नगरपालिका अन्तर्गतका स्थानीय समुदाय, भौतिक पूर्वाधार, आर्थिक गतिविधिहरु, सार्वजनिक सेवा आदि पहिरोका कारण जोखिममा रहेका छन्। वन क्षेत्र, खेतवारी, झाडी क्षेत्र, घाँसे मैदान, भीर, बाँझो जमिनहरु समेत पहिरोको जोखिममा रहेका छन्।

नलगाड नगरपालिका पहाडी भूभागमा अवस्थित भएको तथा यहाँको भूगर्भ कमजोर भएको कारण पहिरोको उच्च जोखिममा रहेको छ। पहिरो जोखिमको हिसावले यस नगरपालिकाको कुल क्षेत्रफलको २५.०४ प्रतिशत (९६.९४ वर्ग किमि) न्यून जोखिम, ४०.३४ प्रतिशत (१५६.१६ वर्ग किमि) मध्यम जोखिम र ३४.६२ प्रतिशत (१३४.६२ वर्ग किमि) जमिन उच्च जोखिममा रहेका छन्।

वडा नं. १ को खाउला, कल्पत र घोइलेता, वडा नं. २ को बोरथाना र डाँडागाउँ, वडा नं. ३ को हात्तीसुर, काडा र किटेनी, वडा नं. ४ को लहं र बागसो खोलागाउँ, वडा नं. ५ को ऐरेनी, मुली पोखरा र स्याली, वडा नं. ६ को पोर्सल्ली, मनमै, गम्राह र भारगाउँ, वडा नं. ७ को भालखाली, दल्ली र सिसानधार, वडा नं. ८ को बुरयुसा, मड्सिरी र लुपाँ, वडा नं. ९ को रग्दा, वडा नं. १० को रावतगाउँ, दाम्गा र चौका, वडा नं. ११ को बाँनिया गाउँ र पुदु, वडा नं. १२ को बैकाँडा र तल्लु, वडा नं. १३ को प्यारी, मुर्खयाचुला, सिउना, छिहिरन गाउँ, ग्यु, फुम्दा र खातीगुर्ता आदि पहिरो जोखिम क्षेत्रहरु हुन्।

७.४.२ समस्या तथा चुनौती

(क) समस्या

वडा नं. ८, वडा नं. २, वडा नं. १, ४ आगलागीको उच्च जोखिममा रहेको, वडा नं. १, ८ र १३ सबैभन्दा बढि पहिरोका समस्या रहेको छ। कालीमाटी, साना वन, औल, चापाखेत, च्याङ्गे, द्वाला, दह, गर्छिना,

बगारा लगायतका वस्तीहरू बाढी/पहिरोको जोखिममा रहेको, आपतकालीन व्यवस्थापनलाई नियमन नियन्त्रण गर्ने उचित संयन्त्रको स्थापना हुन नसक्नु, आपतकालीन राहत उद्दारका लागि आवश्यकता अनुरुप पहुँचको कठिनाइ रहेको, आवश्यक सङ्ख्यामा दक्ष जनशक्तिको र आपतकालीन उद्दार सामग्रीहरूको कमी हुनु, कोदो, जौ, उवाजस्ता धेरै समयसम्म सुरक्षित राख्न सकिने खाद्यबालीको उत्पादन न्यून हुँदै गएको, जलवायु जोखिम सामना गर्न सक्ने सामुदायिक क्षमता क्रमशः ह्रास हुँदै गएको अतिवृष्टि, अनावृष्टि, खण्डवृष्टि, बाढी पहिरो बढ्दै गएको, समयमा पानी नपर्दा खाद्य उत्पादन न्यून भएको जस्ता समस्याहरू रहेका छन् ।

(ख) चुनौती

पटक पटक बाढी, पहिरो, झाडापखाला, आगलागी, वन डढेलो, चट्याङ, सडक दुर्घटना जस्ता प्राकृतिक तथा मानवजन्य प्रकोपहरू घटाउनु र तिनीहरूको उचित व्यवस्थापन गर्नु, वडा नं. १३, १०, ११, १२, ५, ३ आदिमा रहेको बाढीको उच्च जोखिमको न्यूनीकरण गर्नु, आवश्यक स्रोतको व्यवस्थापन गर्नु जस्ता चुनौतीहरू रहेका छन् ।

७.४.३ सम्भावना तथा अवसर

(क) सम्भावना

नलगाड नगरक्षेत्रका विपद्बाट पूर्ण क्षति हुने घरको लागि राहत साम्रगी सहित रु. १५ हजारको दरले र आंशिक घर क्षति हुने व्यक्तिलाई राहत सामान सहित प्रतिघर रु ८ हजारको दरले रकम उपलब्ध गराइने व्यवस्था गरिएको छ । यस्तैगरी, विपद्को कारणले मृत्यु हुने परिवारलाई प्रति व्यक्ति रु. २५ हजराका दरले राहत उपलब्ध गराईने र गैरप्राकृतिक कारणले मृत्यु हुने परिवारलाई रु १५ हजारको दरले राहतका साथै रु. १५ हजार सम्मको एम्वुलेन्स सेवा उपलब्ध गराइने व्यवस्था गरिएको हुँदा सम्बन्धित व्यक्ति/परिवार लाभान्वित हुने अवस्था रहेको छ । प्राथमिक खोज तथा उद्दारका लागि ५० जनाको दक्ष जनशक्ति उपलब्ध रहेको छ भने प्राथमिक उपचार तथा आपत्कालीन स्वास्थ्य सेवाका लागि २५० जना जनशक्ति उपलब्ध रहेको हुँदा आपत्कालीन समयमा प्राथमिक उपचार सहज गराउन सकिने अवस्था छ ।

वर्षैभरि पानी बहने नदी, खोला तथा पानीका मुहानहरू भएको हुँदा संरक्षण गरी सिंचाइ सुविधा विस्तार गर्न सकिने र खडेरीलगायतका जलवायु परिवर्तनको असर न्यून गर्न सकिने सम्भावना रहेको छ । नगरपालिकाको आधाभन्दा बढी हिस्सा वन क्षेत्रले ढाकेको हुँदा वन क्षेत्रको गुणस्तर र हरियाली वृद्धि गर्ने अवसर रहेको छ ।

(ख) अवसर

नगरपालिकाले विपद् जोखिम व्यवस्थापन तथा न्यूनीकरणका लागि विभिन्न किसिमका नीति तथा कानुनहरू तर्जुमा तथा संस्थागत व्यवस्था गरी विपद् व्यवस्थापनमा प्रभावकारिता ल्याउने प्रयास गरेको छ । यस क्रममा नगरपालिकाले नगर विपद् जोखिम न्युनीकरण ऐन, २०७५, विपद् व्यवस्थापन कोष संचालन निर्देशिका, २०७४, राहत वितरण सम्वन्धी (मापदण्ड) कार्यविधि, २०७८, विपद् व्यवस्थापन कार्यविधि २०७५ तथा कोरोना नियन्त्रण तथा सञ्चालन कार्यविधि, २०७६ पारित गरी कार्यान्वयनमा ल्याएको छ । विपदबाट क्षति भएका योजनाहरूको मर्मत सम्भारको लागि मर्मत सम्भार कोष, राहत वितरण तथा संरचना निर्माणको लागि विपद् व्यवस्थापन कोष, कोरोना रोकथाम तथा नियन्त्रण कोषको स्थापना तथा बजेटको व्यवस्था गरिएको छ । नगर प्रमुखको संयोजकत्वमा १४ सदस्यीय नगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति गठन भई विपद् व्यवस्थापनमा सक्रिय रहेको छ ।

नगरपालिकाले केही सङ्ख्यामा गैंती, बाल्टी, टर्च, डोरीजस्ता आपत्कालीन उद्दार सामग्रीहरू किनेर नेपाली सेनालाई उपलब्ध गराएको छ भने केही यस्ता सामग्रीहरू नेपाल प्रहरी नलगाडस्थित इलाका प्रहरी

कार्यालयसँग रहेको छ । बाढी, पहिरो तथा विपद् सिर्जित समस्या सम्बोधनका लागि नगरपालिकाको सक्रिय सहभागिता रहने गरेको छ । यसै क्रममा विभिन्न स्थानहरूमा काठेपुल निर्माण (१९ वटा), बाटो, विद्युत् तथा अन्य संरचना निर्माण गरिएको छ र ३८९२ घन मिटर तारजाली उपलब्ध गराई तटबन्धन निर्माण गरिएको छ । स्थानीय अनुकूलन कार्ययोजना तर्जुमा भई कार्यान्वयनमा रहेको छ । जलवायु परिवर्तन अनुकूलन सम्बन्धी सचेतना मूलक कार्यक्रमहरू तर्जुमा भई कार्यान्वयनमा आएका छन् ।

७.४.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

(क) लक्ष्य

विपद्जन्य सामाजिक, आर्थिक, भौतिक तथा वातावरणीय क्षति न्यूनीकरण गर्ने ।

(ख) उद्देश्य

१. विपद् जोखिम व्यवस्थापनको मूलप्रवाहीकरण गर्नु,
२. जलवायु परिवर्तन अनुकूलनतामा वृद्धि गर्नु ।

(ग) रणनीति र कार्यनीति

तालिका ६५ : रणनीति र कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य १ : विपद् जोखिम व्यवस्थापनको मूल प्रवाहीकरण गर्नु ।	
१.१. विपद्का अन्तर्निहीत कारकहरूको खोजीगरी तदनुरुप न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने	१.१.१. विकास साझेदार एवम् स्थानीय समुदायलाई परिचालन गरी संकटासन्नता तथा क्षमता नक्सांकन, विपद् समयरेखा, म्याट्रिक्स च्यांकिङजस्ता सहभागितामूलक लेखाजोखाका औजारहरू प्रयोग गरी नगरपालिकाका सबै वडाको विपद् जोखिमको पहिचान एवम् बृहत् विश्लेषण गरिनेछ । १.१.२. बाढी, पहिरो, झाडापखाला, आगलागी, वन डढेलो, चट्याङ, सडक दुर्घटना जस्ता प्रमुख प्राकृतिक एवम् मानवजन्य विपद्हरूलाई लक्षित गरी समुदायमा आधारित जनचेतना एवम् पूर्वतयारी लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ । १.१.३. वडा तथा टोलस्तरमा विपद् व्यवस्थापन समिति तथा कार्यदल गठन गरी तालिम लगायत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ । १.१.४. पहिलो पटक नगरपालिका स्तरबाट सबै वडामा आपत्कालीन उद्दार सामग्रीहरू भण्डारण गर्न सहयोग गर्ने र त्यस पश्चात् सबै वडाले उक्त उद्दार सामग्रीहरूको आवश्यकता अनुसार प्रयोग, खपत भएका सामग्रीहरूको परिपूर्ति र वार्षिक रुपमा अद्यावधीकरणको व्यवस्था गरिनेछ । १.१.५. नगरपालिका तथा वडास्तरमा आपत्कालीन व्यवस्थापनसँग सम्बन्धित दक्ष जनशक्तिको अभिलेख तयार गरी आपत्कालीन परिचालनका लागि तयारी हालतमा राखिनेछ । १.१.६. नगरपालिकाको क्षमता विकास कार्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय अनिवार्य रुपमा समावेश गरी सञ्चालन गरिनेछ । १.१.७. आवश्यक पूर्वाधारसहित सामुदायिक भवन निर्माण गरी आपत्कालका लागि सामुदायिक आश्रयस्थल र कोभिड-१९ जस्ता महामारीको लागि सुरक्षित स्थलको रुपमा व्यवस्था गरिनेछ ।
१.२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अवधारणाहरूलाई	१.२.१. यस आवधिक योजनामा समावेश सबै विषय क्षेत्रगत योजनाहरू एवम् नगरपालिकामा सञ्चालन हुने सबै विकास कार्यक्रम/क्रियाकलापहरूमा विपद् जोखिम न्यूनीकरणको अवधारणा समावेश गरिनेछ ।

रणनीति	कार्यनीति
विकास व्यवस्थापनमा मूलप्रवाहीकरण गर्ने	१.२.२. वायोइञ्जिनियरिङ प्रविधि प्रवर्द्धन गरी भिर/पहिरो तथा नदी कटानजन्य भूक्षय न्यूनीकरण गरिनेछ । १.२.३. सबै सडक निर्माण गर्दा सडकको दिगोपनलाई पूर्णतः प्राथमिकता दिई डिजाइन, इष्टिमेट, निर्माण गरिनेछ । यस क्रममा सबै स्तरका सडकमा नाला अनिवार्य गरिनेछ, सडकको भिरालोपन (Slope) लाई इञ्जिनियरिङको मान्यता अनुरुप नै कायम गरिनेछ । आवश्यकता अनुसार सबै ठाउँमा कल्भर्टहरू/ह्यूप पाइपहरू राखिनेछ । कमजोर भौगर्भिक संरचना छलेर सडक निर्माण गरिनेछ । १.२.४. नयाँ बन्ने भवनहरूमा भवन आचार-संहिता अनिवार्य गरिनेछ । यसअघि भवन आचार-संहिताको पालना नगरी बनाइएका सबै सार्वजनिक तथा निजी भवन/घरहरूको सबलीकरणका लागि सबलीकरण कार्यक्रम सञ्चालन गरिनेछ । १.२.५. खानेपानी आयोजनाहरूलाई विपद् प्रतिरोध गर्ने हिसाबले निर्माण गरिनेछ । पाइपलाइन विस्तारका क्रममा पहिरोको जोखिम न्यूनीकरणलाई ध्यान दिइनेछ तथा खानेपानीका मूलहरू संरक्षण गरिनेछ । १.२.६. विपद्को उच्च जोखिममा रहेका क्षेत्रहरूलाई विपद्पूर्व नै सुरक्षित बनाउन पहिरोको उच्च जोखिममा रहेका घर परिवारलाई समयमा नै स्थानान्तरण गरिनेछ ।
१.३. विपदजोखिम न्यूनीकरण र व्यवस्थापनमा नगरपालिकाको सक्रियता र संस्थागत क्षमता अभिवृद्धि गर्ने	१.३.१. नगरपालिकास्तरमा रहेको विपद् व्यवस्थापन समिति र वडास्तरका विपद् व्यवस्थापन समितिहरूलाई सक्रिय गराई मासिक रुपमा बैठक बसेरे, कार्ययोजनाहरू तर्जुमा गरी, कार्यान्वयनको नियमित अनुगमन गरिनेछ । १.३.२. नगरपालिकामा रहेको विपद् व्यवस्थापन कोषमा हरेक वर्ष नियमित र अनिवार्य रुपमा थप रकम विनियोजन गरी आपत्कालीन व्यवस्थापनका लागि आवश्यक स्रोतको सुनिश्चितता गरिनेछ । १.३.३. योजना तर्जुमा, कार्यान्वयन र अनुगमनमा वडा तथा टोलस्तरीय समितिलाई सहभागी गराई विपद् न्यूनीकरण र व्यवस्थापनलाई मूल प्रवाहीकरण गरिनेछ । १.३.४. नगरपालिकामा कार्यरत सम्बन्धित सबै निकायहरू बीच समन्वय गरी पूर्वतयारी र प्रतिकार्यका लागि आवश्यक बजेट सुनिश्चित गर्ने तथा कार्यान्वयनमा एकद्वार प्रणाली अवलम्बन गरिनेछ । १.३.५. नगरपालिका स्वयम् लगायत निजी र गैरसरकारी क्षेत्रहरूको विपद् उत्थानशील क्षमता वृद्धिका लागि वार्षिक रुपमा नीति र कार्यक्रमहरू तर्जुमा गरिनेछ । १.३.६. स्थानीय विपद् व्यवस्थापन संयन्त्रहरूलाई स्थानीय सामाजिक संरचना अनुरुप लैंगिक तथा जातीय दृष्टिकोणले समावेशी बनाइनेछ । १.३.७. समुदायस्तरीय विपद् व्यवस्थापनलाई सुदृढीकरण गर्न विपद् सिकाइ केन्द्रको स्थापना, सञ्चालन र सबलीकरणमा जोड दिइनेछ । १.३.८. नगरपालिका स्तरमा आपत्कालीन उद्दारका लागि आपत्कालीन मार्गहरू (Evacuation routes) पहिचान गरी सम्बन्धित सबैलाई जानकारी गराइनेछ । वडास्तरमा आवश्यकता अनुसार हेलिप्याड निर्माण गरिनेछ ।
उद्देश्य २ : जलवायु परिवर्तन अनुकुलनतामा वृद्धि गर्नु ।	
२.१. स्थानीय परिवेश सुहाउँदो जलवायु	२.१.१. वातावरण संरक्षण तथा तथा जलवायु परिवर्तन अनुकूलनका लागि विकास साझेदार संस्थाहरूसँग साझेदारी गरी स्रोतको वृद्धि गरिनेछ । २.१.२. कोदो, जौ, उवाजस्ता धेरै समयसम्म सुरक्षित राख्न सकिने खाद्यबालीको उत्पादन वृद्धि तथा संरक्षण गरिनेछ ।

रणनीति	कार्यनीति
परिवर्तन अनुकूलनका अभ्यासहरू प्रवर्द्धन गर्ने	२.१.३. रैथाने बीउहरूको संरक्षणका लागि स्थानीय समुदायलाई प्रोत्साहित गरिनेछ । २.१.४. अतिवृष्टि, अनावृष्टि जस्ता मौसमी प्रतिकुलता सहन सक्ने खाद्यबालीको संरक्षण गर्ने तथा यस किसिमका नयाँ बालीहरूको खोजी गरी विस्तार गरिनेछ । २.१.५. जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गर्न अनुकुलनका कार्यक्रमहरू साझेदारीमा सञ्चालन गरिनेछ । २.१.६. बाँझो रहने गरेको कृषियोग्य जमिनमा बहुउपयोगी वृक्ष प्रजाति सहितको कृषिवन प्रणालीको विकास गरिनेछ । २.१.७. जीवनशैली तथा विकास पद्धतिलाई जलवायु अनुकुलित बनाउँदै लगिनेछ । २.१.८. खडेरी तथा सुख्खाग्रस्त क्षेत्रहरूका लागि उपयुक्त हुने कृषि बालीहरूको पहिचान एवम् प्रवर्द्धन गरिनेछ । २.१.९. सबै कृषक घरधुरीमा कृषि तथा पशुबीमाको पहुँच सुनिश्चित गरिनेछ । कृषि तथा पशुपालन क्षेत्रमा गरिने बीमाबाट विपद् तथा जलवायुजन्य जोखिम वहन गरिने कुराको सुनिश्चितता गरिनेछ ।

(घ) कार्यक्रम तथा आयोजना

तालिका ६६ : कार्यक्रम तथा आयोजना (विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता)

(रू. हजारमा)

क्र.स.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	इकाई	अनुमानित स्रोत र वार्षिक लक्ष्य												जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४		जम्मा			
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
१	१	१.१	१.१.१	विपद् जोखिम पहिचान तथा विश्लेषण	प्याकेज	०	०	१	५००	०	०	०	०	०	०	१	५००	नपा	
२			१.१.२	विपद् पूर्वतयारी र प्रतिकार्य योजना तयारी तथा वार्षिक अद्यावधीकरण	पटक	०	०	१	३००	०	०	०	२००	०	०	१	५००	नपा	
३				विपद् सम्बन्धी जनचेतना एवं पूर्वतयारी कार्यक्रम	प्याकेज	१	२००	१	२००	१	२००	१	२००	१	२००	५	१०००	नपा	
४			१.१.३	वडा तथा टोलस्तरीय विपद् व्यवस्थापन समिति तथा कार्यदलका लागि तालिम	प्याकेज	१	२००	१	२००	१	२००	१	२००	१	२००	५	१०००	नपा	
५			१.१.४	वडास्तरीय आपत्कालीन उद्दार सामग्री व्यवस्थापन	वडा	१३	१३००	१३	१३००	१३	१३००	१३	३०००	१३	३०००	१३	९९००	नपा	सबै वडा
६			१.१.७	आपत्कालीन आश्रयस्थलहरू निर्माण	वटा	०	०	३	१०५००	५	१७५००	५	१७५००	०	०	१३	४५५००	नपा	सबै वडा
७		१.२	१.२.२	भूक्षय नियन्त्रणका लागि बायो इन्जिनियरिङ्ग	प्याकेज	१	१०००	१	१०००	१	१०००	१	१०००	१	१०००	५	५०००	नपा	
८			१.२.४	सार्वजनिक भवन प्रबलीकरण कार्यक्रम	प्याकेज	१	२०००	०	०	१	२०००	०	०	०	०	२	४०००	नपा	
९		१.३	१.३.१	पालिका तथा वडास्तरीय विपद् व्यवस्थापन समितिको क्षमता विकास तथा परिचालन	प्याकेज	१	३००	१	३००	१	३००	१	३००	१	३००	५	१५००	नपा	
१०			१.३.२	स्थानीय तह प्रकोप व्यवस्थापन कोष	वटा	१	१०००	१	१०००	१	१०००	१	१०००	१	१०००	५	५०००	नपा	

क्र.स.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	इकाई	अनुमानित स्रोत र वार्षिक लक्ष्य												जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४		जम्मा			
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
११				आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना	वटा	०	०	१	८००	०	०	०	०	०	०	१	८००	नपा	नगर कार्यपालिका कार्यालय
१२			१.३.७	विपद् सिकाई केन्द्र स्थापना तथा सञ्चालन	संख्या	१	५००	०	०	०	०	०	०	०	०	१	५००	नपा	
१३			१.३.८	हेलिप्याड निर्माण	वटा	०	०	०	०	१०	६००	१०	६००	६	३६०	२६	१५६०	नपा	आपत्कालीन आश्रयस्थल लगायत हरेक वडामा एकएक वटा
१४		२.१	२.१.१	जलवायु परिवर्तन सम्बन्धी अध्ययन	वटा	१	२००	०	०	०	०	०	०	०	०	१	२००	नपा	
१५			२.१.५	जलवायु परिवर्तनका असरहरु न्यूनीकरण सम्बन्धी कार्यक्रम	प्याकेज	१	२००००	१	२००००	१	२००००	१	२००००	१	२००००	५	१०००००	नपा	
				जम्मा			२६७००		३६१००		४४१००		४४०००		२६०६०		१७६९६०		

७.४.५ अपेक्षित उपलब्धी तथा नतिजा खाका

(क) नतिजा खाका

तालिका ६७ : नतिजा खाका (विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता)

नतिजा तह	सूचक		आधार वर्ष २०७७/७८	योजना अवधिको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	ईकाई		आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४			
प्रभाव : सन्तुलित, समृद्ध पर्यावरणयुक्त सुरक्षित, अनुकुलित र उत्थानशील नगरपालिका निर्माण भएको हुने	विगत पाँच वर्षमा विपद्बाट भएको मानवीय क्षतिमा आएको गिरावट (घाइते समेत)	प्रतिशत	१०	५	६	७	९	१०	१०	नपावाप्र	
	पहिरो वा नदी कटानबाट क्षतिग्रस्त भूमिको क्षेत्रफल	रोपनी	१००	५०	६०	७०	९०	१००	१००		
	पुनर्स्थापित भूमिको क्षेत्रफल	हेक्टर	०	२	८	२०	४०	५०	५०	नपावाप्र	

नतिजा तह	सूचक		आधार वर्ष २०७७/७८	योजना अवधिको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	ईकाई		आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४			
प्रतिफल २.२ : स्थानीय परिवेश सुहाउँदो जलवायु परिवर्तन अनुकूलनका अभ्यासहरू प्रवर्द्धन भएका हुने	नवीकरणीय उर्जाका प्रविधिहरू (सुधारिएको चुलो, सौर्य चुल्हो, गोवर ग्याँस) प्रयोग गर्ने घरपरिवार	प्रतिशत	४०	४५	५०	५५	६०	६०	६०	नपावाप्र	
	जलवायुजन्य प्रकोपहरूबाट हुने विपद्/जोखिमको बीमा भएका कृषक परिवारको हिस्सा	प्रतिशत	०	०	१०	१५	२५	३०	३०		
	जलवायु विषमता सहन सक्ने खाद्यबाली वा जलवायुमैत्री कृषी प्रणाली अवलम्बन गर्ने घरधुरी	संख्या	१५	१५	२०	२७	३२	३५	३५		
असर ३ : सबै प्रकारका महामारी लगायत अन्य प्राकृतिक एवम् मानवजन्य विपद्बाट हुनेसक्ने मानवीय, आर्थिक, भौतिक, सामाजिक क्षति-नोक्सानीको न्यूनीकरण भएको हुने	बाढी र पहिरोको जोखिममा रहेका मध्ये सुरक्षित बनेका घरपरिवार	प्रतिशत	१०	१०	१०	१०	१०	१०		नपावाप्र	
	पहिरो, नदी वा खोलाबाट हुनेक्षतिबाट सुरक्षित हुने जमिनको क्षेत्रफल	रोपनी	५०	५०	५०	५०	५०	५०	२५०		
	भवन आचार संहिताको पालना गरी निर्माण गरिएका विद्यालय	प्रतिशत	३०	३२	३८	५०	६०	७०	७०		
प्रतिफल ३.१ : विकास पूर्वाधार विपद् प्रतिरोधी तथा सामाजिक एवम् सांस्कृतिक जीवन उत्थानशील भएको हुने ।	नालीयुक्त कच्ची सडकको हिस्सा	प्रतिशत	०	५	१०	१५	२०	२५	२५	नपावाप्र	
	भूकम्प प्रतिरोधी आवासीय भवन	प्रतिशत	२	४	१०	१२	१४	१५	१५		
	स्थानीय विपद् व्यवस्थापनमा सक्रिय खोज उद्दार स्वयम्सेवक	संख्या	०	२०	४०	६०	७८	७८	७८		
	विपद् पूर्वतयारी गर्ने घरपरिवार	प्रतिशत	५	७	१०	१४	२०	२५	२५		
	आपत्कालीन सामुहिक आश्रयस्थल	संख्या	०	०	५	१०	१३	१३	१३		
	प्राथमिक उपचारमा दक्ष र सक्रिय जनशक्ति	संख्या	८०	८०	१००	१३०	१३०	१३०	१३०		
	विपद् व्यवस्थापन स्थानीय कोष रकम (वार्षिक)	लाख	७०	७५	८०	९०	१००	१००	१००		

नतिजा तह	सूचक		आधार वर्ष २०७७/७८	योजना अवधिको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	ईकाई		आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४			
	पहिरो र बाढीप्रति संकटाभिमुख रहेकाहरू मध्ये पूर्वसूचना प्राप्त गर्ने घरपरिवार	प्रतिशत	०	०	१०	२०	२०	२०	२०		
प्रतिफल ३.२ : पुनर्स्थापना र पुर्ननिर्माण तथा पुनर्लाभको अवस्था हासिल भएको हुने ।	विपद् प्रभावित भई विपदपूर्वको अवस्थामा फर्किएका उद्योग व्यवसाय	प्रतिशत	८८	९५	१००	१००	१००	१००	१००	नपावाप्र	
	भवन निर्माण आचार-संहिताविना निर्माण गरिएका भवनमध्ये सबलीकरण गरिएका सार्वजनिक भवन (गापा तथा वडा कार्यालयहरू, स्वास्थ्य चौकीहरू, विद्यालयहरू)	प्रतिशत	०	१०	१०	१०	१०	१०		नपावाप्र	
	आयआर्जन, खाद्य सुरक्षा, स्वास्थ्यसम्बन्धी कार्यक्रमबाट लाभान्वित घरपरिवार	प्रतिशत	५०	५५	६०	७०	७५	८०	८०	नपावाप्र	
	जनचेतनामूलक कार्यक्रमबाट प्रभावित (सरसफाइ राख्ने, सामाजिक दुरी कायम राख्ने)	जनसंख्या	५०००	७५००	१२०००	१६०००	१८०००	२००००	२००००	नपावाप्र	

(ख) अपेक्षित उपलब्धी

यस आवधिक योजनाको कार्यान्वयनबाट सबै प्रकारका महामारी लगायत अन्य प्राकृतिक एवम् मानवजन्य विपद्बाट हुनेसक्ने मानवीय, आर्थिक, भौतिक, सामाजिक क्षति/नोक्सानीको न्यूनीकरण भएको हुनेछ । योजना कार्यान्वयनको अन्तिममा उच्च जोखिममा रहेका घर परिवारहरुको संख्यामा ठूलो मात्रामा कमी आएको हुनेछ । त्यसैगरी बाढी तथा पहिरोको कारण खेतीयोग्य जमिनको विनाशमा कमी आएको हुनेछ । विकास पूर्वाधार, विपद् प्रतिरोधी तथा सामाजिक एवम् सांस्कृतिक जीवन उत्थानशील भएको हुनेछ । योजना तर्जुमा गर्दाका समयमा कुनैपनि कच्ची सडकमा नालाको व्यवस्था नभएकोमा योजना अवधि पश्चात नालायुक्त कच्ची सडकको हिस्सा कुल कच्ची सडकको एक चौथाइ पुगेको हुनेछ ।

परिच्छेद आठ : संस्थागत विकास तथा सुशासन क्षेत्र

यसक्षेत्र अन्तर्गत नीति, कानुन, कार्यविधि, मापदण्ड र सुशासन, संस्थागत क्षमता विकास, स्रोत परिचालन, योजना व्यवस्थापन आदि उपक्षेत्रहरू समावेश गरिएको छ । यसका साथै दिगो विकास लक्ष्य अन्तर्गत लक्ष्य १६ : शान्ति तथा न्यायपूर्ण समाज र बलियो संस्था, लक्ष्य १७ : बहुसरोकार र विश्व साझेदारी विषयहरूलाई यस क्षेत्रमा समावेश गरी विश्लेषण गरिएको छ ।

८.१ नीति, कानून, कार्यविधि, मापदण्ड र सुशासन

८.१.१ पृष्ठभूमि

नेपालको संविधान र यस अनुसार बनेका कानूनहरूले स्थानीय सरकारहरूलाई आफ्नो अधिकारको क्षेत्रमा रही कार्य गर्न आवश्यक पर्ने कानूनहरू बनाउने अधिकार सुनिश्चित गरेको छ । सुशासन विना विकास सम्भव छैन र विकास विना देशमा समृद्धि ल्याउन सकिँदैन तसर्थ दिगो विकासको आधारशिला नै सुशासन हो ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउनु नगरपालिकाको उच्च प्राथमिकतामा रहेको छ । नगरपालिकाबाट प्रवाह हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित हुनु र जनतामा आत्मसम्मानको भावना अभिवृद्धि हुनु नै सुशासनको प्रत्याभूति हुनु हो । नागरिकका सामाजिक तथा आर्थिक आकांक्षा पूरा गर्न आवश्यक ऐन कानूनहरुको निर्माण र यसको प्रभावकारी कार्यान्वयनमा नगरपालिकाले प्रयास गर्दै आएको छ ।

८.१.२ समस्या तथा चुनौती

(क) समस्या

नगरपालिकाले तर्जुमा गरेका ऐन, नीति, नियम, कार्यविधि तथा निर्देशिकाहरुको प्रभावकारी कार्यान्वयन नहुनु, बनेका कानून तथा कार्यविधिहरुको बारेमा नगरबासीहरु पर्याप्तमा जानकार नहुनु, विशेषगरी लक्षित वर्गहरु आफ्नो पक्षमा बनेका नीति नियम तथा कार्यविधिहरुको बारेमा जानकार नहुनु, न्यायिक समितिको भूमिकाको बारेमा नगरबासीहरु सुसुचित नहुनु, सुशासनको औजारहरुको बारेमा आम मानिसहरुलाई जानकारी नहुनु, यसको प्रयोग प्रभावकारी ढंगले प्रयोग नहुनु जस्ता समस्याहरु यस क्षेत्रमा रहेको छन् । त्यसैगरी संघीय तथा प्रदेश सरकारले बनाउनु पर्ने ऐन नियमहरु समयमा नै नबन्नु एउटा अर्को समस्याको रुपमा रहेको छ ।

(ख) चुनौती

जनताको व्यापक सहभागितामा कानूनहरूको निर्माण गर्नु, बनेका कानूनहरूको बारेमा उनीहरूलाई अनुशिक्षण गर्नु, बनेका ऐन नियमहरूको बारेमा आम मानिसहरूमा अपनत्वको भावना जागृत गर्नु र तिनीहरूको प्रभावकारी कार्यान्वयन गर्नु जस्ता प्रमुख चुनौतीहरू रहेका छन् । त्यसैगरी सुशासन प्रवर्द्धन गर्नु निकै चुनौतीपूर्ण कार्य रहेको छ ।

८.१.३ सम्भावना तथा अवसर

(क) सम्भावना

मानिसहरूमा सचेतना बढ्दै गएकाले कानुन निर्माण, त्यसको कार्यान्वयनमा थप सहजता हुँदै जाने सम्भावना रहेको छ भने मानिसहरूमा आएको सचेतनाको कारण सार्वजनिक निकायहरू तथा व्यक्तिहरूमा जवाफदेहिता बढ्दै जाने र सुशासन अभिवृद्धि हुने सम्भावना रहेको छ ।

(ख) अवसर

नगरपालिकाले आफ्नो जिम्मेवारीमा रहेका कार्यसम्पादनको लागि कानून बनाउन पाउने संवैधानिक व्यवस्था भएकाले त्यसैअनुसार नगरपालिकाले आफूलाई आवश्यक पर्ने ऐन, नियम, कार्यविधि निर्माण गरेको छ ।

८.१.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

(क) लक्ष्य

नतिजामूखी र जनताप्रति जवाफदेही शासन प्रणालीको प्रवर्द्धन गर्ने ।

(ख) उद्देश्य

१. नगरपालिकामा विद्युतीय शासनको प्रवर्द्धन गर्नु ।
२. कानूनी शासनको आधार तयार गर्नु ।

(ग) रणनीति र कार्यनीति

तालिका ६८ : रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उदेश्य १ : नगरपालिकामा विद्युतीय शासनको प्रवर्द्धन गर्नु ।	
१.१ नगरपालिकाबाट प्रदान गर्ने सेवाहरु प्रविधिमैत्री बनाउने ।	१.१.१ विद्युतीय शासनको लागि प्रविधि सम्बन्धी पूर्वाधार तयार गरिनेछ । १.१.२ कर्मचारी, जनप्रतिनिधि तथा नागरिकहरुमा विद्युतीय शासन सम्बन्धी क्षमता विकास गरिनेछ । १.१.३ विद्युतीय शासनको सम्बन्धमा नागरिकहरूलाई जानकारी गराईनेछ ।
१.२ नगरपालिकाबाट प्रदान गरिने सेवा तोकिएको मापदण्ड अनुसार प्रदान गर्ने ।	१.२.१ नगरपालिकाबाट प्रदान हुने सेवा प्रवाह सम्बन्धी मापदण्ड तयारीको लागि नागरिकहरूसँग अन्तरक्रिया गरी सरोकारवालाहरूको पृष्ठपोषण र सुझाव संकलन गरिनेछ । १.२.२ वडा तथा नगरपालिकास्तरबाट प्रदान गरिने सेवा सम्बन्धी मापदण्ड र कार्यविधि तयार गरी लागु गरिनेछ । १.२.३ नगरपालिकाले तयार पारेको सेवा प्रवाह सम्बन्धी मापदण्डहरूको बारेमा पदाधिकारी, कर्मचारी तथा नागरिकहरूलाई अनुशिक्षण गरिनेछ ।
१.३ अनुगमन तथा मुल्याङ्कनलाई प्रभावकारी बनाउने ।	१.३.१ नगरपालिकामा भएका अनुगमन तथा मुल्यांकन संयन्त्रहरूको क्षमता विकास गरिनेछ । १.३.२ अनुगमन तथा मुल्यांकनको प्रगति विवरण नियमित प्रकाशन गरिने छ ।
उद्देश्य २ : कानूनी शासनको आधार तयार गर्नु ।	
२.१ कानूनले दिएका अधिकार तथा जिम्मेवारी कार्यान्वयनको लागि आवश्यक कानूनहरूको निर्माण गर्ने ।	२.१.१ सार्वजनिक खरिद ऐन/नियमावली लगायतका कानूनहरूको स्थानीयकरण गरिनेछ । २.१.२ सदाचार तथा पारदर्शिता सम्बन्धमा पदाधिकारी र कर्मचारीहरूको लागि सुशासन प्रबर्द्धन गर्ने खालका कानूनहरूको निर्माण गरिनेछ ।
२.२ शासन प्रणाली, नीति तथा कानून निर्माण, निर्णय, प्रक्रिया, कार्यसम्पादन प्रक्रिया र सेवा प्रवाहलाई	२.२.१ स्थानीय तहको अधिकार सम्बन्धी नीति, ऐन, नियम, कार्यविधि तथा मापदण्ड निर्माण, अद्यावधीकरण र अनुशिक्षण गरिनेछ । २.२.२ नगरपालिकामा जवाफदेहिता अभिवृद्धि सम्बन्धी संयन्त्रको विकास गरी नियमित अभ्यास गरिनेछ ।

रणनीति	कार्यनीति
सहभागितामूलक र पारदर्शी बनाउने ।	२.२.३ कार्यपालिका र वडा कार्यालयहरूमा क्षतिपूर्ति सहितको नागरिक वडापत्र, सहायता कक्ष, नागरिक भेला र पृष्ठपोषण संकलनको अभ्यास र गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिनेछ । २.२.४ कर्मचारीहरूको लागि पुरस्कार तथा प्रोत्साहनको व्यवस्था गरिनेछ ।
२.३. न्यायिक समितिको क्षमता अभिवृद्धि गर्ने ।	२.३.१ न्यायिक समितिका पदाधिकारीहरूको लागि आवश्यक तालिम, भ्रमण तथा सहसिकाईको व्यवस्था मिलाइनेछ । २.३.२ न्यायिक समितिको लागि आवश्यक भौतिक पूर्वाधार तथा जनशक्तिको व्यवस्था गरिनेछ । २.३.३ न्यायिक समितिको काम कर्तव्य र अधिकारका बारेमा आम नागरिकलाई सुसुचित गरिनेछ ।

(घ) कार्यक्रम तथा आयोजना

तालिका ६९ : कार्यक्रम तथा आयोजना (नीति, कानुन, कार्यविधि, मापदण्ड र सुशासन)

(रू. हजारमा)

क्र.सं.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	ईकाइ	अनुमानित स्रोत र वार्षिक लक्ष्य												जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४		जम्मा			
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
१	१	१.१	१.१.१	विद्युतीय शासनको लागि आवश्यक सामग्री, उपकरण तथा सफ्टवेयर खारिद	एकमुष्ठ	१	१००	१	१००	१	१००	१	१००	१	१००	५	५००	नपा	
२			१.१.२	जनप्रतिनिधि तथा कर्मचारीहरुको लागि विद्युतीय शासन सम्बन्धी तालिम	पटक	१	२०	१	२०	१	२०	१	२०	१	२०	५	१००	नपा	
३			१.१.३	विद्युतीय शासन सम्बन्धमा बारेमा प्रचार प्रसार	एकमुष्ठ	१	५०	१	५०	१	५०	१	५०	१	५०	५	२५०	नपा	
४		१.२	१.२.१	निर्माण गरिने सेवा प्रवाह सम्बन्धी मापदण्डको लागि आम नागरिक तथा प्रवुद्ध वर्गसँग छलफल	एकमुष्ठ	१	५०	१	५०	१	५०	१	५०	१	५०	५	२५०	नपा	
५			१.२.२	सेवा प्रवाह सम्बन्धी मापदण्ड निर्माण	संख्या	आ.अ.	१००	१	१००	१	१००	१	१००	१	१००	५	५००	नपा	
६		१.२	१.२.३	सेवा प्रवाह सम्बन्धमा पदाधिकारी, कर्मचारी तथा नागरिकहरुलाई प्रवोधीकरण	वार्षिक पटक	१	३००	१	३००	१	३००	१	३००	१	३००	५	१५००	नपा	
७		१.३	१.३.१	अनुगमन तथा मुल्याङ्कन संयन्त्रहरुको क्षमता विकास कार्यक्रम	वार्षिक पटक	१	३००	१	३००	१	३००	१	३००	१	३००	५	१५००	नपा	
८			१.३.२	अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन प्रकाशन	वार्षिक पटक	१	२००	१	२००	१	२००	१	२००	१	२००	५	१०००	नपा	
९	२	२.१	२.१.१	सार्वजनिक खरिद लगायत कानूनहरूको निर्माण	संख्या	आ.अ.	२००	आ.अ.	२००	आ.अ.	२००	आ.अ.	२००	आ.अ.	२००	आ.अ.	१०००	नपा	
१०			२.१.२	पदाधिकारी तथा कर्मचारीहरुलाई सदाचार सम्बन्धी अभिमूखीकरण	वार्षिक पटक	आ.अ.	३००	आ.अ.	३००	आ.अ.	३००	आ.अ.	३००	आ.अ.	३००	आ.अ.	१५००	नपा	
११		२.२	२.२.१	नगरपालिकाको आवश्यक नीति, ऐन, नियम, कार्यविधि तथा मापदण्ड निर्माण	एकमुष्ठ	आ.अ.	१०००	आ.अ.	१०००	आ.अ.	१०००	आ.अ.	१०००	आ.अ.	१०००	आ.अ.	५०००	नपा	
१२			२.२.२	सामाजिक जवाफदेहिताको औजारहरुको कार्यान्वयन कार्यक्रम	एकमुष्ठ	आ.अ.	१०००	आ.अ.	१०००	आ.अ.	१०००	आ.अ.	१०००	आ.अ.	१०००	आ.अ.	५०००	नपा	
१३			२.२.४	कर्मचारीका लागि पुरस्कार र प्रोत्साहन	प्याकेज	१	५००	१	५००	१	५००	१	५००	१	५००	१	२५००	नपा	

क्र.सं.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	ईकाइ	अनुमानित स्रोत र वार्षिक लक्ष्य												जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४		जम्मा			
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
१४		२.३	२.३.१	न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको लागि क्षमता विकास कार्यक्रम	वार्षिक पटक	१	३००	१	३००	१	३००	१	३००	१	३००	५	१५००	नपा	
१५			२.३.२	न्यायिक समितिको लागि भौतिक पूर्वाधारको व्यवस्था	एकमुष्ठ	१	५००	१	५००	०	०	०	०	१	५००	३	१५००	नपा	
१६			२.३.३	न्यायिक समितिको अधिकारको बारेमा प्रचार प्रसार	एकमुष्ठ	१	१००	१	१००	१	१००	१	१००	१	१००	५	५००	नपा	
				जम्मा			**७०००**		**७०००**		**६५००**		**६५००**		**७०००**		**३४०००**		

८.१.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी

(क) नतिजा खाका

तालिका ७० : नतिजा खाका (नीति, कानुन, कार्यविधि, मापदण्ड र सुशासन)

नतिजा तह	सूचक		आधार बर्ष २०७७/७८	योजना अवधिको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	ईकाइ		आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४			
प्रभाव नगरको शासन प्रणाली नतिजा मुखी र जनता प्रति संवेदनशिल भएको हुने ।	अनुगमन तथा मूल्याङ्कन अनुसार सुधार भएका आयोजनाहरू	प्रतिशत		५०	७०	८०	८५	९०	९०	नपावाप्र	
	सम्बोधन गरिएका लिखित गुनासाहरू	प्रतिशत		५०	७०	८०	८५	९०	९०	नपावाप्र	
असर १ शासन प्रणाली प्रविधियुक्त पारदर्शी, सहभागिमूलक भएको हुने ।	सेवा प्रवाहमा थप भएका प्रविधिहरू	संख्या		२	२	२	२	२	१०	नपावाप्र	
	गरिनु पर्ने मध्ये सार्वजनिक गरिएका सूचनाहरू	प्रतिशत		७५	८०	८५	९०	९५	९५	नपावाप्र	
	नियमअनुसार अर्थपूर्ण सहभागिता सुनिश्चित भएका कार्यक्रमहरू	प्रतिशत		५०	७५	८०	८५	९०	९०	नपावाप्र	
प्रतिफल १.१	आवश्यकता महशुस गरिएका मध्ये निर्माण भएका कानूनहरू	प्रतिशत		७५	८०	९०	९५	१००	१००	नपावाप्र	

नतिजा तह	सूचक		आधार बर्ष २०७७/७८	योजना अवधिको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	ईकाइ		आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४			
कानूनहरूको निर्माण र कार्यान्वयन भएको हुने ।	निर्माण भएका मध्ये प्रवोधीकरण गरिएका कानूनहरू	प्रतिशत		७५	८०	९०	९५	१००	१००	नपावाप्र	
प्रतिफल १.२ योजनाहरू नतिजामा आधारित भइ तयार भएका हुने ।	आयोजना प्रति नागरिकहरूको संतुष्टीको तह	प्रतिशत		७०	७५	८०	८५	९०	९०	नपावाप्र	
	समयमा सम्पन्न हुने आयोजनाहरू	प्रतिशत		७०	७५	८०	८५	९०	९०	नपावाप्र	
प्रतिफल १.३ सार्वजनिक निकायहरूको काम कार्वाहीहरू सार्वजनिक भएको हुने ।	समयमै प्रतिवेदन सार्वजनिक गर्ने सार्वजनिक निकायहरू	प्रतिशत		७५	८०	८५	९०	१००	१००	नपावाप्र	
	समयमै वित्तीय विवरण पेश गर्ने, सार्वजनिक गर्ने सार्वजनिक निकायहरू	प्रतिशत		७५	८०	८५	९०	१००	१००	नपावाप्र	
प्रतिफल १.४ प्रविधिहरूको प्रयोगमा वृद्धि भएको हुने ।	कम्तीमा एउटा कम्प्युटर सफ्टवेर प्रयोग भएका सार्वजनिक निकायहरू	प्रतिशत		७५	८०	८५	९०	१००	१००	नपावाप्र	

(ख) अपेक्षित उपलब्धी

नगरपालिकाले तर्जुमा गरेको नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डहरुका बारेमा नलगाडबासीहरू जानकार हुनेछन् । स्वीकृत नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डको परिपालना अभिवृद्धि भएको हुनेछ । नगरपालिकाको विकास नीति, कार्यक्रम, कार्यसम्पादन र उपलब्धी बारे नागरिकको पृष्ठपोषण प्राप्त हुनेछ र सोको आधारमा नीति, कानून तथा कार्यविधि परिमार्जन भएका हुनेछन् । निर्वाचित पदाधिकारी तथा कर्मचारीहरुमा सदाचारिता अभिवृद्धि भएको हुनेछ । समग्रमा नगरपालिकामा सुशासन अभिवृद्धि भएको हुनेछ ।

८.२ संस्थागत क्षमता विकास

८.२.१ पृष्ठभूमि

नेपालको संविधान अनुसार स्थानीय सरकारको रुपमा रहेका गाउँपालिका वा नगरपालिकाको नेतृत्वमा जनताबाट प्रत्यक्ष निर्वाचित प्रतिनिधिहरू रहने व्यवस्था रहेको छ । त्यसै अनुरुप नगरपालिकाको समग्र विकास गतिविधि तथा सेवा प्रवाहको नेतृत्व जननिर्वाचित व्यक्तिहरूले गर्दछन् । त्यसको प्रमुखको रुपमा नगर प्रमुखले गर्ने व्यवस्था छ । संविधान अनुसार कार्यपालिकाको रुपमा नगर कार्यपालिका, व्यवस्थापिकाको रुपमा नगरसभा र न्यायपालिकाको रुपमा उपप्रमुखको संयोजकत्वमा रहेको न्यायिक समिति क्रियाशिल छन् । यसै व्यवस्था अनुसार यस नगरपालिकामा २३ सदस्यीय नगर कार्यपालिका, ६८ सदस्यीय नगरसभा र ३ सदस्यीय न्यायिक समिति रहेको राजनीतिक नेतृत्व छ ।

त्यसैगरी नगर कार्यपालिकाको कार्यालय तर्फ प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा प्रशासनयन्त्र रहेको छ । नगरपालिको स्वीकृत दरबन्दी ५५ रहेकोमा हाल यस नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरूमा करार र स्थायी गरी जम्मा २७ जना कर्मचारी कार्यरत रहेका छन् । यसबाट २८ जना कर्मचारी अपुग देखिन्छ । नगरपालिकाको कार्यबोझको आधारमा संगठन संचरना बनाई सोही अनुसार कर्मचारीको समायोजन तथा व्यवस्थापन गरी उनीहरूको कार्य जिम्मेवारी तोक्ने र तोकिएको कार्य जिम्मेवारी अनुसार कार्यसम्पादन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गरिँदै आएको छ ।

नगरपालिकाको भौतिक पूर्वाधारको पक्षलाई हेर्दा नगर कार्यपालिकाको नयाँ प्रशासनिक भवन निर्माण सम्पन्न भएको छ । नयाँ प्रशासिनक भवनबाट सेवा प्रवाह सुरु गरिएको छ भने १३ वटा वडा कार्यालयहरू सबै आफ्नै भवनमा सञ्चालन हुने अवस्था बनिसकेको छ । यसैगरी कार्यालयहरूको नियमित कार्य सञ्चालनका लागि कम्प्युटर, ल्यापटप, प्रिन्टर, र सफ्टवेयरको व्यवस्था भएको छ भने कार्यसम्पादनमा प्रभाव पार्ने यातायातको साधनको कुरा गर्दा हाल ३ वटा चार पाङ्ग्रे र ४७ वटा मोटरसाईकल रहेका छन् ।

८.२.२ समस्या तथा चुनौती

(क) समस्या

विकास गतिविधि तथा सेवा प्रवाहमा हुने दुई पक्षहरू सेवाग्राही तथा सेवा प्रवाह गर्ने पक्ष दुवै आफ्नो अधिकार र जिम्मेवारीबारे सचेत नहुनु, नगरपालिकाको सेवा प्रवाह प्रभावकारी हुन नसक्नु, योजना तथा बजेट तर्जुमा, वित्तीय व्यवस्थापन, लेखा परीक्षण र निर्णय प्रक्रियामा आवश्यक पर्ने समावेशी सहभागिता र पारदर्शितामा कमी यहाँका प्रमुख समस्या हुन् । त्यसैगरी योजनाबद्ध विकास गतिविधि तथा सेवाको न्यूनतम मापदण्ड कार्यान्वयन गर्नु, आवश्यक स्रोत परिचालन गर्नु, दक्षतामा कमी हुनु र संस्थागत संरचना, मानव संशाधन विकासको क्षेत्रमा निकै कमजोर अवस्था हुनुलाई पनि यस क्षेत्रको समस्याको रुपमा पहिचान गरिएको छ ।

(ख) चुनौती

नगर कार्यपालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय र एकाईहरूमा आवश्यकता र प्रस्तावित दरबन्दी अनुसार प्रशासनिक तथा प्राविधिक कर्मचारीहरूको व्यवस्था मिलाउनु, जनप्रतिनिधि तथा कर्मचारीहरूलाई आफ्नो अधिकार र दायित्वको बारेमा आत्मानुभूति गराउनु र उनीहरूको क्षमता विकास गर्नु, सबै शाखा उपशाखामा आवश्यक भौतिक पूर्वाधारको व्यवस्थापन गर्नु जस्ता चुनौतीहरू यस नगरपालिकामा रहेका छन् ।

८.२.३ सम्भावना तथा अवसर

(क) सम्भावना

कर्मचारीहरूको समायोजनको कार्य विस्तारै सम्पन्न हुँदै गर्दा कर्मचारी व्यवस्थापनको समस्या पनि कम हुँदै जाने र दरवन्दी अनुसारको कर्मचारीको व्यवस्थापन हुने सम्भावना बढेको छ । प्रदेश स्तरमा पनि लोकसेवा आयोगले काम गर्दै गरेकोले पनि कर्मचारी आपूर्ति समस्याको रुपमा नरहने सम्भावना रहेको छ । अब आउने कर्मचारी नयाँ परिस्थिति अनुसार विद्युतीय शासनमा सजिलै अभ्यस्त हुन सक्ने खालको आउने हुँदा नगरपालिकाको क्षमता विकासमा वृद्धि हुने अपेक्षा गर्न सकिन्छ । जनप्रतिनिधिहरूको पनि अनुभव बढ्दै जानु, नयाँ आउने जनप्रतिनिधिहरू पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा नयाँ राज्य व्यवस्था बुझेको आउने हुँदा नगरपालिकाको क्षमता अभिवृद्धिमा योगदान पुग्ने देखिन्छ ।

(ख) अवसर

सक्षम, जिम्मेवार एवं जवाफदेही जनप्रतिनिधिहरू तथा कर्मचारीहरू एउटा नगरपालिकाको प्रभावकारी सेवा प्रवाहको मूल आधार हो । यसको साथै कार्यकक्ष, सामग्री र विद्युत तथा संचारका साधनहरूको अत्यन्त महत्वपूर्ण भूमिका हुनेछ । यस नगरपालिकामा विस्तारै भौतिक पूर्वाधारको वातावरण निर्माण हुँदै गएको छ । नगर कार्यापालिकाको आफ्नै एउटा सुविधा सम्पन्न भवन निर्माण भएको छ । विद्युत र संचारको अवस्थामा सुधार हुँदै गएको छ । जनप्रतिनिधि तथा कर्मचारीहरूको लागि विभिन्न तहको सरकारबाट क्षमता विकासको तालिम तथा गोष्ठीहरूको प्रबन्ध हुँदै गएको छ । आवश्यक ऐन कानूनहरूको निर्माण हुँदै गएको छ । सबै वडा कार्यालयहरू पनि आफ्नै कार्यालय भवन सञ्चालन हुने अवस्थामा पुगेका छन् । विद्युतीय शासनको लागि आवश्यक पूर्वाधार निर्माण हुँदै गएको छ ।

८.२.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

(क) लक्ष्य

नगरपालिका मातहतका कार्यालय तथा नगरपालिका भित्रका आधिकारिक संरचनाहरुको संस्थागत क्षमता वृद्धि गर्नु ।

(ख) उद्देश्य

१. नगर कार्यपालिका कार्यालय र मातहतका निकायहरूमा आवश्यक जनशक्ति व्यवस्थापन गर्नु ।
२. नगर कार्यपालिका कार्यालय र मातहतका कार्यालयहरूको भौतिक पूर्वाधारको सुधार गर्नु ।
३. नगरपालिका भित्र औपचारिक रुपमा रहेका विभिन्न समिति, कार्यदल तथा समूहहरूलाई सहयोग गर्नु ।

(ग) रणनीति र कार्यनीति

तालिका ७१ : रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उदेश्य १ : नगर कार्यपालिकाको कार्यालय तथा मातहतका निकायहरूमा आवश्यक जनशक्तिको व्यवस्थापन गर्नु ।	
१.१ नगरपालिकाको लागि आवश्यक पर्ने नयाँ जनशक्तिको थप गर्ने ।	१.१.१ नगरपालिकाको संगठन संरचना निर्माण गरिनेछ । १.१.२ स्वीकृत दरवन्दी अनुसार कर्मचारीको व्यवस्था गर्न आवश्यक पहल गरिनेछ । १.१.३ नियम अनुसार कार्यपालिकाको कार्यालय तथा वाडा कार्यालयहरुमा करारमा कर्मचारीहरूको भर्ना गरिनेछ ।

रणनीति	कार्यनीति
१.२ कार्यरत कर्मचारीहरूको क्षमता विकास गर्ने ।	१.२.१ कर्मचारीहरूको लागि क्षमता विकास तालिम सञ्चालन गरिनेछ । १.२.२ कर्मचारीहरूको लागि प्रोत्साहनको व्यवस्था गरिनेछ ।
उद्देश्य २ : नगर कार्यपालिकाको कार्यालय तथा मातहतका कार्यालयहरूको भौतिक पूर्वाधारको सुधार गर्नु ।	
२.१ नगर कार्यपालिकाको कार्यालय तथा यस अन्तर्गतका सबै कार्यालयहरूका लागि आवश्यक भवनहरूको व्यवस्था गर्ने ।	२.१.१ नगर कार्यपालिका कार्यालय तथा वडा कार्यालयहरूमा कार्य सम्पादनको लागि आवश्यक सामग्रीहरूको व्यवस्था निर्माण गरिनेछ । २.१.२ नगरपालिकाका कर्मचारी तथा जनप्रतिनिधिको लागि आवश्यक सवारी साधनको व्यवस्था गरिनेछ । २.१.३ प्रशासकीय भवन र वडा कार्यालयहरू निर्माण सम्पन्न गरिनेछ ।
२.२ नगरपालिकाको कार्यालय तथा मातहतका कार्यालयहरूमा सूचना प्रणाली सुदृढ गर्ने ।	२.२.१ नगर कार्यपालिकाको कार्यालयमा आवश्यक सफ्टवेयर तथा सूचना प्रविधिको व्यवस्था गरिनेछ । २.२.२ वडा कार्यालयहरूलाई नगरपालिकासँग सूचना प्रविधिको सञ्जालसँग जोडिने छ । २.२.३ नगरपालिकामा सूचना व्यवस्थापन प्रणालीको व्यवस्था गरिनेछ ।
उद्देश्य ३ : नगरपालिका भित्र औपचारिक रुपमा रहेका विभिन्न समिति, कार्यदल तथा समूहहरूलाई सहयोग गर्नु ।	
३.१ नगरपालिकामा रहेको उपभोक्ता समिति, कार्यदल तथा समूहहरूको सहकार्य तथा समन्वय वृद्धि गर्ने ।	३.१.१ विभिन्न समिति, कार्यदल तथा समूहहरूको पहिचान गरिनेछ । ३.१.२ समिति, कार्यदल तथा समूहहरूको काम सम्बन्धी विवरण प्रकाशन गरिनेछ । ३.१.३ समिति, कार्यदल तथा समूहहरूको कार्य प्रकृति अनुसार नगरपालिकाको क्रियाकलापहरूमा उनीहरूको भूमिका वृद्धि गरिनेछ । ३.१.४ उपभोक्ता समिति वा समूहहरुको क्षमता विकास गरिनेछ । ३.१.५ समिति, कार्यदल तथा समूहहरूको कार्य सम्पादनको आधारमा आर्थिक सहायता तथा कार्यक्रम सञ्चालन गरिनेछ ।

(घ) कार्यक्रम तथा आयोजना

तालिका ७२ : कार्यक्रम तथा आयोजना (संस्थागत क्षमता विकास)

(रू. हजारमा)

क्र.सं.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	ईकाइ	अनुमानित स्रोत र वार्षिक लक्ष्य												जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४		जम्मा			
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
१	१	१.१	१.१.१	नगरपालिकाको संगठन संरचना निर्माण	संख्या	१	५००	०	०	०	०	०	०	०	०	१	५००	नपा	
२		१.२	१.२.१	कर्मचारीहरूको लागि क्षमता विकास तालिम सञ्चालन	संख्या	१	५००	१	५००	१	५००	१	५००	१	५००	५	२५००	नपा	
३			१.२.२	कर्मचारीहरूको लागि प्रोत्साहन व्यवस्था	एकमुष्ठ	१	१०००	१	१०००	१	१०००	१	१०००	१	१०००	५	५०००	नपा	
४	२	२.१	२.१.१	कार्यालयहरुको लागि आवश्यक कार्यालय सामग्रीहरुको व्यवस्थापन	एकमुष्ठ	१	१०००	१	१०००	१	१०००	१	१०००	१	१०००	५	५०००	नपा	
५			२.१.२	सवारी साधनको व्यवस्थापन	एकमुष्ठ	१	२०००	१	१०००	१	१०००	१	१०००	१	१०००	५	६०००	नपा	
६			२.१.३	वडा कार्यालय निर्माण	संख्या	१	५०००	१	५०००	०	०	०	०	०	०	२	१००००	नपा	
७		२.२	२.२.१	कम्प्युटर तथा सफ्टवेर जडान तथा सञ्चालन	एकमुष्ठ	१	१०००	१	५००	१	५००	१	५००	१	५००	५	३०००	नपा	
८			२.२.२	सूचना प्रणाली जडान	संख्या	१	१०००	१	३००	१	३००	१	३००	१	३००	५	२२००	नपा	
९	३	३.१	३.१.१	नपा भित्र रहेका समिति तथा समूहहरु विवरण तयारी तथा प्रकाशन	संख्या	१	५००	१	५००	१	५००	१	५००	१	५००	५	२५००	नपा	
१०			३.१.२	समिति समुहहरुको अध्यावधीकरण	संख्या	०	०	१	१००	१	१००	१	२००	१	२००	४	६००	नपा	
११			३.१.३	समिति तथा समूहहरुसँग समन्वय बैठक	संख्या	२	१००	२	१००	२	१००	२	१००	२	१००	१०	५००	नपा	
१२			३.१.४	उपभोक्ता समिति तथा समूहहरुको क्षमता विकास कार्यक्रम	एकमुष्ठ	१	१०००	१	१०००	१	१०००	१	१०००	१	१०००	५	५०००		
१३			३.१.५	समिति तथा समूहहरुलाई आर्थिक सहायता	एकमुष्ठ	१	१०००	१	१०००	१	१०००	१	१०००	१	१०००	५	५०००		
				जम्मा			**१४६००**		**१२०००**		**७०००**		**७१००**		**७१००**		**४७८००**		

८.२.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी

(क) नतिजा खाका

तालिका ७३ : नतिजा खाका (संस्थागत क्षमता विकास)

नतिजा तह	सूचक		आधार बर्ष २०७७/७८	योजना अवधिको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	ईकाइ		आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४			
प्रभाव नगरपालिकाको कार्य सम्पादन क्षमता वृद्धि हुने ।	सार्वजनिक सेवाप्रतिको संतुष्टि	तह		निम्न	मध्यम	मध्यम	उच्च	उच्च	मध्यम	नपावाप्र	
	लिसा स्वमूल्याङ्कनमा प्राप्ताङ्क	सूचकांक		७९.५	८५	८८	९०	९२	९२	नपावाप्र	
असर १ नगर कार्यपालिकाको कार्यालय तथा मातहतका निकायहरूमा आवश्यक जनशक्तिको व्यवस्थापन भएको हुने ।	स्विकृत दरवन्दीअनुसार कर्मचारी भएका निकायहरू	प्रतिशत		७५	८०	८५	९०	९०	९०	नपावाप्र	
	दक्षताअनुसारको जिम्मेवारी पाएका कर्मचारीको अनुपात	प्रतिशत		७५	८०	८५	९०	९५	९५	नपावाप्र	
	दरवन्दीअनुसार कर्मचारी आपूर्ति भएको (वार्षिक दिन)	प्रतिशत		५०	६०	७०	७५	८०	८०	नपावाप्र	
प्रतिफल १.१ नयाँ कर्मचारीहरू व्यवस्था भएको हुने ।	थप भएका कर्मचारी	संख्या		आ.अ.	आ.अ.	आ.अ.	आ.अ.	आ.अ.	आ.अ.	नपावाप्र	
	क्षमता अभिवृद्धि गरी व्यवस्था गरिएका कर्मचारीहरू	प्रतिशत		आ.अ.	आ.अ.	आ.अ.	आ.अ.	आ.अ.	आ.अ.	नपावाप्र	
प्रतिफल १.२ भएका कर्मचारीहरूको क्षमता विकास भएको हुने ।	जिम्मेवारीअनुसार तालिम पाउने कर्मचारी	प्रतिशत		५०	७५	८०	९०	१००	१००	नपावाप्र	
	दक्षताअनुसारको जिम्मेवारी पाउने कर्मचारीहरू	प्रतिशत		७५	८०	८५	९०	९०	९०	नपावाप्र	
प्रतिफल १.३ तथ्यांकीय आधार सुदृढ भएको हुने ।	अध्यावधिक गरिएको वस्तुगत विवरण	संख्या		१	१	१	१	१	१	नपावाप्र	
असर २ नगरकार्यपालिकाको कार्यालय तथा मातहतका कार्यालयहरूको भौतिक पूर्वाधारको अवस्था सुधार भएको हुने ।	आफ्नै भवनमा सञ्चालन भएका कार्यालय वा शाखाहरू	प्रतिशत		५०	६०	७५	८०	१००	१००	नपावाप्र	
	सूचना प्रविधियुक्त कार्यालय वा शाखाहरू	प्रतिशत		५०	६०	७५	८०	९०	९०	नपावाप्र	
	काम गर्न आवश्यक पर्याप्त स्थान भएका कार्यालय वा शाखाहरू	प्रतिशत		५०	६०	७५	८०	९०	९०	नपावाप्र	

नतिजा तह	सूचक		आधार वर्ष २०७७/७८	योजना अवधिको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	ईकाइ		आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४			
	आवश्यक मात्रामा सवारी साधन वा उपकरण भएका कार्यालयहरू वा शाखाहरू	प्रतिशत		५०	६०	७५	८०	९०	९०	नपावाप्र	
प्रतिफल २.१ नपा भित्रको शाखा वा वडा कार्यालयहरूको लागि उत्थानशिल र आवश्यक कार्यालय भवनहरूको व्यवस्था भएको हुने ।	मापदण्डअनुसार निर्माण भएका थप कार्यालय भवनहरू	संख्या		२	२	२	१	१	८	नपावाप्र	
	मर्मत संभार भएका कार्यालय भवनहरू	संख्या		२	२	२	२	२	१०	नपावाप्र	
प्रतिफल २.२ आवश्यक उपकरण तथा सवारी साधनहरूको व्यवस्था भएको हुने ।	थप भएका सवारी साधनहरू	संख्या		३	३	३	३	३	१५	नपावाप्र	
	थप भएका उपकरणहरू	सेट		३	३	३	३	३	१५	नपावाप्र	
असर ३ नगरपालिका भित्र औपचारिक रुपमा रहेका विभिन्न संघ संस्था, समिति, कार्यदल तथा समूहहरू विकास गतिविधि तथा सेवा प्रवाहमा परिचालित भएका हुने ।	प्रोफाइलमा भएका मध्ये नपासँग प्रत्यक्ष सम्पर्कमा रहेका संघ संस्था, समिति, समुहहरू	प्रतिशत		६०	७०	८०	८५	९०	९०	नपावाप्र	
	नपासँग सहकार्य गरिरहेका समिति तथा समूहहरू	प्रतिशत		३०	३५	४०	५०	७०	७०	नपावाप्र	
प्रतिफल ३.१ संघ संस्था, समिति तथा समुहहरू सम्बन्धी प्रोफाइल तयारी तथा नियमित अध्यावधिक भएको हुने ।	निर्माण भएका प्रोफाइल	संख्या		१	१	१	१	१	१	नपावाप्र	
	अध्यावधिक गरिएका प्रोफाईल	संख्या		०	१	१	१	१	१	नपावाप्र	
प्रतिफल ३.२ संघ संस्था, समिति तथा समूहहरूको क्षमता विकास भएको हुने ।	क्षमता विकास कार्यक्रममा सहभागी संघ संस्था, समिति वा समूहहरू	प्रतिशत		६०	७०	८०	८५	९०	९०	नपावाप्र	
	कार्यसम्पादनको आधारमा नगरपालिकाबाट पुरस्कृत हुने संघसंस्था तथा समितिहरू	प्रतिशत		२०	२५	३०	३५	५०	५०	नपावाप्र	

(ख) अपेक्षित उपलब्धी

नगरपालिकाको संगठन संरचना, कर्मचारीको दरबन्दी, कार्यविवरण तयार हुने र सो अनुसार कर्मचारीको पदपूर्ति, संगठन सुदृढीकरण र क्षमता विकास भएको हुनेछ। योजना तथा बजेट तर्जुमा, कार्यान्वयन, खरिद व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन, गुणस्तर नियन्त्रण तथा नतिजा मापन, योजना व्यवस्थापन, विषय क्षेत्रगत नीति, कानून र सेवा प्रवाह सम्बन्धमा निर्वाचित पदाधिकारी, कर्मचारी, नागरिक समाजका प्रतिनिधिहरूको क्षमता विकास भएको हुनेछ। नगर कार्यपालिका कार्यालय, वडा कार्यालय र सेवा केन्दहरू प्रर्याप्त र सुरक्षित भवन, औजार उपकरण, आवश्यक अन्य भौतिक वस्तुहरू र सूचना प्रविधि युक्त भएका हुनेछन्। नगरमा टोल विकास संस्थाहरू परिचालित भएका हुनेछन्। विकास निर्माण र सेवा प्रवाहमा समुदाय परिचालन, नागरिक सहभागिता र निगरानीमा अभिबृद्धि भएको हुनेछ।

८.३ स्रोत परिचालन

८.३.१ पृष्ठभूमि

संविधानले वित्तीय संघीयताको मान्यता अनुसार स्थानीय सरकारलाई विभिन्न कर तथा गैर करहरू लगाउने र उठाउने अधिकार दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ दफा ५५ देखि ६८ सम्म स्थानीय तहले प्रयोग गर्न पाउने आर्थिक अधिकार एवं यसको सीमा समेत निर्धारण गरेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहले लगाउन पाउने कर, संकलन गर्न सक्ने राजस्व, प्राप्त गर्ने अनुदान, राजस्व बाँडफाँट तथा आर्थिक सहयोग सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ । यिनै संबैधानिक र कानूनी प्रावधान अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र राजस्व संकलन, वजेट तर्जुमा र कार्यान्वयन गर्न सक्ने हुँदा यसलाई अझ व्यवस्थित र पारदर्शी ढंगबाट अधिकारको प्रयोग हुने अवस्था निर्माण गर्न आवश्यक पर्दछ ।

८.३.२ समस्या तथा चुनौती

(क) समस्या

आफूलाई प्राप्त राजस्व अधिकारका विषयमा राजस्वको संभाव्यता विश्लेषण, राजस्व प्रशासन र स्रोत परिचालन सम्बन्धमा आफ्नो ज्ञान, सीप, दक्षता र प्रणालीको विकास र प्रयोगमा भएको प्रयास अझै पर्याप्त हुने सकेको छैन । आन्तरिक आय सम्बन्धी क्षेत्र पहिचान, संभाव्यता विश्लेषण, कर र गैरकरको आधार र दर निर्धारण, अनुमान तथा प्रक्षेपण गर्न र सो अनुसार करदाता शिक्षा, असुली र अभिलेख व्यवस्थित हुन सकेको छैन, । नगरपालिकाबाट प्रस्तुत प्रगति समिक्षा हेर्दा राजस्व वृद्धिको लागि कुनै प्रयास भएको देखिँदैन भने राजस्व सुधार कार्ययोजना पनि निर्माण भै सकेको अवस्था छैन ।

(ख) चुनौती

संविधान तथा कानूनले दिएको अधिकारहरूको उच्चतम प्रयोग गरी न्यायपूर्ण ढंगले नगरपालिकाको आन्तरिक स्रोतको वृद्धि गर्नु नगरपालिकाको लागि एउटा ठूलो चुनौती रहेको छ । नगरपालिकालाई विस्तारै आत्मनिर्भर बनाउँदै लैजानु पर्ने अर्को चुनौती रहेको छ । यसमा आम नागरिक, जनप्रतिनिधिहरू तथा कर्मचारीहरूको आन्तरिक स्रोतको महत्व बारेको बुझाई तथा सहयोग वृद्धि गर्नु अर्को चुनौतिको रुपमा रहेको छ ।

८.३.३ सम्भावना तथा अवसर

(क) सम्भावना

विभिन्न प्रकारका प्राकृतिक स्रोतहरूले सम्पन्न यस नगरपालिकामा राजस्वको प्रचुर सम्भावना रहेको छ । यहाँका नदीनालाहरूमा बन्ने जलविद्युत आयोजनाहरूबाट प्राप्त राजस्व तथा ती आयोजनाहरूबाट सिर्जित आर्थिक गतिविधिहरूबाट भविष्यमा यहाँ राजस्व वृद्धिको सम्भावना बलियो देखिन्छ ।

(ख) अवसर

नेपालको संविधान र कानूनले स्थानीय तहलाई विभिन्न स्रोतहरूबाट राजस्व संकलन गर्न सक्ने तथा विभिन्न खालको राजस्वबाँडफाँडबाट आय आर्जन गर्न सक्ने अधिकार प्रदान गरेको छ । कानुन अनुसारको राजस्वका स्रोतहरू जस्तै : नदी नाला, वन जंगल प्रशास्त मात्रामा हुनु, आर्थिक गतिविधिहरू बढ्दै जानु, मानिसहरूको आयस्तरमा वृद्धि हुँदै जानु जस्ता अवसरहरू यस क्षेत्रमा रहेका छन् ।

८.३.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

(क) लक्ष्य

आन्तरिक आय थप सवल, व्यवस्थित र अनुमानयोग्य बनाउने ।

(ख) उद्देश्य

१. राजस्व प्रशासन थप सक्षम तथा करदातामैत्री बनाउनु ।
२. आन्तरिक राजस्व परिचालन वृद्धि गर्नु ।

(ग) रणनीति र कार्यनीति

तालिका ७४ : रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
उदेश्य १ : राजस्व प्रशासन थप सक्षम तथा करदातामैत्री बनाउनु ।	
१.१ राजस्व प्रशासनको सुदृढीकरण गर्ने र करदाता मैत्री बनाउने ।	१.१.१ राजस्व परामर्श समिति तथा राजस्व प्रशासन शाखाका कर्मचारीहरूको क्षमता विकास गरिने छ । १.१.२ राजस्व प्रशासन सम्बन्धी आवश्यक नीति, ऐन तथा राजश्व सुधार कार्ययोजना निर्माण र कार्यान्वयन गरिनेछ । १.१.३ राजस्व प्रशासनलाई प्रविधियुक्त बनाइने छ । १.१.४ वडा कार्यालयबाट नै सम्पूर्ण कर, शुल्क र दस्तुर संकलनको व्यवस्था मिलाइने छ । १.१.५ राजस्व शाखाको भौतिक पूर्वाधार सुधार गरिनेछ ।
१.२ करदाता र नगरपालिका विच सम्बन्ध सुदृढ गर्ने ।	१.२.१ करदाता शिक्षालाई व्यापकता दिइनेछ । १.२.२ करदाता र नगरपालिका विच अन्तरक्रिया कार्यक्रम सञ्चालन र सुझाव संकलन गरिनेछ ।
उद्देश्य २ : आन्तरिक राजस्व परिचालन वृद्धि गर्नु ।	
२.१ करको दायरा वृद्धि गर्ने ।	२.१.१ कर सम्बन्धी तथ्याङ्क संकलन तथा अध्यावधीकरण नियमित रुपमा गरिनेछ । २.१.२ करका दरहरूको पुनरावलोकन गरिनेछ ।
२.२ सरोकारवालाहरूसँग समन्वय र सहकार्य वृद्धि गर्ने ।	२.२.१ आन्तरिक र बाह्य स्रोत परिचालनका लागि छिमेकी स्थानीय तह, प्रदेश तथा संघीय सरकारका निकायसँग पैरवी र छलफल गरिनेछ ।

(घ) कार्यक्रम तथा आयोजना

तालिका ७५ : कार्यक्रम तथा आयोजना (स्रोत परिचालन)

(रू. हजारमा)

क्र.सं.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	ईकाइ	अनुमानित स्रोत र वार्षिक लक्ष्य												जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४		जम्मा			
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
१	१	१.१	१.१.१	राजस्व परामर्श समिति तथा शाखाका कर्मचारीहरुको क्षमता विकास कार्यक्रम	संख्या	१	१००	१	१००	१	१००	१	१००	१	२००	५	६००	नपा	
२			१.१.२	राजस्व सम्बन्धी कानून तथा राजस्व सुधार कार्ययोजना निर्माण	एकमुष्ठ	०	५००	०	०	०	०	१	५००	०	०	१	१०००	नपा	
३			१.१.३	राजस्व सम्बन्धी सफ्टवेर तथा नेटवोर्किङको व्यवस्था	एकमुष्ठ	१	१०००	०	०	०	०	१	५००	०	०	२	१५००	नपा	
४			१.१.५	राजस्व शाखाको भौतिक पूर्वाधारको व्यवस्थापन	संख्या	१	५००	०	०	१	५००	०	०	१	५००	३	१५००	नपा	
५		१.२	१.२.१	करदाता शिक्षा कार्यक्रम सञ्चालन	पटक	१	५००	१	५००	१	५००	१	६००	१	६००	५	२७००	नपा	
६			१.२.३	करदातासँगको अन्तरक्रिया कार्यक्रम सञ्चालन	संख्या	१३	३००	१३	३००	१३	३००	१३	४००	१३	४००	६५	१७००	नपा	
७	२	२.१	२.१.१	राजश्व सम्बन्धी तथ्याङ्क संकलन र अध्यावधीकरण	संख्या	१	५००	१	२००	१	२००	१	२००	१	२००	५	१३००	नपा	
८			२.१.२	कर पुनारोवलोकन अध्ययन	संख्या	१	२००	०	०	०	०	१	३००	०	०	२	५००	नपा	
९		२.२	२.२.१	छिमेकी स्थानीय तह तथा अन्य सरोकारवालाहरुसँग समन्यय तथ छलफल	एकमुष्ठ	१	२००	१	२००	१	२००	१	२००	१	२००	५	१०००	नपा	
				जम्मा			**३८००**		**१३००**		**१८००**		**२८००**		**२१००**		**११८००**		

८.३.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी

(क) नतिजा खाका

तालिका ७६ : नतिजा खाका (स्रोत परिचालन)

नतिजा तह	सूचक		आधार वर्ष २०७७/७८	योजना अवधिको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जिम्मेवारी	जोखिम तथा अनुमान
	विवरण	ईकाइ		आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४				
प्रभाव	कुल बजेटमा आन्तरिक राजस्वको अनुपात	प्रतिशत		२	३	४	५	७	७	नपावाप्र	नपा	

नतिजा तह	सूचक		आधार वर्ष २०७७/७८	योजना अवधिको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जिम्मेवारी	जोखिम तथा अनुमान
	विवरण	ईकाइ		आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४				
आन्तरिक आय सवल, व्यवस्थित र अनुमान योग्य हुने ।	अनुमानित कुल आन्तरिक आय मध्ये यथार्थ आयको अनुपात	प्रतिशत		७५	८०	८५	९०	९०	९०	नपावाप्र	नपा	
असर १ राजस्व प्रशासन थप सक्षम तथा करदाता मैत्री हुने ।	राजस्व शाखाको लागि तोकिएको दरवन्दी मध्ये पूर्ति भएको अनुपात	प्रतिशत		७५	९०	१००	१००	१००	१००	नपावाप्र	नपा	
	राजस्वसम्बन्धी तालिम प्राप्त कर्मचारीको अनुपात	प्रतिशत		७५	९०	१००	१००	१००	१००	नपावाप्र	नपा	
	कर योग्य करदाता मध्ये करमा आबद्ध करदाताहरू	थप प्रतिशत		१०	२०	३०	४०	५०	५०	नपावाप्र	नपा	
प्रतिफल १.१ राजस्व प्रशासनको सुधार भएको हुने ।	राजस्वसम्बन्धी ऐन कानूनहरू	संख्या		आ.अ.	आ.अ.	आ.अ.	आ.अ.	आ.अ.	आ.अ.	नपावाप्र	नपा	
	राजस्व सुधार कार्ययोजना	संख्या		१	१	१	१	१	१	नपावाप्र	नपा	
	राजस्वसम्बन्धी सफ्टवेयरको प्रयोग	एक मुष्ठा		भएको हुने	भएको हुने	भएको हुने	भएको हुने	भएको हुने	भएको हुने	नपावाप्र	नपा	
प्रतिफल १.२ राजस्व प्रशासन करदाता मैत्री भएका हुने ।	राजस्व प्रशासनप्रति नागरिकको संतुष्टी	तह		मध्यम	उच्च	उच्च	उच्च	उच्च	उच्च	नपावाप्र	नपा	
	नागरिकको लागि बनाइएका एप्सहरू	संख्या		आ.अ.	आ.अ.	आ.अ.	आ.अ.	आ.अ.	आ.अ.	नपावाप्र	नपा	
असर २ आन्तरिक राजस्व वृद्धि भएको हुने ।	आन्तरिक राजस्वमा भएका वृद्धि	प्रतिशत		१०	१०	१०	१०	१०	५०	नपावाप्र	नपा	
प्रतिफल २.१ राजस्वको दायरा वृद्धि भएको हुने ।	थप भएका राजस्वका शीर्षकहरू	संख्या		औचित्य अनुसार	औचित्य अनुसार	औचित्य अनुसार	औचित्य अनुसार	औचित्य अनुसार	औचित्य अनुसार	नपावाप्र	नपा	
प्रतिफल २.२ राजस्वका दरहरू पुनरावलोकन भएको हुने ।	पुनरावलोकन भएका राजस्वका शीर्षकहरू	सख्या		औचित्य अनुसार	औचित्य अनुसार	औचित्य अनुसार	औचित्य अनुसार	औचित्य अनुसार	औचित्य अनुसार	नपावाप्र	नपा	

(ख) अपेक्षित उपलब्धी

नगरपालिकाको राजस्व परिचालन क्षमता वृद्धि भएको हुनेछ। नगरपालिकाको समग्र आय बजेटमा आन्तरिक आयको योगदान ४ प्रतिशत पुगेको हुनेछ। नगरपालिकाको कूल स्रोतमा समुदाय, निजी क्षेत्र, सहकारी तथा समुदायमा आधारित संस्था र गैससको योगदान ३ प्रतिशत भन्दा बढी पुग्नेछ ।

८.४ योजना व्यवस्थापन

८.४.१ पृष्ठभूमि

नेपालको संविधानले राज्यको शक्ति संघ, प्रदेश र स्थानीय तहमा बाँडेको छ। संविधानको अक्षर र भावना अनुसार आआफ्नो जिम्मेवारी पूरा गर्नु तिनै तहका सरकारहरुको दायित्व हो । त्यसै व्यवस्था अनुसार निर्माण भएको स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ६ मा स्थानीय सरकारहरूको योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी व्यवस्था रहेको छ । सो ऐनको दफा २४ (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ। सोही दफाको उपदफा २ मा स्थानीय तहले योजना बनाउँदा ध्यान दिनुपर्ने विषयहरू उल्लेख गरिएको छ भने उफदफा ३ मा योजना बनाउँदा प्राथमिकता दिनुपर्ने विषयहरूको सूचि रहेको छ। संविधान र कानूनहरूको यिनै व्यवस्थालाई ध्यान दिँदै यस नगरपालिकाले विभिन्न प्रकारका योजना निर्माण र कार्यान्वयन गर्दै आएको छ। यसैको निरन्तरताको एउटा कडिको रुपमा नगरपालिकाको दोस्रो आवधिक योजनाको रुपमा यस आवधिक योजना तर्जुमा हुन गइरहेको छ।

८.४.२ समस्या तथा चुनौती

(क) समस्या

विषय क्षेत्रगत रुपमा हुने बजेट विनियोजन सन्तुलित नभई पूर्वाधार क्षेत्रमा अधिक हुने गरेको छ भने सामाजिक विकास क्षेत्र, रोजगारी, उत्पादनमूलक तथा आयमूलक आयोजना र कार्यक्रममा लगानी अपेक्षाकृत कम हुने गरेको छ। सामाजिक विकासलाई कम महत्व दिँदा विकास सन्तुलित हुन नसकेको अवस्था छ। नगरपालिकाको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति सहित आवधिक योजना बनेता पनि आर्थिक विकासको अग्रणी क्षेत्रहरू वस्ती विकास, उद्यम विकास तथा कृषि आदिको गुरुयोजना तर्जुमा नहुँदा विकास गतिविधिहरू नतिजामुखी हुन सकेका छैनन्। कार्यक्रम तथा बजेट आवश्यकता र प्रतिफलको प्राथमिकताको आधारमा भन्दा पनि हचुवाको भरमा हुने परम्परा कायम रहनु योजना व्यस्थापनमा भएको एउटा टड्कारो समस्या हो।

(ख) चुनौती

योजना चक्रको सबै चरणहरू (योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्यांकन) मा प्रक्रियामा सबै सरोकारवालाहरुको समावेशी र अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्नु, समयमै आयोजना तथा कार्यक्रमको कार्यान्वयन गर्नु, पहुँचको आधारमा नभई प्राथमिकताको आधारमा आयोजना तथा कार्यक्रमहरूको छनौट गर्नु, कार्यक्रमहरूको कार्यान्वयनमा पारदर्शिता र जवाफदेहिता वृद्धि गर्नु र स्रोत साधनको अधिकतम उपयोग हुने वातावरण निर्माण गर्नु जस्ता चुनौतीहरू योजना व्यवस्थापनका क्षेत्रमा रहेका छन्।

८.४.३ सम्भावना तथा अवसर

(क) सम्भावना

योजना व्यवस्थापनको लागि आवश्यक जनशक्तिको विस्तारै व्यवस्था हुँदै जाँदा समयमा काम सम्पन्न हुने, अनुगमन कार्य प्रभावकारी बन्न जाँदा कामको गुणस्तरमा वृद्धि हुने, नागरिकहरूको तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि हुँदा जवाफदेहिता वृद्धि हुने र यसबाट कार्यक्रम तथा आयोजनाहरूको गुणस्तर वृद्धि हुनुको साथै अर्थपूर्ण सहभागितामा वृद्धि र प्राथमिकताको आधारमा स्रोत साधनको बाँडफाँट हुने संस्कृतिको विकास हुने सम्भावना रहेको छ।

(ख) अवसर

नगरपालिकामा योजना तर्जुमा र विकास गतिविधिको कार्यान्वयन, अनुगमन तथा नतिजा मापन प्रणालीमा समावेशी, सहभागितामूलक र परामर्शमा आधारित पद्धतिहरूको विकास तथा अनुशरण हुँदै आएको छ । नगरपालिकामा एकीकृत नगर विकास योजना तथा आवधिक विकास योजना कार्यान्वयनमा रहेका छन् । साथै वार्षिक योजनाहरू नियमित र समयामा निर्माण भै कार्यान्वयन हुँदै आएका छन् । दोस्रो आवधिक योजना पनि समयमै तयार हुन गइरहेको छ । योजना व्यवस्थापनका दृष्टिले यो अत्यन्त सबल पक्ष हो । नगरपालिकाको स्रोत-साधन, सेवा प्रवाह र कार्यसम्पादन स्तरमा स्थानीय समुदायको चासो र निगरानीमा वृद्धि हुँदै गएको छ ।

८.४.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

(क) लक्ष्य

विकास गतिविधिलाई बढि भन्दा बढि नतिजामुखी बनाउने ।

(ख) उद्देश्य

१. नगरपालिकाको विकास गतिविधि समावेशी, सहभागितामूलक र पारदर्शी बनाउनु,
२. अनुगमन तथा मूल्यांकन विश्वसनीय र भरपर्दो बनाउनु ।

(ग) रणनीति र कार्यनीति

तालिका ७७ : रणनीति र कार्यनीति

रणनीति	कार्यनीति
उद्देश्य : १ नगरपालिकाको विकास गतिविधि समावेशी, सहभागितामूलक र पारदर्शी बनाउनु ।	
१.१ योजना प्रक्रिया सरल तथा नागरिकमैत्री बनाउने ।	१.१.१ एकीकृत नगर विकास योजना, आवधिक योजना तथा विषय क्षेत्र गुरुयोजनाको आधारमा नगरपालिकामा आयोजना बैंक तयार गरिनेछ । १.१.२ विस्तृत संभाव्यता अध्ययन भएका वा विस्तृत परियोजना प्रतिवेदन तयार भएका आयोजनामा मात्र बजेट विनियोजनको व्यवस्था गरिनेछ । १.१.३ आयोजनाको प्राविधिक लगत ईस्टिमेट नेपाली भाषामा तयार गर्ने व्यवस्था गरिनेछ । १.१.४ पूर्वाधार विकास गर्दा अपाङ्ग तथा बालमैत्री अवधारणा लागू गरिनेछ । १.१.५ आयोजना कार्यक्रमको सामाजिक-आर्थिक उपलब्धीको लेखाजोखाको लागि सामाजिक परीक्षण लगायत सामाजिक उत्तरदायित्व संयन्त्रलाई नियमित र प्रभावकारी बनाइनेछ ।
१.२ गैसस, निजी क्षेत्र, समुदायमा आधारित संस्थासँगको समन्वय र साझेदारीमा अभिवृद्धि गर्ने	१.२.१ गैसस तथा समुदायमा आधारित संस्थाहरूसँग नियमित बैठक तथा अन्तरक्रिया सञ्चालन गरिनेछ । १.२.२ टोल विकास संस्था गठन गरी सामाजिक परिचालनलाई प्रभावकारी बनाइनेछ । १.२.३ सेवा निवृत्त शिक्षक, प्राध्यापक, सैनिक, प्रहरी र राष्ट्रसेवक कर्मचारीहरूको अनुभव, ज्ञान, सीप र दक्षतालाई विकासको प्रक्रियामा परिचालन गरिनेछ । १.२.४ आयोजनाको अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी कार्यविधि तयार गरी टोल विकास संस्था, आमा समूह, युवा क्लब, बालक्लब तथा नागरिक संस्था मार्फत् सेवाग्राहीलाई जानकारी गराउने तथा

रणनीति	कार्यनीति
	सचेतना अभिवृद्धि गरी कार्यसम्पादन प्रक्रियामा र उपलब्धीमा जवाफदेहिता वृद्धि गरिनेछ ।
उद्देश्य २ : अनुगमन तथा मूल्याङ्कन विश्वसनीय र भरपर्दो बनाउनु ।	
२.१ योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित, सहभागितामूलक र नतिजामूलक बनाउने ।	२.१.१ योजना तर्जुमा तथा सञ्चालन गर्दा स्थानीय समुदायको जनसहभागिता अभिवृद्धि गरिनेछ । २.१.२ आवधिक योजना र मध्यमकालीन खर्च संरचना अनुसार नतिजामूलक ढाँचामा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ । २.१.३ एकाईगत कार्यान्वयन योजनालाई एकीकृत गरी वार्षिक कार्यान्वयन योजना तयार गर्ने र सो अनुसार वार्षिक कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गरिनेछ । २.१.४ वार्षिक कार्ययोजना निर्माण गरी सफ्टवेयर खालका कार्यक्रम कार्यान्वयन हुनु अघि स्पष्ट कार्यविधि र मापदण्ड बनाइनेछ । २.१.५ ठूला आयोजनाहरू (२५ लाख भन्दा माथि)को स्वतन्त्र प्राविधिक परीक्षकद्वारा प्रभाव मूल्याङ्कन गरिनेछ । २.१.६ स्वीकृत अनुगमन तथा मूल्याङ्कन कार्यविधिअनुसार नीति, योजना तथा कार्यक्रमका नियमित, वार्षिक, मध्यावधी र आवधिक रुपमा प्रक्रिया तथा नतिजा अनुगमन एवं चौमासिक र वार्षिक समीक्षा गरिनेछ । २.१.७ मध्यमकालीन खर्च संरचना तथा विषयगत रणनीतिक योजना तयार गरिनेछ ।

(घ) कार्यक्रम तथा आयोजना

तालिका ७८ : कार्यक्रम तथा आयोजना (योजना व्यवस्थापन)

(रू. हजारमा)

क्र.सं.	उद्देश्य नं.	रणनीति नं.	कार्यनीति नं.	कार्यक्रम तथा आयोजना	ईकाइ	अनुमानित स्रोत र वार्षिक लक्ष्य												जिम्मेवारी	स्थानगत विवरण
						पहिलो आ.व. २०७९/८०		दोस्रो आ.व. २०८०/८१		तेस्रो आ.व. २०८१/८२		चौथो आ.व. २०८२/८३		पाँचौ आ.व. २०८३/८४		जम्मा			
						लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम	लक्ष्य	रकम		
१	१	१.१	१.१.१	स्थानीय आयोजना बैंक तयारी र अध्यावधीकरण	संख्या	१	१०००	०	०	०	०	०	०	१	१०००	२	२०००	नपा	
२		१.२	१.२.२	टोल विकास संस्था गठन र परिचालन	एकमुष्ठ	१	५००	१	५००	१	५००	१	५००	१	५००	५	२५००	नपा	
३			१.२.४	अनुगमन सम्बन्धी कार्यविधि तयारी र क्षमता अभिवृद्धि कार्यक्रम	एकमुष्ठ	१	६००	१	६००	१	६००	१	६००	१	६००	५	३०००	नपा	
४	२	२.१	२.१.५	वार्षिक योजना कार्यान्यन कार्यविधि निर्माण	एकमुष्ठ	१	१००	१	१००	१	१००	१	१००	१	१००	५	५००	नपा	
५				२५ लाख भन्दा बढिका आयोजनाहरुको प्रभाव मूल्यांकन	वटा	१	५००	१	५००	१	५००	१	५००	१	५००	५	२५००	नपा	
६			२.१.६	योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन	एकमुष्ठ	१	१०००	१	१०००	१	१०००	१	१०००	१	१०००	५	५०००	नपा	
७				मध्यमकालीन खर्च संरचना तयारी तथा आवधिक योजनाको मद्यावधी समीक्षा र अद्यावधीकरण	संख्या	१	१०००	१	५००	१	५००	१	५००	१	५००	५	३०००	नपा	
८			२.१.७	विषयगत गुरुयोजना तर्जुमा र अद्यावधीकरण	संख्या	२	१०००	२	१०००	०	०	०	०	०	०	४	२०००	नपा	
				जम्मा			**५७००**		**४२००**		**३२००**		**३२००**		**४२००**		**२०५००**		

८.४.५ नतिजा खाका तथा अपेक्षित उपलब्धी

(क) नतिजा खाका

तालिका ७९ : नतिजा खाका (योजना व्यवस्थापन)

नतिजा तह	सूचक		आधार वर्ष २०७७/७८	योजना अवधिको लक्ष्य (सम्मको अवस्था)					योजना अवधिको जम्मा	पुष्ट्याईको आधार	जोखिम तथा अनुमान
	विवरण	इकाई		आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	आ.व. २०८३/८४			
